२९१

# भक्तपुर मासिक

Bhaktapur Monthly

माघ २०७७

ISSN 2705-4454

"पुर्खाले सिर्जेको सम्पति, हाम्रो कला र संस्कृति"




- नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनमा समर्पित सङ्गठन
- सङ्घ, प्रदेश र स्थानीय तह स्वायत्त छन्
- हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा नारी मुक्तिको बाटो
- भक्तपुरको टौमढी चोक र प्रसिद्ध पाँचतले मन्दिर
- श्रमिक जनताको अखबारलाई शोषक वर्गले विज्ञापन दिँदैन
- हेनरी किसिञ्जरको आँखामा चीन
- को हुन् नेवार ?
- जगच्चन्द को हुन् ?
- जेम्स वाट
- भक्तपुर नपाका गतिविधि

## भक्तपुर नपाको आठौं नगरसभा समुद्घाटन समारोहमा मञ्चासीन प्रमुख अतिथिलगायत अतिथिहरू



## आठौं नगरसभा समुद्घाटन समारोहमा सभासद् एवम् अतिथिहरू





# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{ #* ⋆ cÆ #⋆g}; ≢!$! ⋆ lj⁼; ≢@)&&df3 ⋆ A.D.2021

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





‘भक्तपुर’ मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

‘क्रान्तिपछि राजनीति सामाजिक विकास र पुनर्स्थापनाको साधन बन्न जान्छ र राजनीतिको मुख्य काम समाजमा परिवर्तन ल्याउनको लागि चेतनालाई जागृत गर्नु हुन्छ ।’– कार्ल मार्क्स

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनमा समर्पित सङ्गठन | नारायणमान बिजुक्छेँ | ३ |
| २) सङ्घ, प्रदेश र स्थानीय तह स्वायत्त छन् | सुनिल प्रजापति | ६ |
| ३) ‘स्वस्थ नगर, सुरक्षित नगर’ को गन्तव्य | रजनी जोशी | ११ |
| ४) श्रमिक जनताको अखबारको लागि शोषक वर्गले विज्ञापन दिँदैन | सुनिल प्रजापति | १२ |
| ५) ‘मेयरबाट मैले कुनै विभेदको अनुभूति गर्नुपरेको छैन’ | उपप्रमुख रजनी जोशी | १४ |
| ६) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा नारी मुक्तिको बाटो | डा. यदु नन्दन उपाध्याय | १६ |
| ७) को हुन् नेवार ? | प्रा. माणिकलाल श्रेष्ठ | २२ |
| ८) १९५० को सन्धिको खारेजी र नयाँ सन्धिको आवश्यकता | विवेक | २४ |
| ९) भक्तपुरको टौमढी चोक र त्यहाँस्थित प्रसिद्ध पाँचतले मन्दिर | डा. बलराम कायस्थ | २६ |
| १०) जगच्चन्द को हुन् ? | ओम धौभडेल | २७ |
| ११) ज्यापू जातिको इहिपा (विवाह) गर्ने संस्कार | डा. हरिराम सुवाल | ३४ |
| १२) भक्तपुर नगरपालिकाको कभर्ड हल बनाउने चाहना | श्यामकृष्ण खत्री | ४० |
| १३) प्रसिद्ध आविष्कारक : जेम्स वाट | राजेन्दबहादुर कायष्ठ | ४२ |
| १४) कृषिमा नेपालकै लगानी आवश्यक | सबिन ख्याजू | ४६ |
| १५) किम इल सङको ‘शताब्दीका साथ’ (३) | – | ५३ |
| १६) हेनरी किसिञ्जरको आँखामा चीन | एक शिक्षक | ६० |
| १७) भक्तपुर नगरपालिकाको आठौँ नगरसभा | – | ६४ |
| १८) नेमकिपाको ४७ औँ स्थापना दिवसमा विविध कार्यक्रम | – | ७० |
| १९) भक्तपुर नपा प्रमुख र बुटवल उपमहानपाका उपप्रमुखबीच भेट | – | ७४ |
| २०) सार्वभौम र स्वतन्त्र राष्ट्रमा बाह्य शक्तिको हस्तक्षेप हुने गर्दैन | – | ७५ |
| २१) ‘जनतालाई राजनैतिक रूपमा सचेत पार्न निर्वाचनले महत्त्वपूर्ण भूमिका खेल्नेछ’ | – | ७६ |
| २२) ‘संसदबाट समाजवाद आउँछ भन्नु संशोधनवादी सिद्धान्त हो’ | – | ७६ |
| २३) विविध समाचार | – | ७७ |
| २४) नगरपालिका गतिविधि | – | ८२ |
| २५) मार्क्सवाद मानव समाजको विकासमा नयाँ विचार | – | ९० |
| २६) प्रदेश अस्पतालमा भक्तपुर अस्पताल उत्कृष्ट | – | ९१ |
| २७) ‘स्वायत्तता र विकेन्द्रीकरण’ शोभाका लागि होइन (सम्पादकको पृष्ठ) | – | १०० |

**साथमा** : आफन्तीको कथा-१३/ बसिबियाँलो-२५/ सगरमाथामाथि भारतीय विस्तारवादीको गिद्धे दृष्टि-४८/ तस्बिरमा केही गतिविधि-४९/ कृषिमा विदेशी लगानीको सर्वत्र विरोध-७३/ केटुमा नेपालीको विश्व कीर्तिमान-८१/ कोरोनाविरुद्धको खोप देशभरि लागाइयो-८७/ ट्रम्पका ‘राष्ट्रवादी’हरूद्वारा संसद भवनमा हिंसात्मक उपद्रव-८८/ काठमाडौंको वायु प्रदूषण भयावह - स्मार्ट सिटीलाई अग्रिम चेतावनी-८९/ हाम्रो स्वास्थ्य-९२/ नेपालमा कोरोना सङ्क्रमण-९३/ विश्वमा कोभिड-१९ को स्थिति-९४/ स्थानीय सरकार सञ्चालन ऐन (१५)-९६/ SKETCHES FROM NIPAL (57) -Henry Ambrose Oldfield-98।

सन्दर्भ : नेमकिपाको ४७ औं स्थापना दिवस

# नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनमा समर्पित सङ्गठन

● नारायणमान बिजुक्छेँ–अध्यक्ष, नेमकिपा





*(माघ १० नेपाल मजदुर किसान पार्टीको स्थापना दिवस हो । पुष्पलाल श्रेष्ठ नेतृत्वको तत्कालीन कम्युनिस्ट पार्टीबाट सैद्धान्तिक मतभिन्नताको कारण विसं २०३१ सालको माघ १० गते नेमकिपाको स्थापना भएको हो । नेमकिपा स्थापना दिवसको सन्दर्भमा यही माघ ८ गते नेपाल मजदुर किसान पार्टी केन्द्रीय समितिको आयोजनामा कार्यकर्ता प्रशिक्षण कार्यक्रम भएको थियो । कार्यक्रममा पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले दिनुभएको मन्तव्य नेमकिपा स्थापनाका आधार, अन्य राजनीति दलप्रति नेमकिपाको दृष्टिकोण र समसामयिक राजनीतिक परिस्थितिबारे बुझ्न सान्दर्भिक भएकोले प्रकाशन गरिएको छ ।)*

**पार्टी स्थापनाका आधारहरू**

वि.सं. २०२० देखि २०३० को एक दशक नेपालको कम्युनिस्ट आन्दोलन विशृङ्खलित स्थितिमा पुगेको थियो । दोस्रो महाधिवेशनमा डा. केशरजङ्ग रायमाझीको नेतृत्व संशोधनवादी, राजावादी र विघटनवादी साबित भइसकेको थियो ।

नेकपाका पूर्वमहासचिव मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ र डीपी अधिकारी पनि अन्योल र विघटनवादी साबित भइसकेका थिए ।

निर्मल लामा, मोहनविक्रम सिंह र जयगोविन्द साह अर्थात् चौथो महाधिवेशन (आजको राष्ट्रिय जनमोर्चा)

> सिद्धान्त र व्यवहार मिलाई कामदार जनताको हितमा 'नि:स्वार्थ' रूपले अगाडि बढाउने एक राजनीतिक दलको आवश्यकता अनुभव गरेरै नेमकिपाको निर्माण भएको हो ।

सुरुमा भारतीय एकाधिकार पूँजी र भारतीय विस्तारवादको विरोधमा थिए भने पछि उनीहरूले राजा र राजतन्त्रलाई मुख्य दुश्मनको रूपमा लिए ।

आजको एमाले (ओली समूह) झापामा व्यक्तिहत्याको नीतिको कारण व्यक्तिगत आतङ्कवाद वा रुसी नरोदवादी भासमा फसिसकेको थियो ।

पुष्पलालजी र साथीहरू राजा तथा राजतन्त्र मुख्य दुश्मन भएको र नेकासँगको संयुक्त मोर्चाविना (पञ्चायती व्यवस्थामा) परिवर्तनको सम्भावना देख्दैनथे ।

नेपालको कम्युनिस्ट आन्दोलनको यस्तो विशृङ्खलित स्थितिको बेला अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा रुसी संशोधनवादी ख्रुश्चेभ गुटले विश्व कम्युनिस्ट आन्दोलनलाई विश्वासघात गरी संरा अमेरिकी साम्राज्यवादको नेतृत्वको नाटो गुटलाई सहयोग पुऱ्याएको अवस्था थियो । संरा अमेरिकी र बेलायती साम्राज्यवाद एवम् रुसी सामाजिक साम्राज्यवादको सहयोगमा भारतीय

एकाधिकार पूँजी र विस्तारवादले समाजवादी चीनमा आक्रमण गरी एसियाली-अफ्रिकी र संसारका तटस्थ एवम् असंलग्न आन्दोलनलाई कमजोर बनाइरहेका थिए। पूर्वी पाकिस्तानमा भारतीय सेनाले आक्रमण गरी पाकिस्तानबाट टुक्र्याई बङ्गलादेश बनायो भने सिक्किमलाई भारतमा विलय गरायो।

नेपालको कम्युनिस्ट आन्दोलन विशृङ्खलित भइसकेको हुँदा डा. माझी गुटबाहेकका अन्य समूह विद्यार्थी फेडरेसनको सट्टामा 'अखिल नेपाल विद्यार्थी सङ्घ' को नाम राखी नेपालको सुस्तामाथि भारतबाट भएको थिचोमिचो र पञ्चायतको विरोधमा देखापरे। तर, राजा महेन्द्रसमक्ष घ्यौसी खेलेर 'अखिल' राजावादी भासमा भासियो।

त्यस्तो अन्योल र अस्पष्ट स्थितिमा हामीले पीएल नेतृत्वको पार्टीमा **'रुसी संशोधनवाद सामाजिक-साम्राज्यवादमा पतन भएको', 'नेपालमाथि भारतको थिचोमिचो, बङ्गलादेशमा भारतीय सेनाको कब्जा र सिक्किमलाई भारतमा विलयको कारण भारतीय एकाधिकार पूँजी तथा भारतीय विस्तारवादलाई मुख्य दुश्मनको रूपमा लिनुपर्ने अडान', 'नेपालका मजदुर र किसानहरूबीच समाजवाद र साम्यवादी सिद्धान्तको प्रचार एवम् शोषणको विरोधमा सङ्घर्ष अगाडि बढाउन मजदुर र किसान सङ्घर्षलाई पुनः अगाडि बढाउने नीति'** लाई अगाडि सार्‍यौँ। नेपालमा मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधारा बोकी वर्गसङ्घर्षमार्फत साम्राज्यवाद एवम् विस्तारवादको विरोधमा जनमत तयार गर्न सङ्घर्ष गर्नुपर्नेबारे जोड दियौँ।

उपर्युक्त हाम्रो दृष्टिकोण र नीतिलाई पार्टीभित्रबाट अस्वीकार गरियो। मिलेर कामै गर्न नसकिने षड्यन्त्रकारी गतिविधिको विरोधमा अलग्गै सङ्गठन गरी सङ्घर्ष गर्ने निर्णयअनुसार **'रुसी संशोधनवाद सामाजिक-साम्राज्यवादमा पतन', 'नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन', 'नेपाल-भारत सम्बन्ध र भारत'** आदि पुस्तकहरू प्रकाशित गर्‍यौँ। **'जनताको साहित्य'**, नेपालका तराई र भारतमा बस्ने नेपाली तथा भारतीय कामदार जनतासमेतलाई ध्यान दिई हिन्दीमा **'आधार', 'समाचार संसद्', 'ध्रुवतारा', 'नेपाल तराई'** तथा **'बारा, रौतहट, धनुषा, सिराहा र सप्तरीको ऐतिहासिक किसान आन्दोलन एक अध्ययन'** लगायतका सम-सामयिक पत्रिका एवम् पुस्तकहरू प्रकाशित गर्‍यौँ।

**नेपाल मजदुर किसान पार्टी नै किन ?**

नेमकिपाले लिएको सिद्धान्त, विचार एवम् दृष्टिकोणअनुसार नारायणी, बाग्मती र जनकपुर अञ्चलमा सङ्गठन र सङ्घर्षलाई अगाडि बढाउनुको साथै भेरी, कर्णाली र सगरमाथा अञ्चलमा पनि सङ्गठन विस्तार गरियो। सिद्धान्त र व्यवहार मिलाई कामदार जनताको हितमा 'निःस्वार्थ' रूपले अगाडि बढाउने एक राजनीतिक दलको आवश्यकता अनुभव गरेरै नेमकिपाको निर्माण भएको हो।

जनमत सङ्ग्रहको आन्दोलनमा नेमकिपा अन्य वाम दलहरूसँगको सङ्घर्षमा समर्पित रह्यो र बहुदलीय व्यवस्था पुनःस्थापनापछि २०४७ पुस-माघमा भैरहवामा पार्टीको पहिलो राष्ट्रिय सम्मेलन भयो।

नेपालको वामपन्थी आन्दोलनमा इमानदारीपूर्वक कम्युनिस्ट आन्दोलनमा समर्पित सङ्गठन भएको हुँदा नेमकिपाको स्थापना एक अनिवार्य आवश्यकता थियो।

त्यसबेलादेखि आजसम्म नेपालको वामपन्थी आन्दोलनमा इमानदारीपूर्वक कम्युनिस्ट आन्दोलनमा समर्पित सङ्गठन भएको हुँदा नेमकिपाको स्थापना एक अनिवार्य आवश्यकता थियो।

**एमाले-माओवादी अथवा हालको नेकपासँग नेमकिपाको सैद्धान्तिक मतभिन्नता**

एमाले-माओवादी (नेकपा) मा देखिएको आजको जस्तो अन्योल र अस्पष्ट, एक अवसरवादी एवम् पूँजीवादी दृष्टिकोण हिजो पनि नेतृत्व वर्गमा देखिन्थ्यो, त्यो दृष्टिकोण हिजो भ्रूणकै रूपमा थियो।

**वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी), विप्लव नेतृत्वको नेकपा अर्थात् पूर्वमाओवादीसँग नेमकिपाको सैद्धान्तिक मतभिन्नता**

नेकपा (वैद्य), नेकपा (विप्लव) अर्थात् पूर्वमाओवादीहरूमा प्रचण्ड-बाबुराम भट्टराईको भारतीय एकाधिकार पूँजी र विस्तारवादबारे नखोलिएका अनेक

मतभेद देखिन्छन् ।

**मोहनविक्रम सिंह नेतृत्वको नेकपा (मसाल) र चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चासँग नेमकिपाको सैद्धान्तिक मतभेद**

मोहनविक्रम सिंह अर्थात् 'मसाल' र राष्ट्रिय जनमोर्चा व्यवहारमा अराजकतावाद, एमाले र एमाओवादीप्रतिको दृष्टिकोण, कहिले अमेरिकी एक कम्युनिस्ट घटक एवम् कहिले जर्मनीको एक कम्युनिस्ट घटकसँगको सम्बन्धले अस्पष्ट छ । भूमिगत पनि भन्ने र सरकारमा पनि जाने साथै निर्वाचनमा एमालेसँग पनि साठगाँठ गरेको हुनाले उनीहरूमा राजनीतिक स्पष्टताको अभाव छ ।

**नेका, राप्रपा, समाजवादी जनता दल आदि राजनीतिक पार्टीहरूसँगका सैद्धान्तिक मतभेद**

नेपाली कांग्रेस अन्तर्राष्ट्रिय समाजवादी आन्दोलनसँग सम्बन्धित भनिए तापनि व्यवहारमा संरा अमेरिका र भारतीय एकाधिकार पूँजी, विदेशी साम्राज्यवाद एवम् विस्तारवादसँग झुकाव राख्ने राजनीतिक दल हो । राप्रपा राजावादी र जमिनदार वर्गको राजनीतिक दल हो । तराईका विभिन्न राजनीतिक दलहरू सारमा भारतीय एकाधिकार पूँजीप्रति झुकाव राख्ने जमिनदार वर्गको राजनीतिक दल हुन् ।

**प्रतिनिधिसभा विघटन र निर्वाचन घोषणाबारे**

बहुमत प्राप्त प्रमलाई आफ्नै पार्टीभित्रबाट अनुचित दबाब दिएमा वा प्रमुख प्रतिपक्षले काम गर्न नदिएमा पूँजीवादी प्रजातान्त्रिक देशहरूमा सरकारले संसद् विघटन गरी नयाँ जनादेश लिन नयाँ निर्वाचनको घोषणा गर्नसक्छ ।

**आजको अन्तर्राष्ट्रिय परिस्थितिबारे**

अमेरिकी राष्ट्रपति ट्रम्प, ब्राजिलका राष्ट्रपति बोल्सोनारो र भारतको मोदी फासीवादी तथा नाजीवादी हुन् । समाजवादी प्रजग कोरिया, क्युवा, चीन र अन्य प्रजातन्त्र तथा समाजवादी पक्षधर देशहरूको एवम् आफ्नै देशका किसान, मजदुर, अल्पसङ्ख्यक जाति-जनजातिहरूको विरोधमा तिनीहरूले आक्रामक नीति लिँदै छन् ।

**नेमकिपाका कार्यकर्ताहरूको दायित्व र काम गर्ने तरिकाबारे**

पार्टी कार्यकर्ताले आफ्ना टोल, छिमेक र गाउँका घर-घरमा गई कामदार वर्गको पक्षमा कक्षा सञ्चालन गर्ने, भेटघाट गर्ने गरिरहनुपर्छ । हाम्रा प्रकाशनहरू ('मजदुर', 'श्रमिक', वर्गीय र पेशागत सङ्गठनहरूका पत्रिका एवम् पुस्तक) बारे हरेक दिनजस्तै शिक्षा दिइरहनु आवश्यक छ । सङ्गठनको विकास नहुनुको अर्थ कार्यकर्ता सक्रिय भएनन् भन्ने प्रस्ट हुन्छ । हरेक कार्यकर्ताले आत्म-समीक्षा गर्नु आवश्यक छ ।

**पार्टी कार्यकर्ताहरूलाई पार्टीको सहायता**

कार्यकर्ताले विद्यालय, कलेज, कारखाना वा आ-आफ्नो काम गर्ने ठाउँमा सङ्गठनको इमानदारीपूर्वक काम गर्ने, अन्य साथीहरूसँग मेलमिलाप गर्ने, सहयोगको भावनाले हाम्रो पार्टीप्रति आकर्षित गर्ने, आम्दानीको केही प्रतिशत क्षमताको आधारमा पार्टीलाई चन्दा दिने तथा सबै प्रशिक्षण कक्षा, बैठक र आन्दोलनहरूमा सहभागी हुनु अनिवार्य छ ।

**पार्टी प्रकाशनहरू जनतासम्म पुऱ्याउनेबारे**

हरेक पढेलेखेका साथीसम्म प्रकाशन पुऱ्याउने, वाचन गराउने, नबुझ्ने विषयमा बुझाउने काम गरिरहनुपर्छ ।

व्यक्तिगत स्वार्थ र फाइदामात्र हेर्नेलाई 'अरूले पनि सहयोग नगर्ने र आफूले अरूलाई सहयोग गरेमा मात्र आफूलाई पनि अरूले सहयोग गर्ने' बारे शिक्षित गर्नु आवश्यक छ ।

*स्रोत : मजदुर दैनिक*

नेपालको कम्युनिस्ट आन्दोलनको यस्तो विशृङ्खलित स्थितिको बेला अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा रुसी संशोधनवादी ख्रुश्चेभ गुटले विश्व कम्युनिस्ट आन्दोलनलाई विश्वासघात गरी संरा अमेरिकी साम्राज्यवादको नेतृत्वको नाटो गुटलाई सहयोग पुऱ्याएको अवस्था थियो । संरा अमेरिकी र बेलायती साम्राज्यवाद एवम् रुसी सामाजिक साम्राज्यवादको सहयोगमा भारतीय एकाधिकार पूँजी र विस्तारवादले समाजवादी चीनमा आक्रमण गरी एसियाली-अफ्रिकी र संसारका तटस्थ एवम् असंलग्न आन्दोलनलाई कमजोर बनाइरहेका थिए । पूर्वी पाकिस्तानमा भारतीय सेनाले आक्रमण गरी पाकिस्तानबाट टुक्र्याई बङ्गलादेश बनायो भने सिक्किमलाई भारतमा विलय गरायो ।

**भक्तपुर नपाको आठौं नगरसभा**

# सङ्घ, प्रदेश र स्थानीय तह स्वायत्त छन्

● सुनिल प्रजापति

**सभासद मित्रहरू,**

भक्तपुर नगरपालिकाको सातौं नगरसभा २०७७ असार ७ गते प्रारम्भ भई असार १६ गते सम्पन्न भयो । उक्त सभाले आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट स्वीकृत गरेको थियो । सभाबाट स्वीकृत बजेटको सीमाभित्र रही भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, विकास निर्माण, सम्पदा संरक्षणलगायतका काम गरिरहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वर्षको दुईपटक नगरसभाको बैठक बस्नुपर्ने व्यवस्था छ । ऐनको त्यही प्रावधानअनुसार यो आठौं नगरसभा बस्दैछौं ।

देशको राजनीति अत्यन्तै जटिल र अप्ठेरो मोडमा छ । देशको सर्वोच्च जनप्रतिनिधिसभा विघटन भई नयाँ निर्वाचनको मितिसमेत घोषणा भइसकेको छ । तर निर्वाचन हुने नहुने टुङ्गो लागिसकेको छैन । प्रतिनिधिसभा विघटनको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ । अदालतले त्यसको उचित निर्णय लिने जनताको विश्वास छ ।

प्रजातन्त्रमा निर्वाचित प्रधानमन्त्रीसँग 'संसद भङ्ग गर्ने भरेको बन्दुक हुन्छ' भन्ने मान्यता छ । आफ्नो दलका सांसदहरूलाई अनुशासनमा राख्न र विपक्षीहरूले सरकारलाई काम गर्न बाधा अड्चन सृजना गरेको अवस्थामा प्रधानमन्त्रीले कुनै पनि बेला संसद भङ्ग गर्ने अधिकार राख्छ । यही मान्यताअनुसार प्रधानमन्त्री केपी ओलीले प्रतिनिधिसभा विघटन गरेकोलाई स्वभाविक राजनैतिक घटनाक्रमको रूपमा लिन सकिन्छ । प्रतिनिधिसभा विघटनको बेला स्थानीय तहमा बसेर काम गरेका हामी जनप्रतिनिधिहरूको भूमिका अझ बढेको छ । हामी जनप्रतिनिधिहरू थप सचेत भएर काम गर्नुपर्ने आवश्यकता छ ।

स्थानीय तह कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासहितको अधिकार प्राप्त निकाय हो । सङ्घ र प्रदेश सरकारहरूले विभिन्न बहानामा स्थानीय तहको स्वायत्ततामाथि हस्तक्षेप गर्ने प्रयास गर्दैछन् । सङ्घ र प्रदेशले निरन्तर कर्मचारीहरू पठाउने गरेका छन् तर भनपाले तिनीहरूलाई फिर्ता पठाउने गर्दै आएको छ । तिनीहरूलाई हाजिर नगराइएको भन्दै ती कर्मचारीहरूले पाउने तलब बराबरको रकम अनुदानमा कटौती गरेर पठाउने गरिएको छ । स्थानीय तहको आवश्यकताअनुसारको कर्मचारी राख्ने अधिकार स्थानीय तहलाई नै हुनुपर्नेमा हामी जोड दिंदैछौं ।



समपूरक र विशेष अनुदानको लागि योजनाको सिफारिस स्थानीय तहले गर्ने तर सङ्घ र प्रदेशले योजना छनौट गर्ने नीति सरासर गलत हो । यो अप्रत्यक्ष रूपमा स्थानीय तहमाथि केन्द्रको नियन्त्रण हो । नेपालको संविधानअनुसार सङ्घ, प्रदेश र स्थानीय तह कोही कसैको मातहतमा बस्नु पर्दैन । सबै तह आ-आफ्नो क्षेत्रमा स्वायत्त छन् । स्थानीय तह योजना कार्यान्वयन गर्ने महत्त्वपूर्ण निकाय भएको हुँदा देशको विकास निर्माणको अधिकांश बजेट स्थानीय तहमा पठाइनुपर्दछ । स्थानीय तहमा बढी बजेट पठाएको खण्डमा विकास निर्माणको काम अझ बढी प्रभावकारी रूपमा अगाडि बढ्नेछ ।

प्रधानमन्त्री केपी ओलीले केही समयअघि 'प्रदेशहरू सङ्घको इकाइ मात्रै हुन्' भन्नुभयो । जुनसुकै बहानामा स्थानीय तहमाथि नियन्त्रण खोज्नु हस्तक्षेप नै हो । कुनै पनि प्रकारको हस्तक्षेप नगरपालिकाको लागि स्वीकार्य हुँदैन । स्थानीय तहको पूर्ण स्वायत्तताको लागि हामी निरन्तर लडिरहेका छौं र लडिरहनेछौं ।

यो आर्थिक वर्षको शुरुदेखि नै कोभिड-१९ को कारण सबै क्षेत्र प्रभावित भयो । यद्यपि नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरूको संयुक्त प्रयास र नगरवासीहरूको अमूल्य सहयोगले हामी यस अवधिमा पनि आफ्ना कार्यहरूलाई निरन्तरता दिन सफल भयौं ।

सातौं नगरसभाले रु. १ अर्ब ८२ करोड ४० लाख बराबरको बजेट पारित गरेको थियो । अहिलेसम्म निम्न बमोजिम आय व्यय रहेको जानकारी गराउन चाहन्छौं –

**चालू खर्चतर्फ** :

आ.व. २०७६/७७ मा चालू खर्चतर्फ ९९ करोड ८० लाख रूपैयाँ विनियोजन गरिएकोमा २०७६ पौष मसान्तसम्ममा ३६ करोड १७ लाख २२ हजार रूपैयाँ खर्च भएको थियो। आ.व. २०७७/७८ मा १ अर्ब २ करोड ६६ लाख ८९ हजार रूपैयाँ विनियोजन गरिएकोमा २०७७ पौष २६ सम्ममा २३ करोड ६० लाख ७० हजाररूपैयाँ खर्च भयो। यो चालूतर्फ विनियोजित बजेटको २२.९९ प्रतिशत हो।

**पूँजीगत खर्चतर्फ** :

त्यसैगरी आ.व. २०७६।७७ मा पूँजीगततर्फ १ अर्ब १३ करोड ३० लाख विनियोजन गरिएकोमा २०७६ पौष मसान्तसम्म २५ करोड १० लाख ९५ हजार रूपैयाँ खर्च भएको थियो। चालू आ.व. २०७७।७८ मा पूँजीगततर्फ ७५ करोड ३३ लाख ११ हजार विनियोजन गरिएकोमा २०७७ पौष २६ सम्म ११ करोड ४३ लाख ९१ हजार रूपैयाँ खर्च भएको छ। यो पूँजीगततर्फ विनियोजित वजेटको १५.१३ प्रतिशत हो।

यसरी चालू आ.व.मा जम्मा १ अर्ब ८२ करोड ४० लाख बजेट पारित भएकोमा चालू तथा पूँजीगत गरी जम्मा ३५ करोड ४ लाख ६२ हजार ५ सय अर्थात कूल बजेटको १९.२१ प्रतिशत खर्च भएको जानकारी गराउन चाहन्छौं।

**आन्तरिक आयतर्फ** :

सातौं नगरसभाले आन्तरिक आयतर्फ ६२ करोड रूपैयाँ (जग्गा बिक्रीबाहेक) राजश्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो। २०७७ मङ्सिर मसान्तसम्म २५ करोड १३ लाख १८ हजार रूपैयाँ आम्दानी भएको छ।

**स्वास्थ्य** :

चालू आर्थिक वर्षको सुरुदेखि आजको दिनसम्म कोभिड–१९ हामी सबैको निम्ति चुनौती बनेको छ। कोभिडको बढ्दो सङ्क्रमणलाई ध्यानमा राखेर त्यसको रोकथाम र नियन्त्रणको लागि सुरुमा खरिपाटीमा २०० बेडको एकीकृत आइसोलेसन केन्द्र निर्माण गरिएकोमा त्यसपछि भनपा ९ ब्रम्हायणीमा ७५ बेडको नगरपालिकाको छुट्टै आइसोलेसन केन्द्र सञ्चालन गरियो। आइसोलेसन केन्द्रमा बस्नेहरूका लागि खाना, रक्तचाप र अक्सिजन परीक्षण, भिटामिन सी, सिटामोल, आयुर्वेदिक औषधिको व्यवस्था गरी हामीले सङ्क्रमित नगरवासीहरूको सेवा गर्‍यौं। त्यहाँ रहेका र घर घरमा आइसोलेसनमा बसेकाहरूका लागिसमेत अनलाइनमार्फत चिकित्सा सेवा, मनोचिकित्सक, आयुर्वेदिक चिकित्सक, नर्स, फिजियोथेरापिस्ट तथा जनप्रतिनिधिहरूबाट परामर्श सेवा प्रदान गर्‍यौं।

घरघरमा आइसोलेसनमा बस्नेहरूको विशेष टोलीद्वारा फोहर सङ्कलन, ५ जना सम्पर्क व्यक्तिको व्यवस्था, विदेशबाट आएकाहरूका लागि घर, होटल र नपाको क्वारेन्टाइन हेर्न ९ जना कर्मचारीको विशेष टीमको व्यवस्था र ब्रम्हायणी आइसोलेसन केन्द्रको लागि जनप्रतिनिधिको नेतृत्वमा अलग्ग समिति गठन गरी १३ जना कर्मचारीको व्यवस्था गर्‍यौं। साथै नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर बिहान ६:३० बजेदेखि अनलाइन एवं टेलिभिजनमार्फत शारीरिक व्यायामको तालिमको व्यवस्था गरी जनताको स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गर्दैछौं।

कोभिडको रोकथाम तथा उपचारको लागि खर्च बढ्न सक्ने कुरालाई ध्यानमा राखेर सङ्घ–संस्थाहरूलाई कोभिडको सहयोगको लागि आग्रह गर्‍यौं। स्थानीय सहकारी र अन्य सङ्घ संस्था तथा व्यक्तिगत रूपले रु. ५ हजारदेखि २० लाखसम्मको सहयोग प्राप्त भयो। यो आर्थिक वर्ष २०७७/७८ मा साउनदेखि पुष २५ गतेसम्म रु. ४१ लाख ४४ हजार सहयोगस्वरूप प्राप्त भएको छ। सबै सहयोगी सङ्घ–संस्था र महानुभावहरूलाई यस अवसरमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरूमा पनि यस्तै सहयोगको अपेक्षा गर्दछौं।

कोभिड सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएपछि भक्तपुर नगरपालिकामा पीसीआर परीक्षण मेसिनको व्यवस्था हुनुपर्ने माग बढ्दै गयो। हामीले प्रदेश सरकारसँग समन्वय गरी भक्तपुर अस्पतालमा पीसीआर परीक्षण मेसिनको बन्दोबस्तका लागि जोड दियौं। मेसिन प्राप्त भएपछि भक्तपुरवासीहरूलाई धेरै सहज भएको छ। त्यसअघिसम्म नगरवासीहरू टेकु र धुलिखेलमा गएर पीसीआर परीक्षण गराउनु पर्ने बाध्यता थियो।

कोभिडका कारण निजी अस्पतालले बिरामी जाँच्न आनाकानी गरेका कारण धेरै बिरामीहरूको बिचल्ली भयो। अस्पताल चहार्दा चहार्दै बिरामीहरूको मृत्यु भएको दृश्य हामीले देख्यौं। भक्तपुर अस्पताललाई कोभिड अस्पतालमा परिणत गरेपछि कोभिडबाहेक अन्य रोग लागेका गरिब जनतालाई थप मर्का पर्नसक्ने सम्भावनालाई ध्यानमा राखेर भनपाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रमा बिहान ७ बजेदेखि साँझ ६.० बजेसम्म ओपीडी सेवा सञ्चालनको व्यवस्था मिलायौं। यस्तो गम्भीर अवस्थामा समेत दैनिक २ देखि ४ सयसम्म बिरामीको सेवा गर्‍यौं। जनस्वास्थ्य केन्द्रहरूको रेकर्डअनुसार साउन १ गतेदेखि पुस २५ सम्म कुल ५५,६९२ जना बिरामीलाई स्वास्थ्य उपचार सेवा प्रदान गर्‍यौं।

यसरी नगरवासीहरूलाई आवश्यक सेवा सुविधा पुर्‍याउने कार्यमा खटिँदै गर्दा यो अवधिमा यस नगरपालिकाका ८ जना जनप्रतिनिधिहरू र १४ जना कर्मचारीहरूसमेत कोभिड १९ रोगबाट सङ्क्रमित भएका छन्।

च्याम्हासिंह आँखा उपचार केन्द्रबाट नगरवासीहरूको निरन्तर आँखा सम्बन्धी उपचार भइरहेको छ भने आयुर्वेदिक औषधिको प्रभावकारितालाई ध्यानमा राखेर नगरपालिकाबाट आर्थिक सहयोग गरी जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्रमार्फत् थप औषधी वितरणको व्यवस्था मिलायौँ ।

कोभिड सङ्क्रमितहरूलाई ध्यानमा राखेर नेपाल सरकारले आइसीयुभन्दा कम र अस्पतालको सामान्य बेडभन्दा माथिल्लो तहको हाई डिपेन्डेन्सी यूनिट (एचडीयू) २५ बेडको स्वीकृति प्राप्त भएको छ । त्यसको सञ्चालनको तयारी भइरहेको छ । साथै ख्वप अस्पताल छिट्टै सञ्चालनमा ल्याउने तयारी पनि गरिरहेका छौँ । अस्पताल भवन निर्माण कार्य तीव्र रूपमा अघि बढिरहेको छ ।

आ.व. २०७७/७८ साउनदेखि पुस २५ गतेसम्म कडा रोग लागेका जस्तैः क्यान्सर, मृगौला, मुटु, मस्तिष्कघातजस्ताका बिरामीहरूलाई रु. १० हजार सहयोग गर्ने नीतिअनुसार यस अवधिमा ५३ जनाले सहयोग प्राप्त गरिसकेका छन् । त्यसको लागि रु. ५ लाख ३० हजार खर्च भइसकेको छ । यस वर्ष अपाङ्गता भएका ८९ जनालाई ह्वील चियर तथा सहयोग सामग्री वितरण गरिएको छ ।

नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर यसअघि स्थगित घरदैलो नर्सिङ सेवा पुनः सुरु गरिएको छ ।

भक्तपुर क्यान्सर अस्पतालमा तत्कालीन व्यवस्थापन समितिका पदाधिकारीहरूले भ्रष्टाचार गरेको समाचार व्यापक भएको र अस्पतालका चिकित्सक, कर्मचारीहरूले अस्पताललाई संरक्षकत्व ग्रहण गर्न लिखित आग्रहपछि नगर प्रमुखको अध्यक्षतामा अस्पताल व्यवस्थापन समिति गठन गरी सेवालाई निरन्तरता दिइयो । तत्कालीन व्यवस्थापन समितिले नगरपालिकाविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेपछि विचाराधीन रहेकै अवस्थामा नेपाल सरकारले अस्पताल सञ्चालन गठन आदेश जारी गरी उक्त अस्पताल सरकारीकरण गऱ्यो । अहिले क्यान्सर अस्पताल नेपाल सरकारको स्वामित्वमा गएको छ र जनताले सस्तो सेवा सुविधा पाउने भएका छन् ।

भक्तपुर अस्पताललाई अझ व्यवस्थित गरी जनताको सेवामा लगाउन नगरपालिकाको तर्फवाट सक्दो सहयोग गर्दै आएको छ । उक्त अस्पताल यो वर्ष बागमती प्रदेशमै उत्कृष्ट हुन सफल भएको छ ।

**शिक्षा** :

करिब १० महिनादेखि सबै शिक्षण संस्थाहरू बन्द छन् । लामो समयसम्म कक्षाहरू बन्द हुँदा अधिकांश विद्यार्थीहरूको पढाइमा नकारात्मक असर पर्नु स्वभाविक हो । विद्यार्थीहरूको पढाइमा कुनै पनि समस्या नआओस् भन्ने सोचले नगरपालिकाले लकडाउनकै बेलादेखि नगरभरिका विद्यालयहरूमा अनलाइन कक्षा सञ्चालनमा जोड दियो । कतिपय विद्यार्थीहरूमा अनलाइनको पहुँच पुऱ्याउन गाऱ्हो भएको गुनासो आएपछि २०७७ पुस १ गतेदेखि कक्षा ८, ९ र १० का विद्यार्थीहरूलाई स्वास्थ्य सुरक्षा मापदण्ड कायम गरी भौतिक उपस्थितिमा आलोपालो गरी कक्षा सञ्चालनको व्यवस्था मिलाइयो । त्यस अवधिलाई परीक्षणकालको रूपमा लिएर यही माघ १ गतेबाट भौतिक उपस्थितिमै विद्यालय सञ्चालन गर्ने नगर शिक्षा समितिले निर्णय गऱ्यो । निर्णय गर्नुअघि नगरपालिकाले शिक्षक, अभिभावक, विभिन्न शिक्षक सङ्घ र विद्यार्थी प्रतिनिधिहरूसँग छलफल गरेको थियो ।

कोभिडको असरलाई ध्यानमा राखी कक्षा ११ र १२ पढिरहेका विद्यार्थीहरूका लागि २०७७ साउन र भदौ गरी २ महिनाको शुल्क मिनाहा र अन्य संस्थागत विद्यालयहरूको हकमा ३ महिनाको शुल्कमा पूर्ण छुट र अरु बेलाको शुल्कमा आंशिक छुट दिने निर्णय गऱ्यौं ।

स्थानीय पाठ्यक्रमअन्तर्गत यो वर्ष कक्षा ३ र ८ को पाठ्यक्रम कार्यान्वयनमा आइसकेको छ भने नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहार केन्द्रहरूको सुधारलाई विशेष ध्यान दिएका छौं ।

भूगोल, इतिहास, राजनीतिशास्त्र, नेपालभाषा र संस्कृति पढ्ने सम्पूर्ण नगरवासी विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरेअनुसार हालसम्म जम्मा ४९ जना विद्यार्थीले ती विषय लिई अध्ययन गरिरहेकोमा सम्बन्धित कलेजको लागि रु. ५ लाख ६८ हजार भुक्तानी दिएका छौं ।

आर्थिक कारणले भक्तपुर नगरवासी विद्यार्थी पढाइबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले शैक्षिक ऋणको व्यवस्था गर्दै आएकोमा ऋण स्वीकृत भएकाहरूमध्ये २० जना विद्यार्थीले शैक्षिक ऋणको सुविधा लिएर अध्ययन गरिरहेका छन् त्यसको लागि रु ३६ लाख ८२ हजार भुक्तानी दिइसकेका छौं । यस आ.व. को लागि शैक्षिक ऋणसम्बन्धी सूचना प्रकाशित गर्दैछौं । कक्षा ११ पढ्ने विद्यार्थीहरूलाई परीक्षा लिई ८७ जना विद्यार्थीहरूलाई छात्रवृत्ति दिन नगरपालिकाले सिफारिस गरेको छ । साथै यस वर्षको कक्षा ८ को आधारभूत तहको अन्तिम परीक्षा लिने बन्दोबस्त गर्न परीक्षा समिति गठन गरी प्रकृया अगाडि बढाइ सकेका छौं ।

सामुदायिक विद्यालय भवन पुनःनिर्माण तथा भौतिक निर्माणको लागि पनि नगरपालिकाले आर्थिक सहयोग गर्दै आएको छ ।

**सम्पदा तथा कला-संस्कृति संरक्षण** :

इनागः दुधपाटीदेखि च्याम्हासिंहसम्मको करिब ३ किमी

मूल सडकमा ढुङ्गा छपाइ, गयूभिंद्यो पुल र छिप्पा ताँ (पुल) पुनःनिर्माण सम्पन्न भए भने दरबार क्षेत्रस्थित वत्सला मन्दिर, चपाल भैरव द्यःछेँ, ल्योसिंख्योस्थित च्यासिं देगलगायत थुप्रै सम्पदाहरू यस अवधिमा सम्पन्न भए । बाराही पुल, विश्वकर्मा आगंछेँ, मधिकर्मी छेँ, रानी पोखरी, भाज्या पुखु, इखालाछी मठ, तलेजु क्षेत्रभित्रका विभिन्न सम्पदाहरूलगायत धेरै सम्पदाहरू निर्माणाधीन छन् । सम्पदा पुनःनिर्माण र जीर्णोद्धारमा जनश्रमदान, आर्थिक सहयोगको भावनालाई हामीले कायमै राख्नुपर्छ । कसैको सहयोगबिना सम्पदा संरक्षण गर्न हामी सक्षम छौँ भनेर गर्वका साथ भन्न सक्छौँ ।

यो अवधिमा विश्वप्रसिद्ध ङातापोल्हँ मन्दिर जीर्णोद्धार सम्पन्न भयो । उक्त मन्दिर जीर्णोद्धारको क्रममा ४१८७ जनाले जनश्रमदान, १५ लाख ४७ हजारभन्दा बढी आर्थिक सहयोग र ५ लाख ६३ हजार रूपैयाँभन्दा बढी रकम बराबरको जिन्सी सामग्री सहयोगस्वरूप प्राप्त भयो । यो हामी सबैको लागि खुशीको कुरा हो । साथै वत्सला मन्दिर पुनःनिर्माणको क्रममा स्वदेशी र विदेशीले रु. ६ लाख २७ हजारभन्दा बढी सहयोग गरेका थिए ।

भाषा, कला–संस्कृति र सम्पदा हाम्रा पहिचान हुन् । भक्तपुर नगरपालिकाले त्यसको संरक्षणको निम्ति निरन्तर प्रयास गर्दै आएको छ । यस क्रममा पाँचौँ नगरसभाले भक्तपुर नगरपालिकाको कला संस्कृति र सम्पदा संरक्षण एवं सम्बर्द्धन गर्ने सम्बन्धमा बनेको ऐन, २०७६ पारित गरी अझ व्यवस्थित गर्ने प्रयास गऱ्यो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९(३) बमोजिम नगरको पुरानो क्षेत्रलाई सांस्कृतिक क्षेत्र घोषणा गरी त्यस क्षेत्रभित्र स्थानीय नागरिक बाहेकले घरजग्गा खरिद बिक्री गर्न नपाइने व्यवस्था गरियो । तर व्यक्तिगत स्वार्थलाई प्रथामिकतामा राख्ने र सम्पदाको महत्त्व नबुझेको एकजना सम्पदाविरोधी व्यक्तिले नगरपालिकाको यस महत्त्वपूर्ण कार्यविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेको छ । त्यस मुद्दामा नगरपालिकालाई उक्त ऐन कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको जानकारी प्राप्त भएको छ । देशको भाषा, कला, संस्कृति र सम्पदा संरक्षणको लागि बनाइएको उक्त कानूनबारे न्यायालय सकारात्मक हुनेमा हामी आशावादी छौँ । भक्तपुर नपा १ स्थित ऐतिहासिक रानीपोखरी पुनःनिर्माणसम्बन्धी विस्तृत अध्ययन प्रतिवेदन तयार भएको छ । भक्तपुर नगरपालिकाद्वारा पुनःनिर्माण एवम् जीर्णोद्धार सम्पन्न भएका सम्पदाहरूको फोटोहरू सङ्ग्रह गरी पुस्तक प्रकाशन गरिएको छ ।

**बजार अनुगमन** :

उपभोक्ताहरू व्यवसायीबाट नठगिऊन् भन्ने उद्देश्यले भक्तपुर नगरपालिकाले निरन्तर बजार अनुगमन गर्दै आएको छ । अनुगमनको क्रममा पसल नवीकरण नभएको, सरसफाइमा कमी, पसल दर्ता नभएको, नापतौल विभागमा नियमानुसार नवीकरण नगरेको, पसल दर्ता प्रमाणपत्र नझुण्ड्याइएको, म्याद नाघेको, मिश्रित वस्तु बिक्री गरेको पाइएको हुँदा आवश्यकताअनुसार सुधारको लागि सचेत पार्ने, मालसामान जफत गरी नष्ट गर्ने, कानून बमोजिम दण्ड जरिवाना गर्दै आएका छौँ । आफ्नो हकको विषयमा उपभोक्ताहरू स्वयं सचेत हुन आवश्यक छ । कुनै व्यवसायीले उपभोक्ता ठगेको सूचना आउनेवित्तिकै अनुगमन टोलीले तत्काल कारबाही गर्ने व्यवस्था मिलाएका छौँ ।

**देको-मिवा-इतापाके आवास योजना** :

भक्तपुर नगरपालिका वडा नं. २ र ६ मा देको–मिवा–इतापाके आवास योजना सञ्चालनमा छ । हाल टेवा पर्खालको उचाइसम्म माटो भर्ने, माटो सम्याउने काम भइरहेको छ । त्यस आयोजनाको लागि नगर विकास कोषबाट रु २० करोड ऋण लिने प्रकृया पनि चलिरहेको छ । योजनाको स्वीकृत रिप्लटिङ नीतिअनुसार नक्सा सार्वजनिक गरी जनताको गुनासो लिने काम भइरहेको छ । जग्गावालाहरूको गुनासोपछि उपभोक्ता समिति र सम्बन्धित समितिले छलफल गरी गुनासोहरूको न्यायोचित सम्बोधन गर्ने प्रयास गरिनेछ ।

**सरसफाइ तथा वातावरण सुधार** :

कोभिडको बेला सरसफाइ झनै महत्त्वपूर्ण भएकोले हामीले त्यसलाई जोड दियौँ । कठिन परिस्थितिमा पनि हामीले सरसफाइमा कमी आउन दिएनौँ । नगरपालिकाभित्र रहेका सहकारीहरूलाई सामाजिक दायित्वबोध गराउने उद्देश्यले एक सहकारी एक क्षेत्र सरसफाइ नीतिलाई अगाडि बढाएका छौँ ।

फोहोर व्यवस्थापनको नयाँ प्रविधितर्फ जाने कोसिस गर्दैछौँ । विभिन्न पक्षसँग सम्पर्क गरी भक्तपुरको लागि व्यवहारिक हुने प्रविधिलाई भित्र्याउने तयारी पनि गरिरहेका छौँ ।

हनुमन्ते र खसाङखुसुङ खोला फोहोर भई चुनौती भइरहेकोमा आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडी) सँग समन्वय गरी खोलाका किनारामा ढल राख्ने कार्य करिब सम्पन्न भएको छ । सल्लाघारीस्थित उपचार पोखरी र हनुमानघाटको उपचार पोखरी पुनः सञ्चालनमा ल्याउने कोसिस गरिहेका छौँ । सल्लाघारीको उपचार पोखरी निर्माण कार्य भइरहेको छ भने हनुमानघाटको एसियाली विकास बैंकको ऋण सहयोगमा पीआईडीमार्फत गर्ने योजना अघि बढिरहेको छ ।

**भक्तपुर औद्योगिक क्षेत्र स्थानान्तरणबारे** :

भनपा वडा नं २ व्यासीस्थित घरेलु तथा साना उद्योग क्षेत्रमा राखिएका ठूला एवं ध्वनि, धुवाँ र रसायन फाल्ने

उद्योगहरूले वातावरण प्रदूषण गरिरहेको हुँदा स्थानीय जनताको मागअनुसार प्रदूषण फाल्ने टेक्सटाइल, डाइङ, प्लाष्टिक र रङ्गरोगनजस्ता उद्योगहरू तत्काल अन्यत्र स्थानान्तरणको लागि नगरपालिकाले प्रयास गरिरहेको छ। ती उद्योगहरूले कानूनबमोजिम तिर्नुपर्ने करिब रु. १ करोड रूपैयाँ अहिलेसम्म तिरेका छैनन्। उद्योग स्थानान्तरणको सरकारी नीतिअनुसार स्थानान्तरणको लागि भनपाले पहल गरिरहने छ र उक्त क्षेत्रलाई साना तथा घरेलु उद्योग क्षेत्रकै रूपमा विकास गर्न प्रयास जारी राखिने छ।

**निजी आवास पुनःनिर्माण** :

२०७२ सालको भूकम्पमा निजी र सार्वजनिक गरी धेरै सम्पदाहरूमा क्षति भएको थियो। भूकम्पपछि भक्तपुर नगरपालिकामा ७,६५७ परिवार लाभग्राही सूचीमा दर्ता भएका थिए। तीमध्ये ५,६८१ परिवारले लाभग्राही सम्झौता गरे र ५,६८० परिवारले पहिलो किस्ता प्राप्त गरे। तर हालसम्म जम्मा २,०९२ परिवारले मात्र दोस्रो किस्ता र १,८९१ परिवारले मात्र तेस्रो किस्ता प्राप्त गर्न सकेका छन्। सरकारले दिने अनुदान थोरै हुनु, किस्ताबन्दीमा रकम दिनु र बहुस्वामित्व तथा विभिन्न विवाद हुनुको कारण धेरै परिवारले अनुदान रकम लिन सकेका छैनन्। यसर्थ भक्तपुर नगरपालिकाले नगरवासीहरूको भावनाबमोजिम सरकारको तर्फबाट एकमुष्ट अनुदान दिनुपर्ने, अनुदान रकम १० लाख पुऱ्याउनुपर्ने, नगरपालिकाको सिफारिसको आधारमा जग्गाधनी प्रमाणपूर्जा नभएका तर वास्तविक पीडित परिवारलाई पनि अनुदान दिनुपर्ने माग गर्दै आएको छ।

**खेलकुद** :

वडा वडामा राखिएका खुला शारीरिक व्यायामशालाहरू कोभिडको कारण बन्द भएको हुँदा अनलाइन एवं टेलिभिजनमार्फत शारीरिक व्यायाम तालिम भइरहेको छ। भनपा वडानं १० बेखालमा कभर्ड हल निर्माण स्वीकृत भई निर्माण प्रकृया अगाडि बढेको छ।

**कृषि** :

यो वर्ष किसानहरूले खेतीको समयमा सहज रूपमा रासायानिक मल पाएनन्। नेमकिपाका सचिव प्रेम सुवालको नेतृत्वमा भनपाका जनप्रतिनिधिहरू सहितको टोली किसान समस्यालाई लिएर कृषि मन्त्री, साल्ट ट्रेडिङ लिमिटेड र कृषि सामग्री कम्पनीका प्रमुखहरूलाई भेटेर शीघ्र मल उपलब्ध गराउन आग्रह गरियो। सरकारी कोटाअनुसार प्राप्त मललाई नगरपालिकाको तर्फबाट निश्चित दर निर्धारण गरी बिक्री वितरणको क्रममा मूल्यमा एकरूपता कायम गरिएको छ। मल बिक्रीमा अनियमितता हुनसक्ने सम्भावनालाई ध्यानमा राखेर सहकारीहरूलाई बिक्री वितरणमा प्राथमिकता दिइएको छ। नगरपालिकाले मल बिक्री भएका ठाउँहरूमा अनुगमन पनि गरिरहेको छ।

नेपाल सरकारको नीतिअनुसार पकेट तरकारी खेती र पशुपालनको सम्भाव्यताबारे सम्बन्धित किसानहरूसित छलफल चलाइरहेका छौं।

**खानेपानी** :

जनसङ्ख्याको चापअनुसार पानीको स्रोतको अभावले हरेक वर्ष जनतालाई खानेपानीको समस्या भइरहेको छ। नगरपालिकाले केयुकेएलसँग समन्वय गरी थप स्रोत पहिचान गरी पानी आपूर्ति गर्ने कार्य गरिरहेको छ। अझै पर्याप्त पानीको वितरण हुन नसकेकोमा हामी चिन्तित छौं। मेलम्चीको पानी पहिलो चरणमै भक्तपुरमा ल्याउने कोसिस भइरहेको छ। यस अवधिमा पुरानो जगातिदेखि आदर्शसम्म खानेपानी वितरण प्रणालीलाई विस्तार गरिएको छ।

**नक्सा पास** :

आ.व. २०७७/७८ को साउनदेखि पुस २५ गतेसम्म यस नगरपालिकामा नयाँ घर बनाउन २७२ वटा नक्सा दर्ता भएकोमा २४४ ओटा पास भएका छन्। यो दर्ता भएका नक्साहरूमध्ये ९० प्रतिशत हो। यस अवधिमा ८२ ओटा घरले निर्माण सम्पन्न प्रमाणपत्र लिएका छन्। पास नक्सामध्ये यो ३० प्रतिशत हुन आउँछ।

**अन्य**:

भक्तपुर नगर क्षेत्रका विभिन्न स्थानहरूमा सडक बत्तीको व्यवस्था र आदर निकेतन सञ्चालनको प्रकृया पनि अगाडि बढाइएको छ। साथै युवा, महिला लक्षित विभिन्न सीपमूलक तालिमलाई पनि ध्यान दिँदै आएका छौं।

**अन्त्यमा,** हामी जनप्रतिनिधिहरूले निर्वाचन घोषणापत्रको आधारमा नगर र नगरवासीहरूको हितलाई केन्द्रबिन्दुमा राखेर काम गर्दैछौं। नगरवासीहरूलाई चुनावको बेला दिएको वचन पूरा गर्न निरन्तर लागिरहने छौं। जस्तोसुकै कठिन अवस्थामा पनि नगरवासीहरूको साथलिएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं। कोभिड-१९ को यो विषम परिस्थितिमा पनि नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखी निरन्तर नगरपालिकाको काममा साथ र सहयोग गर्ने जनप्रतिनिधिहरू, कर्मचारीहरू र स्थानीय जनतालाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

धन्यवाद !

*(भक्तपुर नपाको आठौं नगरसभाको पुस २९ गते उद्घाटन समारोहमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्य)*

मन्तव्य

# ‘स्वस्थ नगर, सुरक्षित नगर’ को गन्तव्य

● रजनी जोशी
उपप्रमुख, भक्तपुर नगरपालिका



यस आठौँ नगरसभा हिउँदे नगर अधिवेशनको उद्घाटन कार्यक्रममा यहाँहरूलाई हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्न चाहन्छु ।

देशमा प्रजातन्त्र प्राप्तिका लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछौँ र समाज परिवर्तनको लागि महत्त्वपूर्ण योगदान दिनु हुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

हामी यस आठौँ नगरसभासम्म आइपुग्दा हाम्रो लगभग एक वर्ष कोरोना भाइरस (कोभिड-१९) को जटिल परिस्थितिबाटै अघि बढिरहेका छौँ र हालको दोश्रो लहरले युरोपेली देशहरू आक्रान्त छन् भने छिमेकी देशमा सङ्क्रमित देखापरेको समाचारहरूले देखाइरहेका छन् । यसले मानव विकासको हरेक पक्षमा नकारात्मक असरहरू त परिरहेको छ नै तथापि मानव विकासक्रममा मानव जातिलाई नै ठूलो पाठ पनि सिकाएको छ । यस कोभिड-१९ ले भक्तपुर नपाका १८०० नगरवासीहरू सङ्क्रमित भइसकेका छन् भने ४६ जनाले ज्यान गुमाइसकेको गत हप्ताको तथ्याङ्कले देखाउँछ । तसर्थ हामी सबैले फेरि पनि यस सङ्क्रमणबाट बच्न आफैले स्वास्थ्य मापदण्ड अपनाएर सचेत भई अघि बढ्नु नै बुद्धिमानी हुनेछ र यसो गर्नसके हाम्रो समाजलाई सुरक्षित बनाउने लक्ष्य लिएर अघि बढिरहेको यो नगरपालिकाले लिएको ‘स्वस्थ नगर, सुरक्षित नगर’ को गन्तव्यमा पुग्न सक्छौँ । साथै यस चुनौतिपूर्ण समयमा नगरका विभिन्न सङ्घ संस्था एवं नगरवासीहरूको साथ र सहयोगको लागि भक्तपुर नपा आभार व्यक्त गर्दछ । आउँदा दिनहरूमा पनि यसरी नै देशमा आइपर्ने चुनौतिहरूमा समेत हातेमालो गर्न साथ दिनु हुने अपेक्षा नगरपालिकाले राखेको छ ।

यही कोभिडबाट हाम्रा ८ जना जनप्रतिनिधिहरू र ९ जना कर्मचारी सङ्क्रमित हुनु भयो जसमा १ जना वडाअध्यक्षलाई दोहोरिएर सङ्क्रमण भयो भने १ जना कर्मचारीको अहिलेसम्म पनि पूर्ण स्वाथ्य लाभ भएको छैन । यस कोरोना भाइसरबाट मृत्यु हुने सम्पूर्णमा भक्तपुर नपा समवेदना व्यक्त गर्दछ र सङ्क्रमित सम्पूर्णको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

**उपस्थित भद्र महिला तथा सज्जनबृन्द,**

भक्तपुर नपाबाट चुनावमा हामीलाई नेपाल मजदुर किसान पार्टीले दिएको मार्ग निर्देशन/घोषणापत्रलाई आत्मसाथ गरेर कामहरू अघि बढिरहेको यहाँहरू सम्पूर्णमा बिदितै छ र सोही अनुरूप धेरै हदसम्म उपलब्धि हासिल भइरहेको यहाँहरूले देखिरहनु भएको छ । हामीले शिक्षा/स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम अघि बढाइरहेको र ‘पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति’लाई अद्यावधिक र पुस्तान्तरण गर्दै जीविकोपार्जनको माध्यम बनाएर अघि बढाउँदै छौँ । यद्यपि कोभिड-१९ को कारण विकास निर्माण/पुनः निर्माण र समाज निर्माणमा गतिरोध भएको छ । अबका दिनमा यसलाई न.पा.को क्षमताअनुसार अघि बढाइने यहाँहरूमा विश्वास दिलाउन चाहन्छु र अवस्था सामान्य हुँदै गएपछि मेयरज्यूले भन्नु भएझैँ ‘हामीले हाम्रो बाँकी कार्यकाल चार गुणाले काम गर्ने छौँ’ र पछि आउने टोलीलाई एउटा आधार पत्र तयार गर्ने विश्वास दिलाउन चाहन्छु । यसबाट आउँदो पुस्ताले सोही आधारपत्रअनुसार सांस्कृतिक नगर भक्तपुरलाई पूर्ण रूपमा संरक्षित नगर/ज्ञान विज्ञान र प्रविधिको ‘आत्मनिर्भर’ भक्तपुर नगरको रूपमा सुपरिचित नगरको रूपमा विश्व साम् गनिनेमा हामी जनप्रतिनिधिहरू विश्वास दिलाउन चाहन्छु । यस गौरवशाली लक्ष्यमा पुग्न नगरका सम्पूर्ण बुद्धिजीजी/सङ्घ-संस्था/नगरवासीहरूको साथ अपरिहार्य रहन्छ र भक्तपुर नपा परिवारले यहाँहरूको साथ पाउनेमा विश्वस्त छौँ ।

अब हामीसँग १ वर्षको समयावधि बाँकीरहेकोले आजैबाट एकजुट भई अघि बढौँ भन्ने आग्रह गर्दै फेरि एकपल्ट आजबाट शुरु हुने आठौँ नगरसभामा उपस्थित प्रमुख अतिथि/विशेष अतिथि/अतिथिहरूज्यूहरू लगायत सम्पूर्णमा पुनः स्वागत गर्दै बिदा हुन्छ । धन्यवाद !

*(भक्तपुर नपाको आठौँ नगरसभाको पुस २९ गते उद्घाटन समारोहमा उपप्रमुख रजनी जोशीले व्यक्त गर्नुभएको मन्तव्य)*

# श्रमिक जनताको अखबारको लागि शोषक वर्गले विज्ञापन दिँदैन

–सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका

विस्तारवाद र साम्राज्यवादको विरूद्ध निरन्तर आवाज उठाउने नेपालमा कुनै पत्रिका छन् भने 'श्रमिक' र 'मजदुर' नै हुन्। विज्ञान र प्रविधिले 'श्रमिक' र 'मजदुर'लाई नेपालमा मात्र होइन विश्वको कुनै पनि ठाउँमा बसेर अध्ययन गर्न सक्ने बनाएको छ। आज 'श्रमिक' र 'मजदुर' विस्तारवाद र साम्राज्यवादविरोधी झन्डाकै रूपमा पहिचान बनेको छ।

प्रतिगमनविरोधी आन्दोलनको बेला 'श्रमिक' र 'मजदुर' ले प्रतिक्रियावादीहरूविरूद्ध पर्चा र आन्दोलनलाई अगाडि बढाउने राँकोको काम गरे। सात दलका नेताहरूले अत्यन्त चाख लिएर अध्ययन गर्ने पत्रिकाहरू हुन् – 'श्रमिक' र 'मजदुर'। अहिलेको शान्तिपूर्ण अवस्थामा प्रतिक्रियावादीहरूका कुकृत्य जनतामाझ प्रस्ट पार्ने काम यी पत्रिकाले गर्दै छन्।

समाज वर्गीय भएजस्तै पत्रिका पनि वर्गीय हुनेगर्छ। पूँजीपति वर्गको सेवामा ठूला आकारका थुप्रै पत्रिकाहरू प्रकाशित हुन्छन्। ती पत्रिकाहरूले कामदार वर्गको पक्षमा एक शब्द लेख्दैनन्। बरू मजदुर आन्दोलनलाई दबाउन हरतरह कोसिस गर्छन्।

पूँजीवादी व्यवस्थामा ठूला आकारका पत्रिका र रेडियो, टीभीजस्ता सञ्चार माध्यमहरू अर्बपति र खर्बपतिहरूको लगानीमा सञ्चालन भइरहेका हुन्छन्। तिनीहरू प्रेस स्वतन्त्रताको चर्को वकालत गर्छन् र पूँजीपति वर्गको पक्षमा प्रचार-प्रसार गर्छन्। कामदार वर्गको पक्षमा भएको आन्दोलनलाई दबाउने सरकारको नीतिलाई न्यायपूर्ण ठहऱ्याउने कोसिस गर्छन्। त्यसैले पत्रिका वर्ग दुश्मनलाई घाइते बनाउने आक्रामक हतियार हो, र एक प्रकारको सेना हो।

संविधानसभामा ३ प्रतिशत मतसीमा (थ्रेस होल्ड) को कुरा उठ्दा नेमकिपाले त्यसको निरन्तर विरोध गऱ्यो तर ठूला पत्रिका, राज्य सञ्चालित सबैखाले सञ्चारमाध्यमको प्रयोग गरी मतसीमाबारे जनतामा भ्रम सृजना गरियो। कम सङ्ख्या भएका दलहरूकै कारण पटक-पटक सरकार परिवर्तन भएको, त्यसको तमाम दोष 'साना' पार्टीहरूलाई लगाइयो र मतसीमा अत्यधिक बहुमतले पारित गरियो। अस्थिरताका कारण तिनै पूँजीवादी दलहरू हुन् भन्ने आज सावित भएको छ। तर संविधानको त्यो प्रावधान खारेज गर्न निकै लामो समय लाग्ने छ।

नेपाल मजदुर किसान पार्टीले राष्ट्रिय पार्टीको मान्यता पाउन ३ प्रतिशत मतसीमा होइन पार्टीको 'मुखपत्र' प्रकाशित गर्नुपर्ने आवाज उठायो। तर हाम्रो आवाज तिनीहरूलाई दबाउन सक्ने खालको शक्तिशाली हुन सकेन। अहिले राष्ट्रिय पार्टी भनिएकाहरूको आफ्नो आधिकारिक मुखपत्रसमेत छैन।




नेमकिपाका सबै गतिविधिहरू 'श्रमिक' र 'मजदुर' मा प्रकाशित भइरहेको देखेका संसद्का एक अधिकृतले सोधेका थिए, 'तपाईँहरूले संसदमा बोलेका हरेक कुराको पार्टी कार्यालयमा रेकर्ड राख्ने गरेको छ भन्छन्, के त्यो साँचो हो।' हामी संसद्मा पार्टी नीतिअनुसार बोल्छौँ र छलफल गरेर बोल्ने हुँदा पार्टीलाई सबै कुरा थाहा हुन्छ। हाम्रो कुरा सुनेर उनले भनेका थिए- 'वास्तवमा पार्टी यस्तै हुनुपर्छ।' यसको अर्थ त्यहाँ भइरहेका गतिविधिहरू सांसदहरूको प्रस्तुति उनलाई चित्त बुझेको थिएन।

पूँजीपति वर्गले आफ्ना उत्पादन बिकाउन विज्ञापनको लागि करोडौँ खर्च गर्नुपर्ने हुन्छ। ती सबै आफ्नै पत्रिकामा दिने गर्छन् र कमसल सामान पनि जनताबीच राम्रो भएको भ्रम सृजना गरी व्यापार बढाउँछन्। उनीहरू आफ्नो एउटा गोजीको पैसा अर्कोमा राख्छन् र नाफा पनि अकुत कमाउँछन्। पत्रिका सेवा व्यवसाय भए पनि ठूला प्रकाशन गृहहरू ठूलो उद्योगको रूपमा अगाडि बढ्दै छन्। देशका नाम चलेका सञ्चार गृहहरूले महिनाको करोडौँ रुपैयाँ नाफा कमाइरहेका छन्।

कामदार वर्गका पत्रिकाका लागि पूँजीपति वर्गले विज्ञापन दिँदैन। विज्ञापनबिना पत्रिका सञ्चालन सम्भव छैन। 'श्रमिक' र 'मजदुर' प्रकाशनबारे विभिन्न पार्टीका नेताहरूले सोध्ने गर्नुहुन्छ। हामीले निरन्तर प्रकाशित भएको कुरा सुनाउँदा उहाँहरू खुसी हुन्छन्। यसको अर्थ हो पत्रिका सञ्चालनको

महत्त्वपूर्ण पक्ष आर्थिक हुनेगर्छ । उहाँहरू आफूहरूले निरन्तरता दिन नसकेको स्वीकार गर्नुहुन्छ ।

पत्रिकाको निरन्तरता आफैमा चुनौतीपूर्ण काम हो । लेख लेख्नु, समयमा प्रकाशन गर्नु, समयमै ग्राहकहरूको हात–हातमा पुऱ्याउनु, आर्थिक व्यवस्था निकै नै चुनौतीपूर्ण कार्य हो । यस्ता सबै समस्याहरूको सामना गर्दै श्रमिक र मजदुर आजको स्थितिसम्म आइपुग्नु खुशीको कुरा हो ।

प्रतिगमनको बेला केही अङ्क रोकिएको बाहेक कहिल्यै बन्द भएको छैन । यस अर्थमा श्रमिक र मजदुर प्रकाशन मण्डल धन्यवादका पात्र हुनुहुन्छ ।

जतिसुकै दु:ख गरेर प्रकाशन गरे पनि अझै ब्यापक जनताको बीचमा पुऱ्याउन थप प्रयास गर्न जरुरी छ । कुनै बेला ग्राहक सङ्ख्या बढाउन निश्चित परिमाणमा ऋतुकालीन चन्दा र आर्थिक सहयोग गर्नेहरूलाई ६ महिना वा १ वर्षको ग्राहक बनाउने व्यवस्था पनि थियो । अहिले नयाँ नयाँ ग्राहक योजना बनाउनुपर्ने बारे सम्बन्धित साथीहरूले ध्यान दिने आशा गर्छु ।

जहाँ राजनैतिक कार्यकर्ता पुग्न सकेका छैनन्, त्यहाँ श्रमिक र मजदुरले नेमकिपाको विचार पुऱ्याइरहेका छन् । तिनै पत्रिका अध्ययन गरेर वामपन्थी विचारमा झुकाव राख्ने गरेका धेरै साथीहरू छन् । यस अर्थमा 'श्रमिक' र 'मजदुर' सामान्य पत्रिका मात्रै नभएर नेमकिपाको विचार जनताबीच पुऱ्याउने कार्यकर्ता पनि हो । यसलाई जोगाउन हामीले हर तरहले कोसिस गर्नुपर्छ ।

'श्रमिक' र 'मजदुर' नेमकिपाको विचार प्रचारप्रसार गर्ने एक सशक्त माध्यम भएको हुँदा यसको संरक्षण गर्नु, प्रचार प्रसार गर्नु तथा लेख, समाचारहरू लेखेर सहयोग गर्नु नेमकिपाका हरेक कार्यकर्ताको कर्तव्य हो ।

आज संसद विघटन असंवैधानिक भन्दै प्रतिक्रियावादीहरू एकतर्फी प्रचारप्रसार गर्दैछन् । न्यायालयलाई समेत प्रभावित पार्न विभिन्न व्यक्तित्वहरू, पूर्व न्यायाधीशहरू पनि लाग्दैछन् । यसरी संचारहरू प्रतिक्रियावादीहरूको स्वार्थमा प्रयोग हुने हुँदा ती सञ्चारमाध्यमहरू प्रतिक्रियावादीहरूको सत्ता जोगाउने र स्वार्थ पूर्ति गर्ने हतियारहरू हुन् ।

अन्त्यमा, 'श्रमिक' र 'मजदुर' कामदार वर्गको बौद्धिक खुराक तथा प्रतिक्रियावादीहरू विरुद्धको हतियार भएको हुँदा यसको निरन्तर प्रकाशनको लागि शुभकामना दिन्छु । धन्यवाद ।

*('श्रमिक' साप्ताहिकको २८ औँ र 'मजदुर' दैनिको २३ औँ र 'अनलाइनमजदुर'को पाँचौं वार्षिकोत्सव कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*



# आफन्तीको कथा



**विनय कुमार कसजू**

## दिन नजान्ने पुरेत

एक पल्ट एक जना पुरेत पोखरीमा खस्यो । ऊ पौडन जान्दैनथ्यो । ऊ डुब्न लागेको देखेर पोखरीको डिलमा बसेका मनिसहरूले उसलाई बचाउन खोजे । उनीहरूले पुरेतलाई बाहिर तान्नका लागि आ–आफ्नो हात दिँदै भने, 'पुरेत बाजे तपाइँको हात दिनुस् ।'

तर जति चिच्याए पनि पुरेतले पानीबाट हात निकालेन ।

त्यही बेला आफन्ती पोखरीको छेऊबाट कतैजाँदै थिए । उनले पुरेत डुब्न लागेको र मनिसहरूले उनलाई बाहिर निकाल्न उनको हात मागेको तर पुरेतले हात नदिएको दृश्य देखे । उनी पोखरीको डिलमा गए र भने, 'तपाइँहरूले पहिले मेरो कुरा सुन्नुस् त । पुरेत बाजेले जीवनमा कहिल्यै पनि कसैलाई कुनै कुरा दिएका छैनन् । उनले लिनमात्रै जानेका छन्, दिन जानेका छैनन् ।'

त्यसपछि उनले आफ्नो हात पुरेततिर लम्काउँदै भने, 'पुरेत बाजे मेरो हात लिनुस् त म तपाइँलाई बाहिर तान्छु ।'

आफन्तीको कुरा सुन्ने बित्तिकै पुरेतले आफन्तीको हात समायो र पोखरीबाट बाहिर निस्क्यो ।

## फेटा र विद्वता

एक पल्ट एक जना अनपढ गाउँले आफन्तीकहाँ आयो । उसले एउटा कागत ल्याएको थियो । कागतमा लेखिएको अक्षर धेरै फोहोर थियो । यसैले पढ्न गाह्रो थियो । गाउँलेले आफन्तीलाई यो कागत पढिदिन अनुरोध गऱ्यो ।

आफन्तीले यो कागतमा भएका अक्षरहरू पढ्ने धेरै कोसिस गरे तर सकेनन् । आफन्तीले कागत पढ्न नसकेको थाहा पाएर गाउँलेले आफन्तीले टाउकोमा बाँधेको ठूलो फेटातिर देखाउँदै भन्यो, 'यति ठूलो फेटा बाँधेर पनि तपाइँ यति सानो कागत पढ्न सक्नुहुन्न ?'

उसको कुरा सुनेर आफन्तीले आफ्नो फेटा झिकेर गाउँलेको टाउकोमा राखिदिँदै भने, 'लौ अब यो फेटा तिम्रो टाउकोमा छ । अब तिमी आफै पढ ।'

कुराकानी

# 'मेयरबाट मैले कुनै विभेदको अनुभूति गर्नुपरेको छैन'

– उपप्रमुख रजनी जोशी




भक्तपुर नगरपालिकाकी उपप्रमुख रजनी जोशीले डेनमार्कमा आर्किटेक्चरको अध्ययन गरेकी हुन् । चार वर्षजति डेनमार्क बस्दा प्रत्येक वर्ष उनले घर आउने बिदा पाउँथिन् । तर, फर्केपछि उनले नेपालका परम्परागत घरहरुको डिजाइन, मठ–मन्दिरको शैलीबारे आफूले पढ्ने कलेजमा सुनाउनुपर्थ्यो । उपप्रमुख जोशी भन्छिन्, 'बिदामा आएर नेपालका भवन तथा मठ मन्दिरको अध्ययन गर्थें र डेनमार्क फर्केर सुनाउँथे । त्यसो गर्दा मलाई आफ्नो देश, यहाँको कला–संस्कृतिको माया बढेको थियो ।'

डेनमार्क रहँदा उनलाई देशको माया मात्रै बढेन, देशका लागि केही गरौँ भन्ने भावना पनि जागेको थियो । आज उनी कला र संस्कृतिको नगर भक्तपुरमा उपप्रमुख छन् । उनले यो कला र सभ्यताको नगरको उपप्रमुख भएर के गर्दै छन् त ?

'पर्यटकीय क्षेत्र भएकाले पुरानो कला र संस्कृतिलाई जोगाउन पहल गरिरहेका छौँ,' उनी भन्छिन्, '०७२ को भूकम्पले भक्तपुरको सांस्कृतिक सम्पदा ध्वस्त पारेको थियो । उक्त संरचनाको पुनर्निर्माण कार्य भइरहेको छ ।'

नयाँ संविधानसँगै स्थानीय तहमा महिला सहभागितालाई अनिवार्य गरिएको छ । तर, धेरैजसो ठाउँमा पुरुष प्रमुख वा अध्यक्ष र महिला उपप्रमुख वा उपाध्यक्ष भएको अवस्था छ । यो अवस्थामा जनप्रतिनिधि महिलाबाट गुनासो पनि आउने गरेको छ, 'प्रमुख (पुरुष)ले कार्यालयका काम र निर्णयमा आफूलाई सोधपुछ नै गरेनन्, एक्लौटी निर्णय गरे ।' भक्तपुरकी उपप्रमुख जोशीसँग भने यस्तो कुनै गुनासो छैन । उनी भन्छिन्, 'हामी (प्रमुख–उपप्रमुख) दुवै एउटै पार्टी (नेपाल मजदुर किसान पार्टी)बाट आएका हौँ । नगरपालिकाले गर्ने हरेक गतिविधिमा प्रमुखले सोध्नुहुन्छ । उहाँ (मेयर सुनिल प्रजापति) ले मलाई महिला हुँ भन्ने अनुभूति हुन दिनुभएको छैन ।'

आफूले उप–प्रमुखको पदभार ग्रहण गरेसँगै सरकारले तोकिदिएको काम, कर्तव्य र अधिकार प्रयोग गर्दै आएको उनको भनाइ छ । उनी भन्छिन्, 'प्रमुखले पहिले कानुनसँग नजिक रहेर काम गर्नुभएको छ । कानुन बुझेको व्यक्ति भएकाले होला, उहाँले कार्यालयका सबै काम छलफल र सहमतिमा अगाडि बढाउनुहुन्छ । नेपाल मजदुर किसान पार्टीको एजेन्डा नै महिला र पुरुषबीच विभेद हटाउनुपर्छ भन्ने हो ।'

विदेशमा गएर स्वदेशको चर्चा गर्दा उपप्रमुख जोशीलाई समाजका लागि केही गर्नुपर्छ भन्ने लागिरहन्थ्यो । आज उप–प्रमुख भएर जनताको सेवा गर्ने मौका पाएकामा उनी सन्तुष्ट छन् । उनी यहाँसम्म के कस्तो पृष्ठभूमि, सोच र सङ्घर्षले आइन् त ?

**प्रेम, विवाह र विदेश**

रजनीको जन्म ललितपुरको मंगलबजारनजिकै भएको हो, २०२२ असार २९ मा । उनका बुबा नारायणराज जोशी विद्यालयहरूको अडिटिङ गर्थे, आमा (मौसम) गृहिणी थिइन् । तीन दाजु र एक दिदीमध्ये उनी कान्छी हुन् ।

अडिटिङको सिलसिलामा उनका बुवा जावलाखेलस्थित सेन्ट म्यारिज स्कुल गइरहन्थे । एक दिन स्कुलको कसैले भन्यो, 'तपाइँकी छोरी भए ल्याउन्, हामी पढाउँछौँ ।'

त्यतिबेला रजनी मंगलबजारस्थित आदर्श निकेतनमा भर्ना भएर पढ्न सुरु गरेकी थिइन् । बुवाले उनलाई सेन्ट म्यारिज स्कुल लिएर गए । त्यहाँ उनले १ देखि १० कक्षासम्म निःशुल्क पढिन् । उनका दिदी र दाइहरु भने पढाइमा त्यति जोड दिएर लागेका थिएनन् । किनभने त्यतिबेला पढ्ने र पढाउने अभ्यास वा चलन चलिसकेको थिएन ।

रजनीले सेन्ट म्यारिजबाट २०४० मा एसएलसी पास गरिन्, दोस्रो श्रेणीमा । त्यसपछि उनी पुल्चोकस्थित इन्जिनियरिङ क्याम्पसमा भर्ना भइन् । त्यहाँ दुई वर्षको अध्ययनपछि प्राक्टिकलका लागि दुई–तीन वर्ष फिल्डमा काम गर्नुपर्थ्यो ।

कलेज पढ्दै गर्दा सँगै पढ्ने सरोजप्रसाद वैद्यसँग उनको प्रेम–सम्बन्ध भएको थियो । तीन वर्षजति फिल्डमा सँगै हुँदा उनीहरूको प्रेम अझ झाँगिन पुग्यो । अन्ततः उनीहरुले आफूहरुको प्रेम–सम्बन्धलाई मागी विवाहमा परिणत गरे, २०४७ मंसिरमा । यसरी रजनी भक्तपुरकी बुहारी हुन पुगिन् ।

अध्ययनलाई अगाडि बढाउने समझदारीमा उनीहरुले बिहे गरेका थिए । त्यतिबेला इन्जिनियरिङको थप अध्ययन नेपालमा थिएन, विदेश जानुपर्थ्यो । अर्कोतिर छोरी मान्छेलाई एक्लै विदेश पठाइँदैनथ्यो । त्यसकारण रजनी र सरोजले सल्लाह गरे– विवाह गरौँ र दुवै विदेश पढ्न जाउँ ।

डेनमार्कबाट डेनिस आर्किटेक्चरको रूपमा मिल्स् एक्सल पिटर्सनको टोली आएको थियो । अध्ययनपछि फिल्डमा

काम गर्दा त्यो टोलीसँग सरोजको राम्रो सम्बन्ध बनेको थियो। त्यतिबेला 'डेनिडा फेलोशिप' भन्ने डेनमार्कको संस्था नेपालमा कार्यरत थियो। उक्त फेलोशिपबाट थप अध्ययनका लागि डेनमार्क जाने सल्लाह गरे, रजनी र सरोजले।

दुवैको परिवारबीच कुरा भयो, उनीहरुले आफूहरुको प्रेम सम्बन्धलाई विवाहमा परिणत गर्न पाए। विवाहको एक वर्षपछि उनीहरु अध्ययनका लागि डेनमार्क पुगे, चार वर्ष 'रोयल डेनिस एकेडेमी अफ् फाइन आर्टस्' अन्तर्गत अध्ययन गरेर नेपाल फर्किए।

**प्राध्यापन र राजनीति**

डेनमार्कबाट अध्ययन गरेर जोशी नेपाल फर्किन्, सन् १९९५ मा। त्यसपछि डेनिस आर्किटेक्चरहरूसँग मिलेर काम गर्न थालिन्। उनीहरुले ललितपुरका पाटनमा आर्किटेक्चरसम्बन्धी कन्सल्टेन्सी पनि खोले।

सन् १९९६ मा उनले पहिलो सन्तानका रुपमा छोरा जन्म दिइन्। सुत्केरीबाट तङ्ग्रिएपछि छोरालाई परिवारको जिम्मामा छाडेर उनी दिनमा केहीबेर काममा निस्कन थालिन्। महिलाहरु पुरुषजस्तो स्वतन्त्र भएर घर बाहिरको काममा निस्कन पाउँदैनन्। छोराछोरी जन्माउन र हुर्काउन समय दिनैपर्छ।




सन्तान हुर्काउने र आफ्नो पेसाको काम पनि गर्दै थिइन्, ०५८ सालमा भक्तपुरमा ख्वप इन्जिनियर कलेज खुल्यो, उनले त्यहाँ पढाउन थालिन्। ०६६ देखि ०७३ सम्म यहाँको सहायक प्रधानाध्यापकको जिम्मेवारी पनि सम्हालिन्। यो बीचमा उनले नेपाल मजदुर किसान पार्टीको सदस्य लिएकी थिइन्।

ख्वप इन्जिनियर कलेजको विकास र प्रवर्द्धनमा उनले आवाज उठाइरहन्थिन्। उनी भन्छिन्, 'मेरो सक्रियता र केही गरौँ भन्ने भावना देखेर होला, नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले मलाई स्थानीय तहमा आउन प्रस्ताव गर्नुभयो। समाजसेवा गर्ने चाहना भएका कारण मैले उहाँको प्रस्तावलाई सहजै स्वीकार गरेँ।'

पार्टीबाट उनले ०७४ स्थानीय तहको निर्वाचनमा टिकट पाइन् र भक्तपुर नगरपालिकाको उप-प्रमुखमा निर्वाचित भइन्। त्यसपछि उनी भक्तपुरवासीको सेवा र विकासमा लागेकी छन्।

'घर-परिवार, श्रीमान् बुझ्ने र शिक्षित भएकाले मैले घरायसी महिलाको रुपमा जीवन जिउन परेन। सधैँ आफ्नो उद्देश्य र काममा स्वतन्त्र रुपमा अगाडि बढ्न पाएँ,' उनी भन्छिन्, 'महिलाले प्रगति गर्न श्रीमानसँगै घर-परिवार सहयोगी हुनुपर्छ।'

हाल उनी छोरा र श्रीमानसँग सूर्यविनायक नगरपालिका-८ मा बस्दै आएकी छन्।

**कला, संस्कृति र महिला उत्थान**

उपप्रमुख जोशीलाई सांस्कृतिक नगरको कला-संस्कृति जोगाउनु त छँदैछ, योसँगै महिला उत्थानमा पनि काम गर्नुछ। आफूहरु स्थानीय तहको जिम्मेवार पदमा आएसँगै शिक्षा, स्वास्थ्य र सरसफाइमा परिवर्तन आएको उनी बताउँछिन्। उनी भन्छिन्, 'नगरपालिकाले नगरवासीलाई २५ प्रतिशत छुट दिई अध्ययनमा सहज वातावरण बनाएको छ। शिशु स्याहारदेखि कलेजसम्म सञ्चालन गरिरहेको छ।'

भक्तपुर नपाले पर्याप्त सङ्ख्यामा नर्स र इन्जिनियर उत्पादन गरिरहेको उनको भनाइ छ। 'नगरपालिकाले महिला स्वास्थ्यमा पनि जोड दिएको छ,' उनी भन्छिन्, 'महिलाको स्वास्थ्य परीक्षणका लागि नर्सहरूलाई नगरवासीको घर-घर पठाउने गरेका छौँ। सातामा एकपल्ट जाँच गरिन्छ।'

विशेषगरी महिलाहरूको पाठेघरलगायत समस्या, बालबालिकाको समग्र अवस्था, वृद्धवृद्धाको श्वासप्रश्वास आदिको चेकजाँच गर्न हप्तामा एकपटक घरघर नर्स तथा स्वयंसेवक पठाउने गरेको उनको भनाइ छ। उनी भन्छिन्, 'नगरपालिकाबाट दिने सेवा-सुविधामा महिला-पुरुषबीच विभेद गरेका छैनौँ। आवश्यकता अनुसारको सेवा र तालिम प्रदान गरिरहेको छौँ।'

उनका अनुसार, भक्तपुर नगरपालिकाका १० वडामध्ये ६ वटा वडामा शिशु स्याहार केन्द्र स्थापना भइसकेको छ। हाल एक शिशु स्याहार केन्द्रमा ३० देखि ४० बालबालिका छन्। 'जागिर वा कुनै पेसामा जानुपर्ने महिलाले स्याहार केन्द्रमा बच्चा छाडेर जान्छन्। प्रत्येक बालबालिकाका अभिभावकबाट मासिक एक हजार रुपैयाँ शुल्क लिन्छौँ,' उनी भन्छिन्, 'उक्त शुल्कले बच्चालाई पौष्टिक खानेकुरा खुवाउने गरिन्छ।'


सरिशा अछामी

*(उपप्रमुख रजनी जोशीले **'काठमाडौं प्रेस'को जनप्रतिनिधि महिला शृङ्खला**का लागि सरिशा अछामीसँग गरेको कुराकानी माघ १५ गते प्रकाशित)*



प्रगतिवादी समालोचक, निबन्धकार, एकांकी नाटककार, उपन्यासकार, कथाकार, न्याकरणकार र साहित्यिक पत्रकार

**हृदयचन्द्रसिंह प्रधान**को १०५ औं जन्मजयन्तीको अवसरमा

# हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा नारी मुक्तिको बाटो

– डा. यदु नन्दन उपाध्याय*

## १. विषय प्रवेश

साहित्यकार हृदयचन्द्रसिंह प्रधान (१९७२–२०१६) नेपाली साहित्यका उपन्यास, नाटक, निबन्ध, समालोचना, कथा, व्याकरणजस्ता वाङ्मयका विविध क्षेत्रमा कलम चलाउने बहुमुखी व्यक्तित्व हुन् । उनका साहित्यको उपन्यास विधामा **'स्वास्नीमान्छे'** (२०११) र **'एक चिहान'** (२०१७) गरी दुईमात्र कृति प्रकाशित छन् । यी उपन्यासका माध्यमबाट प्रधानले लेखनकालीन नेपाली समाजका नारीहरूले भोग्नु परेका पुरुषका यातना, किसानहरूमाथिको आर्थिक शोषण, सामाजिक अन्ध विश्वास र त्यस प्रकारका विकृतिहरूबाट मुक्तिको मार्ग निर्देश गरेका छन् । प्रधानका उपन्यासले सामाजिक विकृतिका विभिन्न पक्षलाई केलाएका भएपनि प्रस्तुत लेखमा उनका उपन्यासका विषयमाथि सामान्य प्रकाश पार्दै नारी समस्याको चित्रण र तत्सम्बन्धी मुक्तिको सन्देशको पक्षलाई मात्र केलाउने प्रयत्न गरिएको छ ।

## २. प्रधानका उपन्यासमा नारी मुक्ति चेत

हृदयचन्द्रसिंह प्रधानका दुई ओटा उपन्यासमा अभिव्यक्त नारी मुक्तिको चेतनालाई पहिल्याउन उनका दुवै उपन्यासको विषय सन्दर्भलाई केलाउनु पर्ने हुन्छ । सो कुरा तल प्रस्तुत गरिएको छ ।

### २.१ उपन्यासको विषय सन्दर्भ

प्रधानका दुवै उपन्यासको विषय स्रोत लेखनकालीन नेपाली समाज हो । **'स्वास्नीमान्छे'** मा नेपाली समाजका पुरुषहरूले नारीमाथि गरेका घृणित व्यवहारको चित्रण गरी त्यस व्यवहारका विरुद्ध सशक्त प्रतिकारको सन्देश प्रस्तुत गरिएको छ । उपन्यासकी प्रमुख नारी चरित्र मोतीमाया आफ्नो लोग्ने प्रमोदले कान्छी स्वास्नीका रूपमा कमलालाई भित्र्याएपछि अनेक यातनामा पर्छे । कमलाले सौता मोतीमायालाई घरबाट निकाल्न कहिले रातिमा घरको मूल ढोका आफै गएर खोली मोतीमायाको परपुरुषसँग आइजाइ रहेको प्रमाणित गर्न खोज्छे भने कहिले कमल नामको व्यक्तिले मोतीमायालाई प्रिय भनी सम्बोधन गरी लेखेको किर्ते चिठी प्रमोदका अगाडि राखी घरबाट निकाल्न उक्साउँछे । छिमेकका मानिसको अबगाल सहनु पर्ने भएकोले प्रमोदले मोतीमायालाई घरबाट त निकाल्दैन तर भित्रभित्र तीव्र घृणा गरी शारीरिक आक्रमणसमेत गर्न थाल्छ । यस प्रकारको मानसिक एवं शारीरिक प्रताडनामा परेकी असहाय मोतीमाया अफ्नो हृदयको टुक्रा ५ वर्षे छोरा विनोदलाई अनायासै छोडेर आत्महत्या गर्न निस्कन्छे । संयोगवश उसलाई मोहनबहादुर भन्ने व्यक्तिले बचाउँछ । उसले आत्महत्या कायरता हो, मानिसले बाँच्नको निम्ति सङ्घर्ष गर्नु पर्छ भन्दै घर फर्कन आग्रह गर्छ । पतिको असह्य घृणा एवं सौताको निन्दनीय व्यवहार झेल्न नसकेकी मोतीमाया पुनः घर फर्कन पनि सक्तिन । यस्तो अवस्थामा मोहनबहादुरले मोतीमायालाई आफ्नै बहिनी बनाएर घर राख्ने तथा छोरा विनोदसित पनि लुकीचोरी भेट्ने प्रबन्ध मिलाइ राख्ने वचन दिएपछि तिनी राजी हुन्छे । केही समयपछि प्रमोद र कमलाले मोतीमाया मोहनसँग गएको थाहा पाउँछन् । कमलाले आफूले मोतीमायाको चरित्रबारे पहिलै गरेको शङ्का प्रमाणित भएको कुरो पतिलाई सुनाउँछे भने भित्रभित्रै लज्जित भएको प्रमोदले छोरा विनोदलाई मोतीमायासित भेट्न नदिने सतर्कता अपनाउँछ ।

मोहनबहादुर नारीलाई केवल सुखभोगका साधन ठान्ने दुष्ट चरित्रको स्वार्थी व्यक्ति हुन्छ । उसले मोतीमायाभन्दा पहिले पनि तीन तीन ओटी युवतीलाई फँसाएर तिनीहरूको शारीरिक सौन्दर्य घट्नासाथ छोडिसकेको हुन्छ । मोतीमायालाई पनि उसले केही महिनासम्म बहिनी बनाएरै राख्छ तर उसको

आश्रयहीनता र कमजोरीको फाइदा उठाएर सहशायिनी बनाइ छोड्छ । सती सावित्रीजस्ती मोतीमायाले धुरुधुरु रुँदै आफ्नो चरित्र पतनको पीडा भोग्न बाध्य हुनु पर्छ । महिना र वर्षहरू बित्दै जान्छन् । विनोद पनि १५/१६ वर्षको पुगिसक्छ । मोतीमायाको रूप लावण्यमा पनि कमी आउँछ । अब मोहनबहादुर मोतीमायालाई पन्छाउने सुरमा लाग्छ । उसले पहिलेदेखि भेटघाट गराइरहेको विनोदसित मोतीमायालाई भेट्न दिन्न । त्यसै कुरामा सामान्य भनाभन हुनासाथ मोतीमायालाई चरित्रहीनताको लाञ्छना लगाउँदै घरबाट निकालिदिन्छ । आफ्नो पति र सौताको तिरस्कारबाट मर्माहत भएकी मोतीमाया मोहनबहादुरबाट समेत लुटिएर बहिष्कृत भएपछि झनै दयनीय अवस्थामा पुग्छे । यसै क्रममा तिनी भौँतारिंदै वेश्यावृत्ति गराई पैसा कमाउने मिस्री दिदीको सम्पर्कमा पर्दै अत्यन्त नारी उद्धार संस्थाकी प्रमुख सञ्चालिका मैयानानीका सम्पर्कमा पुग्छे । मोतीमायाको दुःखपूर्ण कथा सुनेपछि मैयानानीले उसको मनोभाव बुझी त्यहीँ गीत गाउने काममा लगाउँछे । मैयानानी समाजमा दुराचारी पुरुषहरूका काम वासना र अत्याचारका सिकार महिलामा जागृति उत्पन्न गराई समाज सुधारको काममा सक्रिय रहन्छे । त्यस कामका निम्ति पैसा जुटाउन वेश्यावृत्ति गर्नु गराउनुलाई पनि अपराध ठान्नु हुँदैन भन्ने उसको दृढ धारणा छ ।

त्यसपूर्व प्रमोद र कमला पोइला गएकी मोतीमायालाई छोरा विनोदले भेट्ने गरेको थाहा पाएर आक्रोशित हुन्छन् । उनीहरूले विनोदलाई धम्क्याउँदै पढ्नका निम्ति कलकत्ता पठाइ दिने डर देखाउँछन् । आमालाई भेटिरहे अंशसमेत नपाउने भनी कागजमा सही गराउँछन् । पत्नी मार्फत सुधिन्छ कि भनेर बिहेको कुरो चलाउँछन् । विनोद कुनै पनि अवस्थामा आफ्नी जन्मदात्री आमासँगको सम्बन्ध त्याग्न तयार हुन्न । उनीहरूले पोइ फेर्दै हिंड्ने वेश्यालाई आमा भन्न लाज लाग्दैन भनी मोतीमायाप्रति घृणा जगाउने प्रयत्न गर्दछन् । यस्ता कुराले विनोदको मनमा ठूलो चोट पर्छ र ऊ तथ्य बुझ्न मोहनबहादुर कहाँ पुग्छ । मोहनबहादुरले आफूले गरेका घृणित व्यवहारलाई लुकाएर सबै दोष मोतीमायामाथि थुपार्दै आफूलाई छोडेर वेश्या बन्न गएकी भनी अनर्गल कुरो सुनाउँछ । विनोद झन् रन्थनिंदै आमालाई खोज्न कस्सिन्छ र खोज्दै मैयानानीको वेश्यालयमा पुग्छ । उसका मनमा आमाप्रति तीव्र घृणा भरिएको हुन्छ र सौतेनी आमा र बाबाले भनेजस्तै आफ्नी आमालाई चरित्रभ्रष्टा ठानी खुकुरीले आक्रमण गर्न समेत तम्सिन्छ । मैयानानीले मोहनबहादुरका अत्याचारको बेली विस्तार लगाएपछि र मोतीमायाको कुनै दोष नभएको कुरा सम्झाएपछि विनोद थामिन्छ । उसका मनमा आमाप्रति श्रद्धा र आमालाई घरबाट निकाल्ने परिस्थिति निर्माण गर्ने बाबाप्रति आक्रोश उत्पन्न हुन्छ । उसले आमालाई घर लैजाने कुरो राख्छ । त्यसका निम्ति परेका खण्डमा बाबासँग सङ्घर्ष गर्ने तत्परता पनि देखाउँछ । घरमा कुनै अप्रिय स्थिति उत्पन्न हुने आशङ्का गर्दै मैयानानी पनि उनीहरूसितै घरमा पुऱ्याउन हिँड्छे । घरमा बाबुछोराका बीचमा चर्काचर्की पर्छ । वेश्या बनिसकेकी मोतीमायालाई घर भित्र्याउन प्रमोद तयारै हुन्न र उल्टो नोकरचाकर लगाएर तिनीहरूलाई धपाउन तम्सिन्छ । विनोदले त्यसको सशक्त प्रतिवाद गरेपछि प्रमोदले छोरा विनोदमाथि बन्दुक पड्काउँछ र घाइते बनाउँछ । स्थिति बिग्रेको देखेपछि मैयानानीले प्रमोदमाथि गोली चलाउँछे । त्यहीँ कमलालाई पनि गोली लाग्छ । यही हत्या प्रकरणमा मैयानानी थुनिन्छे र न्यायाधीशका अगाडि उभ्याइन्छे । मैयानानीले आजीवन कारावासको सजाय पाएपछि नारीहरूमा आउन लागेको जागरणले आफू हर्षित भएको धारणा व्यक्त गर्छे र उपन्यास टुङ्गिन्छ ।

हृदयचन्द्रसिंह प्रधानको अर्को उपन्यास **'एक चिहान'** मा काठमाडौं उपत्यकाभित्रको कुरिया गाउँको एउटा किसान परिवारलाई प्रस्तुत गरिएको छ । ६५ वर्षे किसान अष्ट नारान बिरामी भई बिछौनामा पल्टेको छ । उसका छोराहरू जेठो शिव नारान, माहिलो पुन नारान र कान्छो हर्ष नारान उसलाई कुरिरहेका छन् । अष्ट नारानकी पत्नी, लतमाया, छोरी नानीथकुँ तथा बुहारी हाकुमाया पनि त्यहीँ छन् । प्रगतिशील विचारको अष्ट नारानले आफू मर्दा गर्नु पर्ने काजकिरियामा छोराहरूलाई ऋण लिन नपरोस् भनेर अलि अलि जम्मा गरी ढिकीनिर गाडेर राखेको २५ रुपैयाँले नै आफ्नो मृत्यु संस्कारको काम सम्पन्न गर्नू भन्छ । उमेर ढल्किसकेका गरिबहरूले बढी खर्च गरेर उपचार गर्न नहुने कुरो सुनाउँदै आफ्नो सेवामा बसेर खेती बिगार्न नहुने कुरो पनि बारम्बार सम्झाउँछ । किसानले खेतीकर्मलाई नै पूजा सम्झनु पर्छ भन्ने उसको मान्यता छ । छोराहरू बाबुको उपचार गर्न वैद्य, कविराज र डा. गोदत्त प्रसादलाई गुहार्न पुग्छन् । बाबुले नै मृत्यु संस्कारका निम्ति भनेर जम्मा गरेको रकमले नै उपचारको प्रयत्न गर्छन् । तर पनि अष्ट नारानको मृत्यु हुन्छ । घरमा अन्तिम संस्कारका निम्ति समेत खर्च नभएकाले डा. गोदत्तप्रसादकहाँबाट सापटी लिएर काम चलाउँछन् ।

अष्ट नारानको मृत्यु पश्चात् घरका सबै कामहरू पूर्ववत् चल्न थाल्छन् । आर्थिक सहयोग दिने गोदत्त प्रसाद आफू तीन छोराछोरीको बाबु तथा सचेत नारी रञ्चना देवीको लोग्ने भएर पनि नानीथकुँको तारुण्यमा आँखा गाडिरहेको हुन्छ । उता सुरमान सुब्बा आफू ५७ वर्षको बूढो भए पनि नानीथकुँसित बिहा गर्ने चाहनामा रमाइरहेको हुन्छ । उसले सित्तैँमा देसी तान ल्याइदिनुका साथै थुप्रै प्रलोभनका कुरा सुनाएर लतमायालाई प्रभावित पारिसकेको भए पनि छोराहरूले सो कुरा ठाडै अस्वीकार गर्छन् । त्यस्ता कुरा गर्ने सुरमानमाथि आक्रामक तरिकाले जाइ लाग्नुका साथै नोकरचाकर समेतलाई गलहत्याएर धपाउँछन् ।

डाक्टर र नानीथकुँका बीचको भेटघाट मायाप्रीतिमा परिणत भएर एक कान दुई कान मैदान हुँदै टोलमा फैलिन्छ । रञ्जना देवीले सो कुरा थाहा पाएपछि हडबडाउँदै नानीथकुँलाई सम्झाउन दगुर्छे र आफ्नो लोग्ने डा.लाई पनि सुधन चेतावनी दिन्छे । भावुक मायाजालामा हुरुक्क भएर प्रेम गर्न पुगेकी सोझी केटी नानीथकुँ रञ्जना देवीले भनेका नारी अस्मिता र पुरुषज्यादतीका कुराबाट केही हच्किन्छे । दाजुहरू र परिवार सबैका कुरा सुनेर सचेत भई डा.सित सम्बन्ध तोड्न तयार हुन्छे । नानीथकुँको मन आफूतिर फर्केको कुरा थाहा पाएपछि धूर्त स्वभावको डा.ले नानीथकुँलाई केही घण्टापछि बेहोस हुने सुई लगाएर झुक्याई नोकर्नी मार्फत कालिका स्थान भन्ने एकान्त ठाउँमा पुऱ्याउँछ । त्यहाँ नानीथकुँले प्रतिवाद गर्दागर्दै बलात्कार गर्छ । रञ्जना देवी र शिव नारानहरूको एक महिने खोजतलासपछि मात्र तिनीहरू फेला पर्छन् । शिव नारानहरू रिसले मुर्मुरिएका भए पनि रञ्जना देवीका अनुरोधमा सामान्य कुटपिटपछि डा.लाई छोडिदिन्छन् । तत्पश्चात् प्रचलित सामाजिक परिपाटीभन्दा भिन्न तरिकाले नानीथकुँलाई तराईको राम खेलावन राउत भन्ने व्यक्तिसँग विवाह गरि दिन्छन् ।

अब पुनः शिव नारानको किसान परिवार आफ्ना कठोर परिश्रमबाट आर्थिक स्थिति सुधार्न जुट्छ । शिव नारान पत्नी र छोराछोरीसमेत खेतको घरमा बस्न थाल्छ । अरू सबै घरमै बस्छन् । यही क्रममा एक पटक अविरल वर्षा हुन्छ र ७२ घण्टासम्मको अतिवृष्टिबाट आएको बाढीले खेतको घर डुबाई शिवनारान, हाकुमाया र छोराछोरीहरूको मृत्यु हुन्छ । उता घर भत्केका कारण घरमा अरू सबैको पनि मृत्यु हुन्छ र सम्पूर्ण परिवारको एक चिहान हुन पुग्छ । समाजका खराब मानिससँग कडा सङ्घर्ष गर्दै विजय हासिल गरेर बसेका किसानले अन्त्यतः प्राकृतिक विपत्तिको प्रहारबाट हार खानु पर्दछ ।

यसरी **'स्वास्नीमान्छे'** र **'एक चिहान'** दुवै उपन्यासले समाजमा विद्यमान कुरीति र कुप्रथाहरूको अन्त्य तथा सामाजिक आर्थिक क्षेत्रमा सुधारको सन्देश व्यक्त गरेका छन् । दुवै उपन्यास सामाजिक विकृति र विसङ्गतिबाट जन्मेका यथार्थ कथ्यमा आधारित छन् (**सुवेदी** : २०५६, : १४४) । तिनले नारी अधिकारको सम्मानका कुरालाई सशक्ततापूर्वक उठाएका छन् । प्राकृतिक विपत्तिका कारण एक चिहानको अन्तिम प्रभाव नैराश्यपूर्ण रहे पनि त्यसपूर्वको आर्थिक शोषण, नारी अधिकार र विवाह सम्बन्धी नयाँ मान्यताले उपन्यासको विचार पक्षमा सबलता प्रदान गरेको देखिन्छ ।

**२.२ उपन्यासहरुमा प्रस्तुत नारी समस्याको विश्लेषण :**

हृदयचन्द्रसिंह प्रधानका **'स्वानीमान्छे'** तथा **'एक चिहान'** दुवै उपन्यासले नेपाली समाजका नारीहरूले भोग्दै आएका शारीरिक एवं मानसिक यातनाका सन्दर्भहरूलाई केलाएका छन् । नेपाली समाज अहिले पनि थुप्रै खालका पुरुष सत्तात्मक अन्ध विश्वासहरूमा जकडिएको छ । महिला र पुरुषको समान अधिकार वा पैतृक सम्पत्तिमा महिलाको समान अधिकार भन्ने कुरो विद्यमान समाजमा पनि विवाद र बहसका विषय बनिरहेका छन् । कतिपय प्रबुद्धजनहरू समेत यस्ता परिवर्तनबाट सामाजिक जीवन पद्धतिमा ठूलै खैलाबैला मच्चिने ठान्दछन् । एक्काइसौं शताब्दीमा प्रवेश गरिसकेको नेपालीको सामाजिक संस्कार त यस्तो छ भने अझ आजभन्दा करिब ५ दशकपूर्वको नेपाली रीति रिवाज कस्तो थियो होला ? प्रधानका उपन्यासले त्यसै बेलाको सामाजिक प्रवृत्तिलाई केलाउने प्रयत्न गरेका छन् । **'स्वास्नीमान्छे'** विशेष गरी पुरुष प्रताडनाका सिकार नारीको सशस्त्र विद्रोहको आवश्यकता व्यक्त गर्नमा केन्द्रित छ । वेश्या भएर पनि वेश्यावृत्ति निर्मूल गर्न खोज्ने वेश्याहरूको क्रान्तिकारी काम र विवश जीवनको कथा **'स्वास्नीमान्छे'** मा वर्णित छ (**प्रधान**, २०४३ : २४३) । नेपाली समाजमा प्रचलित बहु विवाहको समस्या र त्यसले सिर्जना गरेको विकराल परिस्थितिको विश्लेषण यसमा राम्ररी गरिएको छ । पति परमेश्वर हुन् भन्ने पतिभक्त र चरित्रवान् मोतीमाया पतिकै तीव्र घृणा र सौतेनी ईर्ष्याका कारण घर छोड्न बाध्य भएकी छ । आश्रय नपाएर पोइला गएकी छ र सच्चरित्रता डगाउँदै अन्त्यमा त वेश्यालयमा गएर बस्न विवश भएकी छ । त्यसको प्रमुख दोषी को हो ? उपन्यासले केलाउने प्रयत्न गरेको छ ।

समालोचक **इन्द्रबहादुर राई**ले उपन्यासकारको आशय केलाउँदै भनेका छन् । 'मोतीमायाका यातनाहरू पति व्यक्तिको नैतिक चरित्रको कारणत्वले भएका होइनन् पुरुष अभिभावी व्यवस्थाका कारणभूत छन्, कुनैबेला व्यक्ति विशेष होइन व्यवस्था नै स्त्रीवञ्चक छ (**राई**, २०५०, : १३१) । हुन पनि हो हाम्रो समाजमा पुरुषले आफूलाई जेठी मन नपरे कान्छी स्वास्नी भित्र्याउनुमा कुनै ठूलो कुरो ठान्दैन । अझ भनुँ 'मर्दका हजार हुन्छन्' भन्ने घृणित संस्कारमा ढलीमली गरेर बसेको पुरुषले दोस्रो विवाहलाई स्वाभाविक रूपमा लिन्छ । यसै सामाजिक प्रचलन मुताबिक प्रमोदले जेठीलाई हेला गरी कमलालाई भित्र्यायो । यसरी भित्र्याउनुमा कुनै जायज कारण पनि चाहिएन । मोतीमाया सुन्दरी थिई र पुत्रवती पनि । आफू कान्छी स्वास्नी भएकाले पतिको एकलौटी प्रेमकी अधिकारिणी बन्न उद्धत भई । यसै कारण उसले मोतीमायामाथि चरित्रहीनताको दाग लगाउन विभिन्न हत्कण्डाको प्रयोग पनि गरी प्रमोदले कमलाका कुरामा लागेर मोतीमायालाई हेला र घृणामात्र गरेन शारीरिक आक्रमणसमेत गरेर धुरुधुरु रुवायो । चरित्रहीनताको लाञ्छना र अत्याचार ब्यहोर्न नसकी मोतीमाया 'प्रमोद म गएँ, विनोद तिम्रो पनि हो, अब उसको आधार यो संसारमा फगत तिमी मात्रै छौ, मेरो भूल भए क्षमा गर' (**प्रधान**, २०४७, पृ.४४) । भनेर एकालाप गर्दै आत्महत्या गर्न निस्की । यस प्रकारको परिस्थिति निर्माण

गर्नमा तत्कालीन समाज नै मुख्यतः दोषी रहेको छ। बहु विवाहलाई सहज तुल्याउने हाम्रो सामाजिक वातावरणले नै प्रमोदलाई जन्माएको हो। महिलालाई भोग्या जीव ठानेर उनीहरूलाई आर्थिक, सामाजिक र अन्य खालका अधिकारबाट वञ्चित गराएकोले उक्त परिस्थिति जन्मिएको हो भन्ने उपन्यासकारको धारणा रहेको छ। उपन्यासकारले महिलामाथि निन्दनीय व्यवहार मच्चाउने प्रवृत्तिको सशक्त र सशस्त्र प्रतिकारको आवश्यकता महसुस गरेका छन्।

प्रधानका उपन्यासमा पुरुष ज्यादतीका अत्यन्तै निकृष्ट रूपहरू प्रस्तुत गरिएका छन्। **'स्वास्नीमान्छे'**मा मोहनबहादुरको निचता तथा **'एक चिहान'**मा डा. गोदत्तप्रसाद र सुरमान सुब्बाको विकृत व्यवहार स्पष्टताका साथ प्रकट भएको छ। मोहनबहादुरले आत्महत्या गर्न हिँडेकी मोतीमायालाई बचाउने र आफ्नै घरमा बहिनी बनाएर राख्ने कुरो गर्दा उसको सकारात्मक स्वभाव प्रदर्शित भएको थियो तर उसका मनभित्र लुकेको कुटिल मनोवृत्ति पछि देखा पर्छ। बहिनी बनाएर राख्ने भनिएकी मोतीमायालाई मोहनबहादुरले भोग्या बन्न बाध्य पार्छ। असहाय मोतीमाया दाजु भनाउँदो व्यक्तिबाट त्यस्ता कुरा सुन्दा छाँगाबाट खसेजस्ती हुन्छे। विवशतावश 'यसरी लोग्ने भएकी आइमाईमाथि हमला गर्नु ठीक छ त ? के मलाई नरकमा पठाउन तपाईँहरूलाई रहर लागेछ' (**प्रधान**, २०४७ : ७३)। भन्छे मात्र। कहाँ दाजु र बहिनीको पवित्र सम्बन्ध र कहाँ भोग्या बनाउने घृणित लालसा। मोहनबहादुरको चरित्र त अझ उसकै साथी रामानन्दले भनेका यी भनाइबाट पनि छर्लङ्ग हुन्छ। ऊ भन्छ – 'हेर मुला मोहन यो चाहिँ भाउजू त राम्री मात्रै होइन सारै असल र सिधी होलिन् जस्ती देखिन्छन् अब त चितुवाको हजार गोठ गर्नु भएन है' (**प्रधान**, २०४७ : ८१) स्वयं उपन्यासकारले पनि 'बीस नाघ्यो कि स्वास्नी मानिसहरूमा मोहनबहादुर यौवन पन्चर भएको देख्थ्यो' (**प्रधान**, २०४७ :९८)। भन्ने टिप्पणी गरेका छन्। यसरी मोतीमायाभन्दा पहिलै तीन ओटी युवतीको जीवन बर्बाद गर्ने मोहनबहादुरले ३२ वर्ष पुगिसकेकी मोतीमायालाई घरबाट निकाल्न कुनै ठूलो कुरो ठानेन। यस प्रकार मोहनबहादुरको अत्यन्त क्षुद्र रूप यस उपन्यासमा चित्रित छ।

**'एक चिहान'** को डा. गोदत्तप्रसाद पनि अझ घृणायोग्य भएर प्रस्तुत भएको छ। ऊ तीन छोराछोरीको बाबु एवं समाजको प्रबुद्ध व्यक्तित्वमा पर्छ। उसको मनस्थिति भने काम वासनाको डङ्गुरले भरिभराउ छ। घरमा सुशिक्षित पत्नी र आर्थिक सम्पन्नता पनि छ तर डा.को दिमाग परनारीगमनमा भुतुक्कै भएको छ। ऊ आफ्नै घरमा काम गर्ने बेली भन्ने केटीका पछि पनि हुरुक्कै हुन्छ। नानीथकुँसित गहिरो प्रीति बसेको स्वाङ रच्न पनि सफल हुन्छ। अष्ट नारानको उपचारका क्रममा त्यस घरमा सम्पर्क बढाउन पाएको डा.ले नानीथकुँलाई देखेपछि अतिरिक्त चासो बढाउँछ। अन्य काम र सरसहयोगमा घनिष्ठता बढाई सोझी र सरल नानीथकुँको मनमा प्रीति जगाउन सफल हुन्छ। नानीथकुँ हो न हो डा.ले आफूसँग आत्मीय प्रेम गरेको र साँच्चि नै पत्नी बनाएर राख्न खोजेको भ्रममा पर्छे। त्यसैले उसलाई सुरुमा डा.का विरुद्ध सम्झाइ बुझाइ गर्न खोज्ने आमा, दाजु शिव नारान र रञ्जना देवीका कुरामा पत्यार लाग्दैन। पछि डा.का बदमासीको पोल खुल्दै गएपछि ऊ सचेत हुन्छे। तर पनि झुक्याएर अपहरण गरी डा.ले ज्यादती मच्चाउँछ। डा.को पन्जाबाट मुक्त हुने प्रयत्न गर्दागर्दै पनि काम पिपासु डा. को बलात्कारको सिकार हुन पुग्छे। यस प्रकारको घृणित कुकर्म गर्ने डा.जस्ता दुष्टजनहरूको आन्तरिक नियत र दुराशयलाई उपन्यासकारले छर्लङ्ग हुने गरी केलाएका छन्। डा.ले नानीथकुँको रूप यौवनमा आँखा गाड्नुमा गरिबहरूलाई हेप्ने सामाजिक प्रवृत्ति र नारीमाथिको अन्यायपूर्ण सामाजिक व्यवहार जिम्मेवार छ। बहु विवाहको सामाजिक मान्यताका आडमा उसले नानीथकुँलाई पत्नी बनाएर सम्मान दिने भ्रम फिँजाउन पाएको छ। त्यस कुरामा अल्लारे भावुक प्रेममा लठ्ठिएकी नानीथकुँ पनि भ्रमित भएकी छ। आर्थिक अभावको चपेटामा परेका शिव नारानहरूलाई पैसाको सहयोग गर्न पाएको डा. गोदत्तप्रसादले त्यस परिवारलाई हेपेर नानीथकुँसित मायाजाल रच्ने दुस्साहस गरेको छ। यस प्रकार समाजको आर्थिक असमानता एवं नारीमाथिको अन्यायपूर्ण सामाजिक व्यवहार नै मुख्य दोषी देखा परेको छ। यस्ता थुप्रै घटनाहरू नेपाली समाजमा अद्यापि हुने गरेको कुरालाई यस सन्दर्भमा स्मरण गर्न सकिन्छ।

उता सुरमानको प्रसङ्ग पनि घृणापूर्ण छँदैछ। ५७ वर्षको सुरमान नातिनी भने पनि हुने उमेरकी १७ बर्से नानीथकुँसित बिहा रचाउन हुरुक्क भएको छ। सामन्ती अन्ध संस्कृतिमा हुर्केकाहरू जातीय विभेदका कुरालाई आफ्नो हितमा मात्र उपयोग गर्छन् भन्ने कुरा सुरमानले नेवार समुदायमा तल्लो जातकी मानिने नानीथकुँसित आफू माथिल्लो जातकोले बिहा गरे शिव नारानको परिवारै सम्मानित हुने भन्ने खालको कुरा गरेबाट प्रस्ट हुन्छ। सुरमान माथिल्लो जातको भए पनि नानीथकुँको यौवनमा लठ्ठिएकाले मात्र जातीय भेदभाव हटाउने भन्ने कुरामा उद्दत भएको छ। उसले लतमायालाई गत वर्षको कुत मिनाहा गरिदिने, सन्तानहरू पढैया र जागिरदार हुने कुरामात्र गर्दैन देसी तान पनि सित्तैँमा उपलब्ध गराउने प्रलोभन दिन नोकर रामबहादुरलाई पठाउँछ। मरिसकेको अष्ट नारानले आफूलाई नानीथकुँको कन्यादान दिने वचन पहिलै दिएको भन्ने ढाँट कुरो पनि सुनाउँछ। यस्ता अनर्गल कुरा र घटिया व्यवहार प्रदर्शन गर्ने सुरमानका क्रियाकलापबाट नारीलाई केवल भोग्या र मनोरञ्जनका सुलभ साधन ठान्ने सामन्ती संस्कार प्रकट भएको छ। आर्थिक रूपले निम्न

वर्गका गरिबहरूमाथि उच्च वर्गका तल्सिङ र साहुमहाजनहरूले जे गरे पनि हुन्छ भन्ने असमान व्यवहार सुरमानले नानीथकुँसित बिहे गर्न खोजेको प्रसङ्गले प्रस्ट पार्दछ । यसरी **'स्वास्नीमान्छे'** का प्रमोद र मोहनबहादुर तथा 'एक चिहान' का डा. गोदत्तप्रसाद र सुरमान तत्कालीन नेपाली समाजका दुराचारी, काम पिपासु र नारीमाथि अत्याचार मच्चाउनुलाई बहादुरी ठान्ने चरित्र गिरेका व्यक्तिका प्रतिनिधि हुन् । महिलाको असहायपना र परिवारको आर्थिक कमजोरीको फाइदा उठाएर नारीमाथि क्षुद्रतम व्यभिचार गर्ने र गर्न खोज्ने त्यस्ता दुष्टहरू समाजका शत्रु हुन् भन्ने धारणा उपन्यासकारले प्रस्ट गरेका छन् । साथै उपन्यासकारले नारीमाथि दमन थोपर्न सघाउनेमा पुरुषहरू मात्र होइन नारी पनि पर्दछन् भन्ने कुरा कमलाजस्ता चरित्रका खराब क्रियाकलाप देखाएर प्रस्तुत गरेका छन् भने कतिपय पुरुष पनि नारी अधिकारका पक्षमा छन् भन्ने कुरा शिव नारान, उसको बाबा र भाइहरू र मोतीमायाको छोरा विनोदका क्रियाकलापबाट प्रकट गरेका छन् ।

## २.३ उपन्यासमा प्रस्तुत नारीमुक्तिको बाटो

प्रगतिवादी चिन्तनद्वारा अभिप्रेरित प्रधानले आफ्ना उपन्यासमा नारीहरूले भोगेका असह्य व्यवहारको चित्रणका साथै मुक्तिको मार्ग पनि दर्शाएका छन् । **'स्वास्नीमान्छे'** मा त्यस्तो मार्ग सशस्त्र प्रतिरोध गर्ने तहसम्म पुगेको छ भने **'एक चिहान'** मा शारीरिक आक्रमणका साथै चरित्र सुधारको सङ्केत गरी टुङ्गिएको छ । **'स्वास्नीमान्छे'** की मैयानानी तथा **'एक चिहान'** को शिव नारानको परिवार र रञ्जना देवीको महत्त्वपूर्ण विचारले नारी मुक्तिको मार्ग निर्देश गरेका छन् । विभिन्न प्रलोभन देखाएर नानीथकुँसित असमान उमेरको बिहा गर्न चाहने सुरमान सुब्बा र उसका नोकर चाकरहरूलाई शिव नारानको परिवारले सामूहिक प्रतिरोध गरी गलहत्याएर धपाएको प्रसङ्ग रोचक र जोसपूर्ण छ । महिलामाथि कुदृष्टि राखी आक्रमण गर्न तम्सिनेका विरुद्ध सशक्त प्रतिकार आवश्यक छ भन्ने कुरा यसबाट प्रस्तुत भएको छ । त्यसै गरी डा. गोदत्तप्रसादले पनि नानीथकुँमाथि गरेका दुर्व्यवहारप्रति क्षमा याचना गरेको देखाइएको छ *(यद्यपि साझा प्रकाशनको नयाँ सङ्क्षेपीकृत संस्करण (२०६७)मा यस्ता केही प्रसङ्गहरू हटाइएको छ)* । निकृष्ट र चरित्रहीन डा.को क्षमा याचनामात्र पर्याप्त नलागे पनि रञ्जना देवीसँगको पूर्वसर्त मुताबिक उसलाई छोडिएको छ । चरित्र सुधारको सङ्केत त्यसबाट प्रकट भएको छ । साथै नानीथकुँलाई शिव नारानहरूले घरमा फिर्ता लगी उसको विवाह अर्कै व्यक्तिसँग गरेको कुराले बलात्कृत महिलाको स्वच्छता र उसको भावी विवाहको अधिकारलाई स-सम्मान स्थापित गर्ने मान्यता प्रस्तुत गर्न खोजिएको छ । यसरी **'एक चिहान'**मा एकातिर समकालीन समाजको यथार्थ चित्रण छ भने अर्कातिर भावी आदर्श समाजको कल्पित रूपरेखा पनि कोरिएको छ (**पौड्याल**, २०४१, : ६२) । **स्वास्नीमान्छे**

### हृदयचन्द्रसिंह प्रधान

**नाम :** चन्द्रप्रसाद प्रधान
**साहित्यिक नाम :** हृदयचन्द्रसिंह प्रधान
**जन्म :** वि.सं. १९७२ माघ १२
**निधन :** वि.सं. २०१६ माघ १०
**'मातृस्नेह'** नामको निबन्ध वि.सं. १९९९ मा शारदामा छपाउँदा हृदयचन्द्रसिंह प्रधानको नामबाट ।
**सम्बद्ध :** नेपाली साहित्य परिषद्का संस्थापक

### विभिन्न विधाका कृतिहरू

**निबन्ध सङ्ग्रह**
- भू-स्वर्ग (२००३)
- तीस रुपियाँको नोट (२००४)
- जुँगा (२००९)
- कुरा साँचो हो (२०११)
- अफसोच (२०२१)

**नाटक**
- केही नेपाली नाटक(२००२)
- छेउ लागेर (२००६)
- गंगालालको चिता (२०११)
- उनी देवता हुन् (२०१५)

**उपन्यास**
- स्वास्नी मान्छे (२०११)
- एक चिहान (२०१७)

**कथा**
- उसको आँशु (२०१२)
- हृदयचन्द्रका केही कथाहरू (२००५)

**समालोचना**
- साहित्य एक दृष्टिकोण (२००४)
- भानुभक्त एक समीक्षा (२०१३)
- नेपाली काव्य र उसका प्रतिनिधि कवि (२०२१)

**व्याकरण**
- शब्द शुद्धि विज्ञान (२०११)
- चिन्ह परिचय (२०००)
- शब्द शुद्धिको पूँजी
- शब्द शुद्धिया ताचा

**सम्पादन**
- साहित्य श्रोत
- जागरण
- जनचेतना

**अन्य**
- शिशु शिक्षण कला
- विभिन्न पत्र पत्रिकाहरूमा कथा, निबन्ध, नाटक, समालोचना आदि प्रकाशित
- प्रधानका साहित्य नेपाली, नेपालभाषा र हिन्दी भाषामा छन् ।

*स्रोत : विभिन्न वेबसाइट*

उपन्यासमा आफैले घरबाट निस्कन बाध्य पारेर वेश्यालयमा पुगेकी मोतीमायालाई पुनः घर भित्र्याउन नमानेपछि त्यसको सशस्त्र प्रतिरोध गरिएको छ। नारी जागरणमा काम गर्ने मैयानानीले अत्याचारी पुरुषको दमन चक्रलाई पराजित गर्न हतियार उठाउने कुरालाई सही ठहऱ्याउने प्रयास गरेकी छ। त्यतिमात्र होइन राजनीतिक नेतृत्वमा बसी नारीहरूसँग भोग विलास गर्ने र नेपाली नारीलाई विदेशीसामु बेची देशको गौरव र अस्तित्वलाई नै समाप्त पार्न खोज्ने नारी अस्मिता विरोधी, दुष्टहरूलाई सार्वजनिक स्थलमै गोली हानी हत्या गरेको प्रसङ्गले पनि अत्याचारका विरुद्ध हतियार उठाउने कुरालाई जायज ठहऱ्याउने प्रयत्न गरिएको छ। नारीमाथिको भेदभावपूर्ण व्यवहारका निम्ति सामाजिक प्रचलन र प्रवृत्ति मुख्य दोषी रहेको र त्यस्तो दोषपूर्ण कार्य देखाउने खराब व्यक्तिमाथिको सशक्त कारबाहीले समाज सुधार गर्न सकिन्छ भन्ने अवधारणा उपन्यासमा प्रस्तुत छ। मोतीमायामाथि अत्यन्त निर्लज्ज व्यवहार प्रदर्शन गर्ने मोहनबहादुरलाई कुनै सजाय नहुनाको खड्किँदो पक्ष भने **स्वास्नीमान्छे** उपन्यासमा पाइन्छ। यस क्रममा वरिष्ठ समालोचक **गोविन्द भट्ट**ले नारी स्वतन्त्रता र समानताका उहाँ (प्रधान) अघोर पक्षपाती हुनु हुन्छ (**भट्ट**, २०५५ : १३०) भन्ने भनाइ उपयुक्त लाग्छ। समष्टिमा भन्दा उपन्यासकार प्रधानले नारी जागरण र अत्याचारका विरुद्ध सशक्त प्रतिरोधको आवश्यकता छ भन्ने बाटो दुवै उपन्यासमा देखाएका छन्।

## ३. निष्कर्ष :

नेपाली उपन्यास परम्परामा हृदयचन्द्रसिंह प्रधानले नारीलाई आफ्ना अधिकारका निम्ति जागरुक हुन तथा पुरुष अत्याचारका विरुद्ध सशक्त प्रतिरोध समेत गर्न प्रेरित गरेका छन्। प्रधानपूर्व नेपाली उपन्यास लेखनमा नारीलाई कमजोर चरित्रका रूपमा प्रस्तुत गरी उनीहरूलाई सहनशीलता र आत्म वञ्चनाको पाठ पढाइएको थियो। रुद्रराज पाण्डेबाट थालिई रूपनारायण सिँह, लैनसिंह बाङ्देल, डायमन शम्शेर राणा, लीलबहादुर क्षेत्रीसम्मका आधुनिक उपन्यासकारहरूले नारीलाई विद्रोही र आक्रामक शक्तिका रूपमा प्रस्तुत गर्न सकेका थिएनन्। प्रधानले नै पहिलो पटक नारीलाई अत्याचारका विरुद्ध सशक्तताका साथ र हतियारै उठाउन समेत अभिप्रेरित गरेका छन्। नारीलाई भोग विलासका साधन ठानेर पिपासु आँखा गाड्ने पुरुषका विरुद्ध सशक्त आक्रमण गरी नारी स्वयंले पुरुषलाई धराशायी पारेका छन् र **'एक चिहान'**मा नारीमा आफ्नो अस्तित्व र अधिकारप्रतिको सजगता रहनु पर्ने कुरा प्रस्तुत गर्दै दुष्ट व्यक्तिमाथि कारबाही गरी चरित्र सुधारको सम्भावना प्रस्तुत गरिएको छ।

प्रगतिवादी विचार धाराबाट प्रेरित र प्रभावित **प्रधानले 'एक चिहान' मा नारीमुक्तिको अभियानलाई वर्गीय मुक्तिसँग जोड्न खोजेका छन्।** उच्च वर्गका डा. गोदत्तप्रसादलाई माफी मगाएर तथा सुरमानलाई गलहत्याएर पराजित गरिएका प्रसङ्गले निम्न वर्गको विजयलाई प्रकट गरेको छ। **'स्वास्नीमान्छे'**मा उच्च र निम्न वर्गको द्वन्द्व वा सङ्घर्ष नभई पुरुष र नारीको सङ्घर्षको स्थितिलाई मुख्य बनाएर प्रकट गरिएको छ। वर्षौंदेखिका पुरुष सत्तात्मक सामन्ती संस्कृतिका अभिप्रेरणामा आफ्नो एकछत्र हैकम जमाएर बसेका नेपाली पुरुषहरूले नारीमाथि शासन चलाउनुलाई आफ्नो नैसर्गिक अधिकार नै ठानिरहेका छन्। नारी स्वयंले पनि पतिको प्रताडनालाई आफ्नै खोटो कर्म ठानेर भोगिरहेका छन्। यस परिप्रेक्ष्यमा समग्र समाजका आर्थिक सामाजिक समस्या र सम्बन्धलाई गहिराइका साथ केलाई आंशिक विद्रोहबाट समाधान खोज्नु अवस्तुवादी कुरो ठहर्छ। मूल सङ्घर्ष नारी र पुरुषबीच होइन, मूल सङ्घर्ष शोषक र शोषितबीच हुनु पर्दछ भन्ने कुरामा मार्क्सवादले पनि जोड दिन्छ (**बराल**, २०५२, : १४६) प्रधानले **'स्वास्नी मान्छे'**मा निर्देश गरेको प्रतिशोधको बाटोमा पुरुष विरोधी भावावेगले काम गरेको छ। उपन्यासकारले नारीमुक्तिका निम्ति तय गरेको बाटो पुरुष प्रताडनका अतिशयताका कारण जागेको आवेगजन्य प्रतिक्रिया हो। दमनका विरुद्धको स्वाभाविक प्रतिकार हो। त्यस खालको अभियानलाई कुनै नारी संस्था वा पुरुष संस्थाबाट मात्र होइन समग्र वर्गीय मुक्ति अभियानसँग जोडेर वैज्ञानिक तरिकाले अघि बढाउनु आवश्यक छ। यस कारण नारी मुक्तिको प्रगतिवादी दृष्टिमा **'एक चिहान'** उपन्यास जति सबल छ त्यसका तुलनामा **'स्वास्नीमान्छे'** सफल देखिन्न।

## सन्दर्भ सामग्री -


चापागाइँ, नरेन्द्र (२०३८), **केहीकृतिः केही प्रतिकृति**, काठमाडौंः साझा प्रकाशन।

पौड्याल, शर्मा हीरामणि (२०३९), **समालोचनाको बाटोमा**, पर्वतः इन्दिरा शर्मा पौड्याल।

प्रधान, कृष्णाचन्द्र सिंह (२०४३), **नेपाली उपन्यास र उपन्यासकार**, दोस्रो संस्करण ललितपुर : साझा प्रकाशन।

प्रधान, हृदयचन्द्रसिंह **स्वास्नीमान्छे**,, सातौँ संस्करण, (२०४८), काठमाडौंः साझा प्रकाशन।

**एक चिहान**, आठौँ संस्करण, ( २०४८), काठमाडौं : साझा प्रकाशन।

बराल, ऋषिराज (२०५२), **मार्क्सवाद र उत्तरआधुनिकतावाद**, विराटनगर : सविता बराल।

भट्ट, गोविन्द (२०५५), **गोविन्द भट्टका समालोचना**, सम्पा. रविलाल अधिकारी, नेपालः बगर फाउण्डेशन।

राई, इन्द्रबहादुर (२०५०), **नेपाली उपन्यासका आधारहरू**, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन।

श्रेष्ठ, सुदर्शन (सम्पा.) (२०५४), **साथी**, १३ : ८-९, काठमाडौंः साथी प्रकाशन।

सुवेदी, राजेन्द्र (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन।


(*सहप्राध्यापक, पृथ्वी नारायण क्याम्पस, पोखरा)

(समकालीन साहित्य (प्रकाशित २३ भाद्र २०७०) बाट)

# को हुन् नेवार ?



प्रा. माणिकलाल श्रेष्ठ

काठमाण्डौं, काठमाण्डौं उपत्यका र उपत्यका वरिपरिका जिल्लाहरू, जसलाई नेपाल मण्डल भनिन्छ, त्यहाँका आदिवासी या मुख्य बासिन्दा नेवारहरूको बारेमा यूरोपेली तथा अन्य थुप्रैले धेरै अनुसन्धानहरू गरिसकेका छन्। यस्ता खाले अनुसन्धानहरू अहिलेसम्ममा अरु जातिहरूको भन्दा धेरै नेवारहरूबारे भएका छन्। तर अझै पनि यकिन कुराहरू स्पष्ट रूपमा थाहा हुन सकेको छैन। त्यसकारण मलाई लागेको कुरा यहाँ प्रस्तुत गर्न चाहन्छु।

सरसरर्ती हेर्दा अरु जातिहरूभन्दा नेवार जातिहरूको विशेषता फरक देखिन्छ। जस्तो, तामाङ्ग, गुरुङ्ग, मगर, लिम्बूहरू सबै नश्लमा आधारित जाति हुन्। तामाङ्गहरू सबैको एउटै रगत छ, राईहरू सबैको एकै रगत छ र त्यस्तै अरु अरुको पनि एकै नश्ल वा रगतका हुन्। त्यतिमात्र होइन, नेपाली भाषा अथवा खस भाषाभाषीहरू पनि बाहुन, क्षेत्री तथा कामी, दमाई, सार्की विभिन्न जातमा विभाजित भएता पनि उनीहरू सबै आर्य रगतका हुन्। तर नेवारहरूमा त्यस्तो छैन। कोही नेवारहरू आर्यन्, कोही नेवारहरू मङ्गोल र कोही अष्ट्राद्रविड नश्लका छन्। संसारका तीनवटा नश्लहरू नेवारहरूमा छन्।

हुन त ९० प्रतिशतभन्दा बढी तिब्बेत्तो वर्मन अथवा मंगोल छन्, नेवारका नब्बे प्रतिशतभन्दा बढी आदिवासी हुन् र मङ्गोल मूलका (तिब्बती-वर्मी समूहका) हुन्, तर अरु आगन्तुकहरू पनि नेवार बनेका छन्।

नश्ल मात्र होइन, धर्मको हिसावले पनि नेवारहरू थरीथरीका छन्। धर्मका हिसावले पनि अहिले नेवारहरू शैव र बौद्ध धर्म मान्नेहरू छन्। पृथ्वीनारायण शाहले उपत्यका जित्नुभन्दा पहिला शैव, बौद्ध, इस्लाम र इसाई धर्म मान्ने नेवारहरू थिए। पृथ्वीनारायण शाहले उपत्यका जितेपछि उनले इसाइहरू सबैलाई 'देश छाडेर जानू, नजानेहरूलाई मार्नू' भन्ने आदेश दिए। त्यसैले त्यतिबेला इसाई धर्म मान्ने सबै नेवारहरू भारत पसे, धेरैजसो बेतिया शहरमा गएर बसे। नजानेहरू सबैलाई फाँसी दिइए र मारिए। त्यसरी त्यतिबेलादेखि इसाई धर्म मान्ने नेवारहरू नै हराएर गए। अहिले फेरि इसाइ धर्म मान्ने नयाँ नेवारहरू उत्पन्न भएका छन्। नेवार मुसलमानहरू भने ज्यादै थोरै भएको हुनाले उनीहरू खस अथवा पहाडी मुसलमानहरू र तराईका मुसलमानहरूसँग मिसिन गए।

यसरी नेवारहरूको रगत, धर्म अलगअलग रहेको छ। अनुहारै हेर्दा पनि सबै नेवारहरूको एउटै जाति छैन। कुनै नेवारहरूको नाक थेप्चो भएको अनुहार देखिन्छ भने कुनै नेवारहरूको चुच्चो नाक देखिन्छ। त्यसकारण मेरो विचारमा नेवार भनेको कुनै एक Ethnic समुदाय नै होइन, यो त एउटा भाषा वा जातिको समुदाय वा ethnic geo-linguistic community हो। जो नेपाल भाषा बोल्छन्, उनीहरूलाई नेवार भनिन्छ। नेपाल भाषा भनेको पुरानो किराँत भाषामा लिच्छविहरूले बोल्ने संस्कृत मूलको भाषा मिसिएर बनेको नयाँ भाषा हो। नेपाल भाषा बन्नुभन्दा पहिला त नेवारहरूको र तामाङ्गहरूको एउटै भाषा थियो। तामाङ्गहरूले पुरानै भाषा बोलिरहे। नेवारहरू भने नयाँ भाषा बोल्न थाले।

नेवारको श्रमिक वर्ग, जस्तो - नापित, माली, चित्रकार, नकर्मी, रञ्जितकार, तण्डुकार तथा खेती गर्ने किसानहरू, ज्यापूहरू सबै तिब्बेतो वर्मन वा मंगोल मूलका छन्। नेवारहरूमा यिनीहरूको सङ्ख्या ९० प्रतिशतभन्दा बढी छ। नेवार जातिभित्रका केही अरु परिवारहरूको उदाहरण लिऔं। जस्तो कि, नेवारहरूमा श्रेष्ठहरू छन्। श्रेष्ठहरूमा पनि कोही आदिवासी छन् भने कोही बाहिरबाट आएका छन्। ७ सय वर्षसम्म मल्लहरूको राज्य चल्दा उनीहरूले सरकारको ठूलाठूला पदहरू अथवा भारदारहरूमा विभिन्न मानिसहरूलाई नियुक्ति गरे। उनीहरू जुनजुन पदहरूमा नियुक्त भए, त्यही पदअनुसार उनीहरूको थर निर्धारण भयो। जस्तो - मन्त्रीलाई अमात्य, सेनाको प्रमुखलाई प्रधान, राजाको ढुकुटी हेर्नेलाई राजभण्डारी, राजाको सन्तानलाई पढाउनेलाई जोशी भनियो। उनीहरूका सन्तानहरूलाई अहिले पनि अमात्य, प्रधान, राजभण्डारी र जोशी नै भनिन्छ। ती सबै भारदार समूहको सामूहिक नाम श्रेष्ठ भनिन्छ। श्रेष्ठ भनेको एउटा जात होइन, यो त पद भयो। यो जातमा कोही मंगोल होलान्, कोही आर्यन होलान्, कोही यहाँकै आदिवासी होलान्, कोही बाहिरबाट आएका होलान्।

एउटा उदाहरण लेऔं। नेपालको इतिहासमा हरिसिंहदेवको नाम आउँछ। हरिसिंहदेव तिरहुतको सिमरौन गढका राजा थिए। सिमरौनगढ नेपालको बारा जिल्लामा

पर्दछ । दिल्लीका शासक गयासुद्दिन तुगलकको आक्रमणबाट उनी भागेर नेपाल उपत्यकाको भक्तपुरमा शरण लिन आउन खोजेका थिए । तर तिनी बाटैमा मरे । उनका छोराले भक्तपुरको दरबारमा शरण लिए । उनीहरूको थर राजपूत थियो । नेवारीमा 'रा'लाई ला भनिन्छ । त्यसैले उनीहरूको थर लायपू भयो । हरिसिंहदेव लायपूका सन्तानहरू श्रेष्ठमा मिल्न गए ।

मल्ल राजा भूपतिन्द्र मल्लको समयमा भारतको गुजरातबाट एकथरि वैद्यहरू आएका थिए । उनीहरू दरबारमा गएर राजाको वैद्यको रूपमा काम गर्न थालेकाले उनीहरूलाई राजवैद्य भन्न थालियो । तिनीहरूसँगै आएका वैद्यहरू तर राजदरबार नपुगेकाहरू श्रेष्ठ नभई अरु जातमा विलिन भए । बाहुनहरूमा पनि बाहिरबाट आएका देवकोटा, रिमाल, आचार्य, सुवेदी, यी विभिन्न थरका उपाध्याय ब्राम्हणहरू ६ (७ सय वर्ष पहिले नेपाल उपत्यकामा आएर बसेकाहरूले नेवारी बोले, उनीहरूलाई राजउपाध्याय भनिन्छन् वा नेवारबाहुन पनि भनिन्छ । त्यस्तै, तराईबाट पनि तिरहुते (झा, ओझा, मिश्र थरका) बाहुनहरू पनि यहाँ आएर नेवाल भाषा बोलेर नेवार बाहुन बने । यसरी ८-९ सय वर्षपहिले आएर काठमाण्डौं उपत्यकामा बसेर नेवाल भाषा बोलेपछि उनीहरूलाई नेवार भन्न थालियो । यसरी नेवारहरूको संरचनाको हिसावले हेर्ने हो भने विभिन्न ठाउँहरूबाट आएका र विभिन्न जातिका मानिसहरू एक आपसमा विलय भएर बनेको जाति हो नेवार ।

संस्कृतिकै हिसावले हेर्ने हो भने पनि नेवारहरूको संस्कृति विश्वकै संस्कृतिभन्दा अगाडि देखिन्छ । यहाँका कला र कलाकारका बारेमा रुसका एकजना ठूला इतिहासकार **डा. बन्दरेव्स्की**ले भनेका छन्- **'विश्वमा पुनर्जागरण सबभन्दा पहिला इटालीमा आएको भनिन्छ, तर यो कुरा गलत हो । त्यहाँ पन्ध्रौँ शताब्दीमा पुनर्जागरण आएको थियो, नेपालमा एघारौँ शताब्दीमा नै ठूलाठूला विश्वप्रसिद्ध मन्दिर र चित्रहरू बनाइसकेका थिए ।'**

त्यस्तै गरेर, मल्लकालमा यहाँ आयुर्वेदमा पनि ठूलो विकास भएको थियो । यो कुरा कोरियामा पनि उल्लेखित छ । ती पुस्तकहरूमा नेपालको ठूलो राजवैद्यले बनाएको औषधीको बारेमा चर्चा गरिएको छ । यसरी एकपटक मल्लकालमा नेवारहरू निक्कै धेरै विकसित भएका थिए र विश्वमै प्रसिद्धि कमाएका थिए ।

अब नेवारहरू आदिवासी हुन् कि होइनन् भन्ने बारेमा कुरा गरौँ - मेरो विचारमा नेवारहरू आदिवासी नै हुन् । किनभने ९० प्रतिशतभन्दा बढी नेवारहरू आदिवासी नै हुन् । अरु बाँकी प्रतिशतमात्रै पछि बाहिरबाट आएका हुन् । यसरी मिसिने कुरा त जुन जातिमा पनि हुनसक्छ । आदिवासी भन्नेबित्तिकै नेवारहरू शुरुदेखि नै नेपालमा बसेका हुन् त भन्ने प्रश्न पनि उठ्न सक्छ । संसारमा शुरुदेखि बसेका त कोही पनि छैनन् होला । मानव जातिको उत्पत्ति नै कोही चीनमा, कोही अफ्रिकामा भएको भनिन्छ । उनीहरू नै संसारभरि फैलिएका हुन् । त्यसैले आदिवासी भनेर तिनीहरूलाई भनिन्छ, जुन जातिहरू शासक जातिभन्दा पहिला आएर बसेका हुन् । अहिले नेपालका शासक जाति (नेपाली वा खस भाषा बोल्ने बाहुन क्षेत्री ठकुरी) हुन् । उनीहरू ४-५ सय वर्ष पहिले आएका हुन् भने नेवारहरू त्योभन्दा पहिला नै आएका हुन् । त्यसैले नेवारहरूलाई आदिवासी भन्नुपर्छ ।

अर्को, नेवारहरू जनजाति हुन् कि होइनन् भन्ने बारेमा पनि विवाद छ । नेपाल प्रज्ञा प्रतिष्ठानले निकालेको नेपाली बृहद शब्दकोषमा जनजातिको परिभाषा 'जङ्गल फाँडेर खनीखोस्री खाने, नागा, कोचे, कुसुन्डाजस्ता शिक्षा आदिमा पछिपरेका, नजिकको परिवेशसँग पनि प्रभावित नभएका पछौटे जाति' भनेर दिइएको छ । यो परिभाषाअन्तर्गत नेवारहरू पर्दैनन् । यो परिभाषाअनुसार नेवारहरूलाई जनजाति भनियो भने नेवारहरूको बेइज्जत हुन्छ भन्न थालियो ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनले जनजातिको परिभाषा 'देशको मुख्य शासक जाति जुन छ, त्यो जातिभन्दा अलग्गै भिन्दै भाषा, धर्म संस्कृति भएको जातिलाई जानजाति भनिन्छ' भनेर दिएको छ । किनभने शासक जातिको भन्दा अलग्गै भाषा, धर्म र संस्कृति उत्पीडित हुने गर्छ । नेवारहरूको भाषा कति उत्पीडित छ भन्ने कुरा त विगतमा मूल्याङ्कनमा आइसकेको छ । त्यसकारण यो परिभाषाअनुसार नेवारहरू जनजाति नै हुन् भन्ने मलाई लाग्छ । यदि नेवारहरू जनजाति हुन् भने मैथिलीहरू किन जनजाति होइनन् भन्ने प्रश्न पनि उठ्न सक्छ । मैथिलीहरूको भाषा अलग्गै भएता पनि उनीहरू हिन्दू धर्म र आर्य संस्कृतिका हुन् । उनीहरूको धर्म र संस्कृति शासकहरूको धर्म र संस्कृतिसँग मिल्छ । त्यसैले उनीहरू जनजाति भएनन् । शासकहरूको धर्म र संस्कृतिभन्दा अलग्गै धर्म र संस्कृति भएकालाई जनजाति भन्ने अर्थमा नेवारहरू जनजाति नै हुन् ।

एकपटक शासक भइसकेका नेवारहरू कसरी जनजाति हुनसक्छन् भन्ने प्रश्न पनि उठ्न सक्छ । तर नेवारहरू कहिले पनि शासक जाति भएका छैनन् । मल्ल राजाहरूलाई नेवार राजा भनिए तापनि उनीहरू नेवारहरू नै होइनन्, ठकुरीहरू हुन् । नेपाल भाषा बोलेर शासकहरू नेवार भएका थिए । उनीहरू शासक छँदा नेवारहरू अलग्गै थिए । पृथ्वीनारायण शाहले मल्लहरूको राज्य खोसेपछि मात्र मल्लहरू नेवारसँग मिल्न गएका थिए ।

*(२०७४ आषाढ २९)*

# १९५० को सन्धिको खारेजी र नयाँ सन्धिको आवश्यकता

विवेक

नेपाल भारत संयुक्त आयोगको बैठक २०७७ माघ ३ गते नयाँ दिल्लीस्थित हैदरावाद हाउसमा सम्पन्न भयो । बैठकमा नेपाल भारत सीमा विवादलाई छिटो टुङ्ग्याउनुपर्ने, सन् १९५० को शान्ति र मैत्री सन्धि पुनरावलोकन गर्नुपर्ने, नेपाल भारत प्रबुद्ध समूहले पेश गरेको प्रतिवेदनलाई अन्तिम रूप दिनुपर्ने र भारतले नेपाललाई हवाई प्रवेशद्वार उपलब्ध गराउनुपर्ने विषय नेपाल पक्षबाट उठाइएको सार्वजनिक भयो । नेपाल भारत संयुक्त आयोगको बैठकमा नेपालको तर्फबाट परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले भाग लिएका थिए भने उक्त बैठकको अध्यक्षता भारतीय समकक्षी एस. जयशंकरले गरेका थिए ।

नेपाली जनताले सन् १९५० को सन्धि खारेजीको माग निरन्तर गर्दै आएका छन् । त्यो सन्धि कायम रहेसम्म कतिपय विषयमा भारतले नेपाललाई अप्ठेरो स्थिति सिर्जना गरिरहने सम्भावना रहिरहने छ । उक्त सन्धि राणा प्रधानमन्त्री मोहन शमशेरले आफ्नो शासनको अन्तिम समयमा देश र जनताको स्वार्थभन्दा पारिवारको धन सम्पत्ति सुरक्षाको निम्ति गरिएको देशहित विपरीत सन्धि थियो । त्यही सन्धिका कारण राणा शासकहरूले आफ्नो सम्पत्ति भारतमा सुरक्षित साथ राख्न पाए भने भारतको हातमाथि पर्न गयो ।

नेपालमा राणाविरोधी जनआन्दोलन चलिरहेको र राणाहरूको पारिवारिक शासन अन्त्यको दिन नजिकिन्दै गर्दा उक्त सन्धि भएको थियो । भारत अङ्ग्रेजहरूको उपनिवेशबाट भर्खर स्वतन्त्र भएको भएता पनि भारतीय नेताहरूमा पनि बेलायती साम्राज्यवादी मानसिकता कायमै थियो । त्यसैले त्यो सन्धिमा नेपालको तर्फबाट प्रधानमन्त्री मोहन शमशेरले र भारतको तर्फबाट भारतीय राजदूत चन्द्रशेखर प्रसाद सिंहले हस्ताक्षर गरेका थिए । सन्धिमा एकातिर नेपालका प्रधानमन्त्री र अर्कोतिर भारतीय राजदूतले हस्ताक्षर गर्नुले भारतको नेपालप्रति 'ठूलो दाइ' को व्यवहार बुझ्न सकिन्थ्यो ।

सन् १९५० को सन्धिको एउटा राम्रो पक्ष भनेको त्यस सन्धिले त्यस अघि नेपाल–भारतबीच अङ्ग्रेजहरूसँग भएका सबै सन्धिहरू खारेज गर्नु हो । यसको अर्थ हो– सुगौली सन्धि जो नेपाल–भारतबीच सन् १८१६ मा भएको थियो, खारेज भएको मान्न सकिन्छ । सुगौली सन्धि अघि नेपालको सीमा पूर्वमा टिष्टा र पश्चिममा किल्ला काँगडा पुगेको थियो । सुगौली सन्धिकै कारण नेपालको झण्डै आधा जमिन गुमेको थियो । सन् १९५० को सन्धिअनुसार उक्त सन्धि खारेज भएपछि नेपालको सीमा पूर्वमा टिष्टा र पश्चिममा किला काँगडासम्म स्वतः स्थापित हुनु पर्ने हो । तर भारत सरकार १९५० को सन्धिलाई आफ्नो हितमा मात्रै कार्यान्वयन गरिरहेको छ । नेपाल पक्षले केही गर्नासाथ भारतले त्यही सन्धि देखाएर रोक्ने र अवरोध पुऱ्याउने गर्दै आएको छ ।

वि.सं. २०४४ सालतिर भारतले पुस्तौँदेखि सिक्किम र मेघालयमा स्थायी बसोबास गरिरहेका नेपाली मूलका भारतीयहरूलाई त्यहाँबाट भगाउने र लखेट्ने काम गऱ्यो । भारतले आफ्नो निश्चित ठाउँहरू तोकी नेपाली नागरिकहरूलाई काम गर्न प्रतिबन्ध लगायो । सोही बेला नेपालले पनि कार्य अनुमति पत्र लागू गर्ने प्रयत्न गऱ्यो । त्यसैलाई भारतीय पक्षले सन् १९५० को सन्धिमा उल्लेखित दुवै देशका नागरिकहरूलाई एकले अर्को देशका नागरिकलाई 'समान व्यवहार गर्ने' विपरीत भएको भन्दै विरोध गऱ्यो र त्यसको चरम रूप २०४५ सालमा नाकाबन्दीसम्म पुग्यो । तत्कालीन राजतन्त्र भारतसामु नझुकेकै कारण भारतीय नेताहरू आन्दोलनरत दलहरूलाई सहयोग गर्न पुगेको र निरङ्कुश राजतन्त्र अन्त्य भएको राजावादीहरूको भनाइ रहिआएको छ । भारतले पनि नेपालका हरेक राजनैतिक परिवर्तनमा आफूले सहयोग गर्दै आएको र हरेक उपलब्धिको हिस्सा आफूले पनि पाउनुपर्ने दाबी गर्दै आएको छ ।

सन्धिको एउटा बुँदामा दुई देशबीच रहेको असल छिमेकीपनको सङ्केत स्वरूप एक अर्काका नागरिकहरूलाई एक अर्काका इलाकामा औद्योगिक तथा आर्थिक विकासमा सहभागी हुन दुवै सरकारले राष्ट्रिय व्यवहार प्रदान गर्ने उल्लेख छ ।

**'राष्ट्रिय व्यवहार'** को अर्थ हुन्छ एक देशले अर्को देशको नागरिकलाई आफ्नै देशको नागरिकसरह व्यवहार गर्नु । सन्धिको यो प्रावधान दुवै देशका नागरिकका लागि समान देखिए पनि नेपाल र नेपालीको लागि घातक छ । नेपालमा हाल करिब ३ करोड जनसङ्ख्या छ भने भारतमा एक अर्ब ३५ करोड बढी छ । सन्धिको यही प्रावधानअनुसार भारतीय नागरिकलाई नेपाली नागरिकसरह औद्योगिक, व्यापारिक तथा आर्थिक गतिविधि तथा अन्य गतिविधिमा छुट दिएको खण्डमा ३/४ प्रतिशत भारतीय उद्योगीहरूले नै हाम्रा उद्योगपति र व्यापारीहरूको सबै काम खोसिदिन्छन् र नेपाली जनता नै अल्पमतमा पर्ने सम्भावना हुन्छ । यस अर्थमा कानुनमा समानता

भनिए तापनि व्यवहारमा नेपालले जहिले पनि आफ्नो हितलाई ध्यानमा राख्नुपर्ने हुन्छ ।

नेपालको लागि अर्को खतरनाक प्रावधान सन्धिमा रहेको नेपाललाई आफ्नो **सुरक्षा**को लागि आवश्यक पर्ने हतियार गोलीगठ्ठा तथा अन्य युद्ध सामग्रीहरू भारतको इलाकामार्फत नेपाल भित्र्याउँदा भारतको जानकारीमा ल्याउनु पर्ने भन्ने हो । तर नेपालमा हात हतियार कुनै पनि देशबाट ल्याउँदासमेत भारतको अनुमति लिनुपर्ने अर्थमा भारत प्रस्तुत हुँदै आएको छ । २०४५ सालमा चीनबाट हतियार भित्र्याउँदा भारतको अनुमति नलिएको निहुँमा लामो समयसम्म नाकाबन्दी गर्‍यो । तर एउटा स्पष्ट हुनुपर्ने कुरा के हो भने भारतले आफ्नो सुरक्षाको लागि हतियारहरू भित्र्याउँदा भने नेपाललाई कुनै जानकारी समेत हुँदैन ।

सन्धिमा दुवै सरकारहरूले पारस्परिकताको आधारमा एक अर्काको नागरिकलाई एक अर्काको इलाकामा बसोबास, सम्पत्तिको स्वामित्व, व्यापार तथा वाणिज्यमा हुने सहभागिता, आवतजावत र यस्तै प्रकृतिका सहुलियतहरूमा **समान सुविधा** लिने उल्लेख छ । विदेशी नागरिकले पनि स्वदेशी नागरिकले सरह अधिकार प्रयोग गर्न पाउने यो व्यवस्थाले नेपालको स्थिति के होला ? यस्ता **असमान प्रावधान** भएकै कारण नेपालले सुरुदेखि नै त्यस सन्धिको पुनःरावलोकन गर्न र दुवै देशको हितमा पुनः नयाँ सन्धि गर्न जोड दिँदै आएको हो । तर भारतले विभिन्न बहानाबाजी गर्दै अहिलेसम्म पनि त्यसबारे कुनै औपचारिक बैठकहरूमा छलफलमा समेत राखेको पाइएको छैन ।

सन्धिको बेला हिमाली राज्यहरू (नेपाल, भुटान र सिक्किम) भारतको सुरक्षा क्षेत्र हुन् भन्ने नेहरु डक्ट्रिनको प्रादुर्भाव भइसकेको थियो । त्यही नीतिअनुसार भारतले सिक्किमलाई आफ्नो देशमा गाभ्यो भने भुटानको परराष्ट्र र रक्षा मामिला आफ्नो नियन्त्रणमा राख्दै आएको छ । स्मरण रहोस् भुटान र सिक्किमसँग पनि भारतले यस अघि नै शान्ति र मैत्री सन्धि गरेको थियो । भारत नेपाललाई सके सिक्किम बनाउने नसके भुटानको अवस्थामा पुर्‍याउने कोसिस गर्दैछ । बेला बखत देखिने नेपाल भारतबीचको विवाद भारतको इच्छाअनुसार चल्न अस्वीकार गर्दा कै परिणाम हो ।

नेपालमा राजतन्त्र अन्त्य गरेर गणतन्त्र स्थापना भयो तर नयाँ संविधानमा भारतले आफ्नो हिस्सा खोज्यो । नेपाल सरकारले वि.सं. २०७२ असोज ३ गते संविधान घोषणा गर्ने मिति तोकि सकेपछि भारतीय सरकारले आफ्नो दूतहरूमार्फत संविधान घोषणा रोक्न अन्तिम प्रयास गर्‍यो । सविधानसभाले सार्वजनिक गरेकै मितिमा संविधान घोषणा गरे । त्यसबाट असन्तुष्ट भारतीय सरकारले असोज ६ गतेदेखि झण्डै ६ महिना नेपालमाथि आर्थिक नाकाबन्दी गर्‍यो । नेपाली जनताले राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा भारतविरोधी अभियान चलाएपछि भारत नाकाबन्दी फिर्ता लिन बाध्य भयो ।

नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरामा लामो समयदेखि भारतले अतिक्रमण गर्दै आएको छ । त्यसको बारेमा भारत नेपालसित वार्ता नै गर्न चाहँदैन । नेपालको त्यस भूमिलाई गाभेर भारतले एकतर्फी नक्सा जारी गरेको मात्र होइन सडक बनाई त्यसको उद्‌घाटनसमेत गरेपछि नेपालले पनि संविधान संशोधन गरेर ती भूभागसहितको नयाँ नक्सा जारी गर्‍यो । **त्यसपछि नेकपा भित्रको द्वन्द्व चल्न थाल्यो ।** नेकपाका अध्यक्ष प्रचण्ड भारतकै निर्देशनमा 'जनयुद्ध' गरेका व्यक्ति हुन् । उसैलाई उचालेर अहिले नेकपाभित्र फुट ल्याउने मात्रै होइन प्रचण्डलाई नै प्रधानमन्त्री बनाउने खेल शुरु हुँदैछ । ओली हटाई प्रचण्डलाई सरकारमा ल्याइएमा नेपालको लागि दुर्भाग्य हुनेछ । गलत व्यक्तिको हातमा देश जानुभन्दा निर्वाचन कैयौं गुणा राम्रो हो । देशको लागि आठ दश अर्ब रूपैंआ ठूलो कुरा होइन । त्यसैले **संसद पुनःस्थापनाभन्दा निर्वाचन लोकतान्त्रिक विधि** पनि भएको हुँदा नेमकिपाले यसको औचित्य रहेको प्रष्ट पारेको छ ।

नेपाललाई भारतवेस्थित मुलुकबाट हटाई चीनसँगको सम्बन्ध बढाउनु आवश्यक छ । नेपाल हरेक कुरामा भारतको भर परेसम्म कहिल्यै स्वतन्त्र रूपमा अगाडि बढ्न सक्दैन । भनिन्छ, अर्थतन्त्र अरू देशको नियन्त्रणमा रहेसम्म कुनै पनि देश स्वतन्त्र र स्वाधीन हुनसक्दैन । यसर्थ नेपालका सार्वभौमिकता रक्षाको लागि सन् १९५० को असमान सन्धि खारेज गरी दुवै पक्षको पारस्पारिक हितमा नयाँ सन्धि गर्न जरुरी भइसकेको छ ।

## बासिबियाँलो



दिइएको चित्रमा चारओटा अग्रेजी शब्द छन्, पत्ता लगाउन सक्नुहुन्छ ? उत्तर ८० पृष्ठमा)

# भक्तपुरको टौमढी चोक र त्यहाँस्थित प्रसिद्ध पाँचतले मन्दिर



डा. बलराम कायस्थ

**सार–** यसो हेर्दा भक्तपुरको टौमढीचोक र त्यहाँस्थित प्रसिद्ध पाँचतले मन्दिर एकअर्काका पर्याय जस्ता देखिन्छन् । हुनपनि विश्वप्रसिद्ध, मौलिक नेपाली शैलीमा निर्मित भव्य र विशाल पाँचतले मन्दिर त्यहाँ अवस्थित रहेको कारणले गर्दा आज टौमढीचोकको समेत सर्वत्र ख्याति फैलिन पुगेको हो कि जस्तो लाग्दछ । त्यसैगरेर अर्कोतिर पाँचतले मन्दिर पनि टौमढी चोकमै नबनेर अन्त कहिँ बनेको भए सम्भवतः सो मन्दिरले पनि त्यतिसारो प्रसिद्धि र महत्व पाउने थिएन होला । यसरी यी दुवै एक अर्काका पर्याय बनेका देखिन्छन् अर्थात् एकले अर्कोको महत्त्वलाई प्रश्रय दिइआएको बुझिन्छ । तर यथार्थमा पाँचतले मन्दिर बन्नुभन्दा शताब्दीयौँ अघिदेखि नै टौमढी चोकको महत्त्व भक्तपुरको मेरुदण्डको रूपमा रहेको थियो । जस्तोकि– पाँचतले मन्दिर पछिल्लो मल्लकालमा (विक्रमको अठारौँ शताब्दीको मध्यतिर) आएर मात्र बनेको देखिन्छ भने टौमढी चोक भक्तपुरले राजधानी नगरको रूपमा स्थापित हुनुभन्दा पहिलेदेखि नै भक्तपुर नगरको केन्द्रविन्दुको रूपमा अस्तित्वमा रहेको थियो ।[१] वंशावलीअनुसार पूर्वमध्यकालमा भक्तपुरलाई राजधानी नगरको रूपमा स्थापना गर्दा नगरको मध्यविन्दु मानिने यस ठाउँमा नगर रक्षक देवताको प्रतीक श्री भैरवनाथलाई प्रतिस्थापन गरे ।[२] साथै पूर्वमध्यकालदेखिकै तिलमाधव नारायणलगायत अनेक प्रसिद्ध देवदेवीका मूर्ति र मन्दिरहरू पनि यहाँ प्रतिस्थापित छन् । यसबाट प्राचीनकालदेखि अटुट रूपमा यस ठाउँको ठूलो धार्मिक र सांस्कृतिक महत्त्व रहँदै आएको थाहा पाइन्छ । तथापि आजका दिनमा आएर समग्र टौमढी चोकको मुख्य आकर्षणको केन्द्र भनेको विशाल एवं भव्य पाँचतले मन्दिर नै हो, जसलाई पहिलोपल्ट देख्ने जो कोही पनि ठूलो आश्चर्यमा पर्ने गर्छन् – नेपाल जस्तो देशमा यस्तो भव्य मन्दिर ? प्रस्तुत लेखमा भक्तपुरमा टौमढी चोकको महत्त्व एवं पाँचतले मन्दिरको धार्मिक, सांस्कृतिक पक्षबारे सङ्क्षिप्त रूपमा अध्ययन गरिएको छ ।

**टौमढी चोक–** टौमढी चोक, जसलाई स्थानीयवासी नेवारहरू तःमारी भन्ने गर्छन् भने ऐतिहासिक दस्तावेजहरूमा तलमंडे वा तलमण्डे भनेर उल्लेख भएको पाइन्छ ।[३] यो टौमढी दरबारक्षेत्र पछिको भक्तपुरको धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण रहेको अर्को मुख्य दर्शनीय स्थल हो । यो दरबारक्षेत्रबाट नजिकै पर्दछ अर्थात् दरबार क्षेत्रकै सेरोफेरोमा पर्दछ । यसैले भक्तपुर दरबार क्षेत्र आइपुग्ने पर्यटकहरू यहाँ नआउने कुरै भएन । जसले गर्दा टौमढी चोक पर्यटक ज्यादा आउने भक्तपुरको दोश्रो मुख्य गन्तव्य बनेको छ । यहाँ विश्व प्रसिद्ध पेगोडा शैलीको पाँचतले मन्दिर र भैरवनाथ मन्दिर रहेका छन् । विक्रमको तेह्रौँ शताब्दीका शुरुका राजा आनन्ददेवले गाउँको रूपमा रहेको भक्तपुरलाई राजधानी नगरको रूपमा स्थापना गर्दा भैरवनाथलाई शहरको माझमा प्रतिष्ठापन गरेका थिए । यताबाट टौमढी चोक भैरवनाथको मूल निवासस्थान रहेको बुझिन्छ । पछिबाट यी भैरवले उज्जन्ड रूप लिन थालेपछि उनको उज्जन्डतालाई शान्त पार्नका निम्ति भैरवनाथकै दाहिनेतिर भैरवनाथ मन्दिरभन्दा अझै अग्लो गरेर तन्त्रशक्तिकी आराध्यदेवी सिद्धिलक्ष्मीको पाँचतले मन्दिर निर्माण गरिएको हो भन्ने जनविस्वास रहिआएको छ ।



टौमढीचोक भक्तपुरको इन्द्रचोक हो भन्दा खासै फरक पर्दैन । जसरी काठमाडौंको इन्द्रचोकमा आमुनेसामुने पारी भैरवनाथ र गोरखनाथका लागि भव्य सत्तलहरू निर्माण गरिएका छन्, ठीक त्यसैगरी भक्तपुरको टौमढी चोकमा पनि भैरवनाथ र गोरखनाथका लागि सत्तल निर्माण गरिएका छन् । यी दुवै सत्तलहरू मिली मढी वा मारी बनेका हुन् । यी मारी सत्तलहरूमध्ये तवःमारीमा भैरवनाथ र ऐंसामारीमा गोरखनाथ प्रतिस्थापन गरिएका छन् ।[४] टौमढीचोक भक्तपुरवासीका आराध्यदेव भैरवनाथको निवासस्थान भएकोले उनको सम्मानमा प्रत्येक वर्ष मनाइने भक्तपुरको प्रसिद्ध

बिस्केटजात्राको शुभारम्भका साथै समापन पनि सोही स्थानमा सम्पन्न हुने गर्छ । ध्यान दिनुपर्ने कुरा के छ भने बिस्केटका अवसरमा भक्तपुरमा बाबा गोरखनाथको पनि तान्त्रिक विधिले पूजा गर्ने परम्परा छ ।[५] विशेषगरी सो अवसरमा गोरखपन्थी कनफटा जोगीहरू आएर तान्त्रिक विधिले गरिने जोगीचक्र पूजा सम्पन्न गर्ने गर्छन् । त्यस पूजाका लागि आवश्यक पर्ने ऐंसा नामक ठूलो रोटी पकाउनका लागि एउटा ठूलो सत्तल पनि त्यहाँ रहेको छ, जसलाई ऐंसामारी सत्तल भनिन्छ । पाँचतले मन्दिर सामुनेको ठूलो सत्तल (हाल क्याफे न्यातापोल रहेको सत्तल) नै ऐंसामारी सत्तल हो । साथै ठूलो रोटी पकाउने भएकाले समग्र त्यस इलाकालाई नै तवःमारी भनिएको हो,[६] भन्ने थाहा हुन्छ ।

यो ठाउँ धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक रूपमा मात्र प्रसिद्ध नभएर भौगोलिक रूपमा समेत महत्त्वपूर्ण रहिआएको छ । किनकि यो चोक समग्र भक्तपुर नगरको हृदयस्थल अथवा मध्यविन्दु पनि हो । यसदेखि दक्षिणी पश्चिमी इलाकालाई क्वने (तल्लो टोल) र उत्तरपूर्वी इलाकालाई थने (माथिल्लो टोल) भन्ने गरिन्छ । र आज पनि यो चोक परम्परागत सांस्कृतिक गतिविधिहरूको प्रमुख केन्द्रविन्दु मानिन्छ । यसकारण यहाँको प्रसिद्ध बिस्केट जात्रालगायत अन्य जात्राहरू यहीँ ठाउँ भएर नगर परिक्रमा गर्ने गरिन्छ । पाँचतले मन्दिर र भैरवनाथ मन्दिरका अतिरिक्त यहाँ तिलमाधव नारायणचोक, चोकको माझमा नारायण मन्दिर, मन्दिरसामु ऐतिहासिक गरुडस्तम्भ, मन्दिर वरपर चोकभित्र वाणेश्वर महादेव, सप्तपाताल, धनवराह, कुमार कार्तिकेय, सूर्यनारायणका मन्दिर र मूर्तिहरू रहेका छन् । चोकबाहिर पूर्वतिर बाटोको खाल्डोमा चलाखु गणेश, भैरवनाथ मन्दिरभन्दा दक्षिणतिर अवस्थित कुलमा, सुलमा र थलमा नामका विशाल शिवलिङ्गहरू, नारायणचोकको बाहिर पश्चिमतिर बन्दी विनायक, जगन्नाथ मन्दिर, जङ्गमठ, नरसिंह मन्दिर, क्रोध भैरव, त्यसभन्दा उत्तरी दिशामा ऐंसामाढी सत्तल, पुःबहाल, दिग्गणेश, चण्डिका, भुजिंकोखा, पूर्वतिर बेताल चोक, लुंहिटी नामक सुनधारा, भुछैंननि, लुनाछैं अनि टौमढी चोकको बीचमा तहां दबु, चुकहां दबु, बेता दबु नामका तीनवटा मण्डपहरू आदि रहेका छन् ।

वास्तवमा विशाल पाँचतले मन्दिर सामुको प्राङ्गण एउटा ठूलो खुल्ला चोक भएको हुनाले यहाँ अनेक परम्परागत सांस्कृतिक गतिविधिका अतिरिक्त बेलाबेलामा सभा, सम्मेलन, सामाजिक क्रियाकलाप, प्रदर्शनीहरू पनि आयोजना हुने गर्दछन् । तल्लो र माथिल्लो टोलका बासिन्दाबीचको मुख्य सङ्गमस्थल भएकाले यो निक्कै चल्तीको ठाउँ हो । यसैले आजपनि यहाँ प्रत्येक दिन विविध किसिमको बजार लाग्ने गर्छ । जस्तो– एकाविहानैदेखि फुटपाथमा तरकारी बजार, त्यसपछि होजियरी सामानको बजार अनि दिउँसो क्युरियो सामानको बजार लाग्ने गर्छ । साँझमा पनि फेरि उही क्रम दोहोरिने गर्छ । साथै यहाँ खसी, बोका, हाँस, कुखुरा आदि जिउँदा पशु–पन्छीको पनि किनबेच हुन्छ । यसरी निक्कै चल्तीको ठाउँ भएकाले यहाँ समय मिलाएर आएमा सबै किसिमका सामानहरूको सौदाबाजी गर्न सकिन्छ । साथै यो चोक शहरको मूल मेरुदण्ड भएकाले यहाँबाट शहरको जुनसुकै ठाउँ पनि नजिक पर्दछ र सजिलै पुग्न सकिन्छ । यताबाट यो ठाउँ परापूर्वकालदेखि तल्लो टोल र माथिल्लो टोल छुट्याउने दशगजाका रूपमा मात्र नभएर समग्र यस भेगकै पर्वजात्राको मञ्च, धार्मिक क्रियाकलापको थलो, नाचगानको डबली, हाटबजार लाग्ने ठाउँ, सभा, सम्मेलन गर्ने खुल्ला चोक, फिल्म शुटिङ्ग गर्ने स्पटका रूपमा पनि प्रसिद्ध रहिआएको छ । धार्मिक, सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण यहाँका मुख्य कला सम्पदाहरूमा पाँचतले मन्दिर अग्रस्थानमा रहेको पाइन्छ ।

**पाँचतले (न्यातःपौ) मन्दिर–** टौमढी टोलमा रहेको पाँचतले अर्थात् न्यातःपौ मन्दिर भक्तपुरको शान हो, गौरव हो । यसले भक्तपुर शहरको सुन्दरतालाई अझ भव्य बनाएको छ । मौलिक वास्तुकलाका अतिरिक्त प्रस्तर मूर्तिकलाका दृष्टिले समेत यो अनुपम छ । जो कोहीलाई विशेष रूपले आकर्षित गर्ने टौमढी टोलको उत्तरतर्फ रहेको दक्षिणाभिमुख यस विशाल मन्दिरको निर्माण राजा भूपतिन्द्रमल्लले वि.सं. १७५९ मा गरेका हुन् । यो मन्दिर बनाउँदा राजा आफैले इँटा बोकेर श्रमदान गरेका थिए । माथि नै उल्लेख गरियो कि तन्त्रशास्त्रकी देवी सिद्धिलक्ष्मीको यो मन्दिर बनाउनुको पछाडि स्थानीय भैरवनाथको उग्र र उज्जन्ड स्वभावलाई शान्त पार्ने उद्देश्य रहेको बुझिन्छ ।[७] यसैले व्यक्तिविशेषको घर रहेको ठाउँलाई खाली गराइकन त्यस ठाउँमा यो मन्दिर बनाइएको बुझिन्छ । किनकि हाल यो मन्दिर बनेको जुन ठाउँ छ, त्यो ठाउँमा मन्दिर बन्नु अघि दुःखीराम भारो भन्ने लगायतका व्यक्तिहरूको घर थियो । राजाले पाँचतले मन्दिर बनाउनलाई आफ्नो पुर्ख्यौली घरजग्गा अधिग्रहण गरेपछि त्यसको सट्टाभर्ना दिइएको घरमा बस्न जाँदा दुःखीरामले आफ्नो मनमा परेको पीर र चिन्ताबाट मुक्ति पाउन रामायण ग्रन्थसमेत लेखेका थिए ।[८] यसरी पहिले घरबस्ती रहेको ठाउँका बासिन्दालाई अन्यत्र (पलिखेल भन्ने ठाउँमा) सारेर यो मन्दिर बनाइएको देखिन्छ । राजज्योतिषी, गुरु पुरोहित, तान्त्रिक आदि सबैको सल्लाह लिएर राजाले भैरवनाथको दाहिनेतिर भैरवनाथ मन्दिरभन्दा अझै अग्लो गरेर यो मन्दिर बनाएपछि भैरवको उज्जन्ड स्वभाव शान्त भएको मानिन्छ । यसमन्दिरभित्र अनुपम

कलाले युक्त लगभग मानिस जतिकै अग्लो एउटै ढुङ्गामा बनेको बेतालमाथि आसन गरेका भैरवको मूर्तिमाथि चढेकी देवी सिद्धिलक्ष्मी भगवती स्थापित छिन्, सिद्धिलक्ष्मीको दायाँबायाँ मसान भैरव र महाकाल भैरव पनि स्थापना गरिएको छ ।[९] सर्वसाधारणले हेर्न नमिल्ने तान्त्रिक देवी भएकाले मन्दिरभित्र सम्बद्ध पुजारीबाहेक अरु कसैको पनि प्रवेश सहज छैन । यसैले हालपनि भैरवनाथको मन्दिर तीनतलाको मात्र रहेको छ भने भगवती सिद्धिलक्ष्मीको यो मन्दिर पाँचतलाको रहेको छ । यसदेखि बाहेक यो मन्दिरको निर्माण सम्बन्धमा अरु पनि थुप्रै रोचक अनुश्रुतिहरू जनमानसमा प्रचलित रहेको पाइन्छ । वास्तवमा मानिसमा दृढ ईच्छाशक्तिका साथ लगन, मिहिनेत र परिश्रम गरेमा के मात्र हुन सक्तैन भन्ने कुरा यस मन्दिरको निर्माणले पुष्टि गर्दछ । किनकि यो मन्दिर एक वर्षभन्दा पनि निक्कै कम समयावधि (भनिन्छ पाँच महिना) मा बनेको थियो । यो मन्दिर बनाइसकेपछि राजाले कोटीहोम गरी मूलपुरोहित (ब्राम्हण)लाई सुनको मुकुट दान गरेका थिए ।[१०] पूजामा खट्ने आचाजु (कर्माचार्य)लाई सम्मान गर्नुका साथै सर्वसाधारण जनतालाई भोज ख्वाइएको थियो ।




तौमढी चोकसहितको विहंगम दृश्य

पाँचतहको पेटीमाथि पाँचै तलाको झिँगटी छाना हालेर बनाइएको पेगोडा शैलीको यो विशाल मन्दिर मध्यकालीन वास्तुकलाको सबैभन्दा बेजोड नमूना मानिन्छ । मन्दिरमाथि चढ्न अगाडिपट्टि ढुङ्गाका खुडकिला छन् । त्यसको दायाँबायाँ दुवैतिर क्रमशः जयमल र प्रताप (कुटुवः)का मूर्ति, त्यसभन्दामाथि हात्ती, हात्तीभन्दामाथि सिंह, त्यसभन्दा माथि शार्दूल (चुच्चो नाक भएका गरुड जस्तो जीव) अनि सबभन्दा माथि दायाँतिर सिंग्री र बायाँतिर बंग्री देवका विशाल प्रस्तरका राम्रा मूर्तिहरू राखिएका छन् ।[११] यी प्रत्येक जीव (क्रमशः तलबाट माथि) एक अर्कोदेखि १०, १० गुणा बढी बलिया र शक्तिशाली रहेको मानिन्छ ।[१२] मन्दिरका चारकुनामा चार दिग्गणेश स्थापना गरिएका छन् ।

सय फिटभन्दा बढी उचाइ भएको यस मन्दिरमा पहिलो छानामाथिदेखि गजुरसम्म जम्मा १०८ वटा टुँडालहरू छन् । जस्तोकि पहिलो छानामाथि चारैतर्फ छ-छवटा टुँडाल र पाँच-पाँचवटा झ्याल र छानाको चारै कोणमा कुँफःका मूर्तिहरू छन् । यी झ्यालहरूमध्ये बीचमा ठूला र दाँयाबाँया साना झ्यालहरू छन् । मन्दिरको चारैतर्फ प्रत्येक झ्यालमाथि विभिन्न देवदेवीका मूर्ति अङ्कित तोरणहरू राखिएका छन् । दोश्रो छानामाथि पनि पहिलो छानामा जस्तै छ-छ वटा टुँडाल र तोरणसहितको बीचमा ठूलो र छेउमा दुईवटा साना झ्यालहरू छन् । तेश्रो छानामाथि छानाको मुठलमा अडेस लगाएको चारैतर्फ विभिन्न मूर्तिका चार-चारवटा टुँडाल र चारैकोणमा कुँफः मूर्ति, झ्याल र तोरणहरू रहेका छन् । दायाँबायाँ ससाना झ्याल खोल्नै नहुने गरी बनाइएको छ । चौथो छानामाथि पनि तेश्रोमा जस्तै चार-चारवटा टुँडाल, झ्याल र तोरणहरू राखिएका छन् । पाँचौं छानामाथि चार कोणको आसनमाथि गजुर र चुडामणि प्रतिस्थापित गरिएका छन् । साथै प्रत्येक छानाको मुठलमा फय् गां: (हावाले चल्ने साना घण्टहरू) झुण्ड्याइएका छन्, जुन हावा चलेपछि बज्न थाल्दछन् । छानामुनि र जमीनबाट पाँचौं तहको पेटीमाथि चारैतर्फ पाँच-पाँच कवलको खुल्ला दलान छ र त्यहाँ भुइँमा काठका फलेक ओछ्याइएका छन् । यसैले त्यहाँ बस्न र मन्दिर परिक्रमा गर्न सकिन्छ । मन्दिरको चारै दिशाका भित्ताको माझमा मन्दिर प्रवेश गर्ने तोरणसहितका काष्ठकलाले युक्त द्वारहरू छन् । ती द्वारहरूमा मूल प्रवेशद्वार दक्षिणतर्फको हो । यी प्रत्येक द्वारका दायाँ-बायाँ दुवैतिर भित्तामा देवी दुर्गा भवानीका काष्ठमूर्तिहरू स्थापना गरिएका छन् । यस मन्दिरको जगदेखि गजुर स्थापना गर्दासम्मका सम्पूर्ण गतिविधिहरू लेखिएको धर:पौ (हस्तलिखित टिपोट), जुन राष्ट्रिय अभिलेखालय काठमाडौंमा सङ्ग्रहित थियो, त्यसलाई सर्वप्रथम प्रकाशमा ल्याउने काम **डा. जनकलाल वैद्य**ले गर्नु

भएको छ। जसबाट यस मन्दिरको निर्माणबारे यथार्थ कुरा जान्न सकिन्छ।

पाँच तहको पेटीमाथि पाँचैतलाको छाना हाली बनाइएको यो मन्दिर तान्त्रिक देवी सिद्धिलक्ष्मीको हो। यसैले यस मन्दिरका प्रत्येक कुरामा तान्त्रिक भाव लुकेको पाइन्छ। जस्तोकि छाना पाँचतला र पेटी पाँच तह वा तला गरी जम्मा दश तला बनाउनुको अर्थ यो मन्दिर दश इन्द्रियले परिपूर्ण जीवन्यास प्रदान गरी जीवन्त तुल्याइएको हो भन्ने भाव बुझिन्छ। मन्दिरमा टुँडालहरू जम्मा १०८ भएकाले दश इन्द्रिययुक्त मानिसले १०८ वटा रुद्राक्षका माला घुमाइ देवीको जप गर्नाले ईच्छित फल प्राप्ति हुन्छ भन्ने अर्थ बोध गराउँदछ। त्यस्तै मन्दिर उक्लने ढुङ्गाका तेंतीस वटा खुड्किलालाई तेंतीसकोटी देवताको प्रतीक मानिन्छ। मन्दिरका थाममाथि र निदालमा भित्र बाहिर गरी ६४ वटा सुन्दर मूर्तिहरू जुन छन्, तिनलाई ६४ योगिनी गणको प्रतीक मानिन्छ।[१३] यसरी यस मन्दिरका मूर्ति, झ्याल, ढोका, तोरण, टुँडाल, छाना, पेटी, जीवजन्तु आदि धेरै कुराको भाव पक्षको अध्ययन गर्दा वास्तवमा यो मन्दिर कला र तन्त्र शास्त्रबीचको अपूर्व समन्वयको विशिष्ट उदाहरण मान्न सकिन्छ। अर्को कुरा, यति धेरै उचाइमाथि यो मन्दिर बनेर पनि यसका मूलदेवी अर्थात् देवी सिद्धिलक्ष्मीको मूर्ति भूमिमै स्थापित हुनुपर्छ भन्ने प्राचीन मान्यतालाई कायम राख्नु वा राख्न सक्नु यसको अर्को महत्त्वपूर्ण पक्ष हो।

**उपसंहार**– यसप्रकार भक्तपुरको केन्द्रविन्दुको रूपमा रहेको टौमढी चोकको भौगोलिक रूपले मात्र नभई धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक रूपले समेत ठूलो महत्त्व रहेको पाइन्छ। त्यहाँस्थित तान्त्रिक देवी सिद्धिलक्ष्मीको विशाल पाँचतले मन्दिर कला र वास्तुकलाका दृष्टिले अनुपम हुनु त आफ्नो ठाउँमा छँदै छ त्यसदेखि बाहेक यसमा लुकेको तान्त्रिक रहस्य र दार्शनिक भाव पक्ष त अझै गहन र गम्भीर रहेको देखिन्छ, जसलाई सामान्य मानिसले बुझ्न सक्दैनन्। यसलाई कलामा तन्त्रको प्रभाव मान्न सकिन्छ। किनकि यस मन्दिरका निर्माता राजा भूपतिन्द्र मल्ल स्वयं एक कला मर्मज्ञ, ठूला विद्वान एवं तान्त्रिक उपासक मानिन्थे र त्यतिबेला भक्तपुर तन्त्रप्रधान राज्य थियो। त्यसमाथि टौमढी चोक तान्त्रिक रूपले अझ महत्त्वपूर्ण स्थान थियो। जहाँ तन्त्र, रहस्य र दैवी शक्तिले सम्पन्न श्री भैरवनाथ विराजमान थिए/छन्, जसले देवाधिदेव महादेवको उग्र र भयङ्कर डरलाग्दो स्वरूपको प्रतिनिधित्व गर्दछ। यसैले तिनलाई खुसी र सन्तुष्ट पार्नका लागि यहाँ अनेक तान्त्रिक प्रवाहमा आधारित सांस्कृतिक क्रियाकलापहरू भए त्यसमध्ये यो मन्दिरको निर्माण पनि एक भएको बुझिन्छ। अस्तु।

## पाद टिपोट

१) विस्तृत जानकारीका लागि हेर्नुहोस्– जर्मन विद्वान नील गुत्सो र वर्नहार्ड कोल्वरद्वारा लिखित **भक्तपुर**, वेसबडेनः कमीसन्स भर्लाज फ्रान्ज स्टेनर, सन १९७५।

२) देवीप्रसाद लम्साल, **भाषा वंशावली**, भाग २, काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३, पृ. २०।

३) हेर्नुहोस्– **पासुका,** वर्ष ३, अङ्क ९, पृ. ६ र वर्ष ३, अङ्क १०, पृ. ६ र ७ मा छापिएका **भक्तपुरका मल्ल राजाहरूका ताडपत्रहरू**।

४) सत्यनारायण प्रजापति, **'लँय्को लाकोलाछैँ जहाँबाट पर्वजात्राको नेतृत्व हुन्छ,'** मासिक **भक्तपुर**, सङ्ख्या ११६ (२०५४ असार), पृ. ७१।

५) भक्तपुर कुम्हाले टोलको उत्तरतिर ढिस्कोमाथि तालादम्फो भन्ने ठाउँमा स्थापित बाबा गोरखनाथको मूर्तिमा बर्सेनि बिस्केटका अवसरमा (चैत्र मसान्तका दिन) कापालिक सम्प्रदायका मानिसहरू तान्त्रिक विधिले सुंगुर बलि दिई पूजा गर्न आउने परम्परा छ। गोरखनाथ कापालिक वा नाथ सम्प्रदायका प्रमुख गुरु मानिन्छन्। तर कापालिकहरूको यो पूजाविधि निक्कै विष्मयकारी लाग्दछ। किनकि यसबेला पूजा गोरखनाथको गरेपनि सुंगुर बलि चाहिं गोरखनाथ (पादपीठ)को पछिल्तिर रहेको भैरवनाथलाई चढाउने गरिन्छ। बलि दिने क्रममा गोरखनाथलाई रगत नलागोस् भनेर रातो कपडाले छोप्ने पनि गरिन्छ – **तलेजुका पुजारी सुरेन्द्रवीर कर्माचार्यबाट प्राप्त जानकारीको आधारमा।**

६) हरिराम जोशी, 'कनफटा', **खोपृङ**, अङ्क १४, वर्ष १६, पृ. ७१।

७) लीलाभक्त मुनंकर्मी, **नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन**, भक्तपुरः भवानी केसरी, वि.सं. २०४१, पृ. १७८।

८) जनकलाल वैद्य, **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०६१, पृ. ८।

९) मुनंकर्मी, पा.टि.नं. ७, पृ. उही।

१०) वैद्य, पा.टि.नं. ८, पृ. उही।

११) स्थलगत अध्ययन र प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारी।

१२) मुनंकर्मी, पा.टि.नं. ७, पृ. १७९।

१३) विनोदराज शर्मा, **इतिहास–संस्कृतिः केही पृष्ठहरू**, भक्तपुरः स्टुडेन्ट्स लाइब्रेरी, वि.सं. २०५७, पृ ३९।

तस्बिर : इन्टरनेट


**भक्तपुर नगरपालिकाको**

रेडियो कार्यक्रम

**'ख्वप सः' अर्थात् 'भक्तपुर आवाज'**

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

**बुधबार : बिहान ७:३० देखि ८:३०**

**शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म**

**सोमबार : बिहान ७:०० देखि ७:३० सम्म**

# जगच्चन्द को हुन् ?



ओम धौभडेल

भक्तपुरको मल्लकालीन इतिहासमा देखिने एक महत्त्वपूर्ण साहित्यिक नाम जगच्चन्द हो। यो नामले भक्तपुरको मल्लकालीन इतिहासमा एकताका ठूलो दवदवा कायम गरेको थियो। विशेषगरी यो नामबाट नेपाल संवत् ७८० देखि नेपाल संवत् ७९२ सम्म १२ वर्षको बीचमा थुप्रै धार्मिक, सांस्कृतिक तथा साहित्यिक क्षेत्रमा प्रभाव राख्न सफल भएको देखिन्छ। त्यस समयमा भक्तपुरमा राजा जगतप्रकाश मल्लको शासन चलिरहेको थियो। भक्तपुरका राजा नरेश मल्लको ने.सं. ७६३ मा मृत्युपछि उनका छोरा जगतप्रकाश मल्ल भक्तपुरको राजगद्दीमा बसेका थिए। त्यसबेला उनको उमेर ४ वर्षको मात्र थियो। जगतप्रकाश मल्लको जन्म ने.सं. ७५९ कार्तिक कृष्ण औँसीमा भएको ठ्यासफूमा टिपिएको छ । जगतप्रकाश मल्ल राजा बनेको समय भक्तपुरको लागि अति कठिन समय थियो। यसको एउटै कारण कान्तिपुरका राजा प्रताप मल्ल थियो। त्यसो त जगतप्रकाश मल्लको जीवनभर प्रताप मल्ल टाउको दुखाइ नै बन्यो। बालक राजा भएको मौकापारि कान्तिपुरले पटक पटक भक्तपुरमा आक्रमण गरिरहे। तर भक्तपुरमा विश्वसिंह, धनद्सिंह, भोत्याभा जस्ता भारदारहरूबाट राम्ररी राज्य सञ्चालन भइरह्यो। यसमा राजमाताहरूको भूमिका पनि उतिक्कै सबल रहयो। यिनी समर्थ भएपछि एक योग्य र सफल राजाको रूपमा राज्य गर्न थाले। राजनैतिक सुझबुझको कारण आफू समर्थ भएपछि कहिल्यै पनि प्रताप मल्लको अगाडि झुकेन, बरु पाटनका राजा श्रीनिवास मल्ललाई साथ लिई प्रताप मल्ललाई एक्लो पार्ने प्रयास गरे। जगतप्रकाश मल्ल राजनीतिका साथै एक साहित्यिक मनका राजा पनि थिए। आफनो बाजे जगज्र्योति मल्लकै पदचाप लिई उनले यति उच्चकोटीका साहित्य सिर्जना गरे, त्यसले यिनको योग्यता, विद्वता तथा क्षमताबारे कसैलाई प्रश्न खडा गर्न हम्मेहम्मे पर्छ। कान्तिपुरका राजा प्रताप मल्लसित जोरी खोज्दै आफूलाई विद्याब्यसनी, साहित्यप्रेमी, सङ्गीत र कलाका अनुरागी, विविध भाषामा दखल भएका साहित्य तथा गीत सङ्गीतका उत्थानको प्रणेताको रूपमा प्रस्तुत गरेको छ । उनी नेपालभाषालगायत मैथिली, संस्कृत, बङ्गाली, बज्र, हिन्दी, अवधि, नेपाली आदि भाषाहरूमा समेत पोख्त भएको देखिन्छ। यिनले आफ्नो नाम अगाडि कविन्द्र उपाधि राखेकोबाट यिनको प्रताप मल्लसितको साहित्यिक प्रतिस्पर्धा प्रष्ट झल्किन्छ। साथै आफ्नो नाम अगाडि गन्धर्वविद्यागुरु समेत राखेको पाइन्छ। मल्लकालमा विभिन्न विधामा गीतहरू रचना गर्नमा जगतप्रकाश मल्लको जोडा अरु भेटिंदैन। राष्ट्रिय अभिलेखालय भित्र रहेको **गीतम्, गीतपंचकम, गीतपंचकम पजिका, गीतावली, जगत्प्रकाशगीतसङ्ग्रह, नानागीतम्, नानारङ्गगीतसङ्ग्रह, नानार्थ देवदेवी गीत सङ्ग्रह, पुरुषोक्तिगीतम्**, सङ्गीत भाषा तथा नेपालभाषा गीत सङ्ग्रह आदि ग्रन्थहरूबाट यसको पुष्टि हुन्छ। यसमा उनले थुप्रै विषयमा गीतहरू लेखेका छन्। उदाहरणको लागि ने.स. ७९२ मा राजा जगत्प्रकाश मल्लले लेखेको सङ्गीत भाषा तथा नेपालभाषा गीत सङ्ग्रह भन्ने पुस्तक एउटै मा ५१८ वटा विविध विषयका गीतहरू सङ्कलित छन्। त्यसलाई अनन्तसिंह भन्ने लिपिकारले लिपिबद्ध गरेको थियो। यो ग्रन्थका धेरैजसो गीतहरूका रचयिता **जगतचंद** नै रहेको छ। यसकारण उनलाई जयदेवको पनि संज्ञा दिएको पाइन्छ। कतै कतै उनलाई साहित्यविद्याविद पनि भनिएको छ। आफूलाई विद्वान कवि राजाको रूपमा उत्कीर्ण गराउने शौख रहेको तथ्य ने.सं ७७८ को खौमाटोलको भवानीशंकर मन्दिरको अभिलेखबाट पुष्टि हुन्छ। जहाँ लेखिएको छ, ***राजाहरूमा सर्वश्रेष्ठ पाण्डित्यको खानी भएका, विद्वानहरूमा अग्रगण्य भएका कविराज जगत्प्रकाश मल्लले गीत बनाउनु भयो।*** त्यसो त गीत सङ्गीतको क्षेत्रमा उनको विशेष झुकाव रहेको तथ्य उनले सिर्जना गरेका गीत सङ्गीतका यी ग्रन्थहरूबाट थाहा हुन्छ। नें.सं .७६३ मा राजा बनेका जगत्प्रकाश मल्लले १६ वर्षको उमेरमा दीक्षा लिएपछि शुरुमा



भक्तपुर लायकुमा अवस्थित जगच्च्न्दका प्रतिमा

चन्द्रावती र पछि पद्‌मावती नामकी दुई रानी विवाह गरेको देखिन्छ । उनी २१ वर्षको लक्का जवान हुँदा भक्तपुर दरबारमा एउटा अनौठो परिवर्तन भयो । राजा जगतप्रकाश मल्लको ठाउँमा एकाएक **जगचंद/जगतचंद/जगच्चंद** नामले प्रशस्त नाटक, गीत, अभिलेख, टक आदि देखापऱ्यो । ने.सं. ७८० सम्म विशेषगरि नेपाल भाषामा साहित्य सिर्जना हुँदै आएकोमा ने.सं. ७८० पछि जगचंद/ जगच्चंद/ जगतचंद नामले लेख्नु अनि प्रायः साहित्य मैथिली भाषामा हुनुबाट महत्त्वपूर्ण सङ्केत मिल्छ । यसको छुट्टै अध्ययनको खाँचो छ । उदाहरणको लागि हालसम्म जगचन्द/जगतचन्द/उल्लेख भएको अभिलेख यसप्रकारको छ –

१) ने.सं. ७८२ को भक्तपुर लायकुको हरिशंकर मन्दिरको अभिलेख
२) ने.सं. ७८२ को भक्तपुर तलेजु स्नेह मण्डपको अभिलेख
३) ने.सं. ७८७ को भक्तपुर खौमाको भवानी शंकर मन्दिरको अभिलेख
४) ने.सं. ७८८ को भक्तपुर मूलचोक आगमघरको अभिलेख
५) ने.सं. ७८८ को भक्तपुर भैरवनाथ मन्दिर भित्रको अभिलेख
६) ने.सं .७९२ को भक्तपुर भण्डारखाल चोकको अभिलेख
७) ने.सं. ७९२ को भक्तपुर भैरवचोक ढोकाको अभिलेख

नाटक विधाको उल्लेख गर्ने क्रममा राजा जगतप्रकाश मल्लको पालामा अत्यधिक नाटक सिर्जना भएको ज्ञात हुन्छ । प्रायः नाटकहरूमा जगच्चंदको नाम परेको छ, जुन यसप्रकारको छ –

१) मुलदेवशशिदेवप्याखन (माइक्रोफिल्म नं. ३७७)
२) पारिजातहरणप्याखन (माइक्रोफिल्म नं. ३४९/१३)
३) नलियनाटक/नल चरित्र (ने.सं.७९०,माइक्रोफिल्म नं. २७५)
४) उषाहरणप्याखन (माइक्रोफिल्म नं. बी ३९८/९)
५) बरुथाहरणीप्याखन
६) नलयदमिनीनाटक
७) प्रभावतीहरण (ने.सं.७७६)
८) मलयगन्धिनी (ने.सं. ७८५, माइक्रो फिल्म नं. ए ३५२/२६)
९) मदनचरित्र (ने.सं.७९०, बी २७५/१४)
१०) मालती माधव (बी २७६/३)
११) प्रधुम्नविजय (ने.सं. ७७७)

यसबाहेक जगच्चन्द/जगतचन्दको नामबाट रचना भएको नानारंगमगीतम् ने.सं. ७८०, गीतावली ने.सं. ७८२, गीतपन्चक ने.सं. ७८२, नानारंगगीतम ने.सं. ७९०, नेपालभाषागीत ने.सं. ७९२, पद्यम सम्मुचय, अभिज्ञानशकुन्तला, दशावतार गीत, नानार्थ देवदेवी गीत सङ्ग्रह जस्ता अरु थुप्रै साहित्यको सिर्जना भएको छ । यसबाट उनले प्रशस्त गीत, कविता, नाटक रचना गरेको देखिन्छ । यता चन्द्रशेखरको उल्लेख सर्वप्रथम ने.सं. ७८० मा लेखिएको गीतावली पुस्तकमा भएको देखिन्छ । जुन यस प्रकारको छ –

*जगतपरकाश रससूचि भाने चन्द्रशेखरसिंह एहि रसजाने*
*नेपालीयमे गते वियदिभक्षोणीधरैक्तिके*
*श्रावण्यां धनभेअतिगण्डसहिते वारे प्रशस्ते भृगौ*
*श्रीमानेष जगत्प्रकाशनृपतिगन्धिंव विधागुरुः:*
*सुप्रित्यै गुणिनां चकार ललितं गीतावली पुस्तकम् ॥*

भावानुवाद,

जगत्प्रकाश मल्लले वर्णन गरेको रसको सूचिको रस चन्द्रशेखर जान्दछ । ने.सं.७८० श्रावण शुक्ल पूर्णिमा शुक्रबार घनिष्ठा नक्षत्र अतिगण्ड योगमा नाचगानका गुरु राजा जगत्प्रकाश मल्लले गुणीहरूलाई खुशी पार्न गीतावली पुस्तक बनाई सिध्याउनु भयो ।

गीतावली पुस्तकको यी हरफले राजा जगत्प्रकाश मल्ललाई बुझ्न सक्ने एउटै ब्यक्ति चन्द्रशेखरसिंह भएको अर्थ लाग्छ ।

यिनै सर्न्दभमा राजा जगत्प्रकाश मल्लले रचना गर्नु भएको मूलदेवशशिदेवोप्याखनमा यसबारे अलिकति उल्लेख गर्नु मनासिव हुन्छ ।

*जगतचन्दन धाव ह्पा हारे नान्दि मे, जगत मोहलपे आव,*
*आदि भवानीया तुतेलस नेम्हा वासयाय छेन दयकाव ॥*
*जगतचन्द पद तलेजुन बीव नेम्हास पिरितीन जगतन सेव ॥*
*अओ परमेश्वर ब्रम्हा, विष्णु महेश्वरन सेवलपाव*
*तया तलेजु, थ्वस कृपान श्री श्री जयजगत्प्रकाश मल्लदेव राजान*
*राज्य भोग याङ बिज्याक ॥.. अओ परमेश्वर अनेक प्रकार*
*राजा दले, न्यायनिति धर्मस श्री श्री जगत्प्रकाश राजाओ समान मदु*
*जगतप्रकाश आस कएल तोहर, चन्द्रशेखरसिंह भाए*
*इति श्री श्री जगत्प्रकाशकृतं मूलदेव शशिदेवप्याखन नाटक शुभम्*

भावानुवाद

जगच्चन्दले उठानमा गाएको नान्दी मंगलाचरणको गीतले जगतलाई आनन्द देओस् । आदि भवानी तलेजुको चरणले स्थान पाई हामी दुईले बास पायौँ । दुवै जनाको गाढा प्रेम भएको हुनाले तलेजु भवानीले जगच्चंद पद दिनु भएको हो । यो सबैलाई थाहा छ हे परमेश्वर ब्रम्हा विष्णु महेश्वरले सेवा गरिनु भएका तलेजुका कृपाले श्री श्री जय जगत्प्रकाश मल्ल राजाले राज्य गरिरहनु भएको छ । हे परमेश्वर यहाँ अनेक प्रकारका राजाहरू छन् । न्याय निसाफ धर्मकर्म आदिमा श्री

श्री जयजगत्प्रकाश मल्ल जस्ता राजा अरु पाईंदैन । चन्द्रशेखरको असल होस् भनी जगत्प्रकाश आस गर्नुहुन्छ । श्री श्री जयजगत्प्रकाश मल्लले बनाउनु भएको मूलदेवशशिदेवप्याखन । यो नाटक नेपालको नाटकको इतिहासमा बेजोड नाटक यसकारण मानिन्छ की तत्कालीन परिवेशमा प्रायः नाटकहरू आख्यान तथा धार्मिक कथाहरूलाई आधार बनाएर लेखिन्थ्यो । तर यो नाटक एउटा त्यस्तो सामाजिक नाटक हो जसमा मूलपात्र कोही राजा वा राजकुमार नभई एकजना ब्राम्हणलाई बनाई त्यस मार्फत सन्देश दिने प्रयास भएको छ ।

त्यस्तै राजा जगत्प्रकाश मल्लले लेखेको दशावतारको गीतका केही अंशबाट पनि जगच्चन्दबारे जगत्प्रकाश मल्लको धारणा बुझ्न सकिन्छ, जहाँ स्पष्ट सँग भनिएको छ –

*'जगतचंद दुहु एक हि जिवदुय परमपद दुहु पावे'*

अर्थात जगतचन्द दुई ब्यक्ति भएपनि एकै हो । यो परमपद दुवैले पाएको छ ।

यसै सर्न्दभमा ठाउँ ठाउँमा 'मेरो प्राण तुल्य', 'चन्द्रशेखर बराबरको ब्यक्ति अर्को पाईन्न' जस्ता वाक्यहरू उत्कीर्ण गर्न लगाएको छ ।

त्यस्तै कयौं नाटकहरूमा जगतचंद, जगचन्द, वा चन्द्रशेखर, चाँदशेखरबारे जगतप्रकाश मल्लले आफ्नो धारणा यसरी ब्यक्त गरेका छन् –

*चाँदवदन हर चाँद तिलक धर*
*चाँद शेखर वर नाम ।*
*भमिते भमय कय सदा शिव नाचर*
*गौरी राखल दिश वाम ॥*

(***नलिय*** नाटकबाट)

*कुमरि दमयन्ति सुन्दरि रूप ।*
*त्रिभूवन नहि सम तोहरि रूप ॥*
*जगत प्रकाश भन देखि पद सार ॥*
*चाँद शेखर सिंह प्राणक हार ॥*

(सोही नाटकबाट)

यी सबै प्रमाणको आधारमा जगत्प्रकाश मल्लको जीवनकालमा चन्द्रशेखरको ठूलो प्रभाव रहेको स्पष्ट हुन्छ । चन्द्रशेखरलाई कतै चाँदशेखर पनि भनिएको छ । चन्द्रशेखर वा चाँदशेखरबारे जान्नुभन्दा पहिले उनका पुर्खा को हुन् यसको छिनोफानो हुनु जरुरी छ । यसको लागि भक्तपुर दरबारका अर्का एक साहित्यिक मन भएका राजा जगज्ज्योति मल्लको समयतिर ध्यान आकृष्ट गर्नु जायज हुन्छ । जगज्ज्योति मल्लले ने.सं. ७४९ जेष्ठ कृष्ण अमावस्याको दिन सूर्यग्रहणको अवसरमा तलेजु मूलचोक भित्र तुलादान गरी लेखेको ***हरगौरी विवाह*** नामक नाटकमा विभिन्न विद्वानहरूसँगै वंशमणीको नाम उल्लेख गरेको छ । जहाँ वंशमणीलगायत विद्यापति, विष्णुपुरी, सदानन्द, गोविन्द, करणमहेश, कृष्ण राय, कवि रतन, चतुर चतुर्भुज, जगदिश आओर, शशी शेखर सिंह आदिका नाम पनि समावेश छन् । यहाँ उल्लेख भएको शशि शेखर सिंह एक नामी दरबारी कवि रहेको ज्ञात हुन्छ । जुन नाटक विश्वकै एक उत्कृष्ट नाटक मानिन्छ । यहाँ उल्लेख भएको शशि शेखर सिंह नै चन्द्रशेखर वा चाँदशेखरसिंहका पिता हुन् । यसबाट के स्पष्ट हुन आउँछ भने जसरी जगज्ज्योति मल्लको पालामा भक्तपुर दरबारमा वंशमणि झाको दवदवा थियो । त्यसबाट शिक्षा लिएर शशिशेखर सिंहले आफ्नो छोरा चन्द्रशेखरसिंहलाई यति धेरै विधामा दीक्षित बनाए की राजा जगतप्रकाश मल्लको दरबारमा जगच्चन्दको नामबाट सजिलै प्रवेशमात्र पाएनन्, तत्कालीन राजा जगतप्रकाश मल्लसँग नाम जोड्ने मौकासमेत पायो । राजासँगै आफ्नो नाम राखी टक निकाल्न पायो । सबैभन्दा महत्त्वपूर्ण कुरा त स्वयम् राजाले चन्द्रशेखरलाई कतै भाइ, कतै भायी कतै भाया भनी सम्बोधन गरेको छ । उनको जन्म मिति तथा आमाबाबुबारे इतिहास मौन छ । तर पनि केही यस्ता महत्त्वपूर्ण तथ्यहरूको आधारमा उनीबारे जान्न मद्दत गर्छ । जस्तै उनको जन्म साल कहिले हो भन्नेबारे अन्यौल भएपनि भक्तपुर तलेजु भित्र गरिने एउटा था पूजाको आधारमा उनको जन्मदिन भाद्र शुक्ल पूर्णिमा हो भन्ने तथ्य पत्ता लाग्छ । जगत्प्रकाश मल्ललाई यतिविधि प्रभाव पार्नुको पछाडि उनको के भूमिका रह्यो यो अझ पनि अपुष्ट नै छ । यहाँ चन्द्रशेखर को हुन् भन्नेबारे समेत इतिहास मौन छ । र इतिहासले यसमा अन्नपूर्णालक्ष्मी नामकी एउटी केटी कतै उनकै छोरी हुन सक्ने आकलन गरेको छ । यिनै अन्नपूर्णालक्ष्मीको विवाह जगत्प्रकाश मल्लसित गरिदिएको कारण दरबारमा उनले स्थान पाएको उल्लेख छ । यसकारण कतिपय विद्वानहरूले चन्द्रशेखरलाई राजा जगत्प्रकाश मल्लको ससुरा वा जेठान हुनसक्ने अनुमान गरेको छ । यसको प्रमुख प्रमाण ने.सं. ८७८ को खौमाटोलको अभिलेख मात्र हो । जहाँ चन्द्रशेखरले अन्नपूर्णाको कन्यादान गरेको उल्लेख छ । यद्यपि जगत्प्रकाश मल्लका चन्द्रावती र पदमावती नामकी दुई रानीहरू भएको स्वयम् जगत्प्रकाश मल्लले रचना गरेको प्रभावतीहरण नाटकबाट स्पष्ट हुन्छ । अझ धेरै विद्वानहरूले जगतप्रकाश मल्लले चन्द्रशेखर मार्फत विवाह गरेको तेस्रो रानीको नाम अन्नपूर्णालक्ष्मी भनी लेखेको छ, जुन गलत छ । यहाँनेर हेर्दा अन्नपूर्णा र अन्नपूर्णालक्ष्मी एउटै जस्तो लाग्छ । तर राजा जगत्प्रकाश मल्लको समयमा भक्तपुर दरबारमा अन्नपूर्णालक्ष्मी र अन्नपूर्णा दुई फरक महिलाहरू रहेको तर्फ कसैले ध्यान दिएको देखिंदैन । यसमा अन्नपूर्णालक्ष्मीबारे सर्वप्रथम जानकारी राखौं । यसको लागि एकपटक राजा जगज्ज्योति मल्लको समयतर्फ फर्कनु

आवश्यक हुन्छ । जो जगत्प्रकाश मल्लका बाजे हुन् । राजा जगज्ज्योति मल्लले लामो समयसम्म एकछत्र राज्य गरिरहँदा उनका दुई छोराहरू क्रमशः जेठा नरेश मल्ल र कान्छा किर्ती मल्लले आफनै बाबुविरुद्ध राजनीति गर्न पुगे । यसबाट भक्तपुर दरबार भित्र एक प्रकारको कलह उत्पन्न हुन पुग्यो । यो कलहकै दौरान ने.सं. ७५५ मा रहस्यमय ढङ्गले किर्ती मल्लको मृत्यु भयो । उनको मृत्युपछि राजा जगज्ज्योति मल्लले दिनको १०८ ओटा ससाना माटाका शिवलिङ्ग बनाई तामाको ठूलो जसीमा राखी फाल्न लैजाने गुठी स्थापना गरे । जगज्ज्योति मल्लको जीवनभर नरेश मल्लले टाउको उठाउन सकेन । ने.सं. ७६३ मा जगज्ज्योति मल्लको मृत्युपछि मात्र भक्तपुर दरबारमा नरेश मल्ल राजा बने । यही जगज्ज्योति मल्लका कान्छा छोरा किर्ती मल्लका विधवाको नाम अन्नपूर्णलक्ष्मी हो । जो राजा जगत्प्रकाश मल्ल ५ वर्षको उमेरमा राजा हुँदा नरेश मल्लकी रानी कमलादेवीसँगै भक्तपुर दरबारमा सक्रिय थिईन । यसबाट अन्नपूर्णलक्ष्मी नाताले जगतप्रकाश मल्लकी कान्छी आमा हुन आउँछ ।

जगत्प्रकाश मल्लले तेस्रो विवाह गरेको कन्याको नाम अन्नपूर्णा मात्र हो । यसको स्पष्ट प्रमाण खौमा टोलको अभिलेखमा छ –

*जेहीं मोरी जीवतुल्य चन्द्रशेखरसिंह*
*सेही देली यही धनीभरि*
*जगत प्रकाश भूप पभोल गैनिभरा*
*अन्नपूर्णा नाम नारी*

अर्थात

चन्द्रशेखरसिंह र मेरो जीवन बराबर छ ।
उसले मलाई राम्री नारी उपहार दियो ।
राजा जगतप्रकाश मल्लले असल रानी पायो ।
जसको नाम अन्नपूर्णा हो ।

यसबाट राजा जगतप्रकाश मल्लले विवाह गरेको केटीको नाम अन्नपूर्णा मात्र हो । अन्नपूर्णालक्ष्मी होइन भन्ने पुष्टि हुन्छ । यसबाहेक राजा जगतप्रकाश मल्लले लेखेको अर्को एक नाटक **मदन चरित्र**बाट पनि यसको पुष्टि हुन्छ –

*अन्नपूर्णा पति जगतप्रकाश नृप*

यसबाट अन्नपूर्णा जगत्प्रकाश मल्लकी तेस्रो रानी हो भन्ने देखिन्छ । साथै यिनै अन्नपूर्णा रानी र चन्द्रशेखरसिंहको सहयोगमा राजा जगत्प्रकाश मल्लले मैथिली भाषामा आफ्नो दखल देखाउने मौका पाएकोलाई नजरअन्दाज गर्न सकिन्न । उनी शशिशेखरसिहंको छोरी तथा चन्द्रशेखर सिंहको बहिनी हुनसक्ने प्रवल सम्भावना छ । जो मैथिली समाजकी हुन् । त्यतिबेला शशिशेखरसिंहको मृत्यु भैसकेको कारण अन्नपूर्णाको कन्यादान चन्द्रशेखरसिंहले गरेको अर्थपूर्ण छ । अनि छोटो समयमै चन्द्रशेखरसिंहको मृत्यु भएको देखिन्छ । इतिहासमा चन्द्रशेखरसिंहको मृत्यु ने.सं. ७९२ तिर भएको उल्लेख छ । तर जगत्प्रकाश मल्लले लेखेको **गीतपंचकम** पुस्तकलाई आधार बनाएर हेर्ने हो भन्ने चन्द्रशेखरसिंहको मृत्यु ने.सं. ७८२ मै भएको देखिन आउँछ । चन्द्रशेखरसिंहको मृत्युमा भावविह्वल भएका जगत्प्रकाश मल्लले लेखेको सो पुस्तकको बाहेक नेपाल भाषामा लेखिएको डा. जनकलाल वैद्यले प्रकाशनमा ल्याउनु भएको यी दुई गीतका केही हरफले पनि यसको पुष्टि गर्छ । यो गीतको दुई हरफबाट चन्द्रशेखरको मृत्युबारे थाहा पाउन सकिन्छ –

*तवछोत रास जेत दुख जार, तालेतर किजाया शरिर ।*
*नेपालया संवाछल न्हशर चये नश, मिथुन संक्रान्तिकुन्हु वीर ॥*

अर्थात,

ठूलो दुःखको भुमरीमा परे भाइको काँधमा छोडेर
नेपाल संवत् सातसय बयासी, आषाढसंक्रान्तिको दिन परलोक भयो ।

यसरी चन्द्रसेखरसिंहको मृत्यु पछि पनि जगत्प्रकाश मल्लले जगच्चद/जगचंद/जगतचंदको नामले साहित्य रचना गर्ने, ठाउँ ठाउँमा दुईजनाको सालिग राख्ने, अभिलेख राख्ने काम गरिरहे । यसैबीच ने.सं. ७९३ मार्ग २९ गतेको दिन ३४ वर्षको उमेरमा जगत्प्रकाश मल्लको मृत्यु भएपछि जगच्चदको अस्तित्व समाप्त भयो । यति छोटो अवधिलाई जीवन्तता दिने जगच्चन्द सदैव अमर बनेको छ ।

## सन्दर्भ स्रोतहरू


१. **मल्लकालीन मैथिली नाटक** – डा.चण्डेश्वर शाह
२. **Gitapanchak** – Ramawatar Yadav
३. **नाटक ग्रन्थ** – राष्ट्रिय अभिलेखालय
४. **पूर्णिमा**, अङ्क ६ र ८
५. **रोलम्वा**, अङ्क १४,
६. **इतिहास संशोधन** ५९ बाट
७. **अभिलेख**, वर्ष ९, वि.सं. २०४८
८. **नेपालको पुरानो इतिहास** – डा. पेशल ढुङगेल
९. **नेपाल भाषाया प्राचीन काव्य सिर्जना** – डा.जनकलाल वैद्य



कोरोनाबाट बच्न पटक पटक
साबुन पानीले हात धोऔं ।
शारीरिक दूरी कायम गरौं ।

# ज्यापू जातिको इहिपा (विवाह) गर्ने संस्कार



डा. हरिराम सुवाल
वडाध्यक्ष, भनपा ६

ज्यापू जातिमा रहेका विभिन्न संस्कारहरूमध्ये विवाह संस्कार पनि एक हो । जीव सृष्टिको निरन्तरता लोग्ने मान्छे र स्वास्नीमान्छेको मिलनमा निर्भर गर्दछन् । ज्यापू संस्कारअनुसार केटाको व्रतबन्ध गरेपछि तन्नेरी भएको ठानिन्छ र केटी रजस्वला भएपछि तरूनी भएको मानिन्छ । सृष्टिको चक्र चलाउन लोग्ने मान्छे र स्वास्नीमान्छे दुवै एकै ठाउँमा बस्नुपर्ने हुन्छ । विवाह भनेको एक घरको छोरी अर्को घरको छोरासँग स्वयंवर गराई तिनीहरूको परीवारिक जीवन चलाउन दिने एउटा संस्कार हो (**राजभण्डारी**, २०६५, पृ.११०) । पुरूष र स्त्रीबीच नयाँ सम्बन्ध स्थापना गरि पति पत्नीको रूपमा स्थापित गर्नु विवाह हो (**धौबन्जार**, २०६३, पृ.१२९) । विवाहको शाब्दिक अर्थ वधूलाई उसको जन्मघरबाट वरको घरमा लैजानु हो (**कुँवर**, २०६३, पृ.१५४) युवा र युवती वयस्क भएपछि शारीरिक तथा मानसिक रूपले दुवै सक्षम भएमा गर्भाधान गर्नु, गृहस्थी जीवन बिताउन एकै ठाउँमा राखिदिने कार्यलाई विवाह भनिन्छ (**महर्जन**, २०६४, पृ.१३६) । विवाह एउटा परिचित संस्कार हो र यो प्रत्येक केटा र केटीले गर्नुपर्दछ (**राजवंशी**, २०६५, पृ.१९८) । नारी तथा पुरूष पारीवारिक जीवनमा प्रवेश गर्नु पूर्वकानून र समाजद्वारा स्वीकृत धार्मिक विधिलाई विवाह भनिन्छ (**पाण्डेय**, २०६५, पृ.४७) । विवाह भनेको जीवन सार्थक पार्नको लागि केटाको लागि केटी र केटीको लागि केटा मिलाई दिनु हो (**प्रधानाङ्ग**, ११२७, पृ.४५) । **राजबलि पाण्डे**को शव्दमा– They presuppose that every man, in his normal conditions, is expected to marry and run a home. He is himself a half man, the second half is wife. When the theory of three debts evolved, marriage gained even greater importance and sanctity, as it was through marriage that one could pay off one's ancestral debt, by producing children. (Pandey, 2013, p.153)

(हरेक मानिसले सामान्यतः विवाह गर्ने र घर सञ्चालन गर्ने पूर्वानुमान गरिन्छ । ऊ आफैमा एक आधा मानिसमात्र हो र दोस्रो आधा श्रीमती हो । जब तीन ऋणको सिद्धान्त आउँछ, तब विवाहले महत्त्वपूर्ण ऋण तिरेको मानिन्छ भने विवाहपश्चात बच्चाको जन्मले पुर्खाको दोस्रो ऋण तिरेको मानिन्छ ।) पहिले बाल विवाह निकै प्रचलित थियो र हालसम्म पनि ग्रामीण भेगमा बाल विवाह निकै प्रचलित रहेको छ । राणाकालीन समयसम्म पनि र केही समय अघिसम्म नै केटाकेटी सानै छँदै उनीहरूका आमा बाबुले रोजी पक्का गरेर वा सानैमा विवाह गराइदिने चलन थियो । यसरी छोरा छोरीको सानै उमेरमा विवाह गराई दिनाले माता पिताले पुण्य प्राप्ति गर्छन् र स्वर्गमा वास पाउँछन् भने धार्मिक विश्वास तथा आस्था रहेको थियो । यसो गर्दा आमाबुबाले रोजेकै मान्छेसँग विवाह गर्नु पर्दथ्यो । केटाकेटीहरूले यताउता आँखा दौडाउने मौका नै पाउँदैनन् र आफ्नो घराना बिग्रँदैन भने विश्वास थियो । नेपाल उपत्यकाभित्र मध्यकालमा बालविवाहको पनि प्रचलन थियो । बाह्र वर्षको उमेरसम्म पनि कन्याको विवाह गरी नदिए अभिभावकले नराम्रो पाप भोग्नुपर्ने भनिएकाले मानिसमा पाप र सामाजिक डर सृजना हुन्थ्यो । शास्त्रले प्रत्येक कन्याको बालक अवस्थामा नै विवाह गर्नुपर्ने बाध्यता देखाएको हुँदा समाजमा बालविवाहलाई यथेष्ट बल पुग्न गयो (**राजभण्डारी**, २०६५, पृ.१३४) । तर आजकाल यस्तो चलन धेरै नै हटिसकेको छ । कानुनले पनि यस्तो विवाह अस्वीकार किटान गरिसके पनि केही गाउँहरूमा मानिसहरूले लुकीलुकी बालविवाह गराउँदै आएको देखिन्छ । विवाह भएपछि नेवार महिलाले आफू जन्मेको र हुर्केको घर छोडी लोग्नेको घरमा रही आजीवन गृहस्थी चलाएर बस्नु पर्दछ । बौद्ध परंम्पराअनुसार विवाहपछि पति पत्नीलाई प्रज्ञोपाय स्वारुप मानी पाणिग्रहण इहिपा गर्ने गरिएको छ (**वज्राचार्य**, २०६५, पृ.१४५) । भक्तपुर नगरिभत्रका ज्यापूहरूमा विशेष गरेर तीन चार थरीका विवाह संस्कार प्रचलित रहेको पाइन्छ, जसको चर्चा तल गरिएकोछ ।

**क. मागी विवाह :** केटा पक्ष वा केटी पक्षको तर्फबाट लमी राखेर दोस्रो पक्षसँग कुरा मिलाई केटा र केटीलाई भेट्न लगाएर राजीखुसी भएमा विधिपूर्वक परम्पराअनुसार गरिने विवाह मागी विवाह हो । यस्तो विवाहमा केटा वा केटी पक्षबाट लमी नराखे पनि परिवारका कुनै वा सम्बन्धित नातेदारमध्ये कोही पनि व्यक्तिले अर्को पक्षका कुनै व्यक्तिलाई विवाहको कुरा लाने गरिन्छ । साथै केटा वा केटी पक्षकै कुनै व्यक्तिले अर्को पक्षसँग वा परिवारको व्यक्तिसँग प्रत्यक्ष कुराकानी गरेर पनि केटा र केटी पक्षलाई भेट्न दिई मन्जुरी भएमा यस्तो विवाह हुने गर्दछन् । राणाकालीन समयसम्म

मागी विवाहमा केटा र केटीलाई एक आपसमा भेट्न नदिइकनै नै यस्तो विवाह गर्ने गरिन्थ्यो । तर आजकल केटा र केटीलाई भेट्न दिनुपर्दछ भने मान्यताको विकास भएको छ ।

**ख. प्रेम विवाह :** केटा र केटी दुवैले एक आपसलाई मन पराएर घरका अभिभावकलाई जानकारी दिएर वा नदिइकन पनि भागेर गरिने विवाह प्रेम विवाह हो । आजकल प्रेम विवाहको प्रचलन बढेको छ । नेवारी समाजमा छोरी स्वयम् पोइल जाने प्रथालाई म्हेखा पा (मयूरको पखेटाको लामो प्वाँख) भने चलन छ (**धौबन्जार,** २०६३ : पृ.१३१) । केटी केटासँग भागेर गई विवाह गरेमा 'मेले वंगु' भनिन्छ । यो चलन पनि एक प्रकारको प्रेम विवाह नै हो । केटी केटासँग भागेर गई चार दिनसम्म लुकेर बस्नु पर्ने चलन रहेको छ । चार दिन अघि नै केटी घर फर्केमा त्यो विवाह भएको मानिँदैन । तर वर्तमान समयमा चार दिन अघि नै दुवै जना वा दुवै मध्ये एक जना सार्वजनिक रुपमा नै नलुकीकन बाहिर आउने वा आफ्नो सामान्य जीवनमा आउने गरेको पाइन्छ । यसरी चारदिन अघि बाहिर आएपनि विवाह नै मानिन्छ ।

**ग. मागी तथा प्रेम विवाह :** केटा र केटी एक आपसमा मन पराएर आ-आफ्नो अभिभावकलाई खबर गरेर मागी विवाह गर्ने चलनलाई मागी तथा प्रेम विवाह भनिन्छ । वर्तमान समयमा यस्तो विवाह पनि निकै चलनचल्तीमा रहेको छ । विगतमा यस्तो विवाह चलनमा थिएन । यस्तो विवाह गर्ने चलन यदाकदामात्र सुन्नमा आएको कुरा भक्तपुरैका बूढापाकाहरू बताउँछन् । ज्यापू जातिमा केटीको केटासँग विवाह हुनुभन्दा अगाडि दुईपल्ट पहिले नै विवाह भइसकेको हुन्छ । पहिलो विवाह बेलसँग अर्थात् श्रवण कुमारसँग जो भगवान् विष्णुको रूप मानिन्छ र दोस्रो विवाह सूर्यसँग (छोरी रजस्वला हुनु अघि बाह्र दिनसम्म गुफा राखी तेह्रौं दिनपछि बिहानै सूर्य देवसँग दर्शन गराउने परम्परा) हुने गर्दछन् (**अमात्य,** २००४, पृ.२५) । नेवार केटीको इहि गरेपछि (बेल विवाह) सधैँ भगवान् नारायणसँग बस्छे (**अमात्य,** २००४, पृ.२५) । नेवार केटीको वास्तविक विवाह भइसकेपछि कुनै कारणले पतिको मृत्यु भएमा पनि उनी विधवा हुन्नन् किनकी उनका पति भगवान् नारायण अकाट्य छन् । (**अमात्य,** २००४, पृ.२५) ।

**घ. लाखा काईगु (सापटी लिने) :** छोरीको विवाह गरिदिने समयमा आर्थिक रूपमा विपन्न परिवारले हुने वाला ज्वाइँको परिवारसँग भोज खुवाउन तथा अन्य विवाह संस्कार गर्नको लागि पैसा माग्ने गरिन्छ । यसरी पैसा मागेर विधि व्यवहार गरिन्छ भने त्यस संस्कारलाई लाखा काइगु भनिन्छ । हाल यो संस्कार पूरै नै लोप भइसकेको छ । यसरी लिएको पैसा सापटी फिर्ता दिनु आवश्यक छैन । यो संस्कार एक किसिमले छोरीलाई बेचेर पठाउने जस्तो हो कि भने आभास हुन्छ । पहिले केटीहरूको सङ्ख्या कम भएकाले तिनीहरूको माग बढी हुने गरेको हुनु पर्छ । त्यसैले पनि लाखा काईगु चलन चलेको हो भने भनाइ छ ।

**विवाहको प्रक्रियाः**

**मिसामचा मालेगु (केटी खोज्ने) :** विवाहको लागि सबभन्दा पहिले केटी खोज्ने काम हुन्छ । केटा खलकको तर्फबाट केटी खलकलाई हाम्रो छोरालाई तपाइँकी छोरी दिनुस् भन्ने पठाउँछन् । केटा वा केटी वयस्क भएपछि घरका मूलीहरूले वा आफन्तहरूले उपयुक्त केटी खोजेर ठीक लागेमा यसरी केटीको घरमा भन्न पठाउने अथवा माग्न पठाउने गरिन्छ । यसरी माग्न जाने व्यक्तिलाई लमी (केटाको परिवार र केटीको परिवार राम्ररी चिनेका व्यक्ति जसले केटातर्फ विवाहको प्रस्ताव लाने गरिन्छ) भन्दछन् । लमी केटा र केटी दुवैका बीच सम्बन्ध राख्ने व्यक्ति हो (**राजवंशी,** २०६५, पृ.२७) । विवाह संस्कार नसकेसम्म र विवाह गराउने क्रममा लिइने हरेक निर्णयहरूमा लमीको महत्त्वपूर्ण भूमिका हुने गर्दछ (**राजवंशी,** २०६५, पृ.२९) । यो बाहेक लमी व्यवसाय गर्ने लमीको तर्फबाट पनि केटी खोज्न लगाउने चलन उहिलेदेखि छ । केटी मिलिसकेपछि चिना टिप्पन लिन पठाउँछन् । लोग्ने र स्वास्नी पछिसम्म मिलून्, केही अड्चन नआओस् भनेर दुवैको चिना भिडाएर हेर्ने गर्दछन् । केटा र केटीको चिना ज्योतिषकहाँ देखाएर राशि नक्षत्र हेरेर मिल्यो भने विवाह गर्ने साइत पनि लेखेर पठाउँछन् (**विष्ट,** १९७५, पृ.७) । आजकाल चिना हेरिरहनु पर्दैन भन्नेहरू पनि धेरै छन् । दुई तीनपल्ट लमी गएर कुरा मिल्यो भने कुनै ठाउँमा गएर केटी र केटा दुवैले एक अर्कालाई भेट्ने गर्छन् । केटी र केटा दुवैलाई मन परेमा विवाहको कुरा अगाडि बढ्छ । यसरी भन्न पठाउन आमा र बुबा दुवैको तर्फबाट सात पुस्तासम्मको आफन्त पर्नु हुँदैन भनिन्छ । यस्तो भएपनि नेवारको धेरै जातिहरूको जनसङ्ख्या न्यून भएकाले केही पुस्ता अगाडिसम्मकोलाई ठीक मान्न थालिसकेको छ । साथै आजकल प्रेम विवाह गर्ने नेवारहरूले केही पुस्ताभित्र फरक भएपनि बिहाबारी चलाउन थालेका छन् ।

ज्यापू समाजमा आफ्ना छोरा छोरी वयस्क भएपछि आमा बाबु वा आफ्ना नातेदारहरूले कामको सिलसिलामा विवाहको बारेमा कुरा गर्छन् । यस्तै छलफल र कुराकानीबाट दुवैको जोडी खोज्ने काम हुन्छ । त्यस्तै आमा बाबुले पनि छोरी भए केटाको र छोरा भए केटीको खोजीको लागि आफ्ना साथीहरू वा नातेदारहरूलाई भनी राखेको हुन्छ । ती मध्ये एक जनाले उनीहरूको जोडी मिलाउँछ । त्यस्तै अर्को तरिका आफ्नो चिनजान भएको र आफूलाई मन परेको भएमा एक जना मानिस उसको घरमा माग्न पठाइन्छ, त्यस्तो व्यक्तिलाई नेवारी भाषामा 'लमी' भनिन्छ । लमीले केटा वा केटी दुवै

खोज्ने काम गर्छ । लमीको मुख्य काम केटा र केटी दुवैलाई मिलाई दिनु हो । जोडी मिलेपछि लमीको पहलमा साइत हेर्ने काम ज्योतिषीबाट हुन्छ (**कुँवर,** २०६३, पृ.१३७) दुलही हुने केटी भेट्टाएर दुवैतर्फ मन पराएपछि कुरा छिन्ने काम हुन्छ । उत्तम दिन धेरै जसो बृहस्पतिबारका दिन केटा खलकबाट बाजे, बुबा, मामा आदि बुज्रुकहरू केटीको घरमा गएर केटी खलकपट्टिका बाजे, बुबा, मामा आदि बुज्रुकहरूसँग कुरा गरी विवाह गर्ने कुरा पक्का गर्छन् । विवाह कसरी कुन कुन संस्कार गरेर कहिले कहिले के के गर्ने हो दिन सबै किटान गर्छन् । बाजा बजाएर दुलही लिन जाने हो कि बाजा नराखीकन, कति जना जन्ती आउने आदिसम्म सरसल्लाह गर्छन् । यसरी दुवै पक्षका थकालीहरू बसेर गरेको निर्णय परिपक्व हुन्छ । कार्यक्रम पूरा गर्न दुवैतर्फको प्रतिबद्धता भएकोले इज्जत जान दिइँदैन । त्यहाँ गएका सबैलाई भोज ख्वाएर पठाइन्छ । कसैकसैको त यसरी कुरा पक्का गर्न जाँदा केटातर्फबाट माछा, रक्सी लिएर जाने चलन पनि छ । यसपछि दुवै घरमा पनि भोजको लागि अलग अलग जम्मा भएर कामको बाँडफाँड गरिन्छ ।

**ग्वय् छ्वय्गु (सुपारी पठाउने) :** विवाह हुने निश्चित दिन भन्दा केही दिन अगाडि उत्तम दिन पारेर केटीको घरमा सुपारी पठाउने गरिन्छ । सुपारी पठाउने भनेको विवाह पक्का भएको मात्र हैन कि तपाइँकी छोरी हाम्री भइसकी, हाम्रो छोराले अपनाइसक्यो भन्ने अर्थ लाग्ने हो (**राजभण्डारी,** २०६५, पृ.११२) । केटीले सुपारी लिनु नै दुलाहा केटा मनपर्छ भनी स्वीकार गर्नु हो (**सुवेदी,** २०५६, पृ.११२) । ग्वय्बीगु सकिएपछि केटा र केटीको विवाह हुने पक्का हुन्छ (**राजवंशी,** २०६५, पृ.२९) ।

सुपारी लाँदा लमीले उसलाई केटाकहाँबाट ल्याएको क्वतः (चौडा भइ उठेको किनारलाई मोडेर दोब्राएको ठूलो पूजाथालीलाई नेपाल भाषामा क्वतः भनिन्छ) मा पूजा लिएर सुकुन्दा पूजा गरी छोरीलाई टीका लगाई वरको घरबाट राखेर पठाएको लुगा र सिन्दुरबट्टा दिइन्छ । फलफूल एक भाग र रोटी एक भाग वधूको अगाडि राखिदिन्छ । छोरी अब सुपारी पठाएको घरको बुहारी सरह भई । त्यही जुठो क्वतः फर्काएर लगेर बाँकी टीका वर हुनेलाई लगाइ दिन्छ । सुपारी लगेको रोटी राखेर लोग्ने हुनेलाई एक भाग दिएर ल्याउने चलन छ । पहिले सुपारी दिँदा सुपारी गोटा १० को मुठी १ मात्र लिनु दिनु गर्दथे, रुपैयाँ राख्नु र अरू जात जातको फलफूलहरू पठाउनु पर्दैन थियो (**वस्ती,** २०६३, पृ.४१०) । कल्या (पित्तल वा चाँदीको चुरालाई नेपालभाषामा कल्या भनिन्छ) लगाउन पठाउने कार्यक्रम छैन भने यसै बेला बुहारी हुनेको चिना पनि राखेर पठाउँछन् । अब केटा ज्वाइँसरह भयो । यस दिनदेखि दुवै परिवारको सम्बन्ध भएको ठहर्छ । त्यसैले केहीगरी सुपारी दिइसकेपछि केटी मरे केटाको तर्फबाट सबै अन्त्येष्टिको काम गरिदिनु पर्दछ । केटा मरेमा केटीले पनि लोग्ने मानेर आवश्यक कर्म गर्नुपर्छ । तर धेरैजसो केटीको जीवन बिगार्न हुँदैन भनेर सुपारी फिर्ता गर्ने चलन छ । विवाह नभई केटा वा केटीको मृत्यु भएमा पनि विवाह गरेकै प्रक्रियाअनुरूप कर्मकाण्ड गरिनु पर्दछ (**श्रेष्ठ,** ११२५, पृ.८१) । यस्तो संस्कारमा ज्यापूहरूले परिवर्तन ल्याउनु आवश्यक भइसकेको धारणा स्वयं ज्यापू जातिमा पाइन्छ किनकि वास्तविक रूपमा लोग्ने स्वास्नी भइनसकेको अवस्थामा यसरी लोग्ने स्वास्नी सरह व्यवहार गरिरहनु उपयुक्त देखिँदैन । सुपारी लिइसकेकी केटीले चुरा, सुपारी, नरिवल, फर्सी आदि गोलो वस्तु फुटाउनु हुँदैन भन्ने चलन छ । सुपारी लिइसकेपछि सकेसम्म चाँडो छोरी अन्माउन खोज्ने भएकाले आजकाल चारपाँच दिन अघिमात्र सुपारी दिने चलन छ । कसैकसैको त सामानको साथै लमी, ससुरा र केटाका मामाहरू पनि जान्छन् । त्यसैबेला कुन समयमा साइत हो भने कुरा जानकारी दिएर फर्कन्छन् । त्यहाँ गएका सबैलाई भोज खुवाउने चलन छ ।

सुपारी लिनुको सट्टा केही वर्ष पहिलेसम्म पनि केटी खलकले केटाकहाँबाट बत्तीसवटा लाखामरी लिने चलन थियो । यो लाखामरी रोटी (विशेष प्रकारको गुलियो रोटी) नाता गोतालाई नाताअनुसार सिङ्गै, आधा, चौथाइ बाँड्ने चलन थियो । लाखा दिँदा लाखामरी १ एक सेरसम्मको लिनेदिने गरिआएको छ । लाखामढी जति थान छ उति गोटा केरा, माछा र खावा माना २, दही कहतरा १ मात्र चलनअनुसार पठाउनु पर्नेले पठाउनु भरिया ४ जना सम्मलाई बोकाई पठाएपछि, अरू केही पठाउनु हुँदैनथ्यो (**वस्ती,** २०६३, पृ.४१०) । भोज आउनेहरू रोटीअनुसार दाइजो लिएर भोज आउने चलन थियो । लाखा दिनलाई लमीसँगै जाने गरिन्थ्यो । अनि लाखाको सामानमा एक रुपियाँ र बाह्र वटा ठूलो सुपारी, एउटा चाकु सबै पित्तलको बाटामा राखी रातो कपडामा पोका पारी, सुकुन्दासमेत लिएर केटीको घरमा लगिन्थ्यो । त्यसपछि बाह्र धार्नी रोटी लाखा, दूध लाखा र केरा लाखा लिने चलन रहेको थियो । अब आएर त्यो चलन पनि हराइ सकेको छ । हाल आएर ज्यापूहरूमा भोज बोलाउनको लागि विभिन्न किसिमका कार्डहरू दिने चलन आइसकेको छ । कार्ड दिँदा परिवारलाई नै निम्ता गर्ने हो भने कार्डमा भोछीं (सपरिवार) भनेर लेखिन्छ । भोछीं नलेखिएको कार्डले एक जनामात्र भोज आउनु भने बुझिन्छ । ज्यापू समाजमा पनि लाखा लिइसकेपछि विवाह नहुँदै केटीको मृत्यु भएमा केटा पक्षले आफ्नै बुहारी पत्नी भएकै सरह माइती अर्थात् ससुरालीमा गएर उनको लास उठाउनु पर्छ । पतिले पत्नीलाई दाह संस्कार नै गर्नु पर्छ भने केटाको मृत्यु भएमा पनि केटीले आफ्नै पति ठानेर गर्नुपर्ने संस्कार गर्नु पर्छ । लाखा दिएपछि वा लिएपछि

दुवैले पारपाचुके नभएसम्म अर्को विवाह गर्नु हुँदैन। केटी केटाको अधीनमा रहन्छे। केही कारणले केटी पोइल गएमा केटा पक्षले खर्चको दोब्बर तिराउँछ भने केटाले अर्को विवाह गरेमा केटी पक्षले पनि त्यस्तै गरी दोब्बर तिराउने चलन छ। नेवार समाजमा सुपारीको ठूलो महत्त्व छ। खासगरि विवाहको समयमा पति पत्नी तथा अन्य नाता कुटुम्बबीच सम्बन्ध जोड्न र त्यसलाई त्याग्न सुपारी लिने दिने गरिएको हुन्थ्यो। पुरुष र कन्याबीच विवाह गर्न दश वटा सुपारी दिने परम्परा अद्यापि छ। विवाह गरी गएपछि नव दुलहीले पतिको घरमा सासु ससुरालगायत घरपरिवारका सबै सदस्य तथा अन्य नाता कुटुम्बलाई पनि सुपारी दिनु पर्दथ्यो (**राजभण्डारी,** २०६५, पृ. १३९) ज्यापू जातिका नेवारहरूमा पनि सुपारीको त्यत्तिकै महत्त्व अद्यापि रहँदै आएको छ।

**पय्नजा नकेगु (भात खुवाउने) :** सुपारी लिएपछि छोरी अन्माउनुभन्दा अघि मामा, फुपू, ठूली आमा र अरू नजिकको आफन्तकहाँ 'पय्नजा' सिजा नकेगु (भात ख्वाउन बोलाउने) चलन छ। केटीलाई टीका लगाई फूल सगुन दिएर लुगा दिई भोज ख्वाएर पठाइन्छ। यसलाई 'मलेजा नकेगु' पनि भनिन्छ। पय्नजा नकेगु भनेको विवाहअघि मामा, फुपू, विवाहिता दिदीहरूले विवाह हुन लागेकी केटीलाई आफ्नो घरमा डाकी भात खुवाउने हो (**राजवंशी,** २०६५, पृ.३३)। सबभन्दा पछि मामाकहाँ 'पय्नजा' खान्छन्। मामाकहाँ नै किन अन्तिममा खुवाउन पठाउने भने सम्बन्धमा कुनै वैज्ञानिक कारण पाइँदैन। तर व्यावहारिक रूपमा मामाले विवाहमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले सम्भवतः मामाकहाँ अन्तिममा खुवाउन पठाउने गरिएको हुनुपर्छ। त्यसपछि अन्त कतै पनि खान जानु हुँदैन। बाहिर पय्नजा खाइसकेपछि घरमा भात खानु हुँदैन। त्यसैले यसरी 'मलेजा' खान जान्छन्। यो नयाँ विवाहित जीवन यापन गर्नु लागेकी आफ्नी चेली भान्जीलाई बधाई दिने र बिदाइ गर्ने कार्यक्रम हो। आजकल यो मलेजा खुवाउन पठाउने चलन पनि हराइसकेको छ।

**भ्वय् नकेगु (भोज खुवाउने) :** छोरीलाई अन्माउनु अघि नाता कुटुम्ब, साथीभाइ, टोलवासी बोलाई भोज गर्नुपर्छ। सबैले केही न केही दाइजो लिएरै आउँछन्। आजभोलि पैसा राख्ने चलन चलिसकेको छ। छोरी सिङ्गारिएर एक ठाउँमा बसिरहन्छे। भोज आउनेहरूले दाइजो वा पैसा उनैलाई दिन्छन्। भोजको निमन्त्रणासँगै दिएको लाखामरी रोटी हेरेर ठूलो/सानो दाइजो लिएर भोज आउँछन्। उनीसँगै लमी सुपारी बाटा लिएर बसी सुपारी गनी दश दश ओटा दुलहीको हातबाट उपहार ल्याउनेहरूलाई दिन लगाइन्छ। त्यहाँ घरबाट व्यवस्था गरे अनुसार भोज खुवाएर पठाइन्छ। पहिले पहिले दुलही डोलीमा बोकाएर ल्याउने भएकाले लिन जाने एक दिन अगाडि



स्वयंवर गरिँदै

बुहारीको घरमा डोली ठड्याउन जाने गरिन्थ्यो। आजकाल गाडीमा बुहारी राखेर ल्याउने भएकाले यो चलन रहेन। गाडी नचल्ने गाउँहरूमा त अहिले पनि डोली ठड्याउन जाने र डोलीमा दुलही बोकेर ल्याउने चलन कायम छ। गाडी चल्ने ठाउँमा गाडीबाट बुहारी ल्याउने चलन चलिसकेको छ।

**स्वयंवर यायेगु (स्वयंवर गर्ने) :** स्वयंवर गर्ने साइत जुरेको दिन हेरेर आफन्त र साथीभाइहरू जम्मा भएर बाजा बजाई दुलही लिन जन्त जाने हो। जन्त जाने बेलामा केटाको घरमा जम्मा भएका सबै जन्तीलाई चमेना गराई पान र मसलाको पोका 'मसिंपो' दिइन्छ। पहिले पहिले भए विवाह गर्न दुलाहा जन्तसँगै केटीको घरमा जाने चलन थिएन। थकालीहरूले नै दुलही डोलीमा राखेर ल्याइदिने गर्दथे। आजकल दुलाहा पनि गाडीमा बसेर जन्तीसँगै जाने गर्दछन्। जन्त गएर त्यहीं स्वयंवर गर्ने भएकाले अघिल्लो बेलुका वा त्यही दिन बिहान जन्त जाने गरिन्छ। ज्यापू समाजमा विवाह गर्नु अघि होंकेगु गर्ने चलन छ। ह्वंकेगु भन्नाले स्वयंवर गर्नु हो (**कुँवर,** २०६३, पृ.१४१)। आपसमा परिचय आदान प्रदान गर्ने र दुलहीलाई दुलाहासँगै राख्ने कार्यलाई नेवार संस्कारमा 'ह्वंकेगु' भनिन्छ (**महर्जन,** २०६४, पृ.४१)। दुवैतिर भरेको घडामा अबीर छर्की फूलले सजाइ राख्छन्। दुलाहालाई कपाल कोरी लुगा लगाउन दिई रातो अक्षता टीका लगाइ दिन्छन्। फूलको माला र दुबोको माला लगाइ दिन्छन्। आ-आफ्नो चलनअनुसारको बाजा बजाएर अगाडि बलेको सुकुन्दा समाई, दायाँ बायाँ दुवैतिर

ठूलो मैनबत्ती बालेको सामदान समाई, बलेको मुस्यांचा (राँको) समाई, ज्वः क्वतः बोकेर, दूफांगा लिएर कुलअनुसारको पूजारी र लमीसँगै पछिपछि जन्ती जाने चलन छ। सिँगारिएको गाडीमा दुलाहा र पुरोहित बसेर जान्छन्। यो धार्मिक मान्यता र सांस्कृतिक धरोहरमात्र नभई उनीहरूको विवाह भएको हो भन्ने सामाजिक प्रमाण पनि हो।

**जन्त वानेगु (जन्त जाने)** : केही ज्यापू जातिको जन्त जानु अघि फुपू, मामा, काकी, लमी र सासुले क्वतः र निकः ख्यः भारी लिएर दुलहीको घरमा जाने चलन छ। सासुले बुहारी हुनेलाई सगुन दिएर निकः ख्यः (सामान्य अण्डा नै हो) आउनेहरूलाई भोज खुवाउने गर्छिन्। त्यसबेला आफ्नै परम्पराको बाजा बजाएर जन्ती आइपुग्छन्। जन्त आउनेहरू दुलही नअन्माएसम्म बाजा बजाएर गीत गाइरहन्छन्। त्यसबेला समयबजी अर्थात् चिउरा, छ्वयला, भट्मास, अदुवा, बाराः, बिरेनुन, मरिच र पाचक राखी केटाको तर्फबाट एकपल्ट र केटीको तर्फबाट एकपल्ट गरी दुईपल्ट चमेना खुवाउने गरिन्छ।

कसैको त लमी, केटाको आमा बुबा र आफन्तहरू जम्मा भएर पूजा सामान, फूल, सगुन, माछा, रक्सी जन्तीसँगै लानुपर्छ। दूध दानीमा दूध र माछा दानीमा जिउँदो माछा पनि राखेर लैजानु पर्छ। यो सबै केटीको आमालाई सुम्पिदिन्छन्। केटाको मामा खलकको तर्फबाट बोडी, केराउ, सिमी, मस्यांग र अरु तरकारी, पकाएको मासु आदि सबैगरी बाह्र थरीको व्यञ्जन, बाह्र वटा रोटी राखी घ्याम्पो, चिउरा, रक्सी, जाँड राखेर पाजुकु जन्तसँगै दुलहीको घरमा लानुपर्छ। विवाह गर्ने दुलाहा, दुलही हुनेलाई र आफ्नी चेलीलाई दिने लुगा लगिन्छ। दुलाहा चढेर आएको गाडी रोकिनासाथ ससुराले फूलमाला पहिरन्याई ज्वाइँको हात समाएर स्वागत गर्दै घर भित्र लग्छन्। जन्ती जति सबैलाई स्वागत गरेर बसाएर मसला पोका, पान, सुपारी बाँड्छन्। आजभोलि त जन्त आउने सबैलाई चमेना गराउने वा भोज, पार्टी पनि ख्वाउने चलन आएको छ। ज्वाइँ र मान्यवरहरूलाई कोठामा चमेना गराउने पनि चलन छ। अघिल्लो दिन बेलुका जन्त आएको हो भने थकालीहरू र साथीहरू एक समूह बसी अरू फर्कन्छन्। त्यहीँ बस्नेहरूलाई रातको खाना भनेर राति पनि एकपल्ट खुवाउने गरिन्छ। नेवारहरूमा जन्त सधैँ सूर्यास्तपछि जाने गरिन्छ (**महर्जन,** २०६४, पृ.१९८)। भमचा (बेहुली) लिन जाँदा पहिले पहिले भए बग्गी, डोली लिएर जाने चलन थियो तर हिजो आज कार र उच्च घरानियाले बग्गी लिएर जाने गर्दछन्। नेवार समाजभित्र पनि ज्यापू जातिमा केटी लिन जाँदा केटा जानु पर्दैन। अन्य नेवारमा सुरुवाल, टोपी लगाएर दुलहालाई बैन्ड बाजा वा बाँसुरी बाजाका साथ लाने गर्दछन् (**सुवेदी,** २०५६, पृ.८२)। बाँसुरी बाजा राख्ने चलन अहिले भर्खर भर्खरमात्र सुरु भएको हो। जन्तीमा मानिस लैजाँदा नलगी नहुने बाहेक अरू ४०।५० जनासम्म लैजानु उपयुक्त हुन्छ, आफूले लगेका जन्तीलाई औकात माफिक पान मसला खानदिने (**वस्ती,** २०६३, पृ.४१०) चलन छ।



दुलहाले दुलहीलाई सिन्दुर लगाइँदै

**ब्यया वनेगु (विवाह)** : केही समय पहिले दुलाहा जन्तीसँग नजाने भएकाले केटीको घरमा सबैले सुपारी लिइसकेपछि केटाको बाजे, बुबा, मामा, दाजु आदि थकालीहरूलाई सुम्पेर पठाउने गरिन्थ्यो। आजकाल जन्तीसँगै दुलाहा पनि जाने भएकाले स्वयंवर र कन्यादान गर्ने चलन भइसक्यो। आ-आफ्नो कुलमा चल्दै आएको परम्पराअनुसार केटापट्टि र केटीपट्टिका पुरोहित बसेर विवाह संस्कार गर्छन्।

केटीको बुबाले छोरीलाई आफ्नो काखमा राखी छोरीको हात ज्वाइँको हातमा राखिदिन्छन्। यो कन्यादान हो। साइतको समयमा केटाले केटीलाई गहना र फूलमाला लगाइदिन्छ, केटीले पनि केटालाई गहना र फुलमाला लगाइ दिन्छे। यसरी फुलमाला लगाउनुभन्दा पहिले केटा र केटी जगेमा घुम्छन्। केटालाई तीनपल्ट परिक्रमा गरेर केटीले केटाको पाउ ढोग्छे। केटाले केटीलाई सिन्दुर लगाई दिन्छ। यही स्वयंवरको कार्यक्रम हो। कहिलेकाहीँ साइत जुध्दा जन्त जान नसक्ने भएमा विवाह पहिला नै अलग्ग केटीको घरमा गई स्वयंवरको कार्यक्रम

गरिराख्ने चलन छ। कहिलेकाहीं महिनौं अगाडि स्वयंवर गरिराख्नु पर्ने हुन्छ।

दुलही अन्माउनुभन्दा पहिले सुकुन्दा दायाँ पारी पूर्व वा पश्चिम फर्काएर छोरीलाई बसाएर सुपारी दिने काम हुन्छ। फुपूहरू, मामाहरू, नजिकका आफन्तहरूले दाइजो दिन्छन् र दुलहीले उनीहरूलाई पुतुग्वय् (कपडामा पोको पारेको तीन वटा र आधा सुपारी) दिन्छे। सबभन्दा पछि आमा र बुबालाई सुपारी दिने कार्य हुन्छ। धेरैजसो बुबाले ज्वलान्हाय्क (पूजा आदि कर्ममा प्रयोग हुने धातुबाट बनाएको प्रतीकात्मक ऐना) दिएर, आमाले सिनः म्हू (फुस्रे अबिर राख्नका लागि बनाइएको कोणधारयुक्त भाँडा) दिएर पुतुग्वय् लिन्छन् (**प्रकाश, कायस्थ, बनेपाली, बराल,** २०६३, पृ.२३)। पुतुग्वय् दिनुको मतलब माइतीबाट बिदा मागेको र (जात, थर, गोत्रको) सम्बन्ध विच्छेद गरेको हो (**वस्ती,** २०६३, पृ.१४४)। चारवटा र आधा सुपारी दिनुको अर्थ अब उप्रान्त छोरी अर्को वंश र गोत्रमा गई सकी भन्ने व्यावहारिक सत्यता अपनाउनु र केही शोक परेमा पनि चार दिन मात्र बारे पुग्छ भने सङ्केत हो। आमा बाबुबाहेक मामा, फुपू आदि अन्य नातेदारहरूले छोरीबेटीको हातमा दाइजो र पुतुग्वय्समेत राखी १०।१० वटा सुपारी लिन्छन्। मामाले पाठी दाइजो दिनु पर्दछ (**वस्ती,** २०६३, पृ.१४४)। आजकल मामाले पाठी दाइजो दिने चलन हटिसकेको छ। त्यसको सट्टामा दैनिक जीवनमा प्रयोग हुने खालका सामानहरू दाइजोमा दिने चलन चलिसकेको छ, जुन समयअनुसार निकै सान्दर्भिक देखिन्छ। त्यसपछि दुलाहा दुलहीसँगै राखी दही र फुल सगुन दिएर काय्‌भूमा खुवाउने काम हुन्छ। काय्‌भूमा राखेर ल्याएको सगुन दुलहाले टोकेर दुलहीको हातमा राखिदिन्छ। यसरी तीनपल्ट गरिन्छ। दुलहीले पनि एकपल्ट टोकेर दुलहाको हातमा राखिदिन्छ। त्यस्तै एउटै काय्‌भूमा दुवैले तीनपल्ट जुठो गर्छन्। यसबेलादेखि दम्पतीले बाँडीचुडी खाने र जुठोको मतलब राख्नु परेन भने कुराको यो सङ्केत हो। खाइसकेपछि छ्वासः मा (मान्छे जन्मँदा र मर्दा निश्चित वस्तुहरू फालिने निश्चित ठाउँ जहाँ छ्वासका मुनी देवीको वास हुन्छ) काय्‌भू खन्याउन पठाइन्छ। दुलाहा र दुलहीलाई बुबा, दाजु वा मामाले बोकी ढोका बाहिर लगी गाडीलाई तीनपल्ट घुमाई गाडीभित्र बसाइन्छ। दुलहीलाई चाहिने लुगा तथा सिङ्गारका सामान राखेको बाकस र सिङ्गो सुपारी राखेको पित्तलको बाटा पनि रातो कपडामा पोको पारी गाडीमा राखिदिन्छ। केटाको बुबा, दाजु र थकालीहरूले गाडीमा दूफांगा ओढाइ दिएपछि त्यहाँ घरका सबैले लावा र अबिर छर्की दिन्छन्। जन्त जाँदा जस्तै गरी बाजा बजाएर अगाडि बलेको सुकुन्दा समाई, दायाँ बायाँ दुवैपट्टि ठूलो मैनबत्ती बालेको सामदान समाई, बलेको राँको समाई, ज्वः क्वतः (एक जोडा क्वतः) बोकेर गाडी टोलको गणेशस्थानमा रोकिन्छन्। केटी पट्टिकाहरू त्यहाँसम्म पुऱ्याउन आउँछन्। दुलहीको घरमा भोज हुँदा आएको दाइजोको साथै घरको तर्फबाट जुटाएको दाइजो पनि दिएर पठाइन्छ। साथै एकजना मिल्ने आइमाई साथी दुलहीलाई आवश्यक हेरचाह र सहयोगका लागि पठाउने चलन छ। नयाँ घरमा दुलहीलाई चाहिने हेरचाह गर्नको लागि पठाउने हो। मुख हेर्न जाँदामात्र त्यो आइमाई फर्कने गर्छे। आजकल यसरी दुलहीसँग केटी साथी जाने चलन हटिसकेको छ।

छोरीलाई लक्ष्मी सम्झने हुँदा कतिले घरबाट सिधै छोरीलाई अन्माउँदैनन्। छिँडी वा चोकमा टोकरीमा धान भरी राखी छोरीलाई त्यस टोकरीमा बसाई दुलाहाले लावा छर्कन लगाएर छोडिदिन्छन्। यति गरेपछि छोरीलाई छुनु हुँदैन। अनि दुलाहाको तर्फबाट ल्याएको डोलीमा आइमाईले दुलही उठाएर लाने चलन छ। आजकाल यसको सट्टा मामाले बोकेर गाडीको तीन चक्कर लगाई बसाइ दिने गरिन्छ।

## सन्दर्भ सामग्री सूची


अमात्य, चाँ. (२००४). **नेवारहरूको विवाह संस्कार**, काठमाडौं : मानविकी तथा सामाजिकशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय।

कुँवर, ध. (२०६३). **काठमाडौं उपत्यकाका कुस्ले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू**, काठमाडौं : नेपाली इतिहास, संस्कार तथा पुरातत्त्व केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय (पि.एच.डी. उपाधिको लागि पेश गरेको अप्रकाशित शोध–प्रबन्ध)।

धौबन्जार, गो. (२०६३). **मध्यकालीन नेपाल उपत्यकाको सामाजिक जीवन** (मानविकी तथा सामाजिकशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय मा पि.एच.डी. उपाधिको लागि पेश गरेको अप्रकाशित शोध–प्रबन्ध)।

प्रधानाङ्ग रा. (११२७). **नेवाः संस्कारया हलंज्वलं**, काठमाडौं : नेपाल संस्कार लय्‌पौ ।

महर्जन, पं. (२०६४) **नेवाः समाज**, काठमाडौं : नेवा देय् दबू।

राजभण्डारी, वि. (२०६५) **गर्भदेखि मरणोपरान्तसम्मको संस्कार**, काठमाडौं : गीता राजभण्डारी।

राजवंशी, ल. (२०६५). **नेवार सांस्कृतिक चिनारी**, ललितपुर : नागार्जुन पब्लिकेशन प्रा. लि.।

वस्ती, प्र. (सं). (२०६३). **कानून सम्बन्धी केही ऐतिहासिक अभिलेखहरू**, काठमाडौं : कानून व्यवसायी क्लव।

प्रकाश, ति. (२०६३). **नेवाः र संस्कार**, काठमाडौ : जगतलक्ष्मी स्मृति समाजका लागि कृष्णप्रसाद कायस्थ।

सुवेदी, म. (२०५६). **हिन्दू विवाहको इतिहास**, ललितपुर : श्रीमती सानुमैया सुवेदी।

श्रेष्ठ, प. (११२५). **नेवार**, काठमाडौं : स्यस्यः समाज।

Pandey, R. (2013). **Hindu samskaras**, Varanasi : Motilal Banarsidass Publishers Pvt. Ltd.


## स्रोत व्यक्तिहरू

| | | |
|---|---|---|
| विष्णु सुवाल | सुनमाया सुवाल | सुनकेशरी ग्वाछा |
| तुल्सीनारायण सुवाल | पुण्यश्वरी सुवाल | डा.सत्यनारायण सुवाल |
| सुलोचना अवाल | राज्यलक्ष्मी सुवाल | राज्यलक्ष्मी कुम्पाख |

# भक्तपुर नगरपालिकाको कभर्ड हल बनाउने चाहना



श्यामकृष्ण खत्री
वडाध्यक्ष, भनपा ९

नेपाल मजदुर किसान पार्टीले २०७४ सालमा जारी गरेको निर्वाचन घोषणापत्रमा युवाहरूलाई मद्यपान र धुम्रपानलगायत कुलतबाट बचाउन वडाको टोल टोलमा खेलकुदको विकास गरी समाज परिवर्तन गर्ने उद्देश्य राखेको छ । समय बित्दै गएको छ तर कोभिड–१९ र कभर्ड हल बनाउन भक्तपुर नगर पालिकाको आफ्नो जग्गा नभएको कारण खेल विकासमा समस्या आइरहेको छ ।

भक्तपुरमा खेलाडी छन्, नगरपालिकाको चाहना छ, उद्देश्य राखेको छ तर कभर्ड हल र खेल मैदान बनाउन जग्गा छैन । नेपालको सानो जिल्ला र सानो नगरलाई खेलकुदको गन्तव्य स्थल बनाउन नगरपालिका र जनप्रतिनिधिहरूको मन भए पनि जग्गा नहुनु ठूलो समस्या छ । नगरपालिकाले दिँदै आएको ६ वटा खेल प्रशिक्षणबाहेक नगर भित्रका टिम क्लबहरूले खेलको प्रशिक्षण र प्रतियोगिता गर्न भाडामा लिएर प्रतियोगिता गर्न मिल्ने खालको जग्गाको पनि अभाव छ ।

भक्तपुर नगरपालिकाले महेश्वरी खेल मैदान, शहीद स्मृति खेल मैदानलाई स्तरोन्नति गर्ने चासो देखाएको छ तर प्राविधिक कारणले गर्दा जग्गा भएर पनि कभर्ड हलविहीन बन्नुपर्ने पीडा भक्तपुरका खेलाडीहरूलाई छ । भक्तपुरका विभिन्न खेलका प्रशिक्षकहरू, बुद्धिजीवीहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूको माध्यमबाट भक्तपुरलाई चिनाउने प्रयास गर्दैछन् । भ.न.पा. ले लिवाली क्षेत्रमा कभर्ड हल उपभोक्ता समिति मार्फत निर्माण गर्दैछ । त्यस्तै प्रदेश सरकारको रु. ५० लाख आर्थिक सहयोगमा बेखाल कभर्ड हलको प्राविधिक रूपमा इष्टिमेट र डिजाइनको काम पनि निर्माण गर्ने तयारीमा छ । कमलविनायक कभर्ड हल स्तरोन्नति गरी बक्सिङ रिङ्ग व्यवस्थापन गर्ने तयारी गर्दैछ ।

सिद्धपोखरीको उत्तरतर्फको खेलमैदानलाई घेरावार लगाई खेल्न योग्य बनाइसकेको छ । विश्वभरी फैलिएको कोभिड–१९ ले गर्दा अहिले बन्द छ ।

मैदान नहुनुको पीडा खेलाडी र राष्ट्र तथा अन्तर्राष्ट्रिय खेलाडीहरूलाई मात्रै थाहा छ । राष्ट्रिय खेलकुद परिषद काठमाण्डौंबाट १३ किलोमिटर मात्र टाढा रहेको भक्तपुरलाई राज्यले ध्यान दिएको छैन । जिल्ला खेलकुद समितिका पदाधिकारीहरू भागबन्डामा सीमित छन् । जसको सरकार उसैको जिल्ला खेलकुद भएको अवस्थामा खेलाडी र खेलमैदानको लागि चासो दिएको छैन ।

शहीद स्मृति खेलमैदानलाई रु. २ करोड र महेश्वरी खेलमैदानलाई रु. १ करोड ५० लाख बजेट छुट्याय पनि स्तर उन्नति गर्न सकिरहेको अवस्था छैन । भलिबल खेलको लागि उपत्यकामा शहीद स्मृति खेलमैदानजस्तो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलको लागि उपयुक्त खालको भौतिक अवस्था अन्त कहिँ नभएकोले त्यसलाई कभर्ड हल नै बनाउनु उपयुक्त हुन्छ ।

देशका युवा वर्गलाई खेलप्रति आकर्षित गराई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतिस्पर्धामा उत्रनको लागि दक्ष बनाउने उद्देश्यका साथ भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रमा लगानी गर्दै आइरहेको छ । यसका लागि आवश्यक भौतिक पूर्वाधार, खेल सामग्री, स्वास्थ्य उपकरण, प्रतिस्पर्धात्मक खर्च, व्यवस्थापकीय खर्च, यातायात खर्च, खेलाडीलाई दिइने सुविधा आदिको व्यवस्था गर्न भक्तपुर नगरपालिकाले वार्षिक प्रतिवेदनका साथै बजेटको व्यवस्था गर्दै आइरहेको छ ।

वर्तमान स्थितिमा सामान्य रूपमा मात्र खेलकुद गतिविधि सञ्चालन गर्न, भएका भौतिक पूर्वाधारहरूलाई सुधार गर्न आर्थिक पक्ष सबल एवं सक्षम हुन आवश्यक छ ।

भक्तपुर नगरपालिकाभित्र विद्यमान भौतिक पूर्वाधारहरूमा भक्तपुर नगरपालिकाले सञ्चालन गर्दै आएको ६ वटा खेलहरूको प्रशिक्षण खेल मैदानहरू व्यवस्थित नहुँदा प्रशिक्षार्थीहरूको खेल फस्टाउन सकिरहेको छैन । प्रत्येक प्रशिक्षणमा ३० जनादेखि ४८ जना प्रशिक्षार्थीहरू छन् । कभर्ड हल र खेलमैदान बनाउने आशामा रहेका प्रशिक्षक, खेलाडीहरू विस्तारै पलायन हुँदैछन् । नगरपालिकाको प्रयासले मात्र अपुग छ । राष्ट्रिय खेलकुद परिषदका प्रशिक्षकहरूबाट जिल्लामा प्रशिक्षण गराउन आवश्यक छ । खेलकुद परिषदका विभिन्न खेलका प्रशिक्षकहरूलाई सम्बन्धित जिल्ला सङ्घहरू सँग समन्वय गराई प्रशिक्षण गराउन आवश्यक छ । परिषदले सबै जिल्लाहरूमा भौतिक निर्माण गर्न स्थानीय तहसँग समन्वय गर्नु आवश्यक छ । नियमित अभ्यास र प्रतियोगिता नहुँदा खुम्चिएर बस्नु पर्ने बाध्यता खेलाडीहरूको छ । मैदानको अभावमा पिल्सिएको छ ।

भक्तपुर नगरपालिकाले शुरुदेखि नै सभ्य, सुसंस्कृतिक समाज निर्माण गर्न विद्यालयलाई प्रारम्भिक थलोको रूपमा लिई लुकेर रहेका प्रतिभाहरू प्रस्फुटन गराउन अग्रसर रहेको र भूमिका निर्वाह गरिरहेको छ । त्यसको निम्ति खेल क्षेत्र सक्रीय पार्ने, अनुशासित बनाउने, खेल्ने र खेलाउनेका साथै नगरको कला संस्कृति र खेलकुदको विकासमा सहयोग पुऱ्याई सुसंस्कृत समाजको निर्माण हुन्छ भन्ने जनप्रतिनिधिहरूको विश्वास छ ।

शारीरिक रूपमा सुसङ्गठित बनाउने अभिप्रायले नगरपालिकाले २०७४ को चुनावपछि प्रत्येक वर्ष १४ ओटा खेलको प्रतियोगिता गर्दै आइरहेको छ । यसको लागि प्रतियोगिता आयोजना गर्ने विद्यालयहरूमा भौतिक पूर्वाधार बनाउने, मर्मत गर्ने कार्य गर्दै आइरहेको छ ।

खेलहरूमा विजयी हुने खेलाडी, विजयी र सहभागी विद्यालयहरूलाई समापन समारोहमा पुरस्कार र खेलकुद सामग्री वितरण गर्ने गर्दछ ।

भक्तपुर नगरपालिकाले खेल क्षेत्रको विकास गर्न पूर्वाधार निर्माण र योजना, नीतिगत सुधार, खेलाडीहरूलाई सामाजिक, व्यवहारिकका साथै सार्वभौमिकता रक्षाका लागि उत्प्रेरित, वृत्ति विकास, तालिम, सुविधा, पुरस्कार प्रोत्साहनलगायतका कार्य भक्तपुर नगरपालिकाको युवा तथा खेलकुद समिति नीति २०७४ बनाएर लागु गरेको छ ।

खेलकुद मन्त्रीको योजनामा भक्तपुरमा एक वर्षभित्र पूर्वाधार र नीतिगत काममा भौतिक संरचना निर्माण तथा स्तरोन्नतिलाई प्राथमिकता दिएको र काठमाण्डौं उपत्यकामा अन्तर्राष्ट्रिय स्तरको खेलकुद पूर्वाधारहरू ७ वटै प्रदेशमा बनाउने र ७ वटै प्रदेशमा आधुनिक सुविधा सम्पन्न रङ्गशाला निर्माण आरम्भ गर्ने कुरा उल्लेख छ ।

अन्तर्राष्ट्रिय स्तरको खेलकुद परिषद रङ्गशाला निर्माणका लागि भक्तपुरमा जग्गा प्राप्तिको प्रकृया प्रारम्भ भएको भन्ने भनाइ छ ।

चित्तपोलको भकारी मूल वा ताथलीको तेडोल र डाँडापाटी वा नंखेल सिपाडोल फाँटका दुई हजार रोपनी क्षेत्रफलमा अन्तर्राष्ट्रिय रङ्गशाला निर्माण गर्ने खेलकुद परिषदको निर्णय छ । तर स्थानीय जग्गावालाहरूले अन्तर्राष्ट्रिय रङ्गशाला राजमार्गबाट ३ किलो मिटर टाढा हुनुपर्ने साथै उक्त निर्णयले रङ्गशाला जस्तो ठूलो संरचनाले किसानहरू उठीवास हुने, धार्मिक सांस्कृतिक, मठ मन्दिरलगायत ध्वनि प्रदूषण हुने भएकोले सङ्घर्ष समितिबाट निरन्तर विरोध भइरहेको छ ।

यता प्रस्तावित अन्तर्राष्ट्रिय स्तरको रङ्गशाला बनाउन नेपाल सरकारले भक्तपुरको साविक सिपाडोल नंखेल, चित्तपोल, ताथली र सुडालको पूरै कृषि क्षेत्रमा आवास योजना सञ्चालन गरिएको छ ।

भक्तपुर नगरपालिकाले खेलाडीहरूले प्राप्त गरेको पदकलाई शैक्षिक उपाधिसँग मिलाउँदै खेलाडीहरूलाई खेलकुदप्रति समर्पित गराउँदै लैजाने उद्देश्य राखी विद्यालयहरूको पाठ्यक्रममा स्थानीय खेल अनिवार्य गरेको छ । यसले गर्दा खेलकुद विकासमा थप टेवा पुग्ने विश्वास लिएको छ ।

साग एसियाली तथा ओलम्पिक प्रतियोगितामा सहभागी भएका खेलाडीहरूलाई अन्तर्राष्ट्रिय खेलाडी र राष्ट्रिय प्रतियोगितामा सहभागी खेलाडीहरूलाई राष्ट्रिय खेलाडीको परिचयपत्र दिन नेपाल मजदुर किसान पार्टीले विधेयक नै दर्ता गराएको छ । नेपाल मजदुर किसान पार्टीले खेलाडीहरूलाई देशको सार्वभौमिकताप्रति समर्पित गराउनु पर्ने र नेपालको राष्ट्रिय खेलको नाम उल्लेख गर्नु पर्ने धारणा संसदमा राख्दै आएको छ ।

अन्तमा, भक्तपुरमा खेलकुद विकास गर्नुपर्ने र हुने कुरामा दुई मत नहोला । भक्तपुरका खेलाडी, निर्णायक र प्रशिक्षकहरू बिस्तारै व्यवसायिक बन्दै छन् । खेलकुदको आशातित विकास नहुनुको कारणमा खेलकुद परिषद र जिल्ला जिल्लाका खेलकुद विकास समितिहरू राजनैतिक छायामा परेको हुनाले खेलकुद क्षेत्रमा रहेका र आफ्नो जीवन खेलकुदमा समर्पित आदरणीय व्यक्तिहरूले बुझ्न आवश्यक देखिन्छ ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# प्रसिद्ध आविष्कारक : जेम्स वाट





राजेन्द्रबहादुर कायष्ठ

**विषय प्रवेश :** अहिले हामी औद्योगिक युगमा बाँचिरहेका छौं। विश्व औद्योगिक युगमा प्रवेश गर्नु अघि मानिसहरू आफ्ना दैनिक कार्यहरू सबैजसो आफैले गर्दथे। यसबाट हरेक काम गर्न धेरै दिन लाग्दथ्यो र मानिसको परिश्रम पनि बढी हुने गर्दथ्यो। यसबाट एउटा फाइदा प्राकृतिक सम्पदाको सन्तुलन बिग्रन पाएन। मानिसलगायत सबै सजीवहरूको लागि चाहिने प्राकृतिक सम्पदा प्रचुर मात्रामा उपलब्ध भइरह्यो। सन् १७६० बाट अमेरिकालगायत युरोपेली देशहरूमा भएको औद्योगिक क्रान्तिले विभिन्न यन्त्रहरूको आविष्कारले मानिसले हातबाट गर्ने कार्यहरू यन्त्रहरूबाट हुन थाल्यो। औद्योगिक क्रान्तिपछि हाते उत्पादन यान्त्रिक उत्पादनमा परिवर्तन भयो। सबभन्दा पहिला यन्त्रहरूबाट कपडा उत्पादन शुरु भयो। त्यसपछि विभिन्न यन्त्रहरूबाट प्राकृतिक सम्पदाको अत्यधिक प्रयोग गरेर धनी हुन र आर्थिक लाभ प्राप्त गर्ने कार्यको शुरुवात भयो। अठारौँ शताब्दीको मध्यतिर बेलायतमा विकास भएको औद्योगिक विकासले उसले विश्वका विभिन्न देशहरूमा उपनिवेश खडा गरी व्यापार व्यवसाय शुरु गऱ्यो। उसले उद्योगको लागि कच्चा पदार्थ प्राप्त गरी आर्थिक रूपमा प्रगति गर्न उत्तर अमेरिका, क्यारेबियन राष्ट्र, भारतीय महाद्विपलगायत विश्वका धेरै स्थानहरूलाई आफ्नो उपनिवेश बनायो। यस औद्योगिक क्रान्तिको शुरुवात वाष्प इन्जिनको विकासबाट भएको हो। औद्योगिक क्रान्ति ल्याउन महत्त्वपूर्ण योगदान वाष्प इन्जिनले गरेको थियो। विकसित वाष्प इन्जिनको आविष्कारक महान वैज्ञानिक जेम्स वाट (James Watt) थिए। पहिलो वाष्प इन्जिनको आविष्कार वैज्ञानिक थोमस न्युकोमेन (Thomas Newcomen) ले सन् १७१२ मा गरेका थिए। उनले बनाएको वाष्प इन्जिन सानो, हावाको चापबाट चल्ने र कम क्षमताको थियो। उनले बनाएको वाष्प इन्जिन खानीमा पानी झिक्नको लागि प्रयोग गरिन्थ्यो। यो एक किसिमको पानी तान्ने पम्पको रूपमा प्रयोग हुन्थ्यो। सन् १७६४ तिर यो वाष्प इन्जिनमा सुधार गर्न जेम्स वाटलाई जिम्मा दिइयो। यसलाई परिमाजर्नन गरी जेम्स वाटले शक्तिशाली वाष्प इन्जिन बनाए। सन् १८०० को शुरुमा जेम्स वाटले बनाएको वाष्प इन्जिन बेलायतको अधिकांश उद्योगहरूमा प्रयोग हुन थाल्यो।

**बाल्यकाल र शिक्षा :** जेम्स वाटको जन्म १९ जनवरी १७३६ Greenock, Scotland, United Kingdom मा भएको थियो। उनका पिता पेशाले सिकर्मी थिए। उनको परिवार आर्थिक रूपले धेरै सम्पन्न नभए पनि परिवार चलाउनको लागि पैसाको दुख थिएन। जेम्स वाटभन्दा पहिला जन्मेका सन्तानहरू विभिन्न रोगले मृत्यु भएको हुँदा, जेम्स गर्भमा रहँदा उनकी आमा धेरै चिन्तित थिइन्। जेम्स पनि जन्मेको केही समयमा नै विरामी भएका थिए। उनलाई बचाउन पनि परिवारलाई धेरै मुस्किल भएको थियो। आमाको धेरै मिहिनेत र स्याहार सुसारले जेम्सलाई हुर्काएका थिए। तैपनि जेम्स एकदम रोगी थिए। उनलाई समय समयमा कपाल दुख्ने, दाँत दुख्ने, ज्वरो आउने आदि समस्याले सताइरहन्थ्यो। उनी तीक्ष्ण बुद्धिका भए पनि बढी विरामी भइरहने हुनाले



बाल्यकालमा जेम्स वाफले कित्लीको बिर्कोलाई उचालेको अवलोकन गर्दै

विद्यालय जान सकेनन् । तैपनि उनको आमाले जेम्सलाई घरमा नै अध्ययन गराउन थाले । घरमा बस्दा बुबाले काठ सम्बन्धी विभिन्न औजारहरूको ज्ञान र आमाले घरायसी गणित र सङ्गीत सिकाउन थालिन् । जब जेम्स ११ वर्षका भए उनी स्वस्थ हुँदै गए । त्यसपछि उनलाई विद्यालयमा भर्ना गरिदिए । उनलाई विद्यालयको वातावरण रुचिकर भएन । उनी घरमा स्वतन्त्रपूर्वक सिकिरहेकालाई विद्यालयमा शिक्षकहरूले सिकाएको कुराहरूले त्यति प्रभाव पारेन । यसबाट उनी विद्यालयमा एक्लै हुन थाले । उनी साथीहरूसँग खेल खेल्ने, घुम्ने, रमाइलो गर्ने आदि कार्यहरूमा कम मात्र संलग्न हुन्थे । उनी उक्त विद्यालयमा २ वर्ष मात्र पढे । मानसिक तनावले उनले उक्त विद्यालय छोडे । त्यसपछि उनी नयाँ विद्यालयमा भर्ना भए । नयाँ विद्यालयमा उनी पढाइमा रमाउन थाले र ध्यान दिएर उत्साहसाथ पढ्न थाले । केही समयमा नै उनले गणितमा राम्रो ज्ञान प्राप्त गरे । घरमा पनि उनी काठ सम्बन्धी विभिन्न उपकरणहरू बिगारेर पुनः बनाउने र बुबालाई पनि ती औजारहरू प्रयोग गरेर सहयोग गर्दथे । यसबाहेक उनको रुचि नयाँ नयाँ उपकरणहरू बनाउनुमा थियो । यसमा उनको बुबाको कामले पनि फाइदा पुगेको थियो । उनको बुबा पनि सिकर्मी कामबाहेक पानीजहाज सम्बन्धी सामानहरू पनि बिक्री गर्ने गर्दथे । उनी पानी जहाजमा प्रयोग हुने  कम्पास, टेलिस्कोप आदि उपकरणहरू बनाउने र बेच्ने गर्दथे । जेम्सले पनि यी उपकरणहरू बारे धेरै कुराहरू सिक्ने मौका घरमा नै पाए । एकपटक जेम्स चिया पकाउने कित्लीमा पानी उम्लिरहेको हेरिरहेका थिए । उम्लिरहेको पानीले गर्दा कित्लीको बिर्कोमा बल परेको र बिर्को माथि उठिरहेको देखेर अचम्म माने । उनले बिर्को खोलेर बिर्कोमा एउटा कप राखिदिए । एकछिन पछि पानीको वाफले गर्दा कप उफ्रियो । कित्लीको टुटीबाट आउने वाफको वेगलाई राम्ररी अध्ययन गरे । यही घटनाले भविष्यमा परिमार्जित वाष्प इन्जिन बनाउनमा जेम्सलाई उत्प्रेरणा दियो ।



१७ वर्षको उमेरमा जेम्स पानी उम्लिरहेको कित्ली अवलोकन गर्दै

**सङ्घर्ष र सफलता** : सन् १७४२ मा जेम्स आफनो घर छोडेर ग्लासगोमा अवस्थित एउटा विश्व विद्यालयमा रोजगारीको लागि गए । उनको आमाको परिचित एक प्राध्यापक उक्त विश्वविद्यालयमा पढाउने गर्दथे । उक्त विश्वविद्यालयमा उनलाई यन्त्रहरू बनाउने काम दिइयो । उक्त काम गरेवापत उनलाई बस्न र काम गर्न एउटा कोठा दिइयो । पछि जेम्स वाटको कामबाट प्रभावित भएर एकजना वैज्ञानिक **रोबट डिक**ले जेम्सलाई वैज्ञानिक उपकरणहरू मिलाउने जागिर दिए । त्यहाँ पनि उनले नयाँ नयाँ उपकरणसम्बन्धी धेरै कुरा सिक्न पाए । तर उपकरणहरू बनाउने तालिम नपाए पछि उनी पुनः घर फर्के । तर उनका गुरुले उनलाई पुनः बोलाए र एकजना साथीकहाँ जागिरको साथसाथै तालिमका निम्ति सिफारिस गरेर पठाए । त्यसपछि सन् १७५५ मा आफ्नो गुरु डिकको सल्लाहअनुसार उनी लण्डनतर्फ लागे । तर लण्डनमा डिकको



जेम्सको पहिलो वाष्प इन्जिन



जेम्सको सुधारिएको वाष्प इन्जिन

साथीले उनलाई उपकरण सम्बन्धी तालिम दिन नसक्ने बताए । कोही परिचित नभएको लण्डनमा उनी कामको खोजीमा दिनभरि सडक, गल्लीका विभिन्न स्थानहरूमा घुमिरहन्थे । तैपनि उनले काम पाउन सकेन । यसै क्रममा उनले एउटा कार्यालयमा उपकरण सम्बन्धी तालिम लिन एक वर्ष निःशुल्क काम गर्नुपर्ने शर्तमा तालिम लिन पाए । यस्तो असामान्य शर्त भएपनि जेम्सले पित्तल सम्बन्धी काम गर्ने कम्पनीमा उपकरण सम्बन्धी तालिम लिन थाले । उनले एकवर्षमा नै आफ्नो प्रतिभा देखाए । त्यसपछि उनी उक्त कार्यालयमा प्रमुख उपकरण निर्माता भए । त्यहींबाट जेम्सले दुई वर्षमा उपकरण सर्वेक्षणकर्तामा स्नातक गरे । यसबेला सम्ममा जेम्सले केही नाम र दाम कमाउन सफल भइसकेका थिए । उनी कम्पनीमा रातदिन काममा खटिरहन्थे । यसले गर्दा उनको स्वास्थ्यमा नकारात्मक असर पर्दै गयो । सन् १७५६ मा उनको स्वास्थ्य एकदम गम्भीर भएकोले उनी आफ्नो घर फर्किए । घरमा केहीदिन आराम गरेपछि सञ्चो भयो र पुनः ग्लासगो गए । त्यहाँ उनले आफ्नो गुरु डिकलाई भेट गरे र त्यही उनीसँग उपकरण सम्बन्धी काम गर्न थाले । यसै क्रममा उनको रसायनशास्त्रका प्राध्यापक **जोसेफ ब्ल्याक** र गणितका विद्यार्थी **रोबिसन**सँग वर्कसपमा काम गरिरहेको बेला भेट भयो । जेम्सको कार्यबाट उनीहरू धेरै प्रभावित भए । उनीहरूबीच गहिरो मित्रता बन्यो । उनीहरूको सहायताबाट जेम्सले विश्वविद्यालयको चौरमा एक उपकरण पसल स्थापना गरे । उक्त पसललाई



जेम्सको प्रयोगशाला

विश्वविद्यालयले 'Mathematical instrument maker to the University' भनेर घोषणा गऱ्यो । जेम्स वाटको उपकरणको व्यापार राम्रो हुँदै गयो । उक्त पसलमा उपरकणहरूको साथसाथै विभिन्न वाद्यवादन सम्बन्धी सामग्रीहरू पनि बनाएर बिक्री गर्न थाले । यसबाट जेम्सको नाम र दाम दुवै बढ्न गयो । अब जेम्स एउटा यस्तो उपकरण बनाउन चाहे जस्ले विभिन्न कलकारखाना, खानी आदिमा क्रान्तिकारी परिवर्तन ल्याओस् ।

यसै क्रममा उनले थोमस न्युकोमेन र साभेरी (Savery) को वाष्प इन्जिनबारे गहन अध्ययन गरे । वास्तवमा त्यसबेलाका यन्त्रहरू प्रायःजसो हावाको वहावबाट चल्ने गर्दथ्यो । तर जेम्स मानिसको इच्छाअनुसार चल्ने इन्जिनको आविष्कार गर्न चाहन्थे । यसको लागि उनी रातदिन दिलोज्यानले निरन्तर खटिरहे । अन्तमा उनी वाष्प इन्जिन बनाउन सफल भए । उनले सन् १७६९ मा वाष्प इन्जिन यन्त्रलाई आफ्नो नाममा दर्ता गराए । यद्यपि उनले बनाएको इन्जिनमा पनि विभिन्न कमजोरी थियो । किनभने वाष्प इन्जिनका निम्ति प्रयोग गरिएको सिलिण्डरलाई चिसो हुन नदिइकन नै सिलिण्डरभित्र शून्यको स्थिति सृजना गर्नुपर्दथ्यो, जुन काम धेरै कठिन थियो । सन् १७६५ तिर एकदिन उनी बिहानीपख वाष्प इन्जिनको सुधारबारे सोच्दै घुमिरहेको बेला अचानक उनको दिमागमा नयाँ समाधान निस्क्यो । उनी तुरुन्त घर फर्केर आफ्नो सोच वाष्प इन्जिनमा प्रयोग गरेर अवलोकन गरे । उनले परिकल्पना गरेअनुसार वाष्प इन्जिनले काम गर्न थाल्यो । यसरी उनले शक्तिशाली वाष्प इन्जिन बनाउन सफल भए । उनले २९ वर्षको उमेरमा शक्तिशाली वाष्प इन्जिन बनाए पनि विभिन्न कारणले गर्दा उनको वाष्प इन्जिन ११ वर्ष सम्म उद्योगहरूमा प्रयोगमा ल्याउन सफल भएन । तर उनी निराश भएनन् । सन् १७६८ मा उनले एकजना उद्योगपति **बोल्टन** (Boulton) सँग भेट भयो । उनले आफ्नो उद्योगमा आधुनिकरण गर्न जेम्ससँग आग्रह गरे । जेम्सले उनीसँग २५ वर्ष सँगै काम गरे । उनको आर्थिक सहयोगले जेम्सले विभिन्न यन्त्रहरू बनाउनमा ठूलो सहयोग भयो । उनी जेम्सका एकदम मिल्ने साथीको रूपमा रहे । त्यसपछि जेम्सले स्कटल्याण्डभरिको नहरहरू सर्भे गर्ने काम गर्न गए । लगभग ६ वर्षमा उनले स्कटल्याण्डभरिका नहरहरूको नाप नक्सा गरे । नहरमा विभिन्न प्रविधिहरूको पनि सुधार गरे । यसै क्रममा उनले सन् १७७० मा दूरी र उचाइ नाप्ने यन्त्र माइक्रोमिटर आविष्कार गरे । सन् १७७५ मा उनले आफनो वाष्प इन्जिन प्रयोग गरेर खानीमा रहेको पानी तीव्र गतिले निकालेर सबै मानिसहरूलाई चकित बनाए । यसपछि उनको कार्यको प्रशंसा स्थानीय पत्रपत्रिकालगायत राष्ट्रिय पत्रपत्रिका व्यापक रूपमा भयो । यसपछि उनको यन्त्र कपास उद्योग, कपडा कारखाना आदि कारखानाहरूमा प्रयोग हुन थाल्यो । यसको प्रयोगबाट उत्पादन क्षमता अत्यधिक रूपमा बढ्न गयो । यसबाट जेम्स ब्रिटेनभरि प्रसिद्ध भए । उनले सन् १७८० मा अक्षरहरू प्रतिलिपी गर्ने Copying Machine आविष्कार गरे ।



जेम्सले आविष्कार गरेको Copying Machine



जेम्सको सम्मानमा बनाइएको प्रतिमा



बेलायतको बर्मिंगघामस्थित जेम्स वाट स्मृति कलेज

यसरी नै सन् १७८१ मा उनले अर्को नयाँ उपकरण जस्ले वाष्प शक्तिबाट पाङ्ग्रा चलाउन सफल भए। यसबाट रेलको आविष्कारमा सहयोग हुन पुग्यो। यसलाई उनले सन् १७८२ मा आफनो नाममा दर्ता गराए। सन् १८०४ मा उनले बनाएको वाष्प इन्जिनबाट ७० जना यात्रीहरू लिएर साउथ वेल्समा चलाएको वाष्प इन्जिन रेल मानव इतिहासमा ऐतिहासिक भयो।

**पारिवारीक जीवन :** उनको बुबा र आमाको नाम क्रमश MJames Watt, Agnes Muirhead थियो। उनी बाँचेका पाँचजना सन्तानहरूमा सबभन्दा जेठो थिए। उनी एक आविष्कारक, मेकानिकल इन्जिनियर र रसायनशास्त्री थिए। उनले पहिलो विवाह सन् १७६४ मा Margaret Miller सँग गरेका थिए। तिनको मृत्यु सन् १७७३ मा सुत्केरीको क्रममा भएको थियो। त्यसबेला जेम्स घरमा थिएनन्। तिनी एक कुशल महिला र सहयोगी श्रीमती थिइन्। उनी जेम्सको हरेक कार्यमा उत्साह दिने र असफलतामा पनि हौसला दिने गर्थिन्। तिनको मृत्युबाट जेम्स धेरै दुखी भए। सन् १७७७ मा जेम्सले Ann MacGregor सँग दोस्रो विवाह गरे। जेम्स वाटका पाँच सन्तानहरू Gregory Watt, Janet Watt, James Watt Junior, Charles Turner, Margaret Watt थिए।

**बुढेशकाल र मृत्यु :** उनी जीवनको उत्तरार्धमा पनि चुप लागेर बसेनन्। उनले विभिन्न कामहरू मा निरन्तरता दिँदै गए। उनले आफू बस्नको लागि एउटा नयाँ घर बनाएका थिए। जुन घरमा उनले जीवनको अन्तिम २० वर्ष बिताए। उनको शोख विभिन्न पुस्तकहरू अध्ययन गर्ने, विभिन्न उपकरणहरू बनाउने, नयाँ नयाँ अनुसन्धान गर्ने थियो। उनी घरको काम पनि फुर्सदमा गर्दथे। विशेषगरि फुर्सदमा घर वरिपरि वोटविरुवाहरू रोप्ने, बगैँचा सजाउने, गोडमेल गर्ने आदि खुब मन लगाएर गर्दथे।

जेम्सको वाष्प इन्जिनले मानिसको जीवनयापनमा आमूल परिवर्तन ल्याउनुको साथै मानिसहरूको काम गर्ने ढाँचामा पूर्ण रूपले परिवर्तन ल्यायो। घरमा हातले काम गर्ने मानिसहरू सङ्गठित भएर कारखानामा काम गर्न थाले। पहिले धेरै समय लाग्ने काम वाष्प इन्जिनले छिटो सकाउनमा सहयोग गऱ्यो। यसले औद्योगिक क्रान्तिमा ठूलो उत्प्रेरणा र सहयोग भयो। यसरी औद्योगिक क्रान्तिका प्रणेता जेम्स वाटको मृत्यु ८३ वर्षको उमेरमा २५ अगष्ट सन् १८१९ मा भयो। उनको पार्थिव शव उनकै मिल्ने साथी Boulton को समाधी नजिकै समाधिस्थ गरियो। सन् १९६० मा महान आविष्कारका जेम्स वाटको सम्मानमा अन्तराष्ट्रिय नाप तौल कार्यालयको ११ औँ सम्मेलनले सामर्थ्यको एकाइ Watt राख्ने निर्णय गऱ्यो। त्यसबेलादेखि हालसम्म सामर्थ्यलाई Watt एकाइमा नापिन्छ।

(तस्बिर : इन्टरनेट)

# कृषिमा नेपालकै लगानी आवश्यक



सबिन ख्याजू

### पृष्ठभूमि

कृषिमा वैदेशिक लगानीको लागि ढोका खोल्ने निर्णय बहसको विषय बनेको छ । नेपालको मन्त्री परिषद्को बैठकले निर्णय गरेसँगै त्यस सम्बन्धी ऐनलाई संशोधन गरेर २०७७ पुस २० गते राजपत्रमा सूचना प्रकाशित गरिसकेको छ । यो विषयमा कृषि क्षेत्रका धेरै पक्षले नकारात्मक प्रतिक्रिया दिएको पाइन्छ । २०७५ चैत्रमा आएको नयाँ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनले कृषिमा विदेशी लगानी पूर्णतः बन्देज गरेको थियो । नयाँ निर्णयअनुसार पशुपन्छी, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनसँग सम्बन्धित ठूला उद्योगमा विदेशी लगानी गर्न पाउने गरी र आफ्नो उत्पादनको कम्तीमा ७५ प्रतिशत निकासी गर्ने र बाँकी २५ प्रतिशत नेपालमै बेच्ने प्रावधान राखिएको छ । यसकारण अनेक प्रश्न उठेका छन् । नेपाली कृषकको अवस्था के हुन्छ ? कृषिमा नेपालीले गरेको लगानीमा कस्तो असर पर्छ ? कृषिमा आत्मनिर्भरता अब सम्भव होला ? आदि ।

### प्रविधि फैलावट

कृषिमा विज्ञान र प्रविधिको महत्त्वपूर्ण भूमिका हुन्छ । कृषि वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु नै प्राथमिक पक्ष हुन्छ । यसका लागि उन्नत जातको बीउविजन, सिँचाइ, रासायनिक र प्राङ्गारिक मल, कृषि सडक, यान्त्रीकरणलगायतका कृषि पूर्वाधारको व्यवस्थापन हुनु जरुरी हुन्छ । यो सँगसँगै व्यवस्थित अनुसन्धान र उपलब्धिको प्रयोग आवश्यकता रहन्छ । विदेशी पूँजी देशमा भित्रिंदा त्यससँग सम्बन्धित प्रविधि पनि सँगसँगै भित्रिने हल्ला धेरै गरिएको छ । तर, वर्तमान विज्ञान र प्रविधिको युगमा सरकारले चाहेको खण्डमा यी सबै प्रविधि सजिलै आयात गर्न वा नेपालमै विकास गर्न सकिन्छ । विदेशी लगानी भएमा मात्र कृषिका प्रविधि, बीउविजन, मेसिन आदि भित्रिन्छन् भन्ने गलत अवधारणा त्याग्न जरुरी छ ।




सरकारले अनुसन्धानलाई विशेष प्राथमिकता दिन सकेमा देशभित्रको परम्परागत ज्ञानलाई विकास गर्न सकिन्छ । नेपाली विषयविज्ञ युवा पुस्ताको विदेश पलायनले पनि सरकारले आवश्यक मञ्च प्रदान गर्न नसकेको प्रष्ट हुन्छ । अनुसन्धान केन्द्रहरूको विस्तार गरी बौद्धिक वर्गलाई नेपालमै टिकाइराख्नु पर्दछ ।

### उत्पादन बढ्नु आत्मनिर्भर हुनु होइन

कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि हुँदा त्यसको कारोबार रकम बढ्दै जान्छ वा अर्थतन्त्र ठूलो हुन्छ । पूँजीमा वृद्धि हुन्छ । कृषि वस्तुको उत्पादन वा यसको प्रशोधित वस्तुको व्यापारबाट हुने रकम कता जान्छ भन्ने मूल प्रश्न हो । यो सामान्य प्रश्न हो । नेपाली नागरिकले नेपालमा लगानी गरेमा त्यसको नाफा नेपालमै रहन्छ । अर्थात् पूँजीसँगै नाफा पनि नेपालको अर्थतन्त्रमा चलाएमान हुन्छ । विदेशी नागरिकले नेपालमा लगानी गरेको त्यो पूँजी नेपाली अर्थतन्त्रमा चलाएमान त हुन्छ तर अधिकांश भाग अर्थात् नाफाको ठूलो भाग ढिलो वा चाँडो विदेश जान्छ ।

नेपालको पूँजी लगानीले नेपालको जनसङ्ख्यालाई पुग्ने गरी खाद्य सामग्री उत्पादन गर्न सक्नु नै आत्मनिर्भरता हो । विदेशीले गरेको लगानीका कारण भएको पुग्दो उत्पादनको क्षणिक परिस्थितिलाई आत्मनिर्भरताको परिभाषा दिइनु हुन्न । विदेशी पूँजीको भरमा गरिएको लगानीमा पूर्ण विश्वस्त हुनु भविष्यमा डरलाग्दो हुन जान्छ । लगानी गरेको पूँजीले हात

झिकेमा त्यसबाट नोक्सान त पक्कै हुन्छ । यसर्थ, बरु नेपालका राष्ट्रिय पूँजीपति वर्गलाई आफ्नै देशभित्र लगानी गर्न प्रोत्साहन गरिनु राम्रो हुन्छ । यस्तो भएको खण्डमा पूँजी नेपालको अर्थतन्त्र ठूलो र दिगो बनाउन मद्दत पुग्छ ।

कृषिमा आधुनिकीकरण र व्यवसायिक बनाउन सकेमा उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ । नेपालको हावापानी सुहाउँदो थुप्रै जडिबुटी, फलफूल, तरकारी, पशुजन्य वस्तु आदिको प्रशस्त उत्पादन गर्ने र प्रशोधन गर्नु आवश्यक छ । अन्तर्राष्ट्रिय बजारमा यी वस्तुको निर्यात गर्न सक्ने धेरै सम्भाव्यता नभएको होइन । यसरी देशको आम्दानीलाई मजबुत बनाउन सकिन्छ । सरकारले प्राथमिकतामा राखेर काम गरेमा यो सम्भव छ ।




FDI अर्थात वैदेशिक प्रत्यक्ष लगानी

**नेपालमा लगानी किन ?**

नेपालमा अशिक्षा र बेरोजगारी दर व्यापक छ । नेपाली कामदारको ज्यालादारी निकै कम छ । सस्तो ज्यामीको रूपमा नेपालीलाई प्रयोग गर्ने विदेशी लगानीकर्ताको पहिलो उद्देश्य हो । कोभिड-१९ रोगका कारण विदेशमा कार्यरत लाखौं युवाहरू बेरोजगारको समस्या झेलिरहेका छन् । केही लाख युवाहरू मात्र नेपाल फर्केमा तिनीहरू पनि बेरोजगार रहने प्रवल सम्भावना रहन्छ । सरकारले पनि यो समस्या सम्बोधन गर्ने कुनै योजना बनेको सुन्नमा आएको छैन । विदेशी लगानीकर्ताले यसको फाइदा पक्कै उठाउने छन् । सरकार रोजगारी सिर्जना गर्न सकेको छैन । योजना पनि देखिन्न । सम्भवतः कोभिडका कारण फर्केका युवाहरूले रोजगारीको माग गर्ने सम्भावना देखेर नै विदेशी लगानीको विषय प्रवेश भएको हुनुपर्छ ।

**दोस्रो,** नेपालको बजारमा आफ्नो प्रभुत्व जमाउनु । नेपाली जनतालाई पुग्ने उत्पादन नेपालले गर्न सकेको छैन । विदेशी आयातले नेपाली बजारको अभावको आपूर्ति गरिरहेको छ । विदेशी उत्पादन ल्याउनुभन्दा नेपालमै उत्पादन, प्रशोधन र बिक्री गर्दा सस्तो पर्ने हुन सक्छ । यसको लागि ठूलो लगानी र प्रविधिको आवश्यकता रहन्छ । विदेशी लगानी ठूलो पूँजीको हुन्छ । नेपालको सानो पूँजीको उत्पादनले ठूलो पूँजीसँग प्रतिस्पर्धा गर्न असमर्थ हुने र अन्तिममा सानो पूँजी बाहिरिने सम्भावना हुन्छ । यसरी, नेपालको सम्पूर्ण अर्थतन्त्र विदेशी पूँजीमा निर्भर हुने र बजारमा विदेशी भाग बढी हुन जान्छ ।

**तेस्रो,** कृषि र कृषि उद्योगसम्बन्धि धेरै अनुसन्धानका कार्यहरू पनि सँगसँगै अगाडि बढ्छ । अनुसन्धानको उपलब्धिमा बौद्धिक अधिकार (प्याटेन्ट अधिकार) कसको हुने भन्ने प्रश्न उठ्छ । अनुसन्धानमा जसले लगानी गरेको हुन्छ त्यही व्यक्ति वा संस्थाले प्याटेन्ट अधिकारको हकदाबी गर्छ । नेपालको परम्परागत सीप र ज्ञानलाई वैज्ञानिक तवरले लिपिबद्ध गर्न सकिएको देखिन्न । यसलाई विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूसँग मिलान गरी अगाडि बढ्नु राम्रो हुन्छ । ठूलो लगानी भएका विदेशीले अनुसन्धान फाँटमा के नेपालीलाई राख्ला ? नेपालीलाई राखे पनि लगानीकर्ता व्यक्ति वा संस्थाले हक जमाउनेछ । नेपालको अनुसन्धान पक्ष कति सक्षम छ ? के अनुसन्धानबाट प्राप्त उपलब्धिमा नेपालले हक अधिकार लिन सक्ला ? यस विषयमा समयमै सोच्न आवश्यक छ ।

**चौथो,** नेपालको कृषि परम्परागत औजारले धानिरहेको छ । विदेशी लगानी भित्रिएमा ठूल-ठूला मेशिनहरू पनि प्रयोगमा आउने र उत्पादनमा व्यापक वृद्धि हुने भनिएको छ । सरकारले कृषिलाई आधुनिक र व्यवसायिक बनाउने कुरा गऱ्यो तर व्यवहारमा हुन नसक्दा विदेशी लगानीकर्तालाई फाइदा पुगेको छ ।

**निष्कर्ष**

नेपालको उत्पादनले नेपालीहरूलाई खुवाउन पुगेको छैन । गत आर्थिक वर्ष २०७६/७७ मा मात्रै दुई अर्ब तेह्र करोडभन्दा बढीको कृषि वस्तु आयात गरेकोमा त्रियासी करोडको मात्र निर्यात गरेको थियो । यस्तो व्यापार घाटाको स्थितिमा नेपालको उत्पादन र उत्पादकत्व बढाउनु आवश्यक छ । विदेशी लगानीले रोजगारी, प्रविधि आदि त बढ्ला तर नेपालको आफ्नै लगानीबाट यो सबै भएमा आत्मगौरवको अनुभूति हुनेछ । यसको लागि नेपाली पूँजीपति वर्गलाई नेपालमै लगानी गर्न प्राथमिकता दिइनुपर्दछ । आर्थिक रूपमा आत्मनिर्भर हुन व्यवस्थित योजना बनाएर अगाडि बढ्नु बुद्धिमानी हुन्छ ।

तस्बिरः इन्टरनेट

(khyajusabin@gmail.com)

# सगरमाथामाथि भारतीय विस्तारवादीको गिद्धे दृष्टि

भारतीय न्यूज च्यानलले नेपालको राष्ट्रियतामाथि आघात पुऱ्याउने गरी पुनः आपत्तिजनक रिपोर्ट प्रसारण गरेको छ । जी न्यूजका प्रधानसम्पादक सुधीर चौधरीलाई प्रधानमन्त्री केपी शर्मा ओलीले बालुवाटारस्थित निवासमा बोलाएर अन्तर्वार्ता दिएका थिए ।

यसअघि जी न्यूजले प्रधानमन्त्री केपी शर्मा ओली र नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीबीचको कपोलकल्पित सम्वादसहित आपत्तीजनक रिपोर्ट बजाएको थियो । त्यसको विरोधमा नेपालका केबल अपरेटरहरुले जीसहितका केही भारतीय च्यानलहरुको प्रसारणमा रोक लगाएका थिए ।

यसै विषयमा **'मजदुर'** दैनिकको सम्पादकीय (माघ १ गते) पाठकहरूको लागि साभार गरिएको छ –

अङ्ग्रेज उपनिवेशवादले भारतमा दुई सय वर्ष शासन




गऱ्यो । सन् १९४७ मा अङ्ग्रेज शासकहरू भारत छोडेर घर फर्के । अङ्ग्रेजहरूले भारत त छोडेर गए । तर, उनीहरूले आफूले बोकेको उपनिवेशवादी चिन्तन भने भारतमै छोडेर गए । अङ्ग्रेज शिक्षाविद् मेकाउले (Thomas Babington Macaulay) ले भारतजस्तो धेरै जनसङ्ख्या भएको देशमा बेलायतजस्तो सानो जनसङ्ख्या भएको देशले शासन गर्न भारतमै बेलायती चिन्तन बोक्ने मानिसहरू तयार गर्नुपर्ने विचार अघि सारेका थिए । उनको सोही विचारअनुसार अङ्ग्रेज उपनिवेशवादी सरकारले आफूजस्तै सोच्ने र आनीबानी भएका भारतीयहरू उत्पादन गर्ने शिक्षा नीति लागू गरेको थियो । मेकाउलेको शिक्षा नीतिअनुसार तयार भएका भारतीयहरू आफूलाई बेलायतीजस्तै ठान्थे र भारतीय जनता र भारतकै विरोधमा कुरा गर्न पाउँदा खुसी र गौरव मान्थे । अङ्ग्रेज शासकहरूले आफ्नो दिमागमा रहेको विस्तारवादी चिन्तन त्यस्ता भारतीय मध्यमवर्गमा प्रत्यारोपण गरेर फर्के ।

अङ्ग्रेज उपनिवेशवादीहरूले बिजारोपण गरेको यस्तो वर्ग आज पनि भारतमा बाँकी नै छ । हिजोका उपनिवेशवादीहरूजस्तै यो चिन्तन बोकेका भारतीयहरू आफूलाई व्यापक भारतीय जनताभन्दा अब्बल र सभ्य ठान्छन् । उनीहरू दक्षिण एसियालाई अङ्ग्रेज शासकहरूले जस्तै आफ्नो मौजा ठान्छन् । आज-भोलि भारतमा जिद्दी दाग बनेर रहेको यस्तो उपनिवेशवादी चिन्तन कहिले राजनीतिक नेतृत्व, कहिले व्यापारी समुदाय, कहिले सञ्चारमाध्यम त कहिले चलचित्र र गीतमार्फत पोखिने गरेको छ ।

हालै भारतीय टीभी च्यानल जी न्युजका प्रधानसम्पादक सुधीर चौधरीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आधारक्षेत्र पुगेर सो शिखरको नाम भारतीय सर्भेयर राधानाथ सिकदारको नाममा राखिनुपर्ने भनी गरेको दाबी पनि त्यही उपनिवेशवादी चिन्तनको द्योतक हो । भारतमा अङ्ग्रेज उपनिवेश शासन रहेको बेला गरिएको एक सर्भेले नेपालमा रहेको सगरमाथा नै संसारको सर्वोच्च शिखर भएको पत्ता लाग्यो । सो सर्भे गरेको संस्थाका तत्कालीन प्रमुख बेलायती नागरिक जर्ज एभरेस्ट थिए । उनैको नाममा सगरमाथाको नाम माउन्ट एभरेस्ट राखियो । यसरी नामकरण गर्न स्थानीय संस्कृति, भाषा, नामको कुनै पनि पर्वाह गरिएको थिएन । उपनिवेशवादीहरू त्यसरी नै निर्णय गर्थे । तिब्बती जनता सो शिखरलाई झोमोलोमा र नेपालीहरू सगरमाथा भन्छन् । यी दुवै भाषाका नाममा केही न केही स्थानीय अर्थ र महत्त्व छ । तर, स्थानीय संस्कृतिको दमनको जगमा उभिएको उपनिवेशवादले कुनै पनि स्थानीय संस्कृतिको सम्मान गर्न सक्दैन । विडम्बना ! अङ्ग्रेज उपनिवेशवादले छोडेर गएको त्यो चिन्तन आजका भारतीय सञ्चारकर्मीहरूमा बाँकी देखियो । जी न्युजका पत्रकार चौधरीले सगरमाथाको सर्भे भारतीय सर्भेयर कार्यालयका कर्मचारी राधानाथ सिकदारले गरेको हुनाले शिखरको नाम नै 'माउन्ट सिकदार' राख्नुपर्ने दाबी गर्नु अङ्ग्रेज उपनिवेशवादकै सिलसिला नभए के हो त ? एउटा उपनिवेशवादको ठाउँ अर्को उपनिवेशवादले लिँदा संसार कदापि पनि मानव समाजको लागि कलङ्क ठहरिएको उपनिवेशवादबाट मुक्त भएको मान्न सकिन्न । अङ्ग्रेज उपनिवेशवादको अवसान भएर अर्को भारतीय उपनिवेशवादको जन्म हुनु दक्षिण एसियाको लागि अफसोचको विषय हो ।

कुनै पनि ठाउँको नाम कोही उपनिवेशवादी प्रशासकको नाममा कायम राख्ने चलन भारतमा अद्यापि कायम छ । तर, कहिल्यै कुनै पनि उपनिवेशवादी शक्तिको उपनिवेश नभएको नेपाललाई उपनिवेशवादी शक्तिले राखेको नामलाई बोकेर हिँड्न स्वीकार्य छैन । सगरमाथाको नाम कोही पनि उपनिवेशवादी शक्तिसँग होइन, स्थानीय जनताको भावना र आस्थाको आधारमा पुकारिनुपर्छ । सगरमाथा या त सगरमाथा हो अथवा झोमोलोमा हो । यसमा कुनै पनि उपनिवेशवादी चिन्तन र विस्तारवादी आँखा गाड्नु नेपाली जनतालाई स्वीकार्य हुन सक्दैन ।

*(सम्पादकीय, मजदुर दैनिक)*

# भक्तपुर नपाको आठौं नगरसभाको बैठक र नियमावली पारित गर्दै






## तस्बिरमा केही गतिविधि



भक्तपुर नगर शिक्षा समितिका अध्यक्ष एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको नगर शिक्षा समितिको बैठक (पुस २० गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरभित्रका संस्थागत विद्यालयहरूका प्रधानाध्यापकहरूको बैठक (पुस २६ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा कृषकहरूको भेला । (पुस २१ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नपा क्षेत्रभित्रका पसल व्यवसायीहरूको भेला (पौष २३ गते)

# तस्बिरमा केही गतिविधि





भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायतबाट नगरका विद्यालय र कलेजको स्थलगत निरीक्षण (पुस १९ गते र २० गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र बुटवल उपमहानपाका उपप्रमुख गुमादेवी आचार्यबीच बुटवलमा भेट (माघ ९ गते)



नेपाल मजदुर किसान पार्टी स्थापना दिवसको अवसरमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा भनपा १ वडामा आँखा शिविर (माघ १० गते)

## तस्बिरमा केही गतिविधि



भक्तपुर लायकु, भन्डारखाल पोखरीस्थित चौकोट दरबारको एक खण्ड पुन:निर्माण पछि



नेमकिपा स्थापना दिवसमा भनपा १ वडा कार्यालयबाट आयोजित आँखा शिविर



वडा नं ५, योसिंख्योस्थित च्यासिंमण्डपको पुन:निर्माण सम्पन्न



# किम इल सङको संस्मरण शताब्दीका साथ




(भाग ९ (३)

## कमान्डर वाङलाई चोट र वान शानसँग भेट

सन् १९३६ को वसन्तयाम हाम्रो लागि असामान्य समय थियो। त्यो वसन्तमा हामीले धेरै काम गर्ने योजना बुनेका थियौं। एउटा नयाँ डिभिजनको गठन, पितृभूमि मुक्ति सङ्गठनको स्थापना, पेक्डुसान आधारक्षेत्र बनाउने तयारी आदि आदि। फुसोङ क्षेत्रको मानशान र अन्य ठाउँमा भएका महत्त्वपूर्ण घटनासँगै हामीले नचिताएका धेरै नयाँ जिम्मेवारी हाम्रो काँधमा आइलाग्यो।

ती सबै जरुरी काम फत्ते गर्न हामीले दिलोज्यान लगाएर काम गर्नुको विकल्प थिएन।

तर, ती दिनमा हाम्रो वरपर विकसित परिस्थितिले हामीलाई श्वास फेर्ने ठाउँसमेत दिइरहेको थिएन। फुसोङ क्षेत्रमा सक्रिय दुई ओटा शक्तिले हामीलाई दखल पुऱ्याइरहेका थिए। ती दुवै शक्ति हाम्रो लागि काममा अवरोध बनेका थिए। एउटा शक्ति कठपुतली 'मन्चुको प्रहरी'को 'दण्डकारी' शक्ति थियो जसको नेतृत्व कमान्डर वाङले गरेका थिए। अर्को शक्ति वान शुनले नेतृत्व गरेको जापानविरोधी विद्रोहीहरूको सङ्गठन थियो।

'दण्डकारी' शक्तिको आफू नै सर्वेसर्वा भएको दाबी गर्दै वाङले आफ्नो नामअघि 'कमान्डर'को उपमा जोड्ने गरेका थिए।

कमान्डर वाङ पहिले युद्धसरदार झाङ चाओ-लिनको सेनामा काम गर्थे। त्यही बेलादेखि नै उनी 'डाँकाहरूलाई धूलो चटाउन' मा निपुण थिए। सेप्टेम्बर १८ को घटनापछि ताङ चु-ऊले सङ्गठित बनाएको आत्मरक्षा सेनामा सामेल भएर उनी केही समय जापानीहरूविरुद्ध लडे। दक्षिणी मन्चुरियातिरको हाम्रो अभियानको क्रममा हामीले उनीसँग राम्रो सम्बन्ध गाँसेका थियौं। तर, आत्मरक्षा सेनाबाट अलग भएलगत्तै उनले जापानी सेनासामु आत्मसमर्पण गरे र कठपुतली मन्चुकोको प्रहरी बलका कमान्डर बने। ताङ चु-ऊ चीनमा भासिएपछि आत्मरक्षा सेना विघटन भयो। जापानी साम्राज्यवादको इमानदार सेवकको नाताले कमान्डर वाङले 'दण्डकारी' जिम्मेवारीमा आफ्नो पूर्ण क्षमता प्रदर्शन गरेका थिए।

'दण्डकारी' कारबाहीबाट उनी कहिले पनि रित्तो हात फर्केका थिएनन्। उनले सधैँ शत्रुको विनाश गरेका थिए। शत्रुका टाउका वा कान काटेर उनी आफ्ना मालिकलाई बुझाउँथे। जापानीहरू उनको कामबाट मख्ख पर्थे र प्रशंसा गर्थे। अनि पुरस्कारस्वरुप बक्सिस दिन्थे। वाङ शुनको सेनालाई सम्भव सबै उपाय लगाएर उनी हायलकायल पार्थे। फुसोङ क्षेत्रमा सक्रिय जापानविरोधी चिनियाँ राष्ट्रिय शक्ति वाङको छायाँले मात्र पनि डराउने गर्थे। ती चिनियाँ राष्ट्रवादी सिपाहींहरू वाङको सेनालाई 'फुसोङका रि तो सन' भन्थे।

छिमेकी आन्टु प्रान्तमा रि तो सन नामको मान्छे मार्ने उद्दण्ड जल्लाद थियो। जिआनडाओभरि उसको अत्याचार, निर्ममता र दुष्ट चरित्र कुख्यात थियो। कमान्डर वाङ रि तो सनभन्दा जापानीहरूप्रति कम बफादार थिएनन्।

त्यो वसन्तयाममा कमान्डर वाङ नै हाम्रो बाटोको प्रमुख अवरोध र मुख्य शत्रु बनेका थिए।

कमान्डर वाङजत्तिकै हाम्रो गतिविधिको लागि अवरोध बनेको थियो– वान शुनको राष्ट्रिय मुक्ति सेना। फुसोङमा पुग्दा हामीले वान शुनको सेनालाई हाम्रो सहयोगी बनाउने विचार गरेका थियौं। तर, त्यो मान्छेले हामीलाई शत्रुलाई जस्तै व्यवहार गरे। मानशानमा बाल टोलीका सदस्यहरूको लागि लुगाफाटा लिएर फर्किने क्रममा किम सन होलाई ती पहाडी विद्रोहीहरूले लुटेका थिए। पहाडी विद्रोहीहरू वास्तवमा डाँका दल बनिसकेका थिए। हाम्रा साथीहरू उनीहरूको व्यवहारबाट यति वाक्क दिक्क भइसकेका थिए, धेरै पटक उनीहरूले पहाडी विद्रोहीहरूको प्रतिकारसमेत गरिसकेका थिए। यद्यपि उनीहरूले सचेततापूर्वक नै विद्रोहीहरूलाई कुनै सजाय गरेका थिएन। यसले केही समस्या सिर्जना गरेको थियो। बेकारको टाउको दुखाइको अवस्था बनेको थियो।

'कोर्यो लाल सेना जसलाई पनि सजिलै माफी दिने सोझा प्राणी हुन् । उनीहरू गरिब जनताको सम्पत्तिमा हातपात गर्छन् । उनीहरूले हाम्रो दुःख र समस्या कहिले पनि बुझ्न सक्दैनन् । उनीहरू अर्कै थरीका मानिसहरू हुन् र हामीलाई कहिल्यै पनि बुझ्न चाहँदैनन्', पहाडी विद्रोहीहरूबीच यस्तो हल्ला व्यापक प्रचार गरिएको थियो । हाम्रो एकाइका कोही सिपाहीं एक्लै भेटे पनि उनीहरू हमला गर्थे । हामीले साझा मोर्चा बनाउन चाहेको वान शुन नेतृत्वको एकाइको व्यवहार हामीप्रति त्यस्तो कठोर थियो । हो, यही नै त्यत्तिबेलाको हाम्रो मुख्य समस्या बनेको थियो ।

त्यत्तिबेलाको परिस्थिति सन् १९३२ को अप्रिल २५ का दिन जिआनडाओमा हामीले गुरिल्ला सेना गठन गर्दाको परिस्थितिसँग मिल्दोजुल्दो भएको हामीले अनुभव गर्‍यौं । यद्यपि, भर्खर बामे सर्दै गरेका ती दिनभन्दा पछिल्लो समयमा हामी निकै बलियो भइसकेका थियौं, हाम्रो सैनिक शक्तिलाई जनताले स्वीकार गरिसकेको थियो । त्यसकारण हामीबाट दुवै कमान्डर वाङ र कमान्डर वान शुन सजग थिए । कमान्डर वाङ शत्रु शिविरका मान्छे थिए भने कमान्डर वाङ शुन हाम्रै मोर्चामा हुनुपर्ने मान्छे थिए ।

त्यो ज्यादै अहम् महत्त्वको समयमा हामीले तय गरेका लक्ष्य हासिल गर्न आइपरेका ती अवरोधलाई पन्छाउन हामीले के गर्नुपर्थ्यो ? निकै सोचविचार पछि मैले कमान्डर वाङसँग सम्बन्ध सुधारको प्रयास गर्ने निधो गरेँ । उनीमाथि हमला नगर्ने नीति अङ्गीकार गरेँ । अनि कमान्डर वान शुनसँग संयुक्त मोर्चा बनाउन आवश्यक कदम चाल्न थालेँ ।

मैले कमान्डर वाङको नाममा निम्न बेहोराको एउटा पत्र लेखेँ :

*'...हामी एकअर्कामा अपरिचित छैनौँ । तपाईँले मलाई राम्ररी चिन्नुभएको छ र मैले पनि तपाईँलाई राम्ररी जानेको छु । त्यसकारण म आफ्ना कुरा प्रष्ट शब्दमा लेख्छु : जापानीहरू हाम्रा साझा शत्रु हुन् । मान्चुको सेना र प्रहरीले हामीलाई कुनै हानि नोक्सानी नपुर्‍याएसम्म उनीहरूसँग लड्ने हाम्रो कुनै योजना छैन । तपाइँ हाम्रा शर्तमा सहमत हुनुभए तपाइँको नेतृत्वमा रहेको प्रहरी र तपाइँको क्षेत्राधिकारभित्रका प्रहरी चौकीहरूमाथि हामीबाट कुनै हमला नहुने विश्वास दिलाउन चाहन्छु । म तपाइँसमक्ष शान्तिको प्रस्ताव गर्न चाहन्छु ।...'*

मेरो पत्रको पहिलो अनुच्छेदमा हामीले उनीसमक्ष राखेका शर्तहरू उल्लेख थिए । हाम्रा शर्तहरू भन्नाले पहाडी विद्रोहीहरूविरुद्ध उनको 'दण्डकारी' हमला बन्द हुनुपर्ने, पर्खालले घेरिएका नगर र गाउँमा आउजाउमा खुला हुनुपर्ने, जनक्रान्तिकारी सेनाका राजनीतिक गतिविधि त्यस्ता नगर र गाउँमा गर्न दिनुपर्ने, जनक्रान्तिकारी सेनालाई समर्थन र सहयोग



किम इल सङ मुक्तियुद्धका बेला सैनिक र राजनैतिक अधिकारीहरूलाई प्रवचन दिनुहुँदै

गर्ने देशभक्तहरूमाथिको दमन रोक्नुपर्ने र कैदी बनाइएका देशभक्तहरूलाई तत्काल रिहा गर्नुपर्ने आदि थिए । मैले कमान्डर वाङले हाम्रा शर्तको पालना गर्दासम्म फुसोङ काउन्टीमा सकेसम्म 'सार्वजनिक शान्ति' मा कुनै पनि खलल नपुग्ने विश्वास दिलाएँ ।

केही दिनपछि मैले उनको एउटा जवाफी पत्र पाएँ । उनले पत्रमा मेरो प्रस्तावप्रति पूर्ण सहमत भएको र हामीले अघि सारेका सबै शर्त पनि स्वीकार्य भएको बताए ।

यसप्रकार दुवै पक्षबीच एउटा गोप्य शान्ति सहमति भयो । केही समयसम्म त्यो सहमतिको इमानदारीका साथ पालना पनि भयो । कुनै प्रकारको द्वन्द्व पनि भएन ।

कमान्डर वाङले पहाडी विद्रोहीहरूको 'सफाया' गर्न रोके, उनको नियन्त्रणमा रहेका पर्खालले घेरिएका नगर र गुचमुच परेका गाउँहरूमा हाम्रा गतिविधि गर्न वा हाम्रा सम्पर्क व्यक्तिलाई बस्न सहज बनाए, कोरियाली देशभक्तहरूमाथिको दमन र गिरफ्तार पनि कम गरे ।

हामीले पनि उनको कमान्डमा रहेका एकाइहरूमाथि हमला रोक्यौँ र उनको क्षेत्रमा शान्ति विथोल्न बन्द गर्‍यौँ । सन् १९३६ को अप्रिलमा 'मिनसाएङदन' का केही सिपाहींहरूमाथि हमला गरी ध्वस्त बनाएपछि मैले मेरा केही मित्रहरूलाई त्यहाँबाट हतियार लिएर आउन खटाएँ । मैले उनीहरूलाई पर्खालले घेरिएको फुसोङ नगरको बाहिर मात्र लडाइँ गर्न र हतियार कब्जा गर्न आदेश दिएको थिएँ । अनि फुसोङ काउन्टीको शान्तिमा खलल नपुर्‍याउन उनीहरूलाई निर्देशन दिएको थिएँ ।

वाङ मूर्ख थिएनन् । उनी ज्यादै चलाख र संवदेनशील व्यक्ति थिए । जिआनडाओ र उत्तरी मन्चुरियामा हाम्रा गतिविधिबारे उनी पूर्णतः सजग थिए । त्यही भएर उनले सुरुदेखि नै हामीलाई उत्तेजित बनाउने काम गरेका थिएनन् ।

फुसोङमा हाम्रो उपस्थितिबारे सूचना पाउना साथ उनले आफ्ना मान्छेहरूलाई भनेका थिए,'कोर्या लालसेना' सँग कुनै मुठभेद नगर्नू ।' उनले त्यसो भनेको कुरा मलाई सुनाइएको थियो । 'उनीहरूलाई चलाउने थोरै मात्र असावधानी गरे तिमीले आफ्ना छाला पनि जोगाउन सक्ने छैनौ । उनीहरू सानो शक्ति हो भनेर जथाभावी हमला नगर्नु । सबभन्दा उत्तम उपाय भनेको उनीहरूसँग आमनेसामने नै नपर्नु हो । आफू नजित्ने कुनै पनि लडाइँमा हात नहाल्नू', वाङले आफ्ना मान्छेहरूलाई भनेका थिए । खाकी पोशाक लगाएका हाम्रा लडाकुहरूलाई कतै देखे कमान्डर वाङका मानिसहरू उनीहरूलाई नदेखेजस्तो गरी तर्केर जान्थे । कालो पोशाक लगाएका पहाडी विद्रोहीहरू देख्दा भने उनी सधैँ हमला गरिहाल्थे । वान शुनको एकाइको तुलनामा मेरो व्यक्तिगत कमान्डमा भएको एकाइ त्यत्ति ठूलो शक्ति थिएन । वान शुनको एकाइमा एक हजारभन्दा बढी लडाकु थिए । कमान्डर वाङबाट मेरो एकाइको तुलनामा वान शुनका पहाडी विद्रोहीले बढी क्षति भोग्नुपरेको थियो ।

वान शुनको एकाइको सुरक्षाबारे शान्ति सहमतिमा मैले रक्षात्मक शर्त राख्नुको कारण जापानविरोधी शक्तिलाई रक्षा गर्नु र बलियो बनाउनु थियो ।

सन् १९३०–दसकको पछिल्ला वर्षमा जापानविरोधी चिनियाँ राष्ट्रवादी एकाइहरू शिथिल अवस्थामा थिए ।

वाङ डे–लिन, ताङ जु–ऊ, ली तु, सु बिङ–वेन लगायतको नेतृत्वमा रहेका एकाइहरू नै राष्ट्रिय मुक्ति सेनाका मुख्य शक्तिहरू थिए । ती सबै एकाइहरू कोही शानहाईक्वान र कोही सोभियत सङ्घ भएर चीन फर्किसकेका थिए । वाङ डियान–याङ र डियान चेनको नेतृत्वमा रहेका प्रमुख जापानविरोधी शक्तिहरूलाई सेनाले ध्वस्त बनाइसकेको थियो । आफ्नो देशको रक्षाको निम्ति ती शक्तिहरूका लडाकुहरू अन्तिम एक जनामात्र बाँकी भएसम्म पटक–पटक रक्तपातपूर्ण युद्ध लडिरहे ।

डिङ चाओ, वाङ यु–जेनलगायतको नेतृत्वमा रहेका केही लडाकु समूहहरूले भने शत्रुसामु आत्मसमर्पण गरेका थिए ।

फुसोङ र लिनजियाङ काउन्टीका सीमावर्ती क्षेत्रमा सक्रिय वाङ शुन नेतृत्वका धेरै स–साना एकाइका सिपाहींहरू र त्यसका जनसङ्गठनहरूले पनि आत्मसमर्पण गरिसकेका थिए । सन् १९३५ को ग्रीष्मयाममा मा सिङ–शानको एकाइबाट आत्मसमर्पण गरेका ९० जना मानिसहरूलाई स्वागत गर्न शत्रुले चुशुइतानमा एउटा भव्य कार्यक्रमको आयोजना गरेको थियो ।

राष्ट्रिय मुक्ति सेनाका बाँकी एकाइहरू विभिन्न स–साना समूहहरूमा छिन्नभिन्न भइसकेका थिए । फलतः पहाडी क्षेत्रमा शत्रुको प्रतिरोध ज्यादै कमजोर भइसकेको थियो । कुनै–कुनै समूहहरू त स–साना डाँका दलमा परिणत भइसकेका थिए ।

यस्तो परिस्थितिमा केही कम्युनिस्टहरूले जापानविरोधी एकाइसँग संयुक्त मोर्चालाई बेवास्ता गर्ने अनि कतिले त अनावश्यक समेत ठानेका थिए । त्यो अवस्था कायम नै रहे जापानविरोधी हाम्रो संयुक्त मोर्चामा स्थिरताको कमी हुने पक्का थियो ।

कमान्डर वाङसँग शान्ति सम्झौतापश्चात हामी संयुक्त मोर्चाको पहलको लागि वान शुनको सम्पर्कमा पुग्यौँ । मेरो एकाइमा वान शुनको पहाडी विद्रोही एकाइमा काम गरेका एक जना बूढो मान्छे थिए ।

मैले उनलाई आफ्नो पत्र पुर्‍याउन वान शुनकोमा पठाएँ । पत्रमा लेखेको थिएँ –

*'...तपाइँको नाम हाम्रो क्रान्तिकारी सेनामा निकै लोकप्रिय छ । हामी फुसोङ आइपुग्दैमा तपाइँलाई भेट्न चाहेका थियौँ र कठपुतली मन्चुको सेना र जापानीहरूविरुद्ध संयुक्त*

*सङ्घर्ष गर्ने विषयमा कुराकानी गर्न चाहेका थियौँ । तर, हामीले एकआपसमा भेट्नुअघि नै हामीबीच भएको अनपेक्षित द्वन्द्वको कारण हामी त्यो काममा सफल हुन सकेनौँ । यो कुरामा हामीलाई अफसोस लाग्छ ।*

*हाम्रो एक जना राजनीतिक कमिसारले केही पहाडी विद्रोहीहरूसँग सोधपुछ गरेका थिए । क्रान्तिकारी सेनाको रसदपानीमाथि लुटपाट गर्न आएको बेला उनीहरू पक्राउ परेका थिए । सोधपुछको क्रममा ती विद्रोहीहरू केही महिनाअघि हाम्रै एकाइबाट भागेको र डाँका दलमा सामेल भएको खुलेको थियो ।*

*तथापि, तपाईँका मानिसहरू काममा लागेको बेला हाम्रा मानिसहरूले हमला गरेको हल्ला फैलाइएको थियो । यो सबै शत्रुको काम हो । शत्रु हामीबीच एकता नहोस् भन्ने चाहना राख्दछ ।*

*म हाम्रा दुवै पक्षका सेनाबीचका सबै असमझदारी र अविश्वास मेटियोस् भन्ने चाहन्छु । एकआपसमा भएका खराब भावना र शत्रुता हटोस् भन्ने चाहन्छु । हामी एकआपसका सहयोद्धा कमरेड, दाजुभाइ बनौं र जापानविरुद्ध एकजुट भएर लडौँ ।'*

वान शुनले हाम्रो प्रस्ताव लत्याइदिए । उनले कुनै जवाफ नै पठाएनन् । उनको मौनताले हामीसँगको सहकार्य नगरी पनि आफ्नो काम फत्ते गर्न सक्षम हुने उनको सोचाइ बुझ्न सकिन्थ्यो । फुसोङ क्षेत्रमा विकसित अवस्थाले पनि उनलाई त्यस्तो निष्कर्षमा पुग्न टेवा पुर्‍याएको हुनुपर्छ । हामीसँगको शान्ति सहमतिअनुसार नै कमान्डर वाङले वान शुनका एकाइ र अन्य जापानविरोधी शक्तिहरूमाथि हमला बन्द गरेको थियो । वाङले आफ्नो 'दण्डकारी' कार्यलाई पहिलेजस्तै निरन्तरता दिए जस्तो गरे पनि खासमा उनले आक्रामक कारबाहीहरू सबै बन्द गरिसकेका थिए । त्यही भएर वान शुन नेतृत्वको पहाडी विद्रोहीहरूको सानो एकाइले पनि आफ्नो बलबुतामा काम गर्न सक्ने अनुभव गर्न सकेको थियो । त्यो अवस्थामा फाटफुट गतिविधि गर्न उनीहरूलाई उत्साहित बनाएको थियो । यद्यपि, हामीले एकभन्दा बढी पटक चेतावनी दिएको हुनाले हामीलाई क्षति पुर्‍याउन उनीहरू अनकनाउन थालेका थिए ।

वान शुनसँग हामीले साझा मोर्चा बनाउन नसके पनि हामीले स्थायित्व भने हासिल गरेका थियौँ । हामीलाई न वाङ न वान शुनको एकाइले नै कुनै किसिमको व्यवधान पुर्‍याउन सके । हामीलाई अब आफ्ना गतिविधिमा ध्यानकेन्द्रित गर्न सजिलो भएको थियो ।

मानजियाङ र दायिङमा पनि हामीले कठपुतली मन्चुकोका स्थानीय सैनिक र प्रहरीसँग शान्ति सम्झौता गर्‍यौँ र हस्तक्षेप नगर्ने प्रतिबद्धता पायौँ ।

सन् १९३६ अप्रिलको अन्त्यमा हामी मानजियाङमा पुग्यौँ ।

लगभग ३० जना प्रहरीहरू त्यहाँ बसेका थिए । त्यत्ति सानो शक्तिलाई हामीले सजिलै नष्ट गर्न सक्थ्यौँ । तर, हामीले कुनै सैनिक हमला गरेनौँ । हामीले हाम्रोतर्फबाट एक जना प्रतिनिधि पठाएर प्रहरीसँग संवाद गर्‍यौँ ।

हामीले भन्यौँ : हामीले तिमीहरूलाई छुने छैनौँ । के तिमीहरू हामीलाई यो गाउँमा बस्न दिन्छौ ? तिमीहरूले हामीलाई नदेखेजस्तो गरी हामीलाई आफ्नो गतिमा छोडिदिनुपर्छ । तिमीहरूलाई तिम्रा माथिका अधिकारीहरूले दोष लगाए, गुरिल्ला सेना तिमीहरूभन्दा बलियो भएकोले त्यसो गर्नुपरेको जवाफ दिनू ।

प्रहरी हाम्रो प्रस्तावमा सजिलै सहमत बन्यो । हमला नगरी हामी सम्झौतामा आएकोले उनीहरू हामीप्रति आभारी थिए । रि तोङ हकले प्रहरी दलबाट नजिकै एउटा घरमा मेसिन गन राखे र नागरिक पोशाकमा त्यहाँ चौबीसै घण्टा पहरा बस्न लडाकुहरूलाई खटाए ।

मानजियाङमा मैले तोङजियाङमा बस्न तय भएको बैठकमा प्रस्तुत गर्न अधिकांश दस्तावेज तयार पारेँ । पितृभूमि पुन:स्थापना सङ्गठनको स्थापनासँगै सम्बन्धित दस्तावेजहरूको लेखन कार्य त्यहीँ भयो । शत्रुबाट हमलाको कुनै खतरा नभएको हुनाले म त्यो काममा दत्तचित्त भएर लाग्न पाएँ र काम पनि चाँडै फत्ते भयो ।

हामीसँग लड्न अनकनाउने शत्रुप्रति हामी सहज र सहिष्णु थियौँ । शत्रुप्रतिको हाम्रो त्यस्तो नीति हामीले जापानविरोधी सशस्त्र सङ्घर्ष सुरु गरेदेखि नै फलामे नियमको रूपमा कायम गरेका थियौँ । जापानविरोधी सशस्त्र सङ्घर्षको पूरा अवधिमा कोरियाली जनक्रान्तिकारी सेनाले यो सैनिक अनुशासनको कडाईका साथ पालना गरे ।

हामीले एकअर्कालाई मार्न हतियार कहिल्यै पनि उठाएनौँ । हामीले आफ्नो प्रतिरक्षाको लागि मात्र हतियार चलायौँ । **'हाम्रो मातृभूमि र देशवासीको रक्षा'** हाम्रो सङ्घर्षको यो नै लक्ष्य र गन्तव्य थियो । शत्रुलाई सजाय दिन आवश्यक भएको प्रमाणित भए पछि मात्र हामीले हतियार चलायौँ । हाम्रो देशमाथि आफ्नो कब्जा जमाउने क्रममा शत्रुले हाम्रो देशलाई दबाएको थियो र हाम्रा देशवासीको जीवन र सम्पत्तिमाथि क्षति पुर्‍याएका थिए ।

हाम्रो सेनासँग भएका न्यायका तरवारले बाँचिरहनुको अर्थ भएकाहरूलाई उदार मनले रक्षा गर्थ्यो भने बाँचिरहनुको कुनै अर्थ नभएका जाली र आक्रामक शत्रु उनीहरूमाथि निर्मम

र निश्चित सजाय दिने गर्थ्यो ।

वसन्तयाममा मौन जस्तै बसेको कमान्डर वाङले गर्मीयाममा केही कारणले चिनियाँ जापानविरोधी एकाइहरूविरुद्ध 'दण्डात्मक कारबाही' थालनी गऱ्यो । धेरै सम्भव उनीमाथि फुसोङ काउन्टी नगरमा रहेका जापानी सेना र अर्ध–सैनिक प्रहरीले दबाब दिएको हुनुपर्छ । चिनियाँ जापानविरोधी एकाइका सिपाहींहरूका काटिएका टाउका फुसोङका टेलिग्राफका खम्बामा झुण्ड्याइएको अवस्थामा देखिन थाल्यो । वान शुन नेतृत्वका धेरै एकाइका सिपाहींहरूले त्यो सेना छोड्न थाले । जापानविरोधी राष्ट्रिय मुक्तिको विचारप्रति पहाडी विद्रोहीको स्वार्थी, अल्पदृष्टि र जुम्सो चरित्रको पुनरावृत्तिले हामीलाई वाक्क बनाएको थियो, किनभने हामी जापानविरोधी सेनासँग सहकार्य गर्न कडा मिहिनेत गरिरहेका थियौँ । यदि हामीले वाङको 'दण्डात्मक कारबाही' रोक्न नसके वान शुनको सेनालाई विघटनबाट रोक्ने कुनै अर्को बाटो थिएन ।

त्यो परिस्थितिमा मैले कमान्डर वाङलाई दोस्रो पटक चिठ्ठी लेखें । चिठ्ठीमा मैले लेखें, *'...तपाइँको नेतृत्वमा रहेको प्रहरी बलले पहाडी विद्रोहीहरूविरुद्ध 'दण्डात्मक' कारबाही पुनः थालनी गरेको अशुभ समाचार प्राप्त गऱ्यौँ । यदि यो सत्य हो भने तपाइँले हामीसँग गर्नुभएको वचन तोड्नुभएको छ ।*

*म तपाइँलाई यो विषयमा गम्भीरतापूर्वक विचार गर्न आग्रह गर्छु । नत्र तपाइँले वाचा तोड्नुभएको कारण तपाइँप्रतिको सम्मान धमिल्याउनु हुनेछ ।*

*याद राख्नुहोला, असुझबुझपूर्वक आक्रामक र प्रतिरोधी सेनाको सन्दर्भमा हाम्रो सहिष्णुता लागु नहुने कुरा मनमा राख्नुहोला ।...'*

एक साता बितिसक्दा पनि मेरो चेतावनीको कमान्डर वाङबाट जवाफी पत्र पाइनँ । वान शुनको सेनामाथि उनको 'दण्डात्मक' कारबाही रोकिएको थिएन । उनले भनेको हुनुपर्छ : 'तिम्रा चेतावनीबाट मलाई गलाउन सक्दैन । म कायर होइन । म तिम्रा चुनौती सामना गर्न तयार छु ।'

फुसोङ काउन्टीको रणनीतिक ठाउँमा क्वाङतुङ सेनाबाट सयौँ 'दण्डात्मक' सिपाहींहरू थपिए । वाङ पहिलेभन्दा अझ बढी आक्रामक भए ।

जुलाईको सुरुमा मैले वाङलाई फेरि एक पल्ट चेतावनी दिएँ ।

मैले सबभन्दा पछिल्लो पत्र पठाएको चार वा पाँच दिनपछि दाचियानचाङ नजिकै वान शुन सेनाको शिविरमा वाङको सेनाले अचानक हमला गरेको समाचार आयो । मेरो पत्रको जवाफ पठाउनुको सट्टा उनले झन् वान शुनको शिविरमा पो हमला गरे । त्यत्तिबेला हामी फुसोङ र लिजियाङ काउन्टीहरूको बीच सीमा क्षेत्रको एउटा जङ्गलमा बसेका थियौँ ।

वाङको यस्तो व्यवहारले म र मेरा सहकर्मी कमरेडहरूलाई आक्रोशित बनायो । जापानी मालिकको नियन्त्रणमा रहेका कठपुतली मन्चुको प्रहरी बलको एक जना कमान्डरबाट अन्तिम घडीमा कम्युनिस्टहरूप्रति आफ्नो वचन इमानदारीका साथ पालना गर्ने आशा र अपेक्षा गर्नु सम्भव थिएन ।

तथापि, उनीहरू चिनियाँ भएको र त्यसै कारण उनीहरूका आफ्नै स्वार्थ भएको कुरालाई हामी अस्वीकार गर्दैनौँ । उनीहरूका ती कारणमाथिको विश्वासमा मन्चुको कठपुतली सेनासँग हाम्रो मनोवैज्ञानिक युद्ध अन्तरनिहीत थियो । यही विश्वासकै कारण वाङलाई उत्साहित बनाउने र एक अर्काको मामिलामा हस्तक्षेप नगर्ने सहमति सम्भव भएको थियो ।

हामीले हाम्रो विश्वासमा लिएका 'दण्डकारी सेना'का मध्यम तथा तल्लो तहका अधिकांश सिपाहींहरू हाम्रो वचनप्रति इमानदार नै रहे । इमुमा संयोगवश मैले चिनेको कठपुतली मन्चुको सेनाको एक जना रेजिमेन्ट नेता र उनीहरूकै एक जना बटालियन कमान्डरले हामीलाई दापुचाइहेबाट 'तेइचुन' अखबारका प्रतिहरू नियमित पठाउने गर्थे ।

तर, मेरा पुराना परिचित वाङ भने आफ्नो वचनमा टिकेनन् । उनले हामीलाई दिएको वचन फाटेको जुत्ता जस्तै गरी मिल्काए । आफ्नो लक्ष्यप्रति बलियो विश्वास नभएको मान्छेको अन्त्य कदापि पनि सुखद् हुने गर्दैन । मलाई लाग्छ, वाङ जापानीहरूमाथि कोरियाली र चिनियाँहरूले विजय प्राप्त गर्न सक्नेमा कति पनि विश्वस्त थिएनन् ।

वाङको आततायी व्यवहारको लागि हामीले उनलाई कदापि माफ गर्न सकेनौँ । हाम्रो भद्रता र सद्भावको प्रत्युत्तरमा उनले हामीमाथि गोलीको वर्षा गरे ।

सोही क्रममा मैले किम सान होलाई भेटेँ र लगभग ३० जना अब्बल सिपाहींको छनौट गर्न आग्रह गरेँ । अब्बल सिपाहींहरूको त्यो टोलीलाई दसौँ रेजिमेन्टमा मिलाएर कमान्डर वाङलाई स्वाद चखाउन आदेश दिएँ ।

त्यही बेला हामीले हाम्रो मुख्य सेना गोप्य रूपमा सिनान्चा नजिक चुईचिशानमा साऱ्यौँ । सिनान्चा शत्रुको ठूलो केन्द्र त थिएन । तर, शत्रुको 'दण्डकारी' कारबाहीको त्यो महत्त्वपूर्ण आधार भने पक्कै थियो । त्यहाँ प्रहरी चौकी र आत्मरक्षा दलको पनि शिविर थियो ।

सिनान्चाको लडाइँमा हामीले शत्रुलाई हामीसँग गरेको वाचा तोड्नुको सजाय दिने योजना बनायौँ । हामीले सैनिक रूपमा शत्रुलाई घेर्ने निधो गऱ्यौँ । हाम्रो नयाँ डिभिजनलाई आवश्यक पर्ने हतियार पनि उनीहरूबाट नै कब्जा गर्ने सोच बनायौँ ।

हाम्रो नयाँ डिभिजन तोदाओ–सोङह्वा नदी र लाओलिङ नजिक मुख्य लडाइँहरूमा संलग्न थियो। लाओलिङको लडाइँ सफल भए हामीले धेरै हातहतियार कब्जा गर्न सक्थ्यौँ। लडाइँको लागि अन्तिम तयारी स्वरुप विस्तृत योजना बनाइसकेका थियौँ। तर, त्यही बेला एउटा दुर्घटना भयो। हाम्रो योजना विफल भयो। हामीले एम्बुस गाडेको ठाउँमा शत्रुको एक जना सिपाहीं लुकेर हेरिरहेको रहेछ। एम्बुस बिछ्याएको थाहा पाउनासाथ गोली हान्दै उनी पछि हटे। अलमलमा हाम्रा लडाकुहरूले पनि गोली हाने। त्यही क्रममा भएको हानाहानमा शत्रु पक्षका दर्जनौं सिपाहींको ज्यान गयो। कतिपय घाइते भए। तर, हामीले योजना बुनेअनुसारको लडाइँ भने हुन पाएन। लाओलिङमा हामीले शत्रुलाई गर्न चाहेको क्षति सम्भव नभएपछि त्यसको क्षतिपूर्ति हामीले सिनान्चामा गर्न योजना बनाएका थियौँ।

तिनताक हाम्रो टोलीमा एक जना चिनियाँ थिए। प्रहरी चौकीका प्रमुखको अत्याचारबाट रुष्ट भएर उनी सिनान्चाको कठपुतली मन्चुको प्रहरीबलबाट भागेर हाम्रो सेनामा भर्ती हुन आएका थिए। उनले प्रहरी प्रमुख निकै उद्दण्ड रहेको र स्थानीय जनताले उनलाई घृणा गर्ने गरेको सुनाए। उनी शत्रु सेनाको नियन्त्रणमा रहेको गाउँ र प्रहरीको लागि तानाशाह नै थिए। चिनियाँले निकै आक्रोशित भएर चीनको मुक्तिको लागि लड्नुअघि वाङ र प्रहरी चौकी प्रमुखको हत्या गर्न नै आफू गुरिल्ला सेनामा भर्ती भएको बताए। उनलाई गाउँको वस्तुस्थितिबारे राम्ररी थाहा थियो। उनको यही जानकारीले लाओलिङपछि सिनान्चामा लडाइँ गर्ने हाम्रो योजनामा ठूलो टेवा पुऱ्यायो।

सिनान्चामा हामीले मध्यदिनमै हमला गर्ने योजना तय गऱ्यौँ। मध्यान्ह र दिनको १ बजेको बीचमा प्रहरीहरू सबै खाना खान्थे र त्यत्तिबेला उनीहरू सबैले राइफल सफा गर्थे। राइफल सफा गर्न बन्दुकका पार्टपुर्जा निकालिएको बेला हामीले हमला गरे शत्रुबाट बलियो प्रतिरोध हुन सक्दैनथ्यो।

गुरिल्ला सिपाहींहरूले किसानहरूले लगाउने जस्तो परालको टोपी र लुगा लगाएका थिए। उनीहरूले किसानहरूले बोक्ने कृषि औजारहरू बोकेका थिए। उनीहरू चाँडै नै माटोले बनाएको पर्खाल छेउ पुगे र मूलद्वारबाट भित्र पसे। अनि अचानक प्रहरी चौकीमा चट्याङ जस्तै हमला गरे। शत्रुले बलियो प्रतिरोध नै गर्न सकेनन्। प्रहरी र चौकी प्रमुख सजिलै कब्जामा आए। आत्मरक्षा दलका केही सदस्यहरू पनि पक्राउ परे। लडाइँ जिते पछि हामीले प्रहरी चौकीको भवनअघि नै खुला दबु बनायौँ र त्यहीं सांस्कृतिक कार्यक्रम आयोजना गऱ्यौँ। कार्यक्रमको समापनपछि प्रहरी चौकीमा आगो लगायौँ र सिगाङतिर लाग्यौँ।

गिरफ्तार गरिएका प्रहरीलाई हामीले राजनीतिक शिक्षा दियौँ। अनि घर जान बाटो खर्च दिएर उनीहरूका गाउँतिर फिर्ता पठायौँ। एक जना बन्दीले त गुरिल्लाहरू कसरी गेटबाट भित्र पसे भनी सोध्दै थिए। हाम्रा सिपाहींहरूले आफूहरू 'उडेर पर्खाल नाघेको' बताए। ती बन्दीले राक्षस पनि यसरी पर्खाल नाघेर आउन सक्दैनथ्यो भन्दै थिए। हाम्रो काम देखेर उनी तीनछक परेका थिए।

प्रहरी चौकीमा भएको हमलाले वाङलाई मनोवैज्ञानिक रूपमा ठूलो चोट लाग्यो। हामीले गर्न खोजेका पनि त्यहीं थियो। आफ्नो इज्जत जोगाउन वाङले 'दण्डकारी' कारबाहीलाई आक्रामक बनाउन थालेका थिए।

किम सान हो आफ्ना तीस जना छानिएका मानिससँगै पहाडी विद्रोहीहरूका पोशाक लगाएर वाङलाई जिस्काउन फुसोङ काउन्टी सहरमा पुगेका थिए। किम सान हो आफै पनि पहाडी विद्रोहीका प्लाटुन कमान्डरको पोशाक लगाएर गएका थिए। वाङलाई जिस्काउने सबभन्दा अचुक तरिका भनेको कालो कपडा भएको हामीलाई राम्ररी थाहा थियो।

किम सान होको सानो टुकडी सहरको नजिकै एउटा गाउँमा राति पुग्यो। पहाडी विद्रोहीहरूले गर्ने गरेजस्तो उनीहरूले त्यहाँ एक जना किसानको घरबाट भकाभक सामानहरू बाहिर फालिदिए। अनि उनीहरू ह्वाङनिहेची गाउँमा पुगे। त्यहाँ पनि उनीहरूले गाउँलेहरूलाई त्यसरी नै अत्याए। अनि गल्छेडो हुँदै कसैले चाल नपाउने गरी गाउँको पछाडि पहाडी क्षेत्रतिर उक्ले।

गाउँमा 'पहाडी विद्रोही' आएको र पछि बेपत्ता भएको खबर पाए पछि वाङले भोलि बिहान सखारै ह्वाङनिहेचीतिर हतार–हतार आफ्ना लडाकाहरू पठायो।

'आत्तिनु पर्दैन', उनले गाउँलेहरूलाई पूरै आत्मविश्वासका साथ भने,'मेरो लागि मिठो खाजा पकाएर राख्नु र मलाई कुर्नु। ती डाँकाहरूलाई धूलो चटाएर म फर्किहाल्छु। उनीहरूका टाउका काटेर म यहीं आइपुग्नेछु। उपद्‌ग्राहा डाँकाहरू !' वाङले आफ्नो मान्छेहरूलाई 'पहाडी विद्रोही'हरू खोज्न लगाए। 'पहाडी विद्रोही'हरूले बाटोमा छोडेका पदचिह्न पछ्याउँदै उनीहरू पहाड उक्लिए।

वाङलाई सजाय गरिएको सिनान्चा र ह्वाङनिहेचीको लडाइँको चर्चा विस्तारमा हान सोल याले लेखेको **'हिस्ट्री'** (इतिहास) उपन्यासमा गरिएको छ।

वाङलाई सिध्याए पछि हामीले जापानी सेनासँग भिड्ने योजना बनाउन थाल्यौँ। हामीले फुसोङ काउन्टीलाई पूर्णतः हाम्रो नियन्त्रणमा राख्यौँ। हामीले हाम्रा गुप्त टोलीहरू परिचालन गरी चारैतिरको अवस्थाबारे सूचना सङ्कलन गर्न

थाल्यौं। त्यही क्रममा झण्डै ६० जना जापानी सिपाहींहरू फुसोङबाट लिनजियाङतिर डुङ्गामा आउँदै गरेको खबर प्राप्त भयो। मैले तत्कालै उनीहरू आउने बाटोमा धराप बिछ्याउन निर्देशन दिएँ। त्यो हमलाले पनि हामीलाई ठूलो सन्तोष दियो। अधिकांश शत्रु सिपाहींहरू त नदीमै डुबे। ध्वस्त भइसकेको डुङ्गामा बसेर त्यस्तै एक दर्जन सिपाहींले आफ्नो ज्यान जोगाए।

यस्ता पटक-पटकका लडाइँ पछि फुसोङ पूर्णतः हाम्रो नियन्त्रणमा आयो।

गर्मीयाममा हामीले केही समय दायिङमा बितायौं। त्यहाँ न्यानो पानी बग्ने एउटा खोला छेउ हामीले टहराहरू बनायौं। त्यहाँ बस्दा हामीले धेरै काम फत्ते गर्‍यौं। पितृभूमि पुनःस्थापना सङ्गठनका सहायक सङ्गठनहरूको गठन गर्‍यौं। फुसोङ र लिनचियाङका जङ्गलहरूमा गोप्य शिविरहरू र अस्पताल बनाउनुका साथै छापाखाना, सुचीकारको पसल, हतियार मर्मतसम्भारको ज्यासः आदि बनाउने काम पनि भयो।

हामीले शिविर बसालेको एउटा थुम्को पछाडि नै शत्रुको चौकी थियो। दायिङमा हामी पुग्ने बित्तिकै हामीले शत्रुलाई 'हामी केही समयको लागि नजिकैको न्यानो पानी बग्ने खोला छेउ बस्न लागेको, त्यसकारण हाम्रा सामू नआउन अथवा अन्यत्र कतै भाग्न' लिखित रूपमा जानकारी गरायौं। हामीले लेखेको पत्रमा उनीहरू जहाँ बसेका थिए, त्यहाँबाट अघि बढ्न नपाउने, हामीलाई खाँचो परेका सबै सामानको आपूर्ति निर्बाध पठाउनुपर्ने आदि शर्त राख्यौं। उनीहरूले यी सबै कुराको पालना गरे हामीले उनीहरूको सुरक्षा सुनिश्चित गर्न सक्ने पनि पत्रमा लेखेका थियौं।

शत्रुहरू नजिकै भए पनि उनीहरूले हामीलाई हमला गर्ने अथवा कतै भाग्ने हिम्मत गर्न सकेनन्। हामीलाई खाँचो पर्ने सामान आपूर्ति गर्नुपर्ने हाम्रो शर्त पनि उनीहरूले पूरा गरे। हामीले जुटका जुत्ता ल्याइदिन माग गर्दा उनीहरूले ल्याइदिए। हामीले मैदा ल्याइदिन आग्रह गर्दा उनीहरूले गाडामा राखेर मैदा पनि ल्याइदिए।

त्यही बेला वान शुनले कमान्डर वाङलाई क्षति पुर्‍याउन सफल भएकोमा खुशी व्यक्त गर्दै बधाई र शुभकामना सन्देश हामीलाई पठाए। पछि बूढा मान्छे (वान शुन) आफै हामीलाई भेट्न हामी बसिरहेको ठाउँमा आए। हामीले पत्र र सूचना दूतमार्फत् साझा मोर्चा बनाउने विषयमा प्रस्ताव पठाए पनि उनले त्यो प्रस्ताव स्वीकारेका थिएनन्। तथापि, उनी आफ्नै इच्छाले हामीलाई भेट्न न्यानो पानी बहने खोलामा आएका थिए। उनी त्यहाँ आउनु हाम्रो लागि आश्चर्यको विषय थियो। त्यसअघि हामी साझा मोर्चा गठनको विषयमा छलफल गर्न कमान्डर यु र ऊ यी चेङलाई भेट्न गएका थियौं। कमान्डर वाङलाई पन्छाए पछि सर्वत्र चिनिएका वान शुन हामीलाई भेट्न आफै आए।

पहिलो हेराईमा मैले वान शुन पचास वर्षभन्दा ज्येष्ठ पाएँ। उनका आँखा मधुरा थिए। अफिमको विषालु प्रभावको कारण त्यसो भएको हुनुपर्छ।

हाम्रो भेटघाटमा उनले भने, 'मेरो जापानविरोधी टुकडीका सबै सिपाहींको तर्फबाट तपाईँप्रति हार्दिक अभिवादन। वाङलाई पराजित गरेर कमान्डर किम तपाईँले हामीलाई निकै ठूलो गुण लगाउनुभयो। कमान्डर किम, म तपाईँलाई धन्यवाद व्यक्त गर्न आएको हुँ। म तपाईँसँग भातृत्वको सम्बन्ध जोड्न पनि आएको हुँ। विगतमा मैले गरेका मूर्ख व्यवहारका कारण भएका दुःखद् घटनालाई भुलिदिनुस्। म निकै टाढाबाट तपाईँलाई भेट्न यहाँ आएको छु। कृपया मसँग भातृत्वको सम्बन्ध (jiajiali) राखिदिनुहोला।'

वान शुनको आग्रहबाट केही बेर मलाई दिक्क पनि लाग्यो। मैले कमान्डर यु र ऊ यी चेङलाई साझा मोर्चाको निम्ति पठाएको प्रस्ताव उनलाई पनि पठाएको थिएँ र उनले त्यो स्वीकारेको भए उनीसँग मेरो भातृत्वपूर्ण (jiajiali) सम्बन्ध पहिले नै जोडिने थियो। मैले सुरुमा उनीसमक्ष प्रस्तुत गरेको प्रस्तावमा उनको जापानविरोधी एकाइले हामीसँग मैत्रीपूर्ण सम्बन्ध गाँस्नुपर्ने र मैत्रीपूर्ण शक्तिको व्यवहार गर्नुपर्ने उल्लेख थियो। त्यस्तै जापानी साम्राज्यवादीहरूसामू आत्मसमर्पण गर्न नपाउने, अनि जनताबाट सम्पत्ति लुटपाट गर्न नपाउने उल्लेख थियो। शर्तअनुसार हाम्रा कार्यकर्ता र सम्पर्क व्यक्तिलाई केही गर्न पाउँदैनथ्यो र हामीसँग नियमित रूपमा सूचना आदानप्रदान गर्नुपर्थ्यो।

वान शुनले यस पटक यी सबै प्रस्ताव सजिलै स्वीकार्दा म चकित परेँ। मैले ती सबै प्रस्तावको व्याख्या गर्दा उनले टाउको हल्लाउँदै सुने र भने, 'उत्कृष्ट विचार!' अथवा 'उत्कृष्ट व्याख्या!' परिणामतः केही घण्टामै हामीले साझा मोर्चा गठन गर्‍यौं र दुई ओटा सेना मित्र शक्ति बने।

त्यसपछि वान शुनले कहिल्यै पनि सम्झौता तोडेनन्। नानहुटो बैठकपछि कोरियाली जनक्रान्तिकारी सेनाको लागि कमान्डर वाङमाथिको हमला र वान शुनसँगको संयुक्त मोर्चा उल्लेखनीय कदम थिए। हामीले शत्रु सेनामाथि सैनिक रूपमा पनि अब्बलता देखाएका थियौं, त्यसकारण ती घटना महत्त्वपूर्ण थिए। पेक्दु पर्वततिर अघि बढ्न फुसोङ क्षेत्रमा टेक्ने बलियो आधार बनाउने हाम्रो अथक प्रयास पनि पूरा भएको थियो। कोरिया र चीनका जनता र देशभक्त शक्तिहरूबीच साझा मोर्चा बनाउने बाटोमा ती प्रयासहरूले कहिल्यै नमेटिने अमिट छाप छोड्न सफल भए। **(क्रमशः)**

(तस्बिर : इन्टरनेट) ***नेपालीमा अनुवाद : नीरज***

पुस्तक समीक्षा

# हेनरी किसिञ्जरको आँखामा चीन

एक शिक्षक



*(हेनरी अल्फ्रेड किसिञ्जर अमेरिकी राजनीतिज्ञ, कूटनीतिज्ञ तथा भूराजनीतिका सल्लाहकार हुन् । उनी संरा अमेरिकामा राष्ट्रपति रिचार्ड निक्सन र जेराल्ड फोर्डको राष्ट्रपतीय प्रशासनमा विदेश सचिव (मन्त्री) र राष्ट्रिय सुरक्षा सल्लाहकार बनेका थिए । सन् १९२३ मे २७ का दिन जर्मनीको बेभेरिया फुर्थमा जन्मेका किसिञ्जर १५ वर्षको उमेरमा नाजी आमनरसंहारबाट जोगिन परिवारसँगै संरा अमेरिकामा शरण लिएका थिए । भियतनाम युद्ध अन्त्य गर्न प्रमुख वार्ताकारको भूमिका निभाएबापत उनलाई १९७३ को नोवेल शान्ति पुरस्कार प्रदान गरिएको थियो ।*

*अमेरिकी राजनीतिमा किसिञ्जर एक विवादास्पद र ध्रुवीकृत व्यक्तित्वका रूपमा रहेका छन् । संरा अमेरिकाका धेरै पत्रकार, राजनीतिक कार्यकर्ता र मानव अधिकारवादी वकिलहरू उनलाई युद्ध अपराधी मान्छन् भने अरूले उनलाई संरा अमेरिकाका एक प्रतिबद्ध र प्रभावशाली विदेश सचिव, कूटनीतिज्ञ र अन्तर्राष्ट्रिय सम्बन्धका विद्वानका रूपमा लिन्छन् ।*

*तत्कालीन समाजवादी देश सोभियत सङ्घ र संरा अमेरिकाबीचको तनाव मत्थरका लागि खेलेको सकारात्मक पहल र जनवादी गणतन्त्र चीन र संरा अमेरिकाबीच कूटनीतिक सम्बन्ध स्थापनाका लागि उनले खेलेको महत्त्वपूर्ण भूमिकाका लागि उनलाई बरोबर स्मरण गरिन्छ । यहाँ किसिञ्जरको 'चीनबारे' (On China) पुस्तकको समीक्षा प्रस्तुत छ ।)*

... समाजवादी देश चीन, चिनियाँ क्रान्ति र चिनियाँ समाजवादबारे लेखिएका पुस्तकहरूको पनि कमी छैन । तर, तीमध्ये कतिपय यथार्थभन्दा पर तथा दोषपूर्ण छन् । कतिपय पुस्तकको आलोचनात्मक अध्ययन जरुरी हुन्छ । **'चीनबारे'** (On China) वरिष्ठ कूटनीतिज्ञ तथा संरा अमेरिकाका पूर्वविदेशमन्त्री हेनरी किसिञ्जरद्वारा लिखित पुस्तकको नाम हो । यसलाई पुरानो चीन र नयाँ चीनलाई चिनाउने पुस्तकभन्दा उपयुक्त होला । सन् १९७१ मा चीन र पश्चिमा देशबीच कसरी सम्बन्धको सुरुआत भयो र कसरी अगाडि बढ्यो भन्नेबारे बताउन तयार पारिएको संस्मरण र प्रत्यक्ष भोगाइमा आधारित पुस्तक हो यो । कूटनीति, विदेश नीति, रणनीति, सम्झौता आदि नै यस पुस्तकको मुख्य विषयवस्तु हो । विशेषगरी चीन र संरा अमेरिकाको सम्बन्धमा केन्द्रित पुस्तकले तत्कालीन विश्व राजनीति, शीतयुद्धकालीन परिवेश, दक्षिणपूर्वी एसियाको राजनीतिको सजीव दृश्य उतार्छ । सन् २०११ मा प्रकाशित यो पुस्तक जम्मा ५८६ पृष्ठ र १८ वटा अध्यायमा विभक्त छ ।

जनवादी गणतन्त्र चीनको इतिहास, उपनिवेशवादविरोधी सङ्घर्ष, समाजवादी क्रान्तिको विकास तथा विजय, समाजवादी निर्माणको आरोह–अवरोह, आर्थिक उन्नयनको नालीबेली आदिबारे असङ्ख्य लेखकले धेरै पुस्तक लेखेका छन् । तीमध्ये केही ख्यातीप्राप्त विदेशी लेखकहरू पर्दछन् । एक विदेशीको नजरमा चीन कस्तो छ, चीनले के गऱ्यो र गर्दै छ, चीन कतातिर जाँदै छ आदिबारे बुझ्न किसिञ्जरको **'चीनबारे'** अध्ययन गर्न सान्दर्भिक हुन्छ । चिनियाँ नेतृत्व कस्तो थियो, कसरी काम गऱ्यो, कसरी विकास भयो भन्नेबारे सदृश्य वर्णन यस पुस्तकले गर्दछ । चिनियाँ कम्युनिस्ट पार्टी के हो, कार्यशैली कस्तो छ र उद्देश्य हासिल गर्न क्रान्तिको नेतृत्व कसरी गर्दै छ भन्नेबारे गम्भीर अभिरुचि भएकाहरूका निम्ति यो एउटा छुटाउन




पहिलो संस्करणको आवरण

नमिल्ने पठन सामग्री हो भन्नु अत्युक्ति नहोला । अन्तर्राष्ट्रिय सम्बन्धको अध्ययनको क्षेत्रमा यो एउटा महत्त्वपूर्ण पुस्तक हो ।

संरा अमेरिकी पूर्वविदेशमन्त्री हेनरी किसिञ्जर अहिले ९७ वर्षका वयोवृद्ध भइसकेका छन् । उनले राष्ट्रिय सुरक्षा सल्लाहकार तथा विदेशमन्त्रीका रूपमा राष्ट्रपति रिचार्ड निक्सन र जेराल्ड फोर्डको कार्यकालमा सेवा गरे । पछि अरू धेरै राष्ट्रपतिलाई विदेश मामिलामा सल्लाह प्रदान गरे । उनको यस पुस्तकमा चीनले समाजवादी क्रान्ति सम्पन्न भइसकेपछि प्राप्त उपलब्धि जोगाउन र देशको रक्षा सम्बन्धमा चुनौती खडा हुँदा कसरी कूटनीतिक गतिविधि अगाडि बढायो, सङ्कट समाधानमा कसरी सुझबुझ तथा परिपक्वता देखाउँदै ठूला शक्तिसामु कसरी सामना गऱ्यो भन्नेबारे विस्तृत चर्चा छ । विशेषगरी तत्कालीन सोभियत सङ्घले चीनको भौगोलिक अखण्डतामाथि हाँक दिँदा चिनियाँ नेतृत्वले सन्तुलित कदम चाल्दै विपरीत विचारको संरा अमेरिकासँग कसरी कूटनीतिक सम्बन्ध स्थापित गरी सम्बन्ध अगाडि बढायो भन्नेबारे पनि यो पुस्तकले छर्लङ्ग पार्छ ।

जनवादी गणतन्त्र चीन र चिनियाँ नेतृत्वबारे अहिलेसम्म बाहिर नआएका कतिपय विषय, त्यससँग जोडिएका घटना–परिघटना पुस्तकमा प्रस्तुत गरिएका छन् । अध्यक्ष माओ त्सेतुङ र प्रधानमन्त्री चाउ एनलाइबारे यस पुस्तकले थप जानकारी दिन्छ । उहाँहरूको दृष्टिकोण, दूरदर्शिताबारेका अनगिन्ती दृष्टान्त, प्रसङ्ग, संवादले यस पुस्तकको ऐतिहासिक महत्त्व उजिल्याउँछ ।

पूर्वविदेशमन्त्री किसिञ्जरले पदमा रहँदा र नरहँदा गरेका ५० पटकभन्दा बढी चीन भ्रमण तथा चिनियाँ शीर्ष नेता तथा उच्चपदस्थ अधिकारीसँग भएका महत्त्वपूर्ण औपचारिक तथा अनौपचारिक भेटघाटको सार नै यो पुस्तक हो भन्नु समीचिन हुनेछ । अमेरिकी राष्ट्रपति र चिनियाँ राष्ट्रपतिबीच फरक–फरक समयमा भएका औपचारिक तथा अनौपचारिक वार्ता एवम् बैठक, दुई देशबीच भएका अन्य उच्चस्तरीय वार्ता, महत्त्वपूर्ण क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सवालमा भएका बैठकका क्रममा भएका आदान–प्रदान, मत–मतान्तर पुस्तकमा उल्लेख छन् ।

सन् १९४९ मा चीन मुक्त भए तापनि चीनले धेरै वर्षसम्म अन्तर्राष्ट्रिय सम्बन्धमा खासै चासो देखाउन सकेन या उल्लेख्य प्रगति गर्न सकेन । चीन तत्कालीन सोभियत सङ्घसँगको मित्रता, सहयोग आदान–प्रदानमा सीमित थियो । करिब बीस वर्षसम्म संरा अमेरिका र चीनबीच सम्बन्ध राम्रो थिएन । तीबीच शत्रुतापूर्ण वातावरण कायम नै रह्यो । सन् १९५० देखि १९५३ सम्म भएको कोरियाली युद्धका कारण यी दुई ठूला देशबीच दुश्मनी नै थियो । थाइवानको प्रश्नले दुवैलाई अलग्याइरह्यो । यही सवालले सबैभन्दा बढी दुवै पक्षविपरीत स्थितिमा थिए । विश्वमा चलिरहेको शीतयुद्धको प्रभाव मुख्य कारण थियो भन्नु अझ बढी वस्तुपरक तथा तर्कसङ्गत हुनेछ । यद्यपि, सन् १९७० पछि विश्वको एउटा महाशक्ति संरा अमेरिका र एसियाको विशाल देश चीनबीच संवादको थालनी भयो । त्यो संवादको सेतु किसिञ्जर थिए भन्नु अन्यथा हुनेछैन । आजभन्दा लगभग ५० वर्ष अगाडि राष्ट्रपति रिचर्ड निक्सनले जिम्मेवारी सुम्पेबमोजिम संरा अमेरिका र चीनबीच सम्बन्ध पुनः स्थापित गर्न किसिञ्जरले भगीरथ प्रयास गरे । त्यति ऐतिहासिक तथा अत्यन्त संवेदनशील अभिभारा एक वरिष्ठ अमेरिकी अधिकारी, एक जिम्मेवार सूचना संवाहक र एक विद्वानको नाताले पूरा गरेको किसिञ्जर बताउँछन् । त्यस क्रममा किसिञ्जरले आठजना अमेरिकी राष्ट्रपति र चार पुस्ताका चिनियाँ नेताहरूसँग व्यवहार गरे । यस यथार्थबाट पनि उनले निर्वाह गरेको जिम्मेवारी संवेदनशील हुनुका साथै जोखिमपूर्ण थियो भन्ने प्रस्ट हुन्छ । दुई देशका नेताहरूबीच कुराकानी हुँदा बनाइएको टिपोट सुरक्षित राखिएको र त्यसैको मुख्य आधारभूमिमा यो पुस्तक तयार भएको उनी स्वीकार्छन् । दुई भिन्न परिवेश, भिन्न संस्कृति र भिन्न सोचका साथै भिन्न उद्देश्य भएका दुई समाज र देशबीच काम गर्नु जोखिमपूर्ण तथा रोमाञ्चकारी हुनु अस्वाभाविक होइन भन्छन् उनी ।

विशेषगरी जनवादी गणतन्त्र चीन, संरा अमेरिका र सोभियत सङ्घबीचको त्रिकोणात्मक सम्बन्ध तथा द्वन्द्व वरपर यो पुस्तक घुम्छ । त्यस क्रममा विश्व राजनीति, कूटनीति, इतिहास र आर्थिक उतार–चढावका भिन्न आयामबारे छर्लङ्ग पार्दछ । जनवादी गणतन्त्र चीन किन र कसरी संरा अमेरिकासँग सम्बन्ध जोड्न तयार भयो ? सम्बन्धको विकासको नालीबेलीबारे यो पुस्तकले स्पष्ट पारेको अनुभूत हुन्छ ।

## चीनको इतिहास : सङ्क्षिप्त चर्चा

पुस्तकको पहिलो अध्यायमा चिनियाँ इतिहासको सङ्क्षिप्त चर्चा गर्दै चिनियाँ सभ्यताको विशिष्ट गुण, उपलब्धि तथा विश्व मानव सभ्यताको विकासमा चीनको देनबारे प्रकाश पारिएको छ । इतिहासमा चीनले गौरवशाली स्थान ओगटेको उल्लेख गरिएको छ । शाङ (Shang) वंश अर्थात आजभन्दा चार हजार वर्षभन्दा पहिला नै चिनियाँ लिपिको विकास भएको र त्यतिखेर ग्रीसका नगर–राज्यहरू र रोमको उदयसमेत भइनसकेको लेखक

बताउँछन् । चीनले असङ्ख्य गृहयुद्ध, हमला, उपद्रव, विपत्ति बेहोरेको र तत्पश्चात् एउटा न एउटा एकीकरणकारी शक्तिको पनि उदय भएको उनी बताउँछन् । *'चिनियाँ साम्राज्यको भूगोलमाथिको दाबी समुद्र किनारभन्दा पर गएन । सङ (Song) वंश (सन् ९६०-१२७९) को सुरुआततिर नै जलयात्रा र जलसेनासँग सम्बन्धित प्रविधिमा चीनले विश्वमा नेतृत्व गरिसकेको थियो । त्यो शक्तिको प्रयोग गरी चिनियाँ साम्राज्यले कब्जा र अनुसन्धान कार्य तीव्र बनाउन सक्थ्यो । यद्यपि, समुद्र पारी पुगेर उपनिवेश बनाउने र आफ्नो किनारा पार गरी अर्को देश पुग्न चासो देखाएन ।'* यसप्रकार लेखकले चीनको यथार्थ उजागर गरेका छन् । चीनले कन्फुसियस र बुद्धका विचार विदेश निर्यात गर्ने उद्देश्य नराखेको बारे सिलसिलेवार वर्णन गरिएको छ । मीङ वंश (सन् १४०५ र १४३३ को बीचतिर) मात्र चङ ह (Zheng He) जलयात्रामा निस्केको पाइन्छ ।



डु हाल्डे

आधुनिक युगको प्रारम्भिक कालतिरको चीनलाई देखेका पश्चिमा पर्यवेक्षकहरू चीनको शक्ति र भौतिक समृद्धिबाट अत्यन्त प्रभावित भए, ती आश्चर्यले चकित बने । फ्रान्सेली विद्वान डु हाल्डे (Du Halde,1674-1743) ले १७३६ मा लेखेअनुसार त्यतिखेर चीनको घरेलु व्यापार उत्कर्षमा पुग्दै थियो । सिङ्गो युरोपको व्यापार र चीनको व्यापार उस्तैउस्तै थियो ।



फ्रान्कोस क्विस्ने

फ्रान्सेली राजनीतिक अर्थशास्त्री फ्रान्कोस क्विस्ने (Francois Quesnay1694-1774) भन्छन्, *'यो राज्य विश्वकै सबैभन्दा सुन्दर हो भन्ने कुरा कसैले अस्वीकार गर्न सक्दैन । यो सबैभन्दा बढी जनसङ्ख्या भएको र समृद्धितर्फ लम्किरहेको देश हो । सारा युरोपेली देश एउटा सम्प्रभु भएमा मात्र चीनसँग बराबर हुनेछ ।'* चीनसँग व्यापार गर्न पश्चिमा देशहरू लालायित हुन्थे र ती अत्यधिक फाइदा हासिल गर्थे ।

यसै अध्यायमा लेखकले **कन्फुसियस**को विचारबारे छलफल गरेका छन् । रक्तपातपूर्ण युद्धको अन्त्यपश्चात् चीन फेरि एक ढिक्का भएर माथि उठ्यो । हान (Han) वंशले कन्फुसियसको विचारलाई राज्यको आधिकारिक दर्शनको मान्यता दियो । कन्फुसियसले मनुष्य जातिलाई आफैलाई चिन्न आह्वान गरे । सद्भावको वृद्धिका लागि कडा मिहिनेत गर्न उनले आह्वान गरे ।

**'अन्तर्राष्ट्रिय सम्बन्धको अवधारणा : पक्षपातविहीनता वा समानता'** उपशीर्षकमा लेखक किसिञ्जर चीनको विदेश नीतिको सङ्क्षिप्त इतिहासको झलक र दृष्टिकोण प्रस्तुत गर्दछन् । युरोप आधुनिक युगमा प्रवेश गर्नुभन्दा एक हजार वर्षअगाडि नै चीनले परीक्षा लिएर सरकारी कर्मचारी नियुक्त गर्ने परिपाटी बसालेको थियो । तसर्थ, विश्व व्यवस्थाबारे चिनियाँ नीति या अवधारणा युरोपको भन्दा निकै भिन्न थियो । सोह्रौँ र सत्रौँ शताब्दीतिर विदेश नीति सम्बन्धमा युरोपले आधुनिक अवधारणा निर्माण गरेको थियो ।

संरा अमेरिकाले आफ्ना मूल्य–मान्यताको अन्तर्राष्ट्रियकरण गर्न खोजेझैँ चीनले त्यस्तो प्रयास गरेन । आफूविरुद्ध हमला गर्न आउनेलाई ढोकैमा रोक्ने चीनको नीति रह्यो ।

## अफिम युद्धबारे

यस पुस्तकको दोस्रो अध्यायमा चीनको अन्तर्राष्ट्रिय सम्बन्ध विकासको प्रारम्भिक कालको सन्दर्भ उल्लेख गरिएको छ । विशेषगरी पुस्तकमा अफिम युद्धबारे चर्चा गरिएको छ ।

अठारौँ शताब्दीको अन्त्यतिर चीन एउटा बलियो साम्राज्यको रूपमा उदाइसकेको थियो । सन् १६४४ मा सुरु भएको छिङ (Qing) वंशले चीनलाई एउटा प्रमुख सैन्य शक्तिको रूपमा स्थापित गरिसकेको थियो । एसिया महादेशको प्रमुख शक्तिमात्र होइन चीन संसारको कुनै पनि साम्राज्यलाई चुनौती दिनसक्ने मुलुक बन्यो । चीनको शक्ति, वैभव तथा उन्नतिबाट पश्चिमाहरू आकर्षित हुँदै थिए । पश्चिमाहरूले विस्तारै विभिन्न गतिविधि गर्दै चीनलाई एउटा केन्द्रको रूपमा अगाडि बढ्न नदिने प्रयास गरे । नभन्दै पश्चिमाहरूले नयाँ औद्योगिक तथा वैज्ञानिक विकासको थालनी गरे, वाष्प इन्जिन तथा रेल्वेको विकास गरे, नयाँ औद्योगिक उत्पादन तथा पूँजीको विकास थाले ।

सत्रौँ शताब्दीको प्रारम्भतिर चीनको दक्षिण–पूर्वी भागमा युरोपेली व्यापारीको उपस्थिति बाक्लो हुँदै थियो । चिनियाँहरू तिनलाई 'पश्चिम समुद्रका बर्बरहरू' अथवा **'बर्बर व्यापारीहरू'** भन्थे । ती व्यापारीमध्ये अत्यन्त कमले

मात्र विरलै पेचिङसम्म जाने अनुमति पाउँथे। तिनलाई अति कडा कानुनले बाँधेको थियो। चिनियाँ निगरानीसमेत त्यतिकै कडा पारिएको थियो। पश्चिमा व्यापारीलाई चिनियाँ भाषा सिकाउन बन्देज लगाइएको थियो। चिनियाँ इतिहास र संस्कृतिसम्बन्धी पुस्तक पनि तिनलाई बेच्न पाइँदैनथ्यो। विशेष अनुमति प्राप्त स्थानीय व्यापारीको माध्यमबाट मात्र सम्पर्क गर्न मिल्ने प्रावधान थियो। व्यापारिक गतिविधि गर्न तिनीहरूका निम्ति क्यान्टन अर्थात क्वाङ्चाउ एउटामात्र खुला गरिएको थियो। अन्यत्र जाने अनुमति दिइएको थिएन।

सन् १७१५ मा छिङ वंशले पेचिङमा मस्कोको दूत राख्न अनुमति प्रदान गऱ्यो। कालान्तरमा त्यो राजदूतावासमा परिणत गरियो। **एक शताब्दीमा कुनै विदेशी कार्यालय पेचिङमा खोलिएको यो नै पहिलो घटना थियो।** विस्तारै युरोपसँग चीनको व्यापार बढ्दै गयो। चिया, रेशम, सजावटका सामग्री, फलफुल आदिमा युरोपेलीहरूको आकर्षण थियो। पश्चिमा शक्तिहरूको आर्थिक सम्पन्नता र आत्मविश्वास बढ्दै गएपछि तिनलाई रोक्न सम्भव नै भएन।

पश्चिमा व्यापारीले क्वाङ्चाउभन्दा बाहिर अर्थात दक्षिण–पूर्वी समुद्र किनार क्षेत्रभन्दा पर पनि व्यापार गर्ने अनुमति माग गरे। त्यतिञ्जेलसम्ममा बेलायतले चीनको समुद्री किनारा सुरक्षा प्रबन्धबारे अध्ययन गरिसकेको र सम्पूर्ण कमजोरीबारे थाहा पाइसकेको थियो। बेलायतले लर्ड जर्ज म्याकार्टनि (George Macartney, 1737 – 1806) को टोली सन् १७९३–१९९४ मा चीन पठायो। उनी अन्तर्राष्ट्रिय सम्बन्धका एक अनुभवी सरकारी कर्मचारी थिए। म्याकार्टनिले अनेक उपहार दिएर चिनियाँ सम्राटलाई प्रभावमा पार्ने कोसिस गरे। बेलायत औद्योगिकीकरणमा अत्यन्त अगाडि बढिसकेको र चीन पुरानो युगमा अल्झिरहेको सन्देश दिँदै बेलायतसँगको विशेष सम्बन्ध विस्तार गरी फाइदा उठाउन चीनलाई उत्प्रेरित गऱ्यो। तर, चीन बेलायतलाई एउटा घमण्डी देश मान्दै सम्बन्ध अगाडि बढाउन सहमत भएन।



लर्ड जर्ज म्याकार्टनि



लर्ड अमहर्स्ट



'कोटो' चिनियाँ सम्राटसँग गरिने दर्शनभेटको चिनियाँ परम्परा

बेलायती प्रतिनिधि म्याकार्टनिले चिनियाँ सम्राटसँगको दर्शनभेटका लागि चिनियाँ परम्पराअनुसार टाउकोले तीन पटक भुइँ छुवाएर सम्राटलाई अभिवादन गर्ने 'कोटो' (kowtow) का लागि तयार नभएको, बरु युरोपेली शैलीमा एउटा खुट्टाले टेकेर अभिवादन गर्ने अडान लिएको प्रसङ्ग रोचक छ। म्याकार्टनिले पछि चिनियाँ शैलीबमोजिम नै सम्राटलाई अभिवादन गरे।

म्याकार्टनिले जतिसुकै प्रयास गरे पनि पेचिङमा बेलायती कूटनीतिज्ञ राख्ने र चीनले लन्डनमा राजदूत राख्ने प्रयास सफल हुन सकेन।

यद्यपि, सन् १८१६ मा समुद्री किनाराको क्षेत्रमा **लर्ड अमहर्स्ट** (William Pitt Amherst, 1773 – 1857) को नेतृत्वमा बेलायती टोली आइपुग्यो। अमहर्स्ट 'कोटो' का लागि तयार नभएपछि त्यही घडीमा निकाला गरिए। सन् १८३४ मा बेलायतले अर्को टोली चीन पठायो। तर, आशा गरिएअनुरूप सुमधुर वातावरण तयार भएन। सहज ढङ्गमा चीनको ढोका नखुले बल प्रयोग गर्न बेलायतले तयारी थाल्यो। (क्रमशः)

(तस्बिर:इन्टरनेट) *(मजदुर दैनिकबाट)*




भक्तपुर नगरपालिकाको आठौँ नगरसभा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा एक समारोहबीच पुस २९ गते समुद्घाटन भई सोही दिनदेखि शुरु भएको छ । यस हिउँदे अधिवेसनले विभिन्न विधेयक, नियमावली, निर्देशिका र प्रस्तावहरू पारित गर्ने बताइएको छ ।

## समुद्घाटन समारोह

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भक्तपुर नगरपालिकाको आठौँ नगरसभा पुस २९ गते एक समारोहबीच पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

आफ्नो उद्घाटनमा सचिव **प्रेम सुवाल**ले भक्तपुर नगरलाई सांस्कृतिक नगर बनाउन जनतालाई सचेत बनाउँदै जनताको शैक्षिक र बौद्धिक स्तर उठाउनुपर्नेमा जोड दिनुहुँदै जनताको सांस्कृतिक स्तर उठाउन भक्तपुरका विद्यालय र भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूलाई व्यवस्थित रूपमा अगाडि बढाउन आवश्यक भएको बताउनुभयो ।

ख्वप विश्वविद्यालय सञ्चालन स्वीकृति नदिनुमा शासक दल जिम्मेवार भएको र शासक दल गरिब जनतालाई सस्तोमा गुणस्तरीय शिक्षा दिने पक्षमा नभएको प्रष्ट पार्नुहुँदै उहाँले ख्वप विश्वविद्यालयको सम्बन्धन प्राप्त भएमा देशभरका विद्यार्थीलाई सस्तोमा गुणस्तरीय चिकित्सा शिक्षा प्रदान हुनेमा आश्वस्त पार्नुभयो ।

राष्ट्रिय राजनीतिको विषयमा सचिव सुवालले प्रधानमन्त्री केपी ओलीको संसद विघटनको कदम औचित्यपूर्ण भएको बताउनुहुँदै निर्वाचनले जनताको चेतनास्तर नाप्ने हुँदा राजनीतिक दलहरू निर्वाचनमा



सचिव प्रेम सुवाल



जानु राम्रो हुने विचार व्यक्त गर्नुभयो ।

काठमाडौं उपत्यकाका सम्पदाहरू समाप्त हुने खतरा बढिरहेकोतर्फ सचेत पार्नुहुँदै उहाँले भक्तपुरको चारै दिशामा सहरीकरणको नाममा जथाभावी निजी प्लटिङका कारण अव्यवस्थित सहरको विकास भइरहेको र कृषियोग्य जमिन घटिरहेको बताउनुभयो ।


प्रमुख सुनिल प्रजापति

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले प्रतिनिधिसभा विघटन गरेकोलाई स्वभाविक राजनैतिक घटनाक्रम बताउनुभयो । उहाँले यस्तोबेला स्थानीय तहमा बसेर काम गर्ने जनप्रतिनिधिहरूको भूमिका अझ बढेको र थप सचेत भएर काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

स्थानीय तह योजना कार्यान्वयन गर्ने महत्त्वपूर्ण निकाय भएको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले देशको विकास निर्माणको अधिकांश बजेट स्थानीय तहमा पठाइनुपर्ने र स्थानीय तहमा बढी बजेट पठाएको खण्डमा विकास निर्माणको काम अझ बढी प्रभावकारी रूपमा अगाडि बढ्ने बताउनुभयो ।

समपूरक र विशेष अनुदानको लागि योजनाको सिफारिस स्थानीय तहले गर्ने तर सङ्घ र प्रदेशले योजना छनौट गर्ने नीति सरासर गलत भएको बताउनुहुँदै उहाँले 'यो अप्रत्यक्ष रूपमा स्थानीय तहमाथि केन्द्रको नियन्त्रण हो' भन्नुभयो ।

कार्यक्रममा बागमती प्रदेशका प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले भक्तपुर नगरपालिका सिङ्गो देशको निम्ति उदाहरणीय नगर र जनप्रतिनिधि बन्न सफल भएको बताउनुभयो ।


प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाई

भक्तपुर नगरपालिकाको विगतका नगरसभाले गरेको निर्णयबमोजिम अविचलित ढङ्गले जनताको सेवामा क्रियाशील भई अगाडि बढिरहेको बताउनुहुँदै सांसद गोसाइँले समाजवादी व्यवस्थाले मात्र कामदार वर्गको हित गर्ने बताउनुभयो । नेपाली जनताले पूँजीवादी व्यवस्थाविरुद्ध लड्न तयारी थाल्नुपर्ने बताउनुहुँदै तल्लो वर्गको शासन व्यवस्था नआएसम्म देशको राजनीतिमा स्थिरता नआउने बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **प्रेम प्रसाद भट्टराई**ले हरेक नगरसभा आफैमा महत्त्वपूर्ण हुने बताउनहुँदै सबै स्थानीय तहहरूले नगरसभालाई अभ्यस्त ढङ्गले अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।


प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद भट्टराई

भक्तपुर नपाले देशको बहुआयामिक विकासको लागि अरुलाई पनि सिक्ने अवसर प्रदान गरिरहेको बताउनुहुँदै प्रजिअ भट्टराईले सांस्कृतिक नगर भक्तपुरको गरिमा जोगाइराख्न र जनताको स्वास्थ्यलाई मध्यनजर गर्दै भक्तपुर औद्योगिक क्षेत्रभित्र सञ्चालित धुँवा, धूलो फाल्ने उद्योग स्थानान्तरणको लागि आवश्यक पहल गरिरहेको प्रष्ट पार्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरका कला र संस्कृतिलाई अद्यावधिक र पुस्तान्तरण गर्दै जीविकोपार्जनको माध्यम बनाउँदै लाने सोचका साथ नगरपालिका अगाडि बढिरहेको बताउनुभयो । उहाँले कोभिड १९ ले मानव विकासको सबै पक्षमा नकारात्मक असर पारेको र मानव जातिलाई ठूलो पाठ सिकाएको बताउनुहुँदै भक्तपुरलाई पूर्ण रूपमा संरक्षित नगर, ज्ञानविज्ञान र प्रविधिको केन्द्रको रूपमा परिचित बनाउने विश्वास दिलाउनुभयो ।


उपप्रमुख रजनी जोशी

उद्घाटन कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **रामलाल श्रेष्ठ**ले भक्तपुर नपाले आफ्नो छुट्टै पहिचान कायम गरिरहेको बताउनुहुँदै भक्तपुर नगरको सर्वाङ्गिक विकासको निम्ति निरन्तर अगाडि बढिरहने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।


प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ



उद्घाटन समारोहमा सभासद् एवं अतिथिहरू



## पहिलो बैठक

(२०७७ पुस २९)




भक्तपुर नगरपालिकाका प्रमुख एवम् आठौँ नगरसभाका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरपालिकाको आठौँ नगरसभाको पहिलो बैठक पुस २९ गते बस्यो ।

बैठक सुरु गर्नुहुँदै सभाध्यक्ष प्रजापतिले सम्पूर्ण सभासद्हरूलाई नेपाल मजदुर किसान पार्टीको विचार र सिद्धान्तमा अविचलित हुँदै नगर र नगरवासीको सेवामा समर्पित भएर लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले विचार र सिद्धान्त छोड्नु 'हिमालयमा चिप्लेटी खेल्नु' जस्तै हुने भनी नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. रोहितले भन्नुभए जस्तै विचारमा अडिग भई इमानदारीपूर्वक जनप्रतिनिधिहरूले आ-आफ्नो कर्तव्य निर्वाह गर्नुपर्ने बताउनुभयो ।

हिउँदे नगरसभाले नगरपालिकाको आवश्यकताअनुसार ऐन, नियम, विनियम, निर्देशिका र कार्यविधि निर्माण गर्ने बताउनुहुँदै उहाँले नगरवासीहरूसँगको सरसल्लाहबाट मात्रै नियम कानुन निर्माण गर्दा बढी प्रभावकारी हुने बताउनुभयो । सभामा सबै सदस्यहरूको सक्रिय सहभागिताको लागि उहाँले आग्रह गर्नुभयो ।

उहाँले नगरसभाको अर्को बैठक माघ ४ गते बस्ने गरी बैठक सकिएको जानकारी गराउनुभयो ।

**भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।**

## दोस्रो बैठक

(२०७७ माघ ४)




भक्तपुर नगरपालिकाका प्रमुख एवम् आठौँ नगरसभाका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरपालिकाको आठौँ नगरसभाको स्थगित बैठक माघ ४ गते बस्यो ।

सभामा नगर प्रमुख प्रजापतिले स्मार्ट सिटीको नाममा काठमाडौं उपत्यकामा ठूल्ठूला नयाँ सहरहरूको विकासले खानेपानीको अभाव, अपराध सङ्ख्यामा वृद्धि, प्रदूषण, ट्राफिक जामलगायतका समस्याहरू निम्तिने बताउनुहुँदै स्मार्ट सिटीको अवधारणाले गरिब जनता विस्थापित हुँदै जाने खतरा भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका भक्तपुरका सार्वजनिक सम्पत्ति तथा पर्ति जग्गा संरक्षणमा निरन्तर लागि रहेको बताउनुहुँदै उहाँले भक्तपुरको दरबार क्षेत्रस्थित ९९ चोक संरक्षण गर्ने नीतिअनुरूप नगरपालिका अगाडि बढिरहेको प्रष्ट पार्नुभयो ।

कृषि क्षेत्रमा वैदेशिक लगानी भित्र्याउने सरकारको निर्णय किसानविरोधी भएको भन्नुहुँदै उहाँले कृषिमा विदेशी लगानी भित्र्याउँदा अनेक खालको विकृति र बेरोजगारीको समस्याहरू आउन सक्नेतर्फ सचेत हुनुपर्ने र साम्राज्यवादी देशहरू समाजवादी राज्य व्यवस्था खत्तम पार्न सक्रिय रूपमा लागिरहेका छन् भन्नुभयो ।

उहाँले भक्तपुर औद्योगिक क्षेत्रभित्र सञ्चालित धुँवा, धूलो र रसायन फाल्ने उद्योगहरू सरकारी नीतिअनुसार तत्काल स्थानान्तरणको लागि भक्तपुर नपाले पहल गरिरहेको बताउनुहुँदै भक्तपुर क्यान्सर अस्पताल नेपाल सरकारको स्वामित्वमा गएपछि जनताले सस्तो सेवा सुविधा पाउने बताउनुभयो ।

सभाको विशेष समयमा सभासद्हरू श्यामसुन्दर मातां, हरिरत्न गोर्खाली, जितेन्द्र मुनंकर्मी, राजेन्द्र माक, इन्द्रबहादुर प्याठ, शिवप्रसाद बाला, सूर्यप्रसाद श्रेष्ठ, रत्नकाजी नायभारी, कृष्णगोपाल चौगुठी, बलराम न्हिसुतु र गोविन्द दुवालले



समसामयिक राजनीति, नगरवासीहरूको समस्या र नगरपालिकाले जनताको पक्षमा गर्नुपर्ने कार्यहरूलगायतका विषयमा आ–आफ्नो धारणा राख्नुभएको थियो ।

उहाँहरूले सरकारले कृषि क्षेत्रमा नवउदारवादी नीति लागू गर्न खोज्नु आपत्तिजनक भएको र कोभिड नियन्त्रण तथा रोकथाममा सरकारको भूमिका उल्लेखनीय हुन नसकेको बताउनुभयो । सभासद्हरूले नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयलाई दक्ष जनशक्तिसहितको ई–लाइब्रेरी बनाउनुपर्ने, आधुनिक किसिमको बीऊ–बिजन उत्पादनमा जोड दिनुपर्ने, नक्सा पासमा देखिएको जनगुनासो सम्बोधन गर्नुपर्ने, सम्भावित दुर्घटना न्युनीकरणको लागि पार्किङ व्यवस्थापनमा ध्यान पु¥याउनुपर्ने, देशमै मल कारखाना स्थापना गर्नुपर्नेलगायतका धारणाहरू व्यक्त गर्नुभएको थियो ।

बैठकमा उठेका जिज्ञासामाथि शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य रबिन्द्र ज्याख्व, निर्माण समितिका संयोजक उकेश कवां, कृषि समितिका संयोजक राजकृष्ण गोरा र देको मिवा इतापाके आवास योजना उपभोक्ता समितिका सदस्य हरिप्रसाद बासुकलाले प्रष्ट पार्नुभयो ।

सभामा न्यायिक समितिका सदस्य हरिराम सुवालले



**‘श्वासप्रश्वास पुनःस्थापना केन्द्र सञ्चालन नियमावली, २०७७’** छलफलको लागि प्रस्तुत गर्नुभयो ।

नगरसभाको अर्को बैठक माघ ६ गते बस्ने गरी स्थगित भयो ।

# तेस्रो बैठक

(२०७७ माघ ६)

**‘श्वासप्रश्वास पुनःस्थापना केन्द्र सञ्चालन नियमावली, २०७७’** पारित



नियमावली पारित गर्दै

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा माघ ६ गते बसेको भक्तपुर नगरपालिकाको आठौं नगरसभाले **‘श्वासप्रश्वास पुनःस्थापना केन्द्र सञ्चालन नियमावली, २०७७’** सर्वसम्मतिले पारित ग¥यो ।

श्वासप्रश्वास पुनःस्थापना केन्द्रले दीर्घ दमखोकी भएका व्यक्तिहरूको रोगको निदान गर्ने र श्वासप्रश्वास पुनःस्थापन सेवा प्रदान गर्ने, दीर्घ दमखोकी भएका व्यक्तिहरूको प्रारम्भिक निदान, उपचार र पुनःस्थापनका लागि सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने र राष्ट्रिय, प्रादेशिक र स्थानीय स्तरमा उत्कृष्ट केन्द्रको रूपमा श्वासप्रश्वास पुनःस्थापन सम्बन्धी विशेषज्ञता र संसाधनहरू प्रदान गर्नेलगायतका उद्देश्य भएको सो नियमावलीमा उल्लेख छ ।

**‘श्वासप्रश्वास पुनःस्थापना केन्द्र सञ्चालन नियमावली, २०७७’** बारे छलफलमा सभासद्हरू जितेन्द्र मुनंकर्मी, श्यामसुन्दर मातां, शिवप्रसाद बाला, गोविन्द दुवालगायतले आ–आफ्नो धारणाहरू राख्नुभएको थियो ।

छलफलमा उठेका जिज्ञासामाथि विधायन समितिका संयोजक हरिराम सुवालले प्रष्ट पार्नुहुँदै विधेयकमा देखिएका हिज्जे त्रुटीहरू संशोधन गर्दै विधेयकलाई सफल कार्यान्वयन गर्ने बताउनुभयो ।

सभाको विशेष समयमा नगरवासीहरूको समस्या र नगरपालिकाले जनताको पक्षमा गर्नुपर्ने कार्यहरूलगायतका विषयमा विचार राख्नुहुँदै सभासद्हरू ज्ञानकुमार मगजु, सम्झना खाइजु, शिवप्रसाद बाला, राजेन्द्र माक, इन्द्रबहादुर प्याठ, तुल्सीलक्ष्मी दुमरु, हेरा ख्याजु, सूर्यप्रसाद श्रेष्ठले वडामा सफाइ मजदुरको कमी भएको, तरकारी बजार व्यवस्थापनमा पहल गर्नुपर्ने, व्यवस्थित वधशाला निर्माण गर्नुपर्ने, माहेश्वरी खेलमैदानलाई राष्ट्रिय स्तरको खेलमैदानको रूपमा विकास गर्नुपर्ने, इन्द्रायणीको ढुङ्गेधारा र हाकुफोहिटीको निकास मर्मत गर्नुपर्ने, करको दायरा बढाउनुपर्ने, कृषि विशेषज्ञ व्यवस्था गर्नुपर्ने, चिस्यान केन्द्र स्थापनामा पहल आवश्यक भएको, नगरभित्र पार्किङ र

फुटपाथ पसलहरूको उचित व्यवस्थापन गर्नुपर्नेलगायतका सुझावहरू राख्नुभयो। विशेष समयमा सभासद् सिद्धिराम अवालले भने आफू कोरोना सङ्क्रमित हुँदाको अनुभव सुनाउनुभयो।

सभामा कृषि समितिका संयोजक राजकृष्ण गोरा, खानेपानी समितिका संयोजक महेन्द्र खायमली, आर्थिक समितिका संयोजक हरिप्रसाद बासुकला र शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य रबिन्द्र ज्याख्वले सभासद्हरूद्वारा व्यक्त जिज्ञासाबारे प्रष्ट पार्नुभएको थियो।

बैठकमा विधायन समितिका संयोजक हरिराम सुवालले **'भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी विधेयक, २०७७'** र **'शिशु स्याहार तथा बालविकास केन्द्र सञ्चालन कार्यविधि, २०७७'** छलफलको लागि प्रस्तुत गर्नुभयो।

नगरसभाको अर्को बैठक माघ ८ गते बस्ने गरी स्थगित भयो।

## चौथो बैठक

(२०७७ माघ ८)

**'भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी विधेयक, २०७७' र 'भक्तपुर नगरपालिका शिशु स्याहार तथा बालविकास केन्द्र सञ्चालन कार्यविधि'** पारित

भक्तपुर नगरपालिकाको आठौँ नगरसभाको माघ ८ गते बसेको बैठकले **'भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी विधेयक, २०७७'** र **'शिशु स्याहार तथा बालविकास केन्द्र सञ्चालन कार्यविधि – २०७७'** सर्वसम्मतिले पारित गर्‍यो।

बैठकमा बोल्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाको प्रत्येक वडामा शिशु स्याहार केन्द्र सञ्चालन गर्ने नीति रहेको बताउनुहुँदै नपाले पारित गरेको कार्यविधिले शिशु स्याहार केन्द्र व्यवस्थित रूपमा सञ्चालन गर्न सहयोग पुग्ने बताउनुभयो। भक्तपुर नपाले आदर निकेतन सञ्चालन गरी नगरवासी ज्येष्ठ नागरिकहरूलाई सेवा गर्ने उद्देश्य बोकेको बताउनुहुँदै निजी संस्थाले महँगोमा वृद्धाश्रम खोलिरहेकोमा भक्तपुर नपाले गरिब जनताको पहुँच पुग्ने आदर्श निकेतन सञ्चालन गर्ने उद्देश्य राखेको बताउनुभयो।



सभाबाट पारित **'भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी विधेयक, २०७७'** मा नगरपालिकाले नगरभित्र कुनै स्थानमा आदर निकेतन वा आदर निकेतन दिवा सेवा केन्द्रको स्थापना गर्न सकिने, आदर निकेतन व्यवस्थापन कोष, शाखा प्रमुखको काम, कर्तव्य र अधिकार, आदर निकेतनको लेखा र लेखापरीक्षण, अन्त्येष्टि, सम्पत्तिसम्बन्धी व्यवस्थालगायतका विषयहरू उल्लेख छन्।

**'भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी विधेयक, २०७७'** बारे छलफलमा सभासद्हरू गोविन्द दुवाल, बलराम न्हिसुतु, सूर्यप्रसाद श्रेष्ठ, ज्ञानकुमार मगजु र राजेन्द्र माकले आ–आफ्नो विचार र सुझाव प्रस्तुत गर्नुभएको थियो।

त्यस्तै आठौँ नगरसभाबाट पारित **'शिशु स्याहार तथा बालविकास केन्द्र सञ्चालन कार्यविधि, २०७७'** मा भक्तपुर नगरपालिकाभित्र स्थायी र अस्थायी बसोबास गरिरहेका नगरवासीहरूका बालबालिकाहरूलाई न्यून शुल्कमा गुणस्तरीय स्याहार सुसार सेवा तथा शिक्षा प्रदान गर्ने उद्देश्य रहेको र नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहारको व्यवस्थापन भक्तपुर नगरपालिकाको शिक्षा, स्वास्थ्य तथा संस्कृति समितिले हेर्ने व्यवस्था रहेको उक्त कार्यविधिमा उल्लेख छ।




विधेयक र कार्यविधिबारे सभासदहरूका जिज्ञासाबारे विधायन समितिका संयोजक हरिराम सुवाल स्पष्ट पार्नुहुँदै

**'शिशु स्याहार तथा बालविकास केन्द्र सञ्चालन कार्यविधि, २०७७'** माथिको छलफलमा सभासद्हरू सिद्धिराम अवाल, श्यामसुन्दर मातां, ज्ञानकुमार मगजु र राजेन्द्र माकलगायतले आ–आफ्नो धारणा र जिज्ञासा राख्नु भएको थियो।

छलफलमा सभासदहरूले उठाउनु भएका जिज्ञासाबारे विधायन समितिका संयोजक हरिराम सुवालले स्पष्ट पार्नुभएको थियो। ***(नगरसभा जारी छ।)***

# नेमकिपाको ४७ औं स्थापना दिवसमा विविध कार्यक्रम

## बाँकेमा प्रथम जिल्ला परिषद् सम्पन्न

नेपाल मजदुर किसान पार्टी बाँके जिल्ला समितिको आयोजनामा नेमकिपाको ४७ औं स्थापना दिवस तथा नेमकिपा बाँकेको प्रथम जिल्ला परिषद् नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

माघ १० गते जिल्ला परिषद्को उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि प्रजापतिले जिल्ला परिषद्को सफलताको कामनाका साथै नेमकिपाको विधानअनुसार कार्यकर्ताहरू परिचालित हुनुपर्नेमा जोड दिनुभयो ।




उहाँले नेमकिपाको उद्देश्य नेपालमा कम्युनिष्ट शासन व्यवस्था स्थापित गर्ने रहेको बताउनुहुँदै नेकपा विभाजनमा जनताको हितभन्दा समाजलाई अहित हुने र व्यक्तिगत फाइदाका कारण निम्तिएको समस्या हो भन्नुभयो ।

नेमकिपाले समाजवादी व्यवस्था स्थापना गर्न कानुनी र गैरकानुनी बाटो अपनाई अगाडि बढिरहेको जानकारी दिनुहुँदै उहाँले मोहियानी हकको निम्ति कानुनी व्यवस्थाअनुसार लडेर अगाडि बढिरहेको बताउनुभयो ।

प्रमुख अतिथि प्रजापतिले नेमकिपाका प्रतिनिधिले संसदमा प्रखर प्रतिपक्षको भूमिका खेलिरहेको बताउनुहुँदै उहाँले प्रतिक्रियावादीहरूलाई परास्त गर्न र जनताको राजनीतिक चेतनास्तर उठाउन निर्वाचनमा भाग लिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

संसदबाट समाजवाद आउँछ भन्ने नेकपाको नीतिको खण्डन गर्नुहुँदै उहाँले नेकपा र कांग्रेसबीच कुनै भिन्नता नभएको प्रष्ट पार्नुभयो । कृषिप्रधान देशमा कृषकहरूलाई कृषिमा विदेशी लगानी भित्र्याउने सरकारको नीतिको विरोध गर्नुहुँदै उहाँले ठूला माछाले साना माछालाई खाए जस्तै ठूला व्यापारीले नेपालको कृषि क्षेत्र नै ध्वस्त बनाउन सक्नेतर्फ सचेत हुनुपर्ने र गलत सिद्धान्तले पार्टीको अस्तित्व नै समाप्त पार्न सक्ने बताउनुभयो ।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता र स्वाधीनतामा असर पार्ने काम भारतले गरिरहेको हुँदा नेमकिपाले त्यसको विरुद्ध सङ्घर्षलाई निरन्तर जारी राखेको बताउनुहुँदै सबै देशको सार्वभौमिकता समान हुन्छ भन्नुभयो ।

भारत नेपाललाई सके सिक्किम बनाउने नसके भुटानको अवस्थामा पुर्‍याउने प्रयासमा रहेको बताउनुहुँदै उहाँले १९५० को सन्धिलाई आफ्नो हितमा भारतले कार्यान्वयन गरिरहेको बताउनुभयो ।

कार्यक्रमका अतिथि नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य राजेन्द्र चवालले संसद विघटनबारे विभिन्न राजनीतिक दलहरूको धारणा फरक फरक भएको बताउनुहुँदै नेमकिपाले यसमा औचित्यता देखेको र यो स्वभाविक प्रकृया हो भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी दलाल पूँजीपति वर्गको हितमा काम गर्ने पार्टी भएको र नेकपाका कार्यकर्ता विदेशी सङ्घसंस्था, एनजीओ र आइएनजीओमा एजेन्टको रूपमा कमिशन र फाइदा उठाइरहेको उहाँले बताउनुभयो ।

नेता चवालले पार्टी प्रकाशनहरू नियमित अध्ययन गरी आफ्नो सैद्धान्तिक स्तर उकास्न प्रेरित गर्नुहुँदै नेमकिपाको दृष्टिकोण बुझ्न पनि यसको अध्ययन, छलफल, अन्तरक्रिया आयोजना गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका अतिथि नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य रोशनमैंया सुवालले पार्टीको गतिविधि र इतिहासबाट सिक्नुपर्ने बताउनुहुँदै नेमकिपाले किसानहरूको मोहियानी हक सुनिश्चित गराउनुका साथै बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन गरी व्यापक जनताको हितमा निरन्तर सङ्घर्षरत रहेको बताउनुभयो ।

उहाँले महिलाहरूको राजनैतिक सचेतना अभिवृद्धि गर्दै पार्टीले नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेमकिपाको भूमिका उल्लेखनीय रहेको बताउनुभयो ।

नेमकिपा बाँके जिल्ला समिति अध्यक्ष बखत थापाले पार्टीको अनुशासनमा रही समाजवादी प्रचार अभियानमा सक्रिय भएर लाग्न कार्यकर्तालाई मार्गनिर्देश गर्नुभयो ।

नेमकिपा बाँके जिल्ला समितिका उपाध्यक्ष गौरीकान्त आचार्यले देशभरी नेमकिपाको ४७ औं स्थापना दिवस भव्य रूपमा मनाइरहेको जानकारी दिनुभयो भने सचिव प्रकाश शाहीले पनि बोल्नुभएको थियो ।

# सुर्खेतमा 'जनताको प्रजातन्त्र' विषयक प्रवचन कार्यक्रम

नेपाल मजदुर किसान पार्टीको ४७ औँ स्थापना दिवसको अवसरमा नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सुर्खेत जिल्ला समितिको आयोजनामा 'जनताको प्रजातन्त्र' विषयक प्रवचन कार्यक्रम माघ ११ गते बीरेन्द्रनगरमा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि सुनिल प्रजापतिले पार्टी स्थापनाको ४६ वर्षको अवधिमा नेमकिपाका अग्रजहरूले पुऱ्याउनुभएको योगदान र भूमिकाको स्मरण गर्नुहुँदै पार्टीलाई निजी स्वार्थको निम्ति प्रयोग गर्नेहरू लामो समय टिकिराख्न नसकेको बताउनुभयो । नेमकिपाले सातौँ महाधिवेशनमा जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादसम्म पुग्ने लक्ष्य बोकेको प्रष्ट पार्नुभयो ।




प्रधानमन्त्री के.पी. ओलीले गरेको संसद विघटनलाई नेमकिपाले स्वभाविक र औचित्यपूर्ण रूपमा लिएको बताउनुहुँदै उहाँले नेकपाको झगडामा कुनै सैद्धान्तिक आधार नभएको र सरकार कामदार जनता विरोधी पूँजीवादी भएको बताउनुभयो ।

सन् १९५० को सन्धि नेपालमा कायम रहेसम्म भारतले नेपाललाई अठेरो स्थिति सिर्जना गरिरहने सम्भावना रहेको बताउनुहुँदै केन्द्रीय सदस्य प्रजापतिले सन् १९५० को सन्धि खारेजीको माग नेमकिपाले निरन्तर गर्दै आइरहेको बताउनुभयो ।

भारतले नेपालको आर्थिक, व्यापारिक र राजनैतिक क्षेत्रमा प्रभुत्व जमाउँदै गइरहेको बताउनुहुँदै भारतले नेपाललाई आर्थिक रूपमा परनिर्भर बनाउने ढङ्गले अगाडि बढिरहेको उहाँले बताउनुभयो । आर्थिक रूपले स्वतन्त्र नभएको देश स्वाधीन र स्वतन्त्र हुन नसक्ने बताउनुहुँदै प्रमुख अतिथि प्रजापतिले जनताको प्रजातन्त्रलाई समाजवाद प्राप्तीको पहिलो आधारको रूपमा व्याख्या गर्नुभयो ।

कामदार वर्गको शासन व्यवस्था कायम गरी सरकारको आर्थिक उत्पादनका साधनहरू सरकारीकरण गर्दै लानु नै समाजवादको सौन्दर्यता हो भन्नुहुँदै उहाँले नेपालमा समाजवाद स्थापनाको निम्ति नेमकिपा निरन्तर क्रियाशील ढङ्गले सङ्घर्ष गरिरहने बताउनुभयो ।

उहाँले चुनावबाट समाजवाद आउँछ भन्नु पूँजीवादी सोच र संशोधनवादी विचार भएको औँल्याउनुहुँदै नेमकिपाले प्रमुख प्रतिपक्षको भूमिका निभाइरहेको बताउनुभयो ।

राजनीतिक स्पष्टता र कामदार वर्गको हितमा कानुन निर्माण गर्न निर्वाचनमा भाग लिनुपर्ने धारणा राख्नुहुँदै नेता प्रजापतिले समाजवादी व्यवस्थाले व्यापक जनताको हित गर्छ र समाजवादी विचार संसारकै नवीनतम विचार हो भन्नुभयो । उहाँले नेमकिपासँग सैद्धान्तिक बहस गर्न अन्य राजनैतिक दल असमर्थ भएको बताउनुहुँदै देशको स्वतन्त्रता, स्वाधीनता र सार्वभौमिकता जोगाइराख्न नेमकिपाले निर्वाचनको उपयोग गर्छ भन्नुभयो ।

कार्यक्रमका अतिथि नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय अध्यक्ष राजेन्द्र चवालले पार्टी स्थापना दिवस पार्टीको इतिहास र पार्टीका अग्रजहरूलाई सम्झने दिन रहेको बताउनुहुँदै पार्टीको सैद्धान्तिक आधारबारे अध्ययन र छलफल गर्ने अवसर रूपमा स्थापना दिवस मनाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य रोशनमैंया सुवालले दुई तिहाइ बहुमत प्राप्त नेकपाले आफूलाई कम्युनिष्ट दाबी गरे तापनि नेपालमा समाजवादी व्यवस्था स्थापनाको निम्ति कुनै चासो नदिएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य प्रेमकुमार थापाले कम्युनिष्ट सरकार भनी नेकपाले जनतालाई ढाँटिरहेको तथा कृषिप्रधान देशमा किसानको हितमा कुनै उपलब्धीमूलक काम हुन नसकेकोतर्फ ध्यानाकृष्ट गराउनुहुँदै नेपालका पूँजीवादी पार्टीहरूले किसानमाथि निरन्तर शोषण गरिरहेको छ भन्नुभयो ।

कार्यक्रममा नेमकिपा सुर्खेत जिल्ला समितिका अध्यक्ष हरिबहादुर बोहरा र नेमकिपा सुर्खेतका सहसचिव शेरबहादुर शाहीले नेमकिपा स्थापनाको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै स्थापना दिवसको अवसरमा नेमकिपाले देश र जनताको पक्षमा प्रचारात्मक अभियान चलाइरहेको बताउनुभयो ।

कार्यक्रममा प्राध्यापक समाज नेपालका केन्द्रीय सदस्य प्राध्यापक टीकाप्रसाद पोखरेलले कविता वाचन तथा नेक्रामहिला सङ्घ सुर्खेतका विजुकला राणाले देउडा गीत प्रस्तुत गर्नुभएको थियो भने नेमकिपा सुर्खेत जिल्लाका धनेन्द्र विकले पनि बोल्नुभएको थियो ।

# कैलालीमा कार्यकर्ता प्रशिक्षण

नेमकिपाको ४७ औँ स्थापना दिवसको अवसरमा नेमकिपा कैलाली जिल्ला समितिको आयोजनामा माघ १२ गते कैलालीको लम्कीचुहामा देशको समसामयिक विषयमा कार्यकर्ता प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा बोल्नुहुँदै पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले पार्टीको इतिहास र उद्देश्यबारे प्रष्ट पार्नुहुँदै नेमकिपाको उद्देश्य कामदार वर्गलाई शासन सत्तामा पुऱ्याउने हो भन्नुभयो ।

उहाँले पूँजीवादी व्यवस्था कामदार जनतालाई शोषण गर्ने व्यवस्था हो भन्नुहुँदै जनतालाई राजनैतिक रूपले सचेत र सङ्गठित पार्न, समाजवादी क्रान्तिलाई टेवा पुऱ्याउन र राजनैतिक स्पष्टताको लागि निर्वाचनमा भाग लिने नीति नेमकिपाले लिएको बताउनुभयो ।




नेहरू डक्ट्रिनअनुसार भारतले नेपालमाथि कब्जा जमाउने भारतको उद्देश्य कहिल्यै सफल हुन दिनुहुन्न भन्नुहुँदै भारतले नेपालमा आफूअनुकूल प्रचण्डलाई नेपालको प्रधानमन्त्री बनाउने र नेपाललाई सिक्किम र भुटानजस्तै आफ्नो कब्जामा लिन खोजिरहेको उहाँले बताउनुभयो ।

'पार्टीको सिद्धान्त र विचार नै पार्टीको शक्तिशाली हतियार हो । नेमकिपाले सदनलाई सङ्घर्ष गर्ने थलोको रूपमा उपयोग गर्दै संसदमा प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गर्दै आइरहेको छ'– उहाँले भन्नुभयो । चुनावबाट समाजवाद आउँछ भन्ने मार्क्सवादविरोधी सिद्धान्त भएको बताउनुहुँदै उहाँले निर्वाचनको क्रममा शासक दलका नेताहरूबीच पद र भागबण्डाको लागि भएको झगडा जनतासमक्ष आउने डरका कारण शासक दल निर्वाचनदेखि डराइरहेका छन् भन्नुभयो ।

शासक दलले राजनीतिलाई ब्यापार गर्ने माध्यमको रूपमा विकास गरिरहेको बताउनुहुँदै प्रमुख अतिथि प्रजापतिले नेकपा भित्रको झगडामा कुनै सैद्धान्तिक र नीतिगत आधार नभएको बताउनुभयो । उहाँले नेकपालाई नक्कली कम्युनिष्टको संज्ञा दिनुहुँदै नेमकिपा देशको स्वन्त्रता, सार्वभौमिकता र स्वाधीनता रक्षा गर्ने पक्षबारे जनतालाई प्रशिक्षित गर्ने अभियानमा छ भन्नुभयो ।

भक्तपुर नपाले शिक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखी ६ वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै देशभरीका विद्यार्थीहरूलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको बताउनुहुँदै भक्तपुर नपाले घोषणापत्रअनुसार आफ्ना कार्यहरूलाई अगाडि बढाइरहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले राजनीतिक पार्टीको नीति र सिद्धान्त सही भए देशको समृद्धि हुन्छ, जनताको पक्षमा कानुन निर्माण हुन्छ भन्नुहुँदै नेकपा कम्युनिष्ट पार्टी होइन भन्ने विभिन्न घटनाक्रमले पुष्टि गर्दै आएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय अध्यक्ष राजेन्द्र चवालले नेपालमा समाजवादी व्यवस्था स्थापनाको निम्ति नेमकिपा सङ्घर्षरत रहेको बताउनुहुँदै नेकपा पूँजीवादी पार्टी भएको हुँदा व्यापक जनताको भन्दा पूँजीवादी वर्गको हितमा ऐन कानुनहरू निर्माण गरिरहेको बताउनुभयो । उहाँले संसद विघटनबारे नेमकिपाको दृष्टिकोणबारे स्पष्ट पार्नुहुँदै संसद पुन:स्थापना भन्दा निर्वाचनमा भाग लिनु प्रजातान्त्रिक कदम हुने बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य रोशनमैंया सुवालले पार्टी स्थापनाकालदेखि समाजवादी व्यवस्था स्थापनाको लागि आवाज उठाउँदै आइरहेको बताउनुहुँदै नेमकिपाले बहुमत किसानको अधिकार र हक हित प्राप्त गर्नको निम्ति सङ्घर्ष तथा आन्दोलन गरेको प्रष्ट पार्नुभयो । २०४६ सालको आन्दोलनमा नेमकिपाले खेलेको भूमिकाबारे प्रशिक्षित गर्नुहुँदै उहाँले नेपालमा प्रजातान्त्रिक अधिकार प्राप्त गर्न नेमकिपाको भूमिका उल्लेखनीय रहेको बताउनुभयो ।

नेमकिपा कैलालीका उपाध्यक्ष ज्योति बडुवालको सभापतित्वमा भएको सो कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय सदस्य जङ्गबहादुर तरामी, नेमकिपा कैलालीका गगन थापामगर र लक्ष्मी पुनले पनि बोल्नुभएको थियो ।

# भनपा १ मा आँखा शिविर

नेपाल मजदुर किसान पार्टीको ४७ औं स्थापना दिवसको अवसरमा नपाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. १ कार्यालयद्वारा माघ १० गते 'आँखा शिविर' आयोजना गरियो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले नेपाल मजदुर किसान पार्टीका अग्रजहरूको सङ्घर्षका कारण भक्तपुर नगरपालिका स्वच्छ सफा नगर भएको, भक्तपुर नगर सम्पदा नगर भएकोले विश्वभरी प्रचार प्रसार भई पर्यटक आएको, देशकै नमुना नगर भएको, नगरवासीहरूको हरेक घरमा स्नातक विद्यार्थी भएको, भक्तपुर नगरमा भएको सामुदायिक विद्यालय देश कै एक नम्बरमा भएको बताउनुभयो ।




उहाँले नपाले आफ्नै अस्पताल भवन 'ख्वप अस्पताल' बनाइरहेको, कोभिड महामारीमा क्वारेन्टाइन सञ्चालनमा ल्याई सेवा दिएको र आदर निकेतन सञ्चालन गर्ने तयारी भइरहेको बताउनु भयो ।

विशेष अतिथि नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले संशोधनवादीहरूसँग सङ्घर्ष गर्न पार्टी स्थापना भएको र पार्टीले देश र जनताको हितको निमित्त सङ्घर्ष गर्दै आएको बताउनुभयो ।

नेमकिपा भनपा वडा नं. १ का इन्चार्ज लक्ष्मीनारायण राजलवटले भक्तपुर नपाले समय समयमा विभिन्न रोगहरूको परीक्षणको लागि स्वास्थ्य शिविर सञ्चालन गरेर नगरवासीहरूलाई सहज स्वास्थ्य उपचारमा पहुँच बढाउने काम गरिरहेको बताउनु भयो ।

जिल्ला सामुदायिक आँखा केन्द्रका डा. धिरज अधिकारीले केन्द्रले कोभिड–१९ पछिको पहिलो आँखा शिविर सञ्चालन भएको, मोतिबिन्दुको अपरेशन अहिले भक्तपुर नपाको समन्वयमा केन्द्रमा भइरहेको जानकारी गर्नुभयो ।

कार्यक्रममा सभापतिको आसनबाट कार्यवाहक वडाअध्यक्ष सूर्यप्रसाद श्रेष्ठले पार्टीले देशको सार्वभौमिकताको रक्षा र देशका शोषित पीडितहरूको हितका लागि गरेका सङ्घर्ष र पार्टीको सैद्धान्तिक विचारमाथि प्रकाश पार्नुभयो ।

कार्यक्रममा वडा सदस्य गंगालक्ष्मी बमनुले पनि बोल्नु भएको थियो ।

एकदिने उक्त आँखा शिविरबाट ६ जना मोतीबिन्दुका बिरामीसहित ११३ जना नगरवासीहरूले सेवा प्राप्त गर्नुभयो ।

*यसै गरी देशका विभिन्न जिल्लाहरूमा जुलुस र जनसभा, विचार गोष्ठी, पुस्तक प्रदर्शनी, अन्तरक्रिया, प्रशिक्षण, प्रवचन, भेला, विविध खेल प्रतियोगितालगायतका कार्यक्रम गरी पार्टी स्थापना दिवस मनाइएको छ ।*

# कृषिमा विदेशी लगानीको सर्वत्र विरोध

आत्मनिर्भरता र स्वावलम्बीको छ्यान नभएका पूँजीवादी सरकारहरूका कारण देश परनिर्भरताको भासमा जाकिँदै गएको छ ।

जलस्रोतमा धनी भनिएको देशका जनताले दिनको १८ घण्टासम्म लोडशेडिङ व्यहोरिसकेका छन् । कृषि प्रधान भनिएको नेपालले खर्बौंको खाद्यान्न आयात गरिरहेको छ । तर सत्तामा जानेहरूमा चेत र विवेक जागेको छैन ।

अहिले फेरि सरकारले कृषिमा विदेशी लगानी भित्र्याउन खोजेको छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को अनुसूची संशोधनमार्फत ५० करोड रूपैयाँ स्थिर पूँजी लगानी गर्ने र ७५ प्रतिशत उत्पादन विदेश निर्यात गर्ने शर्तमा कृषिमा विदेशी लगानी भित्र्याउने बाटो खोलेको हो । यसले साना, मझौला तथा ठूला उद्योगसहित कृषिका प्राथमिक क्षेत्रमा समेत विदेशी लगानी खुल्ला गर्ने व्यवस्था गरेको छ । त्यसको देशैभरका किसानलगायत विज्ञहरूले विरोध गरिरहेका छन् ।

प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले समेत विदेशी लगानी खुला नगर्न निर्देशन दिएको थियो ।

लगानी विरोधीहरूले कृषि जीवन रेखा हो, व्यापार होइन तसर्थ नेपाली किसानको अस्तित्व रक्षा गर्न, खाद्य सम्प्रभुताको सम्मान गर्न, जैविक विविधता र पर्यावरण संरक्षण गर्न, आत्मनिर्भरमुखी रैथाने खेतीपाती पद्धतिको संरक्षण गर्न, कृत्रिम रसायन र अनुवांशिक जीव परिवर्तन गरिएको बीउ (जीएमओ) को उच्चतम प्रयोगबाट मानव स्वास्थ्य बचाउन आग्रह गरिरहेका छन् ।

# भक्तपुर नपा प्रमुख र बुटवल उपमहानपाका उपप्रमुखबीच भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र बुटवल उपमहानगरपालिकाका उपप्रमुख गुमादेवी आचार्यबीच माघ ९ गते बुटवल उपमहानगरपालिकामा भेट भयो। भेटमा प्रमुख प्रजापतिले दुई नगरपालिकाबीच अनुभवको आदान प्रदानको क्रममा बुटवल उपमहानगरपालिकाको भ्रमणमा आएको बताउनुभयो। उहाँले सांस्कृतिक नगर भक्तपुरको पुरानो सम्पदा संरक्षण, शिक्षा र स्वास्थ्यमा जोड दिँदै आएको बताउनुभयो। उहाँले सीपसँग सम्बन्धित विषयको स्थानीय पाठ्यक्रम तयार गरिसकेको बताउनुभयो।

उहाँले युवा इलम कार्यक्रम मार्फत उद्योगी व्यवसायीसँग समन्वय गरी उपमहानगरपालिका अगाडि बढिरहेको जनाउनुहुँदै करको दायरा थप फराकिलो बनाई नगरवासीहरूलाई आवश्यक छुट तथा सहुलियतको व्यवस्था गरेको बताउनुभयो। उपभोक्ता समितिमार्फत हुने काममा टोलवासीलाई




भक्तपुरको पुरानो नगर क्षेत्रभित्र नगरबाहिरकाले घर किन्न नपाउने नियम बनाएको बताउनुहुँदै प्रमुख प्रजापतिले नपाले व्यवस्थित आवास योजनाहरू सञ्चालन र निर्माणको क्रममा रहेको बताउनुभयो।

भेटमा उपप्रमुख आचार्यले भक्तपुरबाट सिक्नयोग्य धेरै कामहरू रहेको बताउनुहुँदै उपमहानगरपालिकाले शिक्षा, स्वास्थ्यलाई पहिलो प्राथमिकता दिँदै कृषि, पर्यटन, उद्योग र व्यापारलाई समेत प्राथमिकता दिँदै कार्य गरिरहेको जानकारी दिनुभयो।

बुटवल उपमहानगरको ५ वर्षे शिक्षा योजना निर्माण गरी सोहीअनुसार नगरको शैक्षिक विकासको लागि आवश्यक कार्यक्रमहरू तय गरी कार्यान्वयन भैरहेको अवगत गराउनुहुँदै समावेश गराई टोल विकास समिति मार्फत विकास निर्माणका काम हुनु बुटवल उपमहानगरपालिकाको सबल पक्ष रहेको र उपमहानगरलाई लैङ्गिक हिंसा मुक्त बनाउने अभियानमा रहेको अवगत गराउनुहुँदै उपप्रमुख आचार्यले 'नागरिकको समृद्धिनै मुलुकको समृद्धि हो' भन्नुभयो।

भेटको क्रममा नगर प्रमुख प्रजापतिले उपप्रमुख आचार्यलाई भक्तपुर नगरपालिकाको सम्पदा पुनःनिर्माणका सङ्कलित 'फोटो पुस्तक' सहित नगरपालिकाका प्रकाशनहरू उपहार स्वरूप प्रदान गर्नुभयो। सोही क्रममा उपप्रमुख आचार्यले पनि नगर प्रमुख प्रजापतिलाई मायाको चिनो प्रदान गर्नुभएको थियो।

---

➲ त्यस्तै कृषिले खानाको सम्मान, कृषकहरूको जीविकोपार्जन, स्वस्थ खाना र जलवायु परिवर्तनका मुद्दालाई समेत संरक्षण गरिरहेकाले विदेशी लगानी खुला गर्न नहुने भन्दै विदेशी लगानी भित्र्याउने नाममा सरकारले स्थानीय अर्थतन्त्र धराशायी बनाउने बाटो खुल्ला गरेको विज्ञहरूको ठहर छ। स्थानीय सीप र ज्ञान समेत मास्नेगरी कृषिमा विदेशी लगानी भित्र्याउनुलाई विज्ञले आत्मघाती निर्णयको रूपमा लिएका छन्। कृषिमा लगानी खुल्ला गर्ने निर्णयको नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल चेम्बर अफ कमर्स, डेरी उद्योग सङ्घ, नेपाल डेरी एसोसिएसन, केन्द्रीय दुग्ध सहकारी सङ्घ लिमिटेड, केन्द्रीय पशुपन्छी पालन सहकारी सङ्घ लिमिटेडलगायतले विज्ञप्ति जारी गर्दै विरोध गरेका छन्।

विदेशीले लगानी गर्ने लाभ र नाफाका लागि हो। विदेशीको ठूलो परिमाणको लगानी र प्रतिफलले देशका किसानहरू कृषिक्षेत्रबाट विस्थापित हुने र परनिर्भरता अझ बढ्ने छ।

विदेशी लगानी खुला गर्ने निर्णयलाई 'बिचौलिया र कमिसनको चक्करमा गर्न खोजिएको काम' को संज्ञा दिइएको छ।

**"नेपालको राजनीतिक आन्दोलन र नेमकिपा" विषयक प्रवचन**

# सार्वभौम र स्वतन्त्र राष्ट्रमा बाह्य शक्तिको हस्तक्षेप हुने गर्दैन

'नेपालको राजनीतिक आन्दोलन र नेमकिपा' विषयक प्रवचन कार्यक्रम ख्वप माध्यमिक विद्यालय, ख्वप कलेज र शारदा क्याम्पसको संयुक्त आयोजनामा माघ २ गते भयो।




कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले सार्वभौम र स्वतन्त्र राष्ट्रमा बाह्य शक्तिको हस्तक्षेप हुने गर्दैन भन्नुहुँदै नेपालका प्रमदेखि विश्वविद्यालयका उपकुलपति, रजिष्ट्रारलगायत नियुक्तिमा समेत भारतीय हस्तक्षेप हुनु खतराको सङ्केत भएको बताउनुभयो।

सचेत जनता र बुद्धिजीवीको सङ्घर्षले मात्र बहुसङ्ख्यक जनताको पक्षमा कानुन बन्ने धारणा राख्नुहुँदै अध्यक्ष बिजुक्छेँले नेमकिपाका अग्रजहरूको मोहियानी हकको आन्दोलनले नै भक्तपुरका किसानहरूको जीवनस्तर उकासिएको बताउनुभयो। कमैया मुक्तिको नाममा कमैयाहरूलाई मोहियानी हकबाट वञ्चित गर्ने ठूलो षड्यन्त्र भयो, अध्यक्ष बिजुक्छेँले स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो, 'बेरोजगार युवाहरूले क्रान्ति गर्लान् भन्ने डरले नै राणाकालमा गोर्खा भर्तीकेन्द्र खोलेको थियो र अहिले पनि छ। गोर्खा भर्तीकेन्द्रका सिपाहीहरूले देशको निम्ति नभई पैसाको लागि विदेशीको इसारामा लड्छन्, त्यसैले गोर्खा भर्तीकेन्द्र बन्द गर्नु आवश्यक छ। नेपाली युवाहरूलाई रोजगारीको नाममा विदेशमा सस्तो ज्यामीको रूपमा देश हितविपरीत पठाइरहेका छन्। वैदेशिक रोजगारले देश आत्मनिर्भर हुनेछैन।'

क्रान्ति सफल पार्न एक ऐतिहासिक युग पनि लाग्न सक्ने धारणा राख्नुहुँदै उहाँले भन्नुभयो, 'क्रान्तिको लागि नयाँ पुस्तालाई तयारी गर्नुपर्छ। शैक्षिक प्रमाणपत्रले मात्र मानिसको चरित्र र योग्यताको निर्धारण गर्न मिल्दैन। मुख्य कुरा विचार र व्यवहार हो।' देशमा राजनीतिक सङ्कट हुने बेला भारतीय विस्तारवादले देशको सिमाना मिच्ने गरेको प्रवृत्तिप्रति सरकार सजग हुनुपर्नेमा उहाँले जोड दिनुभयो। संसद् विघटन स्वाभाविक र औचित्यपूर्ण कदम भएको र जनताको ताजा जनादेश प्राप्त गर्न निर्वाचनमा भाग लिनु आवश्यक भएको अध्यक्ष रोहितले बताउनुभयो।

उहाँले सरकारले प्रगतिशील कर लागू गर्नेतर्फ जोड दिनुपर्छ भन्नुहुँदै नेमकिपाले सधैँ देश र जनताको इमानदारीपूर्वक सेवा गरिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्थापनाकालदेखि नेमकिपाले कहिल्यै पनि पदको निम्ति काम नगरेको चर्चा गर्नुहुँदै नेमकिपाले नैतिकता र सिद्धान्तको राजनीति गरिरहेको बताउनुभयो।

भक्तपुर नपा ख्वप विश्वविद्यालय सञ्चालनको तयारीमा निरन्तर जुटिरहने जानकारी गराउनुहुँदै उहाँले एक न एक दिन ख्वप विश्वविद्यालय पाउने बताउनुभयो। नेमकिपाको मुख्य उद्देश्य कामदार वर्गलाई शासनसत्तामा पुऱ्याउनु भएकोले कानुनी र गैरकानुनी सङ्घर्षलाई जोड दिन्छ, प्रमुख प्रजापतिले भन्नुभयो।



संसद्बाट समाजवाद आउँछ भन्नु संशोधनवादी सिद्धान्त भएको बताउनुहुँदै उहाँले नेकपाको लडाइँ सैद्धान्तिक र वैचारिक नभई पद र भागबन्डाको लडाइँ सावित भइरहेको बताउनुभयो।

ख्वप कलेजका प्राचार्य रूपक जोशीले भागबन्डा नमिल्दाको परिणाम संसद् विघटन भएको र ठूला दलहरूले सत्तामा पुगेर पनि जनताको सेवामा काम गर्न नसकेको बताउनुभयो।

ख्वप माविका प्राचार्य प्रकाश श्रेष्ठले नेमकिपाले अमेरिकी एमसीसी सम्झौता संसद्बाट पारित गर्न नहुने र यसलाई अस्वीकार गर्नुपर्ने अडान लिएको बताउनुहुँदै भ्रष्टाचारविरुद्ध नेमकिपाले निरन्तर आवाज उठाइरहेको बताउनुभयो।

कार्यक्रममा कमिनिका न्याइच्याईले पनि बोल्नुभएको थियो।

# 'जनतालाई राजनैतिक रूपमा सचेत पार्न निर्वाचनले महत्वपूर्ण भूमिका खेल्नेछ'

– प्रमुख सुनिल प्रजापति

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले निर्वाचनले जनताको राजनैतिक चेतनास्तर नाप्ने भएको हुँदा प्रजातन्त्रवादीहरूले निर्वाचनको विरोध गर्न नहुने बताउनुभयो ।

उक्त विचार चितवनस्थित **कालिका टेलिभिजन**का प्रस्तोता विप्लव काफ्लेसँगको अन्तरसम्वाद कार्यक्रममा माघ ९ गते नेता प्रजापतिले व्यक्त गर्नुभएको हो ।



भारतले नेपालमा आफू अनुकुल सरकार बनाउन खोजिरहेको आरोप लगाउनुहुँदै नेपाललाई सिक्किम र भुटान बनाउने भारतको योजनाअनुसार नेकपालाई फुटाएको हुनसक्ने उहाँले बताउनुभयो ।

एमाले र माओवादी केन्द्रको एकतामा भारतको संलग्नता रहेको आशङ्का गर्नुहुँदै उहाँले संसद विघटनलाई औचित्यपूर्ण र स्वभाविक प्रकृया भएको र जनतालाई राजनैतिक रूपमा सचेत पार्न निर्वाचनले महत्वपूर्ण भूमिका खेल्ने प्रष्ट पार्नुभयो ।

दुई तिहाइ बहुमत प्राप्त नेकपा सरकारले आफूलाई कम्युनिष्ट दाबी गरे तापनि नेपालमा समाजवादी व्यवस्था कार्यान्वयनबारे कुनै चासो नदिएको बताउनुहुँदै नेपाललाई सिक्किम बनाउने भारतको योजना अझै चालु रहेको बताउनुभयो ।

परिपक्व नेतृत्वले देशको राजनीतिलाई सही दिशामा डोऱ्याउने बताउनुहुँदै नेता प्रजापतिले नेपाल मजदुर किसान पार्टीले जिल्ला जिल्लामा जनतालाई सचेत पार्ने गतिविधिहरू सञ्चालन गर्दै आइरहेको र नेमकिपाका कार्यकर्ताहरू पद र पैसाभन्दा पनि जनताको सेवामा समर्पित भएर लागिरहेको बताउनुभयो ।

इमानदारिता र पारदर्शिता नै भक्तपुर नगरपालिकाको प्रमुख विशेषता रहेको औँल्याउनुहुँदै उहाँले भक्तपुरलाई देशकै सफा नगरमा रूपान्तरण गर्ने अभियानमा रहेको बताउनुभयो । उहाँले काठमाडौं उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा संरक्षण गर्नु आवश्यक भएको बताउनुहुँदै देशको सन्तुलित विकासको लागि उपत्यका बाहिर सुविधासम्पन्न सहरहरूको विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

# 'संसदबाट समाजवाद आउँछ भन्नु संसोधनवादी सिद्धान्त हो'

**'संसदबाट समाजवाद आउँछ भन्नु संसोधनवादी सिद्धान्त हो । नेपाल मजदुर किसान पार्टीले स्थापनाकालदेखि नैतिकता र सिद्धान्तको राजनीति गरिरहेको छ ।'**

उक्त कुरा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले **एनटीभी कोहलपुरको 'टी टक' कार्यक्रम**का पत्रकार दिप्टी भट्टसँग माघ १० गते भएको कुराकानीमा बताउनु भएको हो । प्रमुख प्रजापतिले नेपालको कानुन निर्माणका क्रममा आफ्नो अनुभव सुनाउनुहुँदै सक्षम र योग्य व्यक्तिलाई देशको नेतृत्व तहमा पुऱ्याउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले निजीकरणको पक्ष लिनेहरू कम्युनिष्ट हुन नसक्ने र संसद पुन:स्थापनाभन्दा निर्वाचन लोकतान्त्रिक विधि भएको बताउनुहुँदै नेमकिपा निर्वाचनको पक्षमा रहेको प्रष्ट पार्नुभयो ।

राजनीतिक पार्टी, दर्शन र सिद्धान्तको आधारमा स्थापना र सञ्चालन हुनुपर्नेमा जोड दिनुहुँदै निर्वाचन धाँधलीरहित निष्पक्ष ढङ्गले हुनुपर्ने उहाँले बताउनुभयो ।

राजनीतिक स्पष्टताको निम्ति पनि निर्वाचन अपरिहार्य भएको औँल्याउनुहुँदै नेता प्रजापतिले निर्वाचन प्रजातान्त्रिक प्रकृया हो र जनतालाई आर्थिक प्रलोभनमा नपारी इमानदार व्यक्तिलाई निर्वाचित गराउनुपर्छ भन्नुभयो ।



भक्तपुर नगरपालिकाले स्थानीय तह निर्वाचन २०७४ मा नेमकिपाले प्रस्तुत गरेको घोषणापत्रलाई अक्षरस पालना गर्दै आइरहेको बताउनुहुँदै ख्वप विश्वविद्यालय सञ्चालनको लागि नगरपालिका निरन्तर लागिरहेको बताउनुभयो ।

# विविध समाचार

## वागीश्वरी कलेजको आठौं कलेज सभा

भक्तपुर नगरपालिकाका प्रमुख तथा वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिको सभापतित्वमा वागीश्वरी कलेजको आठौं वार्षिक कलेज सभा पुस १८ गते सम्पन्न भयो ।




प्रमुख प्रजपतिले कुनै पनि सङ्घ संस्थाको विकास हुनुमा आन्तरिक पक्ष मुख्य हुने भएकोले कलेजको विकासको लागि कार्यरत शिक्षक, कर्मचारीलगायतको सम्पूर्ण पक्षको मिहिनेत आवश्यक छ भन्नुहुँदै 'कलेजको विकासको लागि वाहृय सहयोगलाई मुख्य स्रोतको रूपमा बुझ्नु गलत हो ।'

भक्तपुर नगरपालिकाले विकासको नाममा कसैले दिएको सशर्त सहयोगलाई अस्वीकार गर्दै आएको, जनताको साथ र शक्तिको अगाडि पैसा गौण हुने बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले पर्यटन शुल्क नउठेपनि जनताको साथमा विकास निर्माणका कार्यहरू अगाडि बढाउँदै लगेको बताउनुभयो ।

बाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले देशको राजनीति मोड्नुमा मुख्य कारण शासक पार्टी नेकपाको सैद्धान्तिक विचलन र पद एवम् पैसाको भागवण्डा भएको स्पष्ट पार्नुभयो ।

'बालुवाटारबाट दिन सकिने सबै दियौं, दिन नसकेपछि हामी (नेकपा) छुट्टियौं' भन्ने विशेष स्रोतको उक्तिलाई उद्धृत गर्दै उहाँले भन्नुभयो, 'नेकपा भित्रको लोभी पापी, द्रव्यपिसाच र दास मानसिकताका कारण भएको संसद विघटनको घटना औचित्यपूर्ण छ' र 'देश सिक्किम हुनबाट जोगिएको छ ।'

वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद धन्छा र वागीश्वरी कलेजका संयोजक ज्ञानसागर प्रजापतिले आफ्नो मन्तव्य राख्नुभएको सभामा कलेजका प्राचार्य धनकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको वार्षिक प्रगति प्रतिवेदन २०७६/७७ संशोधनसहित पारित गरेको थियो ।

कार्यक्रममा शिक्षकहरू विनोद प्रजापति, विकल प्रजापति, डा. बलराम दुवाल, शिव बहादुर खुलिमुलि, ग्याहेन्द्रप्रसाद दाहाललगायतले प्रगति प्रतिवेदनमाथि टिक्काटिप्पणी गर्नुभएको थियो ।

## विश्वकर्मा साकोसको वार्षिक सभा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा भक्तपुरको च्याम्हासिंहस्थित विश्वकर्मा बचत तथा ऋण सहकारी संस्था लि. को १३ औं वार्षिक साधारणसभा पुस २५ गते सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै नगर प्रमुख प्रजापतिले सहकारी भनेको समुदायमा आधारित सदस्यको हितको लागि सामूहिक रूपमा काम गर्ने संस्था भएको बताउनुहुँदै संस्थाले सीपमूलक तालिमहरू सञ्चालन गर्दै रोजगार प्रवर्द्धनमा भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले कृषि सहकारीहरूले कृषकहरूको जनजीवनमा सहजता ल्याउन सक्दो प्रयास गरिरहनुपर्ने बताउनुहुँदै उहाँले देशको अर्थतन्त्र आत्मनिर्भर बनाउने ढङ्गले सहकारी संस्थाले आआफ्नो क्षेत्रबाट योगदान पुऱ्याउनुपर्ने बताउनुभयो । कृषिमा विदेशी लगानी भित्र्याउने सरकारको नीति गलत भएको बताउनुहुँदै उहाँले यसबाट कृषि क्षेत्र विदेशीको नियन्त्रणमा जाने खतरा भएको बताउनुभयो ।



कार्यक्रममा संस्थाका अध्यक्ष शमशेरबहादुर ज्याख्व, निवर्तमान अध्यक्ष कृष्णप्रसाद लवजू, भक्तपुर जिल्ला बचत सञ्चालक समितिका सदस्य इन्द्रप्रसाद ब्यान्जु, उदय साकोसका उपाध्यक्ष न्हुछेबहादुर प्रजापति, सल्लाहकारहरू विष्णुबहादुर

मानन्धर र लक्ष्मीप्रसाद प्रजापतिले शुभकामना मन्तव्य राख्नुभएको थियो भने संस्थाका ऋण उपसमितिका संयोजक भीमबहादुर प्रजापति ऋण उपसमितिको प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिका संयोजक प्रकित कोजुले आ.व. २०७६ ७७ को समितिको प्रतिवेदन, संस्थाका कोषाध्यक्ष कृष्णाभाई ज्याख्वले वार्षिक आर्थिक प्रतिवेदन, सचिव राम छुस्याकीले वार्षिक प्रतिवेदनसहित नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो ।

## तारा माविमा विदाइ र पदभार हस्तान्तरण

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा तारा माविमा ४१ वर्षे शैक्षिक सेवामा समर्पित विद्यालयका संस्थापक शिक्षक एवम् प्रधानाध्यापक पुष्पलाल सुजखूको विदाइ तथा नवनियुक्त प्रधानाध्यापक प्रेमलक्ष्मी त्वायनालाई पदभार हस्तान्तरण कार्यक्रम माघ २ गते भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले अवकास पश्चात पनि थप जिम्मेवारीबोध हुनुपर्ने तथा आफ्ना अनुभव सँगालेर पुस्तक प्रकाशन गरी पठनीय सामग्री तयार गर्दा नयाँ पुस्ताको लागि प्रेरणाको स्रोत बन्ने उल्लेख गर्नुभयो ।

शिक्षित समाजले समुदायको विकास र रूपान्तरणको लागि सहयोग पुऱ्याउने जिकिर गर्नुहुँदै उहाँले राजनीतिक कार्यकर्ता राम्रो भए देश राम्रो हुने र गलत मानसिकताले राजनीति गरे देश पछाडि पर्ने हुँदा नयाँ पुस्ताका विद्यार्थी संगठित, सचेत र विचारमा परिपक्व हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक पुष्पलाल सुजखू, भनपा कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उपेन्द्र सुवाल, शिक्षिका प्रेमलक्ष्मी



त्वायना, विद्यालय व्यवस्थापन समितिका सदस्य उद्धव सुजखु, बलराम प्रजापति, हरिकृष्ण प्रजापति र छात्रा कृष्मा कायष्ठले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले निवर्तमान प्रधानाध्यापक पुष्पलाल सुजखूलाई दोसल्ला ओढाई कदर-पत्र प्रदान गर्नुभयो ।

## गणेश माविमा हल निर्माण गर्न उपभोक्ता समिति गठन

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नेमकिपाको तर्फबाट बागमती प्रदेश सांसद सुरेन्द्रराज गोसाईंको निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत गणेश माविको 'सी' ब्लकमा हल निर्माण गर्न माघ ६ गते उपभोक्ता समिति गठन गरियो ।




कार्यक्रममा नगर प्रमुख प्रजापतिले उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा मितव्ययिता, गुणस्तरीयता, दिगोपना हुनुका साथै स्थानीय जनतालाई रोजगारी सिर्जना हुने र लागत अनुमानभन्दा कम खर्चमा निर्माण सम्पन्न हुने बताउनुभयो । उहाँले उपभोक्ता समितिले इमानदारीपूर्वक पारदर्शी ढंगले काम गर्नेमा विश्वास व्यक्त गर्नुभयो ।

सामुदायिक विद्यालयमा समयसापेक्ष शिक्षाको विकास हुन नसक्दा विद्यार्थी सङ्ख्या घट्दो क्रममा रहेको बताउनुहुँदै उहाँले सार्वजनिक विद्यालयलाई असल आचरण भएको दक्ष जनशक्ति उत्पादन गर्ने स्थलको रूपमा विकास गर्नुपर्ने बताउनुभयो ।

केही शिक्षकहरू आफ्नो पेशाप्रति जिम्मेवार बन्न नसकेका कारण विद्यार्थी तथा समग्र विद्यालयको स्थिति कमजोर बन्दै गइरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले सामुदायिक र निजी विद्यालयहरूबीच गुणस्तरमा समानता ल्याउने उद्देश्यले

विभिन्न तालिम सञ्चालन, आर्थिक तथा भौतिक सहयोगहरू गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकामा हुने विकास निर्माणमा स्थानीय जनताको सहभागितामा उपभोक्ता समितिमार्फत कार्य भइरहेको बताउनुहुँदै भक्तपुर नपाले सामुदायिक विद्यालयको भौतिक निर्माणको लागि आर्थिक सहयोगहरू प्रदान गर्दै आइरहेको छ भन्नुभयो ।

गणेश मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रबिन्द्र खर्बुजाले उपभोक्ता समितिमार्फत हुन लागेको हल निर्माण गुणस्तरीय ढङ्गले निर्धारित समयमै सम्पन्न हुने आशा व्यक्त गर्नुहुँदै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्दै लानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य लक्ष्मीनारायण राजलवट, गणेश माविका प्रअ गणेशराम थुसा, ईन्जिनियर श्रीकृष्ण न्याइँच्याइँले विद्यालयको प्रगतिमा सबैको साथ र सहयोग पाउने अपेक्षा गर्नुहुँदै सामुदायिक विद्यालयमा पढ्न र पढाउन विद्यार्थीहरूलाई प्रेरित गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा शिक्षक लक्ष्मीसुन्दर सुवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रम विद्यालय व्यवस्थापन समितिका सदस्य लक्ष्मीनारायण राजलवटले स्थानीय बुद्धिभक्त सिन्ताकलको अध्यक्षतामा सात सदस्यीय उपभोक्ता समिति गठन भएको जानकारी गराउनुभयो ।

## नेपाल अण्डा उत्पादक सङ्घको वार्षिक साधारणसभा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नेपाल अण्डा उत्पादक संघको १६ औं क्षेत्रीय वार्षिक साधारणसभाको उद्घाटन माघ १७ गते भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले कृषिमा वैदेशिक लगानी भित्र्याउने नेपाल सरकारको निर्णय किसान तथा व्यवसायीहरूको हितविरुद्ध भएको बताउनुहुँदै सरकारको यो निर्णयले कृषिजन्य उद्योग र किसानहरू विस्थापित हुने अवस्था आउने र देशको अर्थतन्त्र धरासायी बनाउने बाटो खुला गरको बताउनुभयो ।

सरकारले साना व्यापारी तथा गरिब किसानको पहुँच पुग्ने सहुलियतपूर्ण ऋण तथा अनुदानको व्यवस्थामा चासो नदिएको बताउनुहुँदै उहाँले भन्नुभयो 'जबसम्म नेपालमा भारतको प्रभाव बढ्छ, नेपाल स्वतन्त्र, स्वाधिन र स्वतन्त्र बन्न सक्दैन ।'

प्रमुख प्रजापतिले नेकपाबीचको झगडा अराजनैतिक र व्यक्ति केन्द्रित झगडा भएको बताउनुहुँदै व्यापारी व्यवसायीहरू पनि राजनीतिक रुपले सचेत र सङ्गठित हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल अण्डा उत्पादक सङ्घका केन्द्रीय अध्यक्ष शिवराम केसीले विदेशी लगानी किसानको हितमा




नभएको र यसको विरोध चौतर्फी भइरहेको तथा भक्तपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष शिवप्रसाद मानन्धरले व्यापारीहरूको एकता अपरिहार्य भएको र वैदेशिक लगानीले नेपालको व्यवसायलाई धरासायी र देशलाई परनिर्भर बनाउनेतर्फ सबै सचेत हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल अण्डा उत्पादक सङ्घ भक्तपुर जिल्ला अध्यक्ष सुमन सुवाल, ललितपुरका अध्यक्ष पिताम्बर सञ्जेल, काठमाडौंका अध्यक्ष अमरसिंह घर्ती, काभ्रेका अध्यक्ष राधाकृष्ण अधिकारी, नुवाकोटका अध्यक्ष रमेश चित्रकार, मकवानपुरका तर्फबाट राजु अधिकारी, सङ्घका पूर्व केन्द्रीय सदस्य विनोद पोखरेल, किरणभूषण ओलीलगायतले शुभकामना मन्तव्य राख्नुभयो ।

## भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको १५ औं अधिवेशन सम्पन्न

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको १५ औं तथा महिला उद्यमी समितिको १४ औं जिल्ला अधिवेशन पुस २७ गते सम्पन्न भयो ।

अधिवेसनको उद्घाटन गर्नुहुँदै नगर प्रमुख प्रजापतिले नेपालको आर्थिक विकासमा घरेलु तथा साना उद्योगहरूको

महत्त्वबारे प्रष्ट पार्नुहुँदै देशलाई आत्मनिर्भर बनाउनेतर्फ सबैले जोड दिनुपर्ने बताउनुभयो ।

नेपालले सस्तो ज्यामी विदेशमा निर्यात गरिरहेकोतर्फ ध्यानाकृष्ट गर्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले नगरवासीहरूलाई विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरी आत्मनिर्भर बनाउने जीवनउपयोगी सीपहरूको तालिम सञ्चालन गरिरहेको बताउनुभयो ।

नेपालमा विदेशी लगानी भित्रँदा देशका उद्योगहरू समाप्त हुँदै जाने खतरा औँल्याउनुहुँदै उहाँले विदेशी पैसामा लोभ गर्न नहुने र नेपाली जनशक्तिलाई नेपालमै रोजगारीको व्यवस्था गर्नुपर्ने आजको आवश्यकता हो भन्नुभयो ।



भक्तपुरको सम्पदा संरक्षण, विकास निर्माणलगायतका सबै गतिविधिहरूमा नगरवासीहरूको साथ र सहयोग पाइरहेको बताउनुहुँदै उहाँले भक्तपुरको मौलिक वस्तुहरूको उत्पादन, प्रयोग र प्रचारप्रसारमा विशेष ध्यान दिएर अगाडि बढिरहेको चर्चा गर्नुभयो ।

भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूले देशको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गरिरहेको भन्नुहुँदै उहाँले भक्तपुर नपालाई देशकै नमुना नगर बनाउने लक्ष्यका साथ अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले भक्तपुर घरेलु तथा साना उद्योगले भक्तपुरको आर्थिक रूपान्तरण गर्न सहयोग पुऱ्याइरहेको र देशको अर्थतन्त्रलाई विकसित तुल्याउन सङ्घको भूमिका महत्त्वपूर्ण भएको बताउनुभयो ।

कार्यक्रममा सङ्घका अध्यक्ष बीरेन्द्र जतिले कुनै पनि देशको विकास लघु, घरेलु तथा साना उद्योगको विकासबिना सम्भव नभएको बताउनुहुँदै नेपाल सरकारले नयाँ प्रविधिको लागि सचेतना तथा पूँजीको लागि बैंकमार्फत घरेलु उद्यमीहरूलाई सहज ऋण उपलब्ध गराउने वातावरण तयार गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घका वरिष्ठ उपाध्यक्ष उमेशप्रसाद सिंहले घरेलु तथा साना उद्योगले देशको आर्थिक रूपान्तरणको लागि महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनुहुँदै महासङ्घले मुलुकभरका घरेलु तथा साना उद्योगीको छाता सङ्गठनका रूपमा आफ्नो हक र हितको संरक्षण गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् महिला उद्यमी समितिका सभापति ईश्वरी श्रेष्ठले महिलाहरूद्वारा सञ्चालित उद्योगको हकहितलाई ध्यानमा राखी समितिले विभिन्न कार्य गर्दै आइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा सङ्घका पूर्व अध्यक्ष एवम् महासङ्घका केन्द्रीय उपाध्यक्ष चन्दनकृष्ण श्रेष्ठ, ग्रील तथा स्टील व्यवसायी महासङ्घ नेपालका केन्द्रीय अध्यक्ष मोहनप्रसाद कटुवाल, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ बागमती प्रदेशका अध्यक्ष सूर्य कँडेल, नेपाल घरेलु तथा साना उद्योग महासङ्घकातर्फबाट केन्द्रीय प्रतिनिधिद्वय डम्बरप्रसाद रेग्मी र सत्यनारायण प्रजापति, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ महिला उद्यमी समितिका रीता अवाल, भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष प्रदीप श्रेष्ठ, भक्तपुर चेम्बर अफ कमर्सका अध्यक्ष न्हुछेरत्न मानन्धर, भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष रामसुन्दर भेलेलगायलते शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सङ्घका अध्यक्ष बीरेन्द्र जतिले प्रमुख अतिथि प्रजापति र अतिथिहरूलाई मायाको चिनो प्रदान गर्नुभयो ।

## बसिबियाँलोको उत्तर

उभिरहेकी केटीको पछाडि बत्तीमा LAMP, बसिरहेका पुरुषको टाउकोमा BRAIN, झ्यालको पर्दामा WINDOW र कार्पेटमा RUG ।

# केटुमा नेपालीको विश्व कीर्तिमान

नेपालका १० जना पर्वतारोहीले माघ ३ गते पाकिस्तानस्थित विश्वको दोस्रो सर्वोच्च शिखर केटु (K2) हिमालको आरोहण गरी इतिहास रचेका छन् ।

आठ हजार मिटरभन्दा माथिका शिखरमध्ये यो हिमालमा हिउँदमा कसैले आरोहण गर्न सकेको थिएन ।



कीर्तिमानी आरोहीहरू

नेपालका निर्मल (निम्सदाइ) पुर्जाको नेतृत्वमा मिङ्मा जी शेर्पा, मिङ्मा डेभिड शेर्पा, मिङ्मा तेन्जी शेर्पा, गेल्जे शेर्पा, दावा तेम्बा शेर्पा, पेमाछिरी शेर्पा, किलुपेम्बा शेर्पा, दावा तेन्जिङ शेर्पा र सोना शेर्पा ८ हजार ६११ मिटर अग्लो शिखरको पहिलो सफल आरोहण गरेर विश्व कीर्तिमान कायम गरेका छन् ।

विश्व कीर्तिमान कायम गरेको नेपाली टोलीलाई पाकिस्तानी राष्ट्रपति अरिफ अल्भीले बधाई दिएका छन् ।

त्यस्तै टोली स्वदेश फर्किएपछि प्रधानमन्त्री केपी ओलीले बालुवाटारमा आरोहीहरूलाई दोसल्ला र प्रमाण पत्रद्वारा सम्मान गरेका छन् ।

केटुको हिउँदे आरोहणको सुरुवात सन् १९८३ देखि सुरु गरिए पनि ३८ वर्षमा कुनै पनि आरोही सात हजार ६ सय ५० मिटरभन्दा माथि जान सकेका थिएनन् । सन् २०२१ जनवरी



चुचुरोतर्फ सँगै पाइला बढाउँदै

१६ अर्थात् ०७७ माघ ३ गते ३८ वर्षपछि पहिलोपटक विन्टर समिट एक्सपिडिसनमा भाग लिएका १० जना नेपाली आरोहीले आरोहण सफलतापूर्वक गरेका छन् ।

सुरुमा तीनवटा समूहमा विभाजित भई पर्वतारोहण गरेकोमा १० मिटर तल भेला भएर चुचुरोमा सँगै पाइला टेकेर नेपाली झन्डा फहराउँदै राष्ट्रिय गान गाएका थिए ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**कार्य योजना पेश गर्नेसम्बन्धी सहकारी शाखाको सूचना**

भक्तपुर नगरपालिका कार्य क्षेत्र भएका सहकारी संस्थाहरूको प्रवर्द्धन, विकास र क्षमता अभिवृद्धिको लागि उत्पादनमूलक क्षेत्रमा लगानी गर्न चाहने सहकारी संस्थाहरूले के कस्तो क्षेत्रमा लगानी गर्ने हो सोको विस्तृत कार्य योजना यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र सहकारी शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

# नगरपालिका गतिविधि

## नगर प्रमुख प्रजापतिद्वारा विद्यालयहरूको निरीक्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरका विद्यालय र कलेजको स्थलगत निरीक्षण गर्नुभयो।



पुस १९ गते पद्म मा.वि. र पद्म कलेजको र पुस २० गते भक्तपुरको समता शिक्षा निकेतन, इष्ट प्वाइन्ट एकेडेमी, रोम्बस स्कूल र पारागण एकेडेमीको स्थलगत निरीक्षण गर्नुभयो। निरीक्षणका क्रममा उहाँले विद्यालयका प्रधानाध्यापकहरूसँग भेट्नु भई विद्यालयको शैक्षिक अवस्था, कक्षा सञ्चालनबारे जानकारी लिनुभयो।

कोभिड महामारीका कारण बन्द रहेको भक्तपुर नगरपालिकाका विद्यालयहरू भौतिक रूपमै उपस्थित भई कक्षा सञ्चालन भइरहेका छन्। कोभिडको जोखिमलाई ध्यानमा



राखी सबै विद्यार्थीलाई मास्क अनिवार्य गरेको र भौतिक दूरी कायम गरी आलोपालोमा कक्षा सञ्चालन भइरहेको विद्यालयले बताएको छ।

निरीक्षणमा भक्तपुर नगरपालिका वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाको पनि उपस्थिति थियो।

## भक्तपुर नगरका सबै विद्यालयहरू सञ्चालनमा

भक्तपुर नगर शिक्षा समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा पुस २० गते बसेको नगर शिक्षा समितिको बैठकले नगरभित्र सञ्चालित सबै विद्यालयहरू २०७७ माघ १ गतेदेखि सञ्चालन हुने निर्णय गरेको हो।

बैठकले कोरोनाका कारण लामो समयसम्म विद्यालय बन्द भई विद्यार्थीहरूको पठनपाठनमा प्रत्यक्ष असर परिरहेको कुरालाई ध्यानमा राखी यसअघि मिति २०७७ मङ्सिर २३ गते बसेको यस समितिको बैठकले नगरपालिकाभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरू मिति २०७७ पौष १ गतेदेखि कक्षा ८, ९ र १० लाई आलोपालो गरी भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्ने निर्णयअनुसार विद्यालयहरू सञ्चालन हुँदै आएकोमा वैकल्पिक



सिकाईलाई निरन्तरता दिँदै अभिभावकहरूको पूर्व स्वीकृति, व्यवस्थापन समितिको निर्णय र पूर्व तयारी तथा कार्ययोजना बनाई बालविकासदेखि कक्षा १२ सम्मका कक्षाहरू २०७७ माघ १ गतेदेखि सञ्चालन गर्न गराउन विद्यालयहरूलाई पत्राचार गर्ने निर्णय गर्‍यो।

साथै विद्यालय सञ्चालनको क्रममा विद्यार्थी तथा शिक्षक/कर्मचारीहरूमा कोभिड १९ सम्बन्धी कुनै समस्या देखिएमा आवश्यकताअनुसार विद्यालय पूरै वा आंशिक बन्द गर्न नगर शिक्षा शाखाबाट निर्देशन दिन सकिने व्यहोरा पनि सबै विद्यालयहरूलाई जानकारी गराउने निर्णय बैठकले गर्‍यो।

# विद्यालय सञ्चालनबारे संस्थागत विद्यालयहरूका प्रधानाध्यापकहरूसँग बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरभित्रका संस्थागत विद्यालयहरूका प्रधानाध्यापकहरूको बैठक पुस २६ गते भयो ।



बैठकमा नगर प्रमुख प्रजापतिले कोभिड १९ सङ्क्रमण जोखिमका कारण विगत १० महिनादेखि बन्द रहेका विद्यालयहरू वैकल्पिक सिकाइलाई निरन्तरता दिँदै अभिभावकहरूको पूर्व स्वीकृति, व्यवस्थापन समितिको निर्णय र पूर्व तयारी तथा कार्ययोजना बनाई मात्र २०७७ माघ १ गतेदेखि कक्षाहरू सञ्चालन गर्न आग्रह गर्नुभयो ।

प्रमुख प्रजापतिले गत चैतदेखि बन्द रहेका विद्यालय शैक्षिक सत्रभरि नखुल्दा विद्यार्थीको शैक्षिक भविष्य नै अन्योलमा रहेको अवगत गराउनुहुँदै विद्यालय सञ्चालन सबैको साझा सरोकारको विषय भएकोले भक्तपुर नगरपालिकाले सम्बन्धित सरोकारवालाहरूको चरणबद्ध छलफलपश्चात २०७७ माघ १ गतेदेखि कक्षाहरू सञ्चालन गर्ने निर्णयमा पुगेको बताउनुभयो । उहाँले भन्नुभयो – तर यो बाध्यकारी होइन विद्यार्थीहरूको हितलाई ध्यानमा राखेर विद्यालयहरूले निर्णय गर्न सक्छन् । नगरपालिकाले सहज बनाइदिएको मात्र हो ।

उहाँले आवश्यक सचेतता अपनाई विद्यालय सञ्चालन गर्नु आजको आवश्यकता भएको औँल्याउनुहुँदै कतिपय सामुदायिक विद्यालयका विद्यार्थीहरूमा अनलाइन कक्षाको पहुँच नभएको हुँदा भक्तपुर नगरपालिकाले सामुदायिक विद्यालयका कक्षा १, २ र ३ मा वर्क सिट वितरण गरेको बताउनुभयो ।

उहाँले अभिभावक र विद्यार्थीहरूको भावना बुझेर सुरक्षित ढङ्गले कक्षा सञ्चालन अगाडि बढाउन अनुरोध गर्नुहुँदै कक्षा सञ्चालनको लागि भक्तपुर नपाले सामुदायिक विद्यालयको लागि साबुन, क्लोरिन र फेससिल्ड पनि वितरण गरिसकेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले कोभिड १९ का कारण धेरैको जीवनशैली र सोचाइमा परिवर्तन आएको बताउनुहुँदै कोभिडले जीवनउपयोगी शिक्षा पनि प्रदान गरेको बताउनुभयो । कोभिड नियन्त्रणको लागि नगरपालिकाले खडा गरेको प्रकोप व्यवस्थापन कोषमा विभिन्न सङ्घ संस्थाहरूबाट सहयोग प्राप्त भएको बताउनुहुँदै उपप्रमुख जोशीले २५ शय्याको एचडीयु सञ्चालनको तयारी भइरहेको बताउनुभयो ।

कार्यक्रममा उपस्थित हुनुभएका प्रधानाध्यापकहरूले विद्यालय सञ्चालनको लागि आवश्यक तयारीमा जुटिरहेको र सोको लागि अभिभावकहरूसँग पनि छलफल गरेको, शैक्षिक सत्र सुरु ढिलाइ हुँदा विद्यार्थीहरूको विवरण भर्ने विषयमा अन्योल देखिएको, स्थानीय पाठ्यक्रम अगाडि बढाउन सन्दर्भ सामग्रीको अभाव भएकोलगायतका राय–सुझाव प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नपा शिक्षा शाखा प्रमुख हरिप्रसाद निरौलाले विद्यालय सञ्चालनका क्रममा आवश्यक स्वास्थ्य सुरक्षाका विधि पूर्ण रूपमा पालना गर्न अनुरोध गर्नुभयो ।



भक्तपुर नगरपालिकामा कृषक भेला

# भक्तपुर नपाबाट कृषकहरूको समृद्धिको लागि तालिमहरू सञ्चालन

भक्तपुर नगरपालिकाको कृषि समितिको आयोजनामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा पुस २१ गते कृषकहरूको भेला भयो ।



भेलामा नगर प्रमुख प्रजापतिले नेपाल सरकारले शिक्षामा नवउदारवादी नीति लिएजस्तै कृषिमा पनि विदेशी पूँजी भित्र्याउन नवउदारवादी नीति लिएको बताउनुभयो । नेपाल सरकारको मन्त्रिपरिषद्ले कृषिमा विदेशी पूँजी लगानी गर्न पाउने र यसरी लगानी गरी उत्पादन भएको सत्तरी प्रतिशत कृषि उत्पादन विदेशमा निर्यात गर्न पाउने र तीस प्रतिशत नेपालमा नै बिक्री गर्न पाउने प्रावधानले नेपाली किसानहरू धरासायी हुँदै जाने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले कृषकहरूको आर्थिक समृद्धिको लागि कृषिसँग सम्बन्धित विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको बताउनुहुँदै उहाँले किसानहरू आत्मनिर्भर ढङ्गले अगाडि बढेमा वास्तविक रूपमा किसानहरूले लाभ प्राप्त गर्ने र दिगो हुने बताउनुभयो ।

उक्त कार्यक्रममा आफ्नो मन्तव्य राख्नुहुँदै भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले किसानहरू राजनैतिक रूपमा सचेत र सङ्गठित भएमात्र आर्थिक रूपमा पनि सबल हुने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ३ का वडाध्यक्ष तथा कृषि समितिका संयोजक राजकृष्ण गोराले नेपाल सरकारबाट प्राप्त अनुदानलाई कसरी व्यवस्थित गर्ने भन्ने सम्बन्धमा छलफल गर्न कार्यक्रमको आयोजना गरिएको बताउनुभयो ।

भनपा ६ नं. वडाध्यक्ष हरिराम सुवालले किसानहरूको आर्थिक अवस्था बढाउनको लागि भक्तपुर नगरपालिका लागिरहेको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद हयौमिखा, कृषि प्राविधिक सबिन ख्याजु, कृषकहरू श्री पूर्णभक्त सुवाल, राधेश्याम सुवाललगायतले पनि आ-आफ्नो भनाइ राख्नुभएको थियो ।

# भनपा भित्रका पसल व्यवसायीहरूको भेला

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरपालिका क्षेत्रभित्रका पसल व्यवसायीहरूको भेला पौष २३ गते भयो ।

भेलामा प्रमुख प्रजापतिले व्यापार सेवा व्यवसाय भएको बताउनुहुँदै सामानहरू बिक्री गर्दा बिक्री मूल्य उल्लेख गरी गुणस्तरीय सामान बेचबिखन गरी उपभोक्ताको मन जित्ने ढङ्गले व्यवसाय सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

व्यवसायीका कारण उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने र व्यवसाय नै खतरामा पर्ने सक्नेतर्फ सचेत हुनुपर्ने भन्नुहुँदै उहाँले नगरपालिकाको बजेट नगरवासीकै हितमा प्रयोग गर्ने उद्देश्यले उपभोक्ता समिति मार्फत निर्माण कार्यलाई प्राथमिकता दिइरहेको र नगरवासीहरूको उत्थानको लागि नपाले आवश्यक नीति निर्माण गरिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भनपा सम्पदा बचाउने अभियानमा लागेको बताउनुहुँदै भक्तपुरलाई सुन्दर नगरीको रूपमा विकास गर्ने लक्ष्यका साथ अगाडि बढेको जानकारी दिनुभयो ।

उहाँले व्यवसायीहरूले समयमै पसल दर्ता गर्नुपर्ने, नगरपालिकामा तिनुपर्ने कर तिर्नुपर्ने तथा सरसफाइमा ध्यान दिएर व्यवसाय सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पसल व्यवसायीहरूले पसलमा बिक्री गर्ने सामानहरूको म्याद राम्रोसँग हेर्नुपर्ने, गुणस्तर चिन्ह प्राप्त खाद्यान्न मात्र बिक्री वितरण गर्नुपर्ने बताउनुहुँदै व्यवसायीहरूले जनताको स्वास्थ्यसँग खेलवाड हुने काम कदापि गर्न नहुने बताउनुभयो ।

भनपा वडा नं. ३ का वडाध्यक्ष एवं बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराले साना व्यवसाय फस्टाओस भन्ने चाहना नगरपालिकाको भएको बताउनुहुँदै साना पसल व्यवसायीहरू एक हुनुपर्ने बताउनु भयो । उहाँले अहिलेको सरकार पूँजीपति वर्गको पक्षमा काम गर्ने भएकोले सरकारको



व्यापार नीति साना व्यापारीहरूको पक्षमा नभएको उल्लेख गर्नुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष एवं बजार अनुगमन समितिका सदस्य हरिराम सुवालले नपाले अनुगमन गरे पश्चात पसल–व्यवसायीहरूमा सुधार आएको तथा तिर्नुपर्ने कर सम्बन्धी व्यवसायीहरूमा सकारात्मकता आएको बताउनुहुँदै यसले नपाको आन्तरिक श्रोत बढाउन मद्दत पुगेको जानकारी दिनुभयो ।

कार्यपालिका सदस्य एवं बजार अनुगमन समितिका सदस्य रोशनमैंया सुवालले बजार अनुगमनका क्रममा भइरहेका अनियमिततासम्बन्धी जानकारी दिनुहुँदै अखाद्य वस्तुहरू बिक्री वितरण नगर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा वडा निरीक्षक रामककृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो भने सहभागी पसल–व्यवसायीहरूसँग पनि राय–सुझाव सङ्कलन गरिएको थियो ।

# भक्तपुर नपाको बजार अनुगमन

**लान्चाफल्चामा**

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा पुस २७ गते वडा नं. १० को लान्चाफल्चाका २५ वटा पसल अनुगमन गरेकोमा अधिकांश पसल बिनादर्ता सञ्चालन भएको र दर्ता भएको पनि नवीकरण नभएको संयोजक गोराले बताउनुभयो ।

अनुगमनमा खाजा घरको सरसफाइमा ध्यान दिन, तराजू नापतौल विभागमा नविकरण गर्न, प्याकेजिङ्ग सामान लेवल राख्न खाद्य विभागबाट अनुज्ञापत्र लिईमात्र बिक्री वितरण गर्न, पसलको साइनबोर्ड राख्न, औषधि पसलमा बस्ने व्यक्ति अनुमति प्राप्त मात्र बस्नुपर्ने, निर्देशन दिइयो ।

साथै दर्ता प्रमाणपत्र नभएका पसलहरूलाई तीन दिन भित्र दर्ता गर्न र दर्ता प्रमाणपत्र पसलमा देखिने गरी राख्न पनि अवगत गराइयो ।

अनुगमनको क्रममा फेला परेका म्याद नाघेका विभिन्न सामानहरू जफत गरी नष्ट गरियो ।





**चोखामा**

त्यस्तै पुस २८ गते वडा नं. १० को चोखामा १५ वटा पसलहरू अनुगमन गर्दा भक्तपुर नगरपालिकामा पसल दर्ता गर्नुपर्ने समेत थाहा नभएको देखिएको छ ।

अनुगमनमा पसल दर्ता नभएका केही पसलहरूको त्यही दर्ता गराइयो भने केही पसललाई तीन दिनभित्र दर्ता गर्न र पसल दर्ता नविकरण गर्न निर्देशन दिइयो ।

ढक तराजु नापतौल विभागमा नविकरण गर्न र पसल व्यवस्थित गर्न सुझाव र निर्देशन सम्बन्धितलाई दिइयो । औषधि पसलमा बस्ने व्यक्ति औषधि विभागको अनुमति प्राप्त मात्र बस्नुपर्ने सुझाव पनि दियो ।



अनुगमनमा फेला परेका ठूलो मात्रामा म्याद नाघेका विभिन्न नामका चिसो पेय पदार्थ, बोटलको पानी, चाउचाउ, कुकिज, बिस्कुट, चिकेन मसला, पापड, बिग्रेको दूध दही, औषधि आदि जफत गरी नष्ट गरियो ।

अनुगमनमा अनुगमन समितिका सदस्यहरू वडाध्यक्ष हरिराम सुवाल, रोशन मैया सुवाल, निमित्त श्यानिटेशन प्रमुख



व.नि. रामकृष्ण प्रजापति, कर उपशाखाका न्हुज किजू, मोहनदेवी ब्याञ्जू, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक कुमारी रानामगर, राजकुमार दनुवारउद्योग वाणिज्य सङ्घका राजुमान बज्राचार्य, विश्वराम दुवाल, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, भक्तपुर घरेलु तथा साना उद्योग कार्यालयका सीताराम त्वायना सहभागी रहेको थियो ।

# पाठेघर परीक्षण शिविर

भक्तपुर नगरपालिका ९ नं वडा कार्यालय र महिला स्वास्थ्य परिचालन समिति भनपा ९ को संयुक्त आयोजनामा माघ १७ गते पाठेघर परीक्षणसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न भयो ।

दत्तात्रय आधारभूत विद्यालयको प्राङ्गणमा भएको उक्त शिविरमा २०७ जना महिलाहरूको पाठेघर तथा स्तन परीक्षण गरिएको थियो भने १४ जना पुरुषहरूको पनि स्तन परीक्षण भएको थियो ।

शिविरको उद्घाटन समारोहमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले रोग लागेपछि उपचारभन्दा रोग लाग्नुपूर्वको स्वास्थ्य परीक्षण महत्त्वपूर्ण हुने उल्लेख गर्नुहुँदै भक्तपुर नगरपालिकाले नगरवासीहरूको स्वास्थ्य उपचारलाई प्राथमिकतामा राखेर ख्वप अस्पताल सञ्चालनको तयारी गरिरहेको प्रस्ट पार्नुभयो ।

कोरोना महामारीको त्रासले धेरैजसो महिलाहरू उपचारका लागि स्वास्थ्य केन्द्र नगइरहेको र महिलाहरूमा रोग लुकाउने प्रवृत्ति देखिएको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले समयमै आफ्नो स्वास्थ्य परीक्षण गर्न सबैलाई आग्रह गर्नुभयो ।

भक्तपुर नगरपालिका ९ नं. वडाका वडाध्यक्ष रवीन्द्र ज्याख्वले वातावरणीय प्रदूषण, परिवर्तित जीवनशैली र खानेकुरामा मिसावटका कारण कडा र प्राणघातक रोगहरू बढी देखिएको हुँदा समयमै रोगको निदान गरी उपचार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । स्वास्थ्य उपचार सेवा महँगो भएकोले घर-परिवारमा एक जनामात्र बिरामी हुँदा पनि पूरै परिवारलाई तनाव हुने उहाँको भनाइ थियो ।

भक्तपुर क्यान्सर अस्पतालका मेडिकल अफिसर डा. रूपम पाण्डेले पाठेघरको मुखको क्यान्सरबारे जानकारी दिनुहुँदै पापस्मेयर परीक्षणले रोग लाग्नुपूर्व नै सावधानी अपनाउन सहयोग पुग्ने प्रस्ट पार्नुभयो ।

महिलाहरूको पाठेघर र पुरुषहरूको स्तन परीक्षणबारे अझै पनि जनचेतनाको अभाव भएको र पुरुषहरूले पनि नियमित स्वास्थ्य परीक्षण गर्नुपर्ने चिकित्सकहरूको सुझाव छ ।

नेमकिपा भनपा ९ वडा समन्वय समितिका संयोजक



कृष्णभक्त लवजूले कम शुल्कमा डाक्टरी पढाउने व्यवस्थासहित भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालनको माग गरेकोमा सरकारमा गएका पूँजीवादी दलहरूले पक्षपात गरेको बताउनुभयो ।

कार्यपालिका सदस्य छोरीमैयाँ सुजखू (प्रजापति) ले नगरवासीहरूलाई स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउन नगरपालिकाले घरदैलो नर्सिङ सेवा सञ्चालन गरेको उल्लेख गर्नुभयो ।

स्वास्थ्य स्वयंसेविका दयालक्ष्मी प्रजापतिले महिलाहरू घरेलु कार्यमा बढी व्यस्त रहँदा आफ्नो स्वास्थ्यप्रति संवेदनशील हुन नसकेको बताउनुहुँदै महिलालक्षित स्वास्थ्य शिविर राख्नुको औचित्यबारे जानकारी दिनुभयो ।



भक्तपुर क्यान्सर अस्पतालका चिकित्सक, नर्स एवं नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रको प्राविधिक सहयोगमा सम्पन्न उक्त शिविरमा परीक्षण गर्ने सबैलाई नि:शुल्क औषधि वितरण गरिएको थियो ।

# कोरोनाविरुद्धको खोप देशभरि लगाइयो

कोभिड -१९ को विरुद्धको खोप देशभरि माघ १४ गतेदेखि लगाइएको छ । शुरुमा सात प्रदेशका ६२ अस्पतालको १२० भन्दा बढी खोप केन्द्रबाट र पछि ७७ जिल्लाका ३०० खोप केन्द्रमार्फत् कूल चार लाख ३० हजारलाई खोप प्रदान गरिने छ ।



खोप दिइने सूचीकृतको पहिलो चरणमा फोहोरमैला व्यवस्थापनमा खटिने फोहोर सङ्कलक तथा चालक, एम्बुलेन्स तथा शववाहन चालक र सहचालक, प्रत्यक्ष उपचारको सेवा दिने वा खोप व्यवस्थापनमा खटिने स्वास्थ्यकर्मी, खोप केन्द्रमा खटिने सुरक्षाकर्मी तथा स्वयंसेवक, शव व्यवस्थापनमा खटिने व्यक्ति, स्वास्थ्य स्वयंसेविका, अन्तर्राष्ट्रिय प्रवेशविन्दुमा कार्यरत स्वास्थ्यकर्मी र अन्य कर्मचारी, वृद्धाश्रमका व्यक्ति तथा हेरचाहमा खटिने कर्मचारी एवं कारागारका कैदी र सुरक्षाकर्मी रहेका छन् ।

काठमाडौं उपत्यकामा काठमाडौंमा १२, ललितपुरमा तीन र भक्तपुरमा तीनगरी १७ अस्पताललाई खोप केन्द्र बनाइएको छ । काठमाडौंमा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, वीर अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाडौं मेडिकल कलेज जोरपाटी, परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, सशस्त्र प्रहरी बलम्बु अस्पताल, शहीद गङ्गालाल अस्पताल आदि छन् भने ललितपुरको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, किष्ट मेडिकल कलेज र आनन्द वन अस्पताल तथा भक्तपुरमा भक्तपुर अस्पताल, शहीद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्र र कोरियामैत्री अस्पताल रहेका छन् ।

चिकित्सकहरुका अनुसार खोप लगाएको ८ हप्ताभित्र शरीरमा कोरोनाविरुद्ध एण्टीबडी विकास हुन्छ । पहिलो मात्रा लगाएको २८ दिनपछि दोस्रो मात्रा लगाउनुपर्छ । खोप लगाएपनि जनस्वास्थ्यका मापदण्ड पालना गर्न छाड्नु नहुने चिकित्सकहरुले जोड दिएका छन् ।




अहिले दिइएको 'कोभिशिल्ड' नामको खोप भारत सरकारले १० लाख मात्रा नेपाललाई अनुदानमा दिइएको हो । कोभिशिल्ड खोप अक्सफोर्ड विश्वविद्यालय र एस्ट्राजेनेका नामक औषधि उत्पादक कम्पनीले संयुक्तरूपमा विकास गरेका हुन् । भारतको सेरम इन्स्टिच्युटले खोप उत्पादन गरेको हो ।

सरकारले प्रथम चरणको खोप सक्नुभन्दा अगाडि अर्को चरणको खोप लगाउनका लागि खोप ल्याउने तयारीमा रहेको छ । स्वास्थ्य मन्त्रालयले खोपको समुचित प्रयोग गर्न र खेर जान नदिन अनुगमन गर्ने भनिए पनि सूचीकृत नभएका प्रदेश मन्त्रीहरुले लगाएको समाचार प्रकाशमा आएको छ ।

लक्षित समूहले मात्र खोप पाएको यकिन गर्नका लागि सम्बन्धित संस्थाले खोप पाउने व्यक्तिको सूची सार्वजनिक गर्ने व्यवस्था मन्त्रालयले गरेको बताइएको छ ।



# ट्रम्पका 'राष्ट्रवादी'हरूद्वारा संसद भवनमा हिंसात्मक उपद्रव

'वी वान्ट ट्रम्प' । 'वी वान्ट ट्रम्प' ।

चुनावमा पराजित डोनाल्ड ट्रम्पको पक्षमा ट्रम्पका 'राष्ट्रवादी' उपद्रवीहरूले यस्तै नारा लगाउँदै पुस २३ गते क्यापिटल हिल (संसद भवन) मा हिंसात्मक उपद्रव मच्चाएका थिए ।

नोभेम्बर ३ को निर्वाचनमा राष्ट्रपतीय निर्वाचनको इलेक्टोरल कलेज मतको अन्तिम परिणाम सार्वजनिक गर्न अर्थात नयाँ राष्ट्रपति छान्ने अन्तिम औपचारिक प्रक्रिया पूरा गर्न बैठक बसिरहेको थियो । डेमोक्राटिक उम्मेदवार जो बाइडेन विजयी भएको घोषणा गर्न वर्तमान उपराष्ट्रपतिको अध्यक्षतामा बसेको संसदको संयुक्त बैठकलाई बिथोल्न ट्रम्प समर्थकहरू हतियारसहित सुरक्षा बार तोड्दै बैठक हलमा प्रवेश गरेका थिए । उनीहरूले भित्र तोडफोड गरेका थिए । परिस्थितिलाई नियन्त्रणमा लिन प्रहरीले चलाएको गोली लागेर चारजनाको मृत्यु भयो भने घाइते एक सुरक्षाकमीको पछि मृत्यु भयो ।

राष्ट्रपति ट्रम्पले संसद भवनभित्र छिरेका हुलदंगाकारीको भिडिओ, ट्वीटर र फेसबुकमा पोष्ट गर्दै उनीहरूलाई राष्ट्रवादी बताउँदै आफूले जितेको चुनाव खोसिएपछि यस्ता प्रदर्शन हुनु स्वभाविक भएको उल्लेख गर्दै ट्वीटहरू लेखेका थिए ।

तर विश्वभरिका नेताहरूले भर्त्सना र सत्ताधारी दल रिपब्लिकन पार्टीका सांसद नेताहरूले पनि निन्दा गरेपछि उक्त आक्रमणलाई जघन्य आक्रमणको संज्ञा दिँदै यस किसिमको आक्रमणले अमेरिकाको प्रजातन्त्रलाई अशुद्ध बनाएको बताएका थिए ।

ट्वीटर र फेसबुकले उनलाई प्रतिबन्ध पनि लगाएको थियो ।

ट्रम्पका समर्थकहरू ईंटा, बोतल र बन्दुक बोकेर संसद भवनभित्र छिरे पछि सुरक्षाकर्मीले सभामुख न्यान्सी पेलोसीलगायत सांसदहरूलाई सुरक्षित स्थानमा लगेका थिए ।

उक्त हिंसात्मक उपद्रवमा ट्रम्पले हिंसालाई बढावा दिएको, संयुक्त राज्य अमेरिकाको सरकारविरुद्ध मानिसहरूलाई उक्साएको आरोप कार्यकाल सकिन दुईहप्ता पनि बाँकी नहुँदा लगाइएको छ । यही आरोपमा ट्रम्पमाथि महाअभियोग लगाइएको छ । एउटै कार्यकालमा ट्रम्पमाथि दुई पटक महाअभियोग लागेको र दुवै पटक तल्लो सदनबाट पारित भएको इतिहास बनेको छ । तल्लो सदनका केही सत्ताधारी दलका सांसदहरूले पनि प्रस्तावको पक्षमा मत दिएका थिए ।

विश्वका थुप्रै देशमा 'प्रजातन्त्र' निर्यात गर्न युद्ध थोपर्ने र आतङ्क मच्चाउने साम्राज्यवादी अमेरिकाको आफ्नै देशमा घटेको घटनाले उसको साँचो अनुहार उदाङ्गिएको छ ।

## हिंसात्मक उपद्रवका केही दृश्यहरू

(तस्बिर : इन्टरनेट)











# काठमाडौंको वायु प्रदूषण भयावह–स्मार्ट सिटीलाई अग्रिम चेतावनी

कचौरा आकारको काठमाडौं उपत्यकामा जनङ्सख्याको चाप अत्यधिक छ, यातायातका साधन धान्नै नसक्ने गरी बढेकोछ। त्यसैले स्मार्ट सिटी बनाइए यो उपत्यका मानव बस्न लायक नहुने थप पूर्वचेतावनी हालैको भयावह वायु प्रदूषणले दिएको छ।

गएको पुस तेस्रो हप्ताको शुरुमा दुई दिन घाम नलाग्दा काठमाडौंको वायु प्रदूषण भयावह स्थितिमा पुग्यो।

केही दिनअघि नेपालको पश्चिमी भू–भाग हुँदै भित्रिएको पश्चिमी वायुको प्रभावले पुस २० गते बिहान यसपालिको पहिलो हिउँदे वर्षा त भयो तर त्यसले आकाश खुलाउन सकेन।

काठमाडौं हुस्सु लागेजस्तो धुम्म भयो र भिजिबिलिटी घट्यो। तापक्रम बढेसँगै काठमाडौंको वायुको प्रदूषण पनि ह्वात्तै बढ्यो। काठमाडौंको विद्यमान वायु प्रदूषणले खतराको तह नै पार गऱ्यो। वायुको गुणस्तर एयर क्वालिटी इन्डेक्स (AQI) मा मापन गरिन्छ।

विज्ञहरू एक्युआई ५० सम्म हुनु राम्रो र ५० देखि १०० सम्मलाई मोडरेट मानिन्छ। एक्युआई १५० सम्म पुग्दा संवेदनशील समूहलाई अस्वस्थकर हुन्छ। २०० सम्म पुगे सबैका लागि अस्वस्थकर हुन्छ। एक्युआई ३०० पुग्नु भनेको जोखिमपूर्ण हो। ३ सयभन्दा माथि जानु चाहिँ घातक हो। काठमाडौंको एयर क्वालिटी इन्डेक्स ४८७ पुगेको थियो। अर्थात झन्डै १० गुणा बढी प्रदूषित भई वायु प्रदूषण भयावह भएको थियो।

'हिउँदमा यस्तो त पहिला पनि हुन्थ्यो तर यसपालि त धेरै नै भयो,' वातावरण विभागका उपमहानिर्देशक इन्दुविक्रम जोशीले भने,'अहिले त यो खतराको लेभलभन्दा निकै माथि छ।'

खासै उद्योगधन्दा नभएको काठमाडौंमा यति ठूलो प्रदूषण कसरी भयो त ? पूर्वसचिव तथा मौसमविद् ऋषिराम शर्माले मौसम, काठमाडौंको जनसङ्ख्या र उपत्यकाको भू–बनावटले यस्तो भएको बताए।

कचौरा आकारको उपत्यका भएकाले पनि काठमाडौंमा यस्तो बेला हावा बाहिर जान नसक्ने शर्माले बताए।

बाहिर जान नपाएको काठमाडौंको हावामा मोटर, इँटाभट्टाको धुँवा र धूलो मिसिएकाले प्रदूषण ह्वात्तै बढेको उनले बताए।

हिजोकोजस्तो मौसम पछि पनि आउने कुरा निश्चित छ, त्यसैले सरकार अझ जनसङ्ख्या बढाउन स्मार्ट सिटीको रट लगाउन छोड्ने आशा सर्वत्र गरिएको छ।


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## अनुदान प्राप्त रासायनिक मल बिक्रीसम्बन्धी सूचना

नेपाल सरकारबाट अनुदानमा उपलब्ध गराउने रासायनिक मल 'अनुदान मल वितरण व्यवस्थापन निर्देशिका, २०७७' अनुसार बिक्री वितरण गर्ने सहकारी संस्थाहरूले आवश्यक कार्यविधि, बिल, भर्पाई र फारमहरू प्रयोग गरी यस नगरपालिकाले निर्धारण गरेको निम्न अनुसारको मूल्यमा मात्र मल बिक्री वितरण गर्न र नगरवासी कृषकहरूले पनि सोही मूल्य अनुसार मात्रै मल खरिद गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**यूरिया प्रतिबोरा रू. १०००।– (प्रतिकिलो रू. २०।–)**
**डि.ए.पी. प्रतिबोरा रू. २४५०।– (प्रतिकिलो रू. ४९।–)**
**पोटास प्रतिबोरा रू. १८५०।– (प्रतिकिलो रू. ३७।–)**

**विश्व सर्वहारा वर्गका महान नेता स्तालिन र माओको जन्मदिवस**

# मार्क्सवाद मानव समाजको विकासमा नयाँ विचार





विश्व सर्वहारा वर्गका महान नेताद्वय स्तालिनको १४२ औँ र माओ त्सेतुङ्को १२७ औँ जन्मदिवसको अवसरमा नेपाल कर्मचारी समाज केन्द्रीय समितिको आयोजनामा पुस २४ गते प्रशिक्षण तथा प्रवचन कार्यक्रम आयोजना गरियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मार्क्सवादको प्रमुख सार सर्वहारा वर्गको नेतृत्वमा बलपूर्वक सत्ता कब्जा गरी समाजवादी व्यवस्था लागू गर्नु हो भन्नुभयो ।

मार्क्सवादले मानव समाज विकासमा नयाँ विचार दिएको उल्लेख गर्नुहुँदै उहाँले, 'क्रान्तिको अर्थ आमूल परिवर्तन हो । संसारको एउटै देशमा क्रान्ति सफल हुन्छ, औद्योगिक रूपमा पीछडिएको देशमा पनि क्रान्ति सफल हुन्छ जस्ता नयाँ शिक्षा महान् अक्टोबर क्रान्तिले दिएको छ ।'

'क्रान्ति सफल भएपछि क्रान्तिको विरोधमा लाग्ने गुप्तचरहरू देखिएकोले पार्टीलाई शुद्धिकरण गर्न स्तालिनले क्रान्ति विरोधी संशोधनवादीहरूलाई पाखा लगाउनुभयो । बहुसङ्ख्यक जनताको हितमा चालिएको उक्त कदमलाई संसारका कम्युनिस्टहरूले स्वागत गर्छ । दोस्रो विश्व युद्धमा जर्मनी, इटाली, जापानलगायतका साम्राज्यवादी देशले सोभियत समाजवादमाथि हमला गऱ्यो । समाजवादको रक्षाको लागि सोभियत सङ्घका दुई करोड जनताले बलिदान दिए । स्तालिनको कुशल नेतृत्वको कारण नै अक्टोबर समाजवादी क्रान्ति सफल भएको हो ।', केन्द्रीय सदस्य प्रजापतिले भन्नुभयो ।

'शत्रुले विरोध गर्नु स्वाभाविक भएको भन्नुहुँदै उहाँले स्तालिनलाई साम्राज्यवादीहरूले निन्दा गर्नुमा कुनै आश्चर्य होइन', उहाँले स्पष्ट पार्नुभयो ।

राज्यसत्ता आफै क्रुर र तानाशाही हुने धारणा राख्नुहुँदै उहाँले राज्य सत्ताले कसको हितमा काम गर्छ त्यो महत्त्वपूर्ण हुने बताउनुभयो ।

समाजवाद र पूँजीवादको भिन्नताबारे जनतालाई स्पष्टरूपमा बुझाउनु आवश्यक भएकोमा जोड दिनुहुँदै उहाँले पूँजीवादी व्यवस्थामा व्यक्तिलाई र समाजवादी व्यवस्थामा राज्यलाई प्राथमिकतामा राखी नीति नियम बनाइने बताउनुभयो ।

'चिनियाँ कम्युनिस्ट पार्टी स्थापना भएको १०० वर्ष

पुग्दा चीनले विश्वमा आश्चर्यचकित विकास गरेको छ । सन् १९४९ मा चीनमा नयाँ जनवादी क्रान्ति सफल भयो । क्रान्ति सफल भएको १०० वर्ष अर्थात सन् २०४९ मा चीनलाई संसारको सबभन्दा विकसित देश बनाउने चिनियाँ सपना पूरा हुनेमा म विश्वस्त छु । चीनको यो अदभूत विकासमा अध्यक्ष माओको योगदान महत्त्वपूर्ण छ', केन्द्रीय सदस्य प्रजापतिले भन्नुभयो । नयाँ पुस्तामा राजनीतिप्रति वितृष्णा जाग्नुमा ठूला भनिने पार्टीका नेताहरूको अराजनीतिक शैली नै प्रमुख कारक रहेको धारण राख्नुहुँदै उहाँले राजनीतिलाई व्यक्तिगत स्वार्थमा केन्द्रित गर्दा राजनीति बद्नाम भइरहेको बताउनुभयो ।



उहाँले भन्नुभयो, 'राजनीति सबै नीतिमध्ये प्रमुख नीति हो । राजनीतिको माध्यमबाट जनतालाई असल व्यवहार, सदाचार सिकाउनुका साथै सुसंस्कृत बनाउन ध्यान दिनुपर्छ ।' राजनीति गर्ने मान्छेले बेइमान गरेपछि राजनीति नै खराव भन्ने भ्रम जनतामा हुने धारणा राख्नुहुँदै केन्द्रीय सदस्य प्रजापतिले समाज परिवर्तनमा लाग्नेहरू सबभन्दा पहिले आफू परिवर्तन भई देश र जनताको सेवामा इमानदारीपूर्वक लाग्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'पार्टीमा सङ्ख्या मुख्य हुने गर्दैन । विचारले लैश, सचेत राजनीतिक कार्यकर्ताले मात्र देश बनाउँछ । नेमकिपा सङ्गठित, अनुशासित र विचारप्रधान सचेत कार्यकर्ता तयार गर्न निरन्तर लागिरहेको छ । सचेत कार्यकर्ताहरू डर, धाक-धम्की अगाडि नडराउने, लोभलालचमा नफस्ने विचारमा अडिग रहने गर्छन् ।'

'बम र बन्दुकभन्दा आक्रामक विदेशी पूँजी खतरनाक हुन्छ । पूँजीमार्फत देश कब्जा गर्नु नै नवउदारवाद हो । देशको स्थिति असहज छ । यस्तो बेला कर्मचारी समाजका साथीहरू अझ सक्रिय भएर लाग्नु आवश्यक छ', उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिकामा जनताको पैसाले नै जनताको सेवा गरिरहेको र हाम्रो एकताले नै हामीलाई अझ हौसला प्रदान गर्ने उहाँले बताउनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले पूँजीवाद म्याद नाघेको औषधि जस्तै भइसकेको बताउनुभयो ।

उहाँले 'चिनियाँ सपना' र 'एक क्षेत्र एक मार्ग' बारे जानकारी दिनुहुँदै चीन चिनियाँ जनताको मात्र नभई विश्वका जनताको समृद्धिको लागि लागिपरेको छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष एवम् कार्यक्रमका सभापति गौतमप्रसाद लासिवाले स्तालिन र माओको जन्म दिवस मनाउनुको सार्थकताबारे प्रस्ट्याउनुहुँदै उहाँहरूको जीवनीबाट सिकेर देश र जनताको सेवामा समर्पित हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा काजीबहादुर पञ्च, दिलकृष्ण माक र काशिलाल प्रजापतिले पनि बोल्नुभएको थियो ।

# प्रदेश अस्पतालमा भक्तपुर अस्पताल उत्कृष्ट

भक्तपुर अस्पतालमा पुस १८ गते आयोजना गरिएको कार्यक्रममा स्वास्थ्य मन्त्रालयको न्यूनतम सेवा मापदण्डमा अस्पतालको सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्ने क्रममा आएको सरकारी मूल्याङ्कन टोलीले मूल्याङ्कनको मापदण्डअनुसार दिएको नम्बरको आधारमा भक्तपुर अस्पतालले सबैभन्दा धेरै नम्बर प्राप्त गरेको छ । उक्त मूल्याङ्कन टोलीले भक्तपुर अस्पतालले न्यूनतम सेवा मापदण्डमा द्रुतगतिमा प्रगति गर्दै सर्वोत्कृष्ट नतिजा ल्याएको पुष्टि गरेको हो । अस्पतालको स्थलगत अवलोकन र मूल्याङ्कनमा भक्तपुर अस्पतालले ८२ अङ्क प्राप्त गरी उत्कृष्ट नतिजा निकालेको बाग्मती प्रदेशका स्वास्थ्य निर्देशनालयका वरिष्ठ स्वास्थ्य प्रशासक डाक्टर अर्जुन सापकोटाले बताउनुभयो ।

बाग्मती प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गत स्वास्थ्य निर्देशनालयका निर्देशक रमेश अधिकारीले अस्पताल सुधार सबैका लागि गौरवको कुरा भएको बताउनुँदै यस्तै अवस्था कायम राख्दै थप सफलताका लागिपर्नु पर्ने आवश्यक




रहेको चर्चा गर्नुभयो ।

स्वास्थ्य सेवा विभाग नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाकी निर्देशक रोशनी तुइतुईले कार्यक्रम र थप बजेट खोज्दै उत्कृष्ट सेवालाई निरन्तरता दिनुपर्ने र अझ उचाइमा पुऱ्याउन अस्पतालको सिङ्गो परिवार लाग्नुपर्नेमा जोड दिनुभयो ।

अस्पतालको सफलतासँगै कार्यरत स्वास्थ्यकर्मी र कर्मचारी पनि खुसी देखिएका छन् ।

# हाम्रो स्वास्थ्य

## एकसाथ खानै नहुने खानेकुरा

– डा. हेमराज कोइराला

स्वास्थ्यका लागि गुणकारी र पोषक मानिएका दुई वा दुईभन्दा धेरै खानेकुराहरू पनि एकैपटक खाँदा एउटा खाद्य पदार्थको गुण धर्म अर्कोसँग नमिल्दा त्यसले स्वास्थ्यलाई हानि पुऱ्याउन सक्छ । यी खानेकुरालाई हामी **विरूद्ध आहार** भनेर चिन्छौँ । विरूद्ध आहारहरू छुट्टाछुट्टै खाँदा त्यसले स्वास्थ्यलाई फाइदा गरेपनि एकसाथ खाँदा यो नोक्सानदायक हुने गर्छ ।

विरुद्ध आहार सेवन गर्दा तत्कालै वा कालान्तरमा अनेकौं रोगहरूको खतरा रहन्छ । अधिकांश अवस्थामा हामीलाई यस्ता रोगहरूको कारणै थाहा नहुन सक्छ । तर विरूद्ध आहारको सेवनले पनि धेरै प्रकारका रोगहरू उत्पन्न गराउन सक्छ । यी खाद्य पदार्थहरूको विरूद्ध थाहा नहुँदा हामी रोगको चपेटामा जानी नजानी परिरहेका हुन्छौँ । यसर्थ विरुद्ध आहारका विषयमा तपाइँ हामी सबैजना जानकार हुनुपर्छ ।

### कस्ता कस्ता विरुद्ध आहार ?

आहारसंयोगको आधारमा मात्र विरुद्ध हुँदैन । देश, काल, परिस्थिति, मौसम, पाचन क्षमता, मात्रा, दोष, प्रकृति, विकृति (रोग), बल, बय, संस्कार, वीर्य अदिका आधारमा पनि विरूद्ध हुन्छ ।

**देश वा स्थान विरुद्ध आहार :** स्वास्थ्यका लागि सबैभन्दा हितकर खानेकुरा भनेको व्यक्ति बसिरहेकै स्थानमा फलेफूलेको खानेकुराहरू हुन् । स्थानीय वा क्षेत्रीय खानेकुराहरू खाँदा व्यक्ति र खानेकुराको प्रकृति मिल्छ तर एक क्षेत्रमा फलेफूलेको खानेकुरा अर्को क्षेत्रका मान्छेले खाँदा विरूद्ध हुन्छ ।

**कालविरूद्ध आहार :** काल अथवा समयका आधारमा पनि आहार विरूद्ध हुन सक्छ । जस्तो काँक्रो बिहान १० बजेभन्दा पहिले खानु अति उत्तम, १० देखि ४ बजेसम्म खानु ठिकै तर चार बजे पश्चात खानु हानिकारक हुन जान्छ । यसैगरी दही, सातु, अमिलो खानेकुराहरू राति खान हुँदैन ।

**परिस्थिति विरूद्ध आहार :** मान्छेको जीवनमा युद्ध, शान्ति, तनाव, चिन्ता, शोक, उदाशीनता, प्रणय जस्ता अनेक परिस्थितिहरू आइलाग्छन् र खानेकुरा यी परिस्थति अनुरूपको हुनुपर्छ । जस्तै, शोकको घडीमा नुनको सेवन, तनावको परिस्थितिमा गरिष्ठ भोजनलाई विरूद्ध मानिन्छ ।

**मौसमविरूद्धको आहार :** जाडो-गर्मी, वर्षा-सुख्खा वा भिन्न-भिन्न मौसममा जे फल्छ त्यही खाए राम्रो हुन्छ । जस्तै, असारको आँप पुसमा खानु राम्रो होइन, यसैगरी पुसको सुन्तला असारमा खानु राम्रो होइन । यसैगरी जाडोको चिसो र सुख्खा खानेकुरा खानु र गर्मी मौसममा तातो खानेकुरा खानु मौसम विरूद्धका आहार हुन् ।

**पाचनविरूद्ध आहार :** हरेक मान्छेमा पाचन क्षमता भिन्नभिन्न हुन्छ । कसैले गरिष्ठ भोजन पनि मजाले पचाइदिन्छन् त कसैले सामान्य भोजन पनि पचाउन सक्दैनन् । यसर्थ कमजोर पाचन क्षमता भएकाहरूले तारेको र भुटेको, धेरै तेल हालेको माछा-मासु, अण्डाजस्ता गरिष्ठ खानेकुरा खानुहुँदैन ।

**मात्राविरूद्धको आहार :** मह र घिउलाई समान मात्रामा सेवन गर्दा विषाक्त हुने मानिएको छ ।

**दोषविरूद्ध आहार :** वात प्रकृतिको मान्छेका लागि वात बढाउने खालको, कफ प्रकृतिको मान्छेका लागि कफ बढाउने खालको र पित्त प्रकृतिको मान्छेका लागि पित्त बढाउने खालको खानेकुरा विरूद्ध आहार हुन् ।

**प्रकृतिविरूद्ध आहार :** मान्छे सात्विक, राजसिक र तामसिक गरेर तीन प्रकृतिको छ । सात्विक प्रकृतिको मान्छेलाई तारेको र भुटेको, गरिष्ठ र उत्तेजक खानेकुरा दिँदा त्यो खाना गरिष्ठ हुन जान्छ भने राजसिक व्यक्तिलाई सादा खानादिँदा त्यो खाना पनि विरूद्ध खाना हुन्छ ।

**विकृति (रोग) विरूद्ध आहार :** हरेक रोगमा खानुहुने र खानु नहुने कुराहरूको सूची हुन्छ । रोग अनुरूप नभएको खानेहरूलाई विकृति विरूद्धको आहार भनिन्छ ।

**बल (परिश्रम) विरूद्ध आहार :** मान्छे परिश्रमका आधारमा निष्क्रिय, सामान्य र सक्रिय जीवनशैलीको हुन सक्छ र उसले गर्ने परिश्रम पनि सामान्य, मध्यम र कठिन हुन सक्छ । यसर्थ कठिन परिश्रमीलाई कम खान दिनु र सामान्य परिश्रमीलाई धेरै खानदिनु बलविरूद्धको आहार मानिन्छ ।

**बय (उमेर) विरूद्ध आहार :** लिटो खानेलाई भात खान दिनु र भातखानेलाई लिटो खानदिनु बय विरूद्धको आहार हो ।

**पाक संस्कारविरूद्ध आहार :** अमिलो खानेकुरालाई तामा वा पित्तलको भाडामा राख्दा वा पकाउँदा खाना विषाक्त हुन्छ । यसैगरी मह वा दहीलाई तताउँदा पनि हानिकारक हुन्छ । यस्ता खानेकुरालाई पाक संस्कारविरूद्धको आहार भनिन्छ ।

**वीर्यविरूद्ध आहार :** शीतवीर्य पदार्थहरूलाई उष्णवीर्य पदार्थहरूसँग खाएको आहारलाई वीर्य विरूद्धको आहार भनिन्छ ।

**रूचिविरूद्ध आहार :** आफूलाई रूचि नभएको खानेकुराहरू परिस्थितिबस खानुपरेको खानेकुरालाई हामी रूचिविरूद्धको आहार भन्छौं ।

**संयोगका विरूद्ध आहार :** दुई वा दुईभन्दा धेरै पदार्थको मिश्रण स्वास्थ्यका लागि हानिकारक हुन सक्छ भने त्यस खानेकुरालाई संयोगविरूद्ध आहार भनिन्छ ।

# नेपालमा कोरोना सङ्क्रमण

(माघ १६ गते)

**परीक्षण प्रयोगशाला : ८२ (सरकारी–४७, निजी–३५)**

**परीक्षण सङ्ख्या (पीसीआर) : २०,६४,०८१**

**कूल सङ्क्रमित : २,७०,७४५** (पु.१७५९५०, म.९४७९५)

**सक्रिय सङ्क्रमित सङ्ख्या : ३,०२२**

**निको भएका सङ्ख्या : २,६५,६९८**

**मृत्यु भएको सङ्ख्या : २,०२५**

| प्रदेश | क्रसं | जिल्ला | सङ्क्रमित | निको | मृत्यु |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | १ | ताप्लेजुङ | १५९ | १५९ | ० |
| | २ | पाँचथर | १७७ | १७० | २ |
| | ३ | तेह्रथुम | १५४ | १४२ | ५ |
| | ४ | इलाम | ४७३ | ४५९ | ५ |
| | ५ | मोरङ | १३१२१ | १२९९३ | ६६ |
| | ६ | झापा | ४९६२ | ४८९६ | ३८ |
| | ७ | संखुवासभा | ३८९ | ३८७ | १ |
| | ८ | भोजपुर | १६० | १५६ | २ |
| | ९ | खोटाङ | २१८ | २१५ | ० |
| | १० | धनकुटा | २६८ | २५४ | ७ |
| | ११ | सुनसरी | ९०९० | ८९८५ | ७६ |
| | १२ | उदयपुर | ६७३ | ६४९ | १० |
| | १३ | सोलुखुम्बू | १८९ | १८४ | ४ |
| | १४ | ओखलढुंगा | २६५ | २५४ | ५ |
| प्रदेश नं. २ | १५ | सप्तरी | २११२ | २०७९ | २५ |
| | १६ | सिरहा | २२६३ | २२३६ | २१ |
| | १७ | धनुषा | ३०५५ | ३०१४ | २७ |
| | १८ | महोत्तरी | २०३९ | २०१६ | १९ |
| | १९ | सर्लाही | २८३६ | २८०९ | २१ |
| | २० | रौतहट | २७८३ | २७६३ | १७ |
| | २१ | बारा | २१४६ | २१०३ | ३२ |
| | २२ | पर्सा | ३४७४ | ३४०५ | ५४ |
| बागमती | २३ | दोलखा | ७६२ | ७१८ | १५ |
| | २४ | रामेछाप | ५५६ | ५४३ | १० |
| | २५ | सिन्धुली | ५७९ | ५४७ | ७ |
| | २६ | सिन्धुपाल्चोक | ९९५ | ९६६ | १६ |
| | २७ | काभ्रेपलाञ्चोक | ३४९५ | ३४४८ | ३१ |
| | २८ | काठमाडौं | ९८९२९ | ९६२९३ | ४८१ |
| | २९ | भक्तपुर | ९०५४ | ८८४९ | १११ |
| | ३० | ललितपुर | १५६१५ | १५१९७ | १५२ |
| | ३१ | रसुवा | २२८ | २०९ | १ |
| | ३२ | नुवाकोट | १४५९ | १४२६ | १८ |
| | ३३ | धादिङ | १७३६ | १६९५ | २३ |
| | ३४ | मकवानपुर | ४३७३ | ४३०९ | ३४ |
| | ३५ | चितवन | ७६२२ | ७४४१ | ६२ |
| गण्डकी | ३६ | गोरखा | १४७५ | १४१७ | १८ |
| | ३७ | तनहुँ | १८०१ | १७५६ | २८ |
| | ३८ | नवलपरासी पूर्व | ३०२८ | ३००२ | ८ |
| | ३९ | मनाङ | १५ | ८ | ० |
| | ४० | लमजुङ | ११०८ | १०८२ | ७ |
| | ४१ | कास्की | ७२८८ | ७०३० | १०२ |
| | ४२ | स्याङ्जा | ११७६ | ११५८ | १५ |
| | ४३ | पर्वत | ४६६ | ४४४ | ४ |
| | ४४ | मुस्ताङ | ४२ | ३९ | २ |
| | ४५ | म्याग्दी | २५७ | २४० | ४ |
| | ४६ | बागलुङ | १२०५ | ११६९ | ५ |
| लुम्बिनी | ४७ | पाल्पा | २१७३ | २११६ | ७ |
| | ४८ | नवलपरासी पश्चिम | १५८८ | १५५५ | २१ |
| | ४९ | रुपन्देही | ९३७३ | ९०७८ | ७८ |
| | ५० | गुल्मी | ११९६ | ११५३ | ११ |
| | ५१ | अर्घाखाँची | १००३ | ९७२ | १० |
| | ५२ | कपिलवस्तु | २२४० | २१४७ | १८ |
| | ५३ | प्युठान | १०७० | १०५० | ५ |
| | ५४ | रूकुम पूर्व | ११५ | १०९ | ० |
| | ५५ | रोल्पा | ३१४ | २९७ | ३ |
| | ५६ | दाङ | ४०७९ | ३९५८ | ३७ |
| | ५७ | बाँके | ४७४३ | ४६५४ | ४३ |
| | ५८ | बर्दिया | १८७६ | १८४३ | १४ |
| कर्णाली | ५९ | डोल्पा | ५४ | ४६ | १ |
| | ६० | रूकुम पश्चिम | २५४ | २५१ | २ |
| | ६१ | सल्यान | ६७० | ६६९ | ० |
| | ६२ | मुगु | ३५ | ३५ | ० |
| | ६३ | जुम्ला | ४७३ | ४५३ | १ |
| | ६४ | जाजरकोट | ११९ | ११७ | ० |
| | ६५ | सुर्खेत | २९१९ | २८९२ | १५ |
| | ६६ | हुम्ला | ३६ | ३२ | १ |
| | ६७ | कालिकोट | २९१ | २८८ | २ |
| | ६८ | दैलेख | १६२९ | १६१८ | ४ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ७१७ | ७०७ | २ |
| | ७० | अछाम | १७५० | १७३० | ५ |
| | ७१ | कैलाली | ६०२५ | ५८२९ | ३५ |
| | ७२ | बझाङ | १०३५ | १०१४ | २ |
| | ७३ | डोटी | १४१८ | १४०८ | २ |
| | ७४ | दार्चुला | ४०८ | ३९४ | ४ |
| | ७५ | बैतडी | ७२८ | ६८७ | २ |
| | ७६ | डडेलधुरा | ७६४ | ७४२ | ० |
| | ७७ | कञ्चनपुर | १९०३ | १८१० | ११ |
| | | **जम्मा** | २,६५,२६८ | २,५८,९६८ | १,९२७ |
| | | **पुस १५ सम्म जम्मा** | २,६०,५३९ | २,५२,५३९ | १,८५६ |

स्रोत : स्वास्थ्य मन्त्रालय/कान्तिपुर माघ १४ गते (इन्टरनेट)

## विश्वमा कोभिड–१९ को स्थिति (माघ १५ गते)

| क्र. सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | पुस १५ मा |
|---|---|---|---|---|---|
| | विश्व | १०,१४,४१,९७९ | ७,३३,२८,७५८ | २१,८४,२८३ | |
| १ | संरा अमेरिका | २६,१६६,२०१ | १५,९४२,७५७ | ४३९,५१७ | १ |
| २ | भारत | १०,७०२,०३१ | १०,३७३,६०६ | १५३,८८५ | २ |
| ३ | ब्राजील | ९,०००,४८५ | ७,७९८,६५५ | २२०,२३७ | ३ |
| ४ | रूस | ३,७७४,६७२ | ३,२०२,४८३ | ७१,०७६ | ४ |
| ५ | संयुक्त अधिराज्य | ३,७१५,०५४ | १,६७३,९३६ | १०१,८८७ | ९ |
| ६ | फ्रान्स | ३,१०६,८५९ | २२०,५७० | ७४,४५६ | ५ |
| ७ | स्पेन | २,७७४,०१४ | अप्राप्त | ५७,२९१ | ६ |
| ८ | इटाली | २,५०१,१४७ | १,९३६,२८९ | ८६,८८९ | १३ |
| ९ | टर्की | २,४४९,८३९ | २,३३१,३१४ | २५,४७६ | २३ |
| १० | जर्मनी | २,१७९,६७९ | १,८६६,००० | ५५,३५८ | १५ |
| ११ | कोलम्बिया | २,०५५,३०५ | १,८८०,०४१ | ५२,५२३ | ८ |
| १२ | अर्जेन्टिना | १,८९६,०५३ | १,६८२,५६३ | ४७,४३५ | ७ |
| १३ | मेक्सिको | १,८०६,८४९ | १,३६२,५२५ | १५३,६३९ | १० |
| १४ | पोलान्ड | १,४८९,५१२ | १,२४६,२६७ | ३६,०५४ | २६ |
| १५ | दक्षिण अफ्रिका | १,४३०,६४८ | १,२६३,४७६ | ४२,५५० | १२ |
| १६ | इरान | १,३९२,३१४ | १,१८३,४६३ | ५७,६५१ | १४ |
| १७ | युक्रेन | १,२००,८८३ | ९८०,०८५ | २२,२०२ | २२ |
| १८ | पेरू | १,११३,९७० | १,०२८,१२० | ४०,२७२ | ११ |
| १९ | इन्डोनेसिया | १,०२४,२९८ | ८३१,३३० | २८,८५५ | १९ |
| २० | नेदरल्यान्ड | ९६१,५९३ | अप्राप्त | १३,७३३ | २५ |
| २१ | चेक गणतन्त्र | ९५६,१५५ | ८४१,५१८ | १५,७९१ | २८ |
| २२ | क्यानाडा | ७६१,२२७ | ६८३,९५१ | १९,५३३ | ३१ |
| २३ | रोमानिया | ७१८,६१२ | ६६२,४०० | १८,०१५ | ३० |
| २४ | चिली | ७०९,८८८ | ६६६,७९९ | १८,०४० | १६ |
| २५ | बेल्जीयम | ६९९,६६२ | ४८,३९१ | २०,९३३ | १८ |
| २६ | पोर्तुगल | ६६८,९५१ | ४८४,७५३ | ११,३०५ | ३७ |
| २७ | इजरायल | ६२१,५९० | ५४२,३४५ | ४,६०५ | २९ |
| २८ | इराक | ६१६,२५९ | ५८६,३२७ | १३,०१८ | १७ |
| २९ | स्वीडेन | ५६०,४७२ | अप्राप्त | ११,४२५ | ४३ |
| ३० | पाकिस्तान | ५३९,३८७ | ४९४,५७८ | ११,५१४ | २७ |
| ३१ | बंगलादेश | ५३३,४४४ | ४७७,९३५ | ८,०७२ | २० |
| ३२ | फिलिपिन्स | ५१८,४०७ | ४७५,५४२ | १०,४८१ | २१ |
| ३३ | स्विट्जरल्यान्ड | ५१७,७०५ | ३१७,६०० | ९,२६० | ३५ |
| ३४ | मोरोक्को | ४६८,३८३ | ४४६,१८१ | ८,२०७ | ३२ |
| ३५ | अस्ट्रिया | ४०८,७८१ | ३८६,३५१ | ७,५६४ | ५० |
| ३६ | सर्बिया | ३८९,०४५ | ३१,५३६ | ३,९४४ | ८१ |
| ३७ | जापान | ३७१,६८० | ३०८,१६४ | ५,२५२ | ४९ |
| ३८ | साउदी अरेबिया | ३६७,०२३ | ३५८,५४५ | ६,३६३ | २४ |
| ३९ | हङ्गेरी | ३६१,८८१ | २४६,५९६ | १२,१९८ | ६० |
| ४० | जोर्डान | ३२३,१११ | ३११,०८० | ४,२६२ | ६१ |
| ४१ | पनामा | ३१५,४०० | २६६,५३४ | ५,१७६ | ३८ |
| ४२ | लेबनान | २८९,६६० | १७०,०६७ | २,५५३ | ५८ |
| ४३ | संयुक्त अरब इमिरेटस | २८९,०८६ | २६३,७३० | ८११ | ४० |
| ४४ | नेपाल | २७०,३७५ | २६५,०६९ | २,०२० | ३३ |
| ४५ | जर्जीया | २५५,५६४ | २४५,५२७ | ३,१०८ | ८३ |
| ४६ | इक्वेडर | २४३,५३५ | २०४,०७१ | १४,७०४ | ३४ |
| ४७ | स्लोभाकिया | २४१,३९२ | २०२,१४८ | ४,३६१ | ७१ |
| ४८ | बेलारूस | २४१,१३३ | २२७,०६८ | १,६७८ | ५१ |
| ४९ | क्रोएसिया | २३०,३५९ | २२२,३९६ | ४,९१३ | ७९ |
| ५० | अजरबैजान | २२९,५८४ | २२१,७१७ | ३,१०५ | ७२ |
| ५१ | बुल्गेरिया | २१७,०१४ | १८१,६२२ | ८,९४४ | ७६ |
| ५२ | बोलिभिया | २०८,०७४ | १५४,३७७ | १०,१६७ | ३६ |
| ५३ | डोमिनिकन गणतन्त्र | २०७,४५५ | १५०,८०४ | २,५७९ | ४१ |
| ५४ | टयुनिसिया | २०२,३२३ | १५१,२१४ | ६,४४६ | ६८ |
| ५५ | डेनमार्क | १९६,५४० | १८३,६४७ | २,०५० | ८० |
| ५६ | मलेसिया | १९४,११४ | १५१,०१८ | ७०७ | ८७ |
| ५७ | कोस्टा रिका | १९२,०६६ | १५०,७४८ | २,५८४ | ४६ |
| ५८ | आयरल्यान्ड | १९१,१८२ | २३,३६४ | ३,१२० | ६५ |
| ५९ | कजाखस्तान | १८२,५३० | १६४,३१९ | २,४७६ | ४५ |
| ६० | लिथुआनिया | १७९,२१२ | १२३,५६२ | २,७१९ | १०१ |
| ६१ | आर्मेनिया | १६६,४२७ | १५६,०५३ | ३,०५६ | ५५ |
| ६२ | मीश्र | १६३,७६१ | १२७,९६३ | ९,११५ | ४७ |
| ६३ | कुवेत | १६२,८६२ | १५५,७३९ | ९५७ | ४२ |
| ६४ | स्लोभेनिया | १६१,६६२ | १४०,३५३ | ३,४२५ | ८६ |
| ६५ | मोल्डोभा | १५७,६२६ | १४७,८६४ | ३,३९६ | ५९ |
| ६६ | प्यालेस्टिन | १५६,९९६ | १४६,९३४ | १,८०८ | ७४ |
| ६७ | ग्वाटेमाला | १५६,४९७ | १४१,४८१ | ५,५१३ | ४८ |
| ६८ | ग्रीस | १५४,०८३ | १४२,१३६ | ५,७२४ | ८४ |
| ६९ | कतार | १४९,९३३ | १४५,२५१ | २४८ | ३९ |
| ७० | होन्डुरस | १४४,००७ | ६०,६६९ | ३,५१२ | ५२ |
| ७१ | म्यानमार | १३८,८०२ | १२३,१७० | ३,०८९ | ७५ |
| ७२ | इथियोपिया | १३५,०४५ | १२१,५९४ | २,०८३ | ५३ |
| ७३ | ओमान | १३३,५७४ | १२६,४८६ | १,५२५ | ४४ |
| ७४ | पारागुए | १३०,१६३ | १०५,३५३ | २,६६८ | ६४ |
| ७५ | नाइजेरिया | १२६,१६० | १००,३६५ | १,५४३ | ६३ |
| ७६ | भेनेजुयला | १२४,९५८ | ११७,११५ | १,१६५ | ५४ |
| ७७ | बोस्निया र हर्जगोभिना | १२०,८६४ | ९३,६५७ | ४,६४३ | ७७ |
| ७८ | लिबिया | ११६,०६४ | ९५,४०६ | १,८०२ | ६६ |
| ७९ | अल्जेरिया | १०६,३५९ | ७२,५३८ | २,८७७ | ७० |
| ८० | बहराइन | १०१,११६ | ९७,३३७ | ३७१ | ५७ |
| ८१ | केन्या | १००,३२३ | ८३,६९१ | १,७५१ | ७३ |
| ८२ | उत्तर मेसेडोनिया | ९१,५५५ | ८०,००८ | २,८२१ | ८८ |
| ८३ | चीन | ८९,३२६ | ८२,८७० | ४,६३६ | ५६ |
| ८४ | कीर्गीज्स्तान | ८४,३०३ | ८०,४८१ | १,४०८ | ६७ |
| ८५ | उज्बेकिस्तान | ७८,५५६ | ७७,०४७ | ६२१ | ६२ |
| ८६ | दक्षिण कोरिया | ७६,९२६ | ६६,०१६ | १,३८६ | ९० |
| ८७ | अल्बानिया | ७४,५६७ | ४५,३८३ | १,३३९ | ९३ |
| ८८ | लात्भिया | ६३,०२७ | ५१,१२३ | १,१३८ | १२८ |
| ८९ | घाना | ६२,७५१ | ५८,५६१ | ३७७ | ७८ |
| ९० | नर्वे | ६१,९६१ | ५३,२९९ | ५५६ | ९४ |
| ९१ | श्री लंका | ६०,६९४ | ५२,५६६ | २९० | ११२ |
| ९२ | मोन्टेनेग्रो | ५९,८२५ | ५१,३८७ | ७८३ | ९५ |
| ९३ | सिंगापुर | ५९,३९१ | ५९,१०४ | २९ | ६९ |
| ९४ | अफगानिस्तान | ५४,८९१ | ४७,५४९ | २,३९७ | ८२ |
| ९५ | एल साल्भाडोर | ५३,९८९ | ४७,६४३ | १,५९९ | ८५ |
| ९६ | लक्जम्बर्ग | ५०,०८९ | ४७,३०२ | ५७१ | ९६ |
| ९७ | जाम्बिया | ४८,९११ | ४१,२८२ | ६८८ | ९८ |
| ९८ | फिन्ल्यान्ड | ४३,६१६ | ३१,००० | ६६० | ९९ |
| ९९ | इस्टोनिया | ४१,९६६ | ३१,६९५ | ३९८ | १४० |
| १०० | उरुग्वे | ३९,३२८ | ३१,५९८ | ४०७ | १५२ |
| १०१ | उगान्डा | ३९,३१४ | १४,११४ | ३१८ | १०५ |
| १०२ | मोजाम्बिक | ३४,९२६ | २२,४९४ | ३३६ | १०४ |
| १०३ | नामिबिया | ३३,२६५ | ३१,२१० | ३३२ | १०३ |
| १०४ | जिम्बावे | ३२,३०४ | २३,६८७ | १,१२२ | ११७ |
| १०५ | साइप्रस | ३०,३८० | २,०५७ | १९३ | १४४ |
| १०६ | क्यामरून | २९,६१७ | २८,०४५ | ४६२ | ९१ |
| १०७ | अस्ट्रेलिया | २८,७९३ | २६,०२९ | ९०९ | ८९ |
| १०८ | आइभोरि कोस्ट | २७,४५५ | २५,३८८ | १५१ | ९२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०९ | सुडान | २६,६७१ | २०,९३६ | १,७६० | १०२ |
| ११० | सेनेगल | २५,४०७ | २१,१२५ | ६०१ | १०० |
| १११ | क्युबा | २३,४३९ | १८,३२५ | २०४ | १२१ |
| ११२ | प्रजातान्त्रिक गणतन्त्र कंगो | २२,१७८ | १४,९६८ | ६६१ | १०८ |
| ११३ | मलावी | २१,६६० | ७,३४९ | ५५५ | १२५ |
| ११४ | बोत्स्वाना | २०,६५८ | १६,७९४ | १२४ | १२३ |
| ११५ | अंगोला | १९,५८० | १७,६०३ | ४६२ | ११० |
| ११६ | मडागास्कर | १८,७४३ | १७,९३० | २७९ | ९७ |
| ११७ | फ्रेन्च पोलीनेसिया | १७,९९६ | ४,८४२ | १३१ | १२० |
| ११८ | माल्टा | १७,११२ | १४,२५२ | २५८ | १२४ |
| ११९ | मौरितानिया | १६,५०६ | १५,४९१ | ४१९ | ११८ |
| १२० | थाइलान्ड | १६,२२१ | ११,२८७ | ७६ | १४७ |
| १२१ | फ्रेन्च गीयाना | १५,८५७ | ९,९९५ | ७६ | १११ |
| १२२ | माल्दिभ्स | १५,३९० | १३,९६६ | ५१ | १०७ |
| १२३ | जमैका | १५,२४१ | ११,९४२ | ३४२ | ११४ |
| १२४ | इस्वाटिनी | १५,०५१ | ९,७०० | ५२२ | १२६ |
| १२५ | गिनी | १४,४३५ | १३,९४६ | ८२ | १०६ |
| १२६ | र्‍वान्डा | १४,१६६ | ९,०४२ | १८३ | १३६ |
| १२७ | सिरिया | १३,८२३ | ७,२६० | ९०० | १२७ |
| १२८ | क्याबो भर्डे | १३,७२२ | १२,९०८ | १२९ | ११६ |
| १२९ | ताजिकिस्तान | १३,३०८ | १३,२१८ | ९० | १०९ |
| १३० | बेलिज | ११,८१६ | ११,२३६ | २९४ | १५१ |
| १३१ | हैटी | ११,३३१ | ९,०१० | २४३ | ११३ |
| १३२ | ग्याबोन | १०,५३६ | १०,१२२ | ६८ | ११५ |
| १३३ | हङ कङ | १०,२८३ | ९,१६२ | १७५ | १३३ |
| १३४ | बुर्किना फासो | १०,२१७ | ८,७५९ | १२० | १५५ |
| १३५ | रियुनियन | ९,९०४ | ९,२६१ | ४५ | १३० |
| १३६ | अन्डोरा | ९,७१६ | ८,८५१ | ९८ | १४१ |
| १३७ | ग्वाडेलौप | ९,०९७ | २,२४२ | १५४ | ११९ |
| १३८ | सुरिनाम | ८,२४३ | ७,४३३ | १५२ | १३५ |
| १३९ | बहामाज | ८,१६१ | ६,७५४ | १७५ | १२२ |
| १४० | लेसोथो | ८,०४७ | २,३९८ | १४६ | १६१ |
| १४१ | माली | ८,०३७ | ५,८७० | ३२७ | १५० |
| १४२ | कंगो | ७,८८७ | ५,८४६ | ११७ | १३४ |
| १४३ | मायोत्ते | ७,८८४ | २,९६४ | ६० | १४३ |
| १४४ | ट्रिनिडाड एन्ड टोवागो | ७,५०९ | ७,०७७ | १३४ | १२९ |
| १४५ | गुयाना | ७,३८० | ६,४८८ | १७४ | १४५ |
| १४६ | अरूबा | ६,८०९ | ६,३७८ | ५८ | १४२ |
| १४७ | मार्टिनक्यु | ६,४०२ | ९८ | ४५ | १४९ |
| १४८ | निकारागुआ | ६,२५३ | ४,२२५ | १६९ | १३२ |
| १४९ | आइसलान्ड | ६,००० | ५,९१५ | २९ | १३९ |
| १५० | जिबौटी | ५,९२६ | ५,८४४ | ६२ | १३१ |
| १५१ | इक्वेटोरियल गिनी | ५,४९३ | ५,२६८ | ८६ | १३७ |
| १५२ | केन्द्रीय अफ्रिकीगणतन्त्र | ४,९८० | ४,८८५ | ६३ | १३८ |
| १५३ | टोगो | ४,८७० | ४,०९२ | ७६ | १५८ |
| १५४ | सोमालिया | ४,७५४ | ३,६६६ | १३० | १४६ |
| १५५ | कुरासाओ | ४,५६७ | ४,४६६ | २० | १६६ |
| १५६ | नाइजर | ४,४३३ | ३,५८३ | १५३ | १६४ |
| १५७ | जिब्राल्टर | ४,०५७ | ३,४६२ | ७० | १७३ |
| १५८ | गाम्बिया | ४,०१९ | ३,७८० | १२८ | १४८ |
| १५९ | दक्षिण सुडान | ३,७८८ | ३,५४२ | ६४ | १५३ |
| १६० | बेनिन | ३,७८६ | ३,३१७ | ४८ | १५४ |
| १६१ | च्यानल टापु | ३,५२५ | ३,२२७ | ७९ | १६९ |
| १६२ | चाड | ३,२६९ | २,३३५ | ११७ | १६२ |
| १६३ | सिएरा लियोन | ३,२३६ | २,२३७ | ७७ | १५७ |
| १६४ | सान मारिनो | २,९४१ | २,६७५ | ६५ | १६८ |
| १६५ | गिनी बिसाउ | २,५३२ | २,४२१ | ४५ | १५६ |
| १६६ | कोमोरोस | २,४९२ | १,४९६ | ८१ | १७८ |
| १६७ | लिक्टेन्स्टाइन | २,४५८ | २,३२८ | ५२ | १७९ |
| १६८ | न्यु जीलान्ड | २,२९९ | २,२०५ | २५ | १६० |
| १६९ | यमन | २,१२० | १,४२५ | ६१५ | १५९ |
| १७० | इरिट्रिया | २,०८५ | १,५४९ | ७ | १८२ |
| १७१ | लाइबेरिया | १,९३६ | १,७५७ | ८४ | १६३ |
| १७२ | सिन्ट मार्टेन | १,८०७ | १,६२५ | २७ | १७० |
| १७३ | मंगोलिया | १,६९२ | १,२८४ | २ | १८७ |
| १७४ | भियतनाम | १,५५३ | १,४३० | ३५ | १६५ |
| १७५ | बुरुन्डि | १,५४२ | ७७३ | २ | १७५ |
| १७६ | बार्बाडोस | १,४४३ | १,०७९ | ११ | १९० |
| १७७ | मोनाको | १,४१३ | १,१८० | १० | १८४ |
| १७८ | टर्क्स एन्ड कैकोस | १,३१२ | १,०२० | ८ | १७२ |
| १७९ | साओटोम एन्ड प्रिन्सिप | १,२२१ | १,००७ | १७ | १६७ |
| १८० | सेन्ट मार्टिन | १,१४६ | १,००६ | १२ | १७६ |
| १८१ | सेशेल्स | १,१२९ | ८०१ | ३ | १९३ |
| १८२ | सेन्ट लुसिया | ९६९ | ४९३ | १३ | १९७ |
| १८३ | ताइवान | ८९३ | ८०७ | ७ | १७७ |
| १८४ | भुटान | ८५६ | ७६४ | १ | १८६ |
| १८५ | पपुआ न्यु गिनी | ८५१ | ८१२ | ९ | १७४ |
| १८६ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | ८२७ | १७४ | २ | १९८ |
| १८७ | डाइमन्ड प्रिन्सेस | ७१२ | ६९९ | १३ | १७१ |
| १८८ | बर्मुडा | ६८९ | ६४८ | १२ | १९१ |
| १८९ | फैरोए टापु | ६५४ | ६४५ | १ | १८१ |
| १९० | मौरिसियस | ५६९ | ५२८ | १० | १८३ |
| १९१ | तान्जानिया | ५०९ | १८३ | २१ | १८० |
| १९२ | कम्बोडिया | ४६० | ४२३ | | १८८ |
| १९३ | आइल अफ मान | ४३२ | ३७७ | २५ | १८५ |
| १९४ | केमान आइलान्ड | ३८४ | ३५६ | २ | १८९ |
| १९५ | क्यारिबियन नेडरलान्ड | ३६० | २४४ | ३ | १९२ |
| १९६ | सेन्ट बार्थ | ३०० | २०४ | १ | १९६ |
| १९७ | एन्टिगुआ एन्ड बर्मुडा | २१५ | १७४ | ६ | १९५ |
| १९८ | ब्रुनइ | १७६ | १६९ | ३ | १९४ |
| १९९ | ग्रेनाडा | १४८ | १३५ | १ | २०४ |
| २०० | ब्रिटिस भर्जिन टापु | ११४ | ९५ | १ | १९९ |
| २०१ | डोमिनिका | ११३ | १०५ | | २०१ |
| २०२ | टिमोर लेस्टे | ६८ | ५४ | | २०३ |
| २०३ | फिजी | ५५ | ५३ | २ | २०२ |
| २०४ | मकाओ | ४७ | ४६ | | २०० |
| २०५ | लाओस | ४४ | ४१ | | २०७ |
| २०६ | न्यु क्यालेडोनिया | ४४ | ४३ | | २०५ |
| २०७ | फकलान्ड टापु | ४१ | ३४ | | २१२ |
| २०८ | सेन्टकिट्सएन्डनेभिस | ३७ | ३५ | | २०८ |
| २०९ | ग्रीनलान्ड | ३० | ३० | | २०९ |
| २१० | भेटिकन सिटी | २७ | १५ | | २०६ |
| २११ | सेन्ट पीरे मिक्वेलोन | २३ | १६ | | २१० |
| २१२ | सोलोमन टापु | १७ | १० | | २१५ |
| २१३ | अन्गिला | १६ | १५ | | २१६ |
| २१४ | मोन्टसेराट | १३ | १२ | १ | २११ |
| २१५ | पश्चिमी सहारा | १० | ८ | १ | २१३ |
| २१६ | एमएस जान्डाम | ९ | ७ | २ | २१४ |
| २१७ | वालिस एन्ड फुटुना | ५ | ४ | | २१८ |
| २१८ | मार्शल टापु | ४ | ४ | | २१७ |
| २१९ | समोआ | २ | २ | | २१९ |
| २२० | माइक्रोनेसिया | १ | | | |
| २२१ | भनौतु | १ | १ | | २२० |
| **जम्मा** | | १०,१४,४१,९७९ | ७,३३,२८,७५८ | २१,८४,२८३ | |
| **पुस १५ सम्म जम्मा** | | ८,२३,२७,४९८ | ५,८३,३८,९०६ | १७,९६,५४५ | |
| स्रोत | WORLDOMETERE | मिति : २०७७।१०।१५ समय : ११:४५ (GMT:06:00) | | | |

“Creation of predecessors — Our art and culture”

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (१५)

## परिच्छेद-७

**३८. भवन निर्माण गर्नु पर्ने अवधि :** (१) भवन निर्माण गर्न अनुमति पाएको व्यक्ति वा सरकारी कार्यालयले त्यसरी अनुमति पाएको मितिले दुई वर्षभित्र त्यस्तो भवन निर्माण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र भवन निर्माण गर्न नसकिने भएमा सोको कारण खुलाई त्यस्तो म्याद सकिनु अगावै म्याद थपको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै दरखास्त परेमा प्रमुख प्रशासकीय अधिकृतले पहिले लागेको दस्तुरको पाँच प्रतिशत दस्तुर लिई दुई वर्षको लागि भवन निर्माण गर्ने म्याद थप गरिदिन सक्नेछ ।

**३९. जाँचबुझ र कारबाही :** (१) गाउँपालिका वा नगरपालिका क्षेत्रमा कसैले निर्माण गरेको वा गरिरहेको भवनको सम्बन्धमा देहायका कुराहरूको जाँचबुझ गर्न प्रमुख प्रशासकीय अधिकृतले कुनै इन्जिनियर, सबइन्जिनियर वा कर्मचारीलाई खटाउन सक्नेछः–

(क) त्यस्तो भवन निर्माण गर्न नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति लिएको छ, छैन,

(ख) त्यस्तो भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम पास भएको नक्साअनुसार निर्माण भएको वा भइरहेको छ, छैन, र

(ग) त्यस्तो भवनले सार्वजनिक जग्गा, बाटो, कुलो, मन्दिर, चोक, ढल, नाला, पोखरी आदि मिचेको छ, छैन ।

(२) भवन निर्माण गर्ने व्यक्ति र भवन निर्माण कार्यसँग सम्बन्धित सबैले उपदफा (१) बमोजिम जाँचबुझ गर्न आउने व्यक्तिलाई निजले सोधेको प्रश्नको जवाफ दिनु र मागेको कागजपत्र दिनु वा देखाउनु र आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्न खटिएको कर्मचारीले त्यसरी खटिएको मितिले पन्ध्र दिनभित्र त्यस्तो भवन निर्माण सम्बन्धमा आवश्यक जाँचबुझ गरी आफ्नो सुझावसहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो प्रतिवेदन सात दिनभित्र अध्यक्ष वा प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनअनुसार कसैले उपदफा (१) विपरीत भवन निर्माण गरेको वा गरिरहेको पाइएमा अध्यक्ष वा प्रमुखले सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनअनुसार कसैले यस ऐन बमोजिम नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी भवन निर्माण गरेको वा गरिर हेको ठहरेमा नक्सा पास नगरी भवन बनाएको भए पाँच लाख रुपैयाँसम्म र पास भएको नक्सामा स्वीकृति बेगर हेर फेर गरी भवन बनाएको भए दुई लाख रुपैयाँसम्म जरिबाना गरी अध्यक्ष वा प्रमुखले सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिनेछ ।

(६) उपदफा (४) वा (५) बमोजिम आदेश दिनुअघि अध्यक्ष वा प्रमुखले त्यस्तो भवन निर्माण गर्ने व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

**४० पुनरावेदन :** दफा ३९ को उपदफा (४) वा (५) बमोजिम अध्यक्ष वा प्रमुखले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ र त्यस्तो पुनरावेदनको सम्बन्धमा जिल्ला अदालतबाट भएको निर्णय अन्तिम हुनेछ ।

**४१. भवन, संरचना भत्काउने र लागेको खर्च असुल गर्ने :** (१) दफा ३९ को उपदफा (४) वा (५) बमोजिम कुनै भवन, संरचना वा त्यसको कुनै भाग भत्काउने आदेश भएमा त्यस्तो आदेश उपर दफा ४० बमोजिम पुनरावेदन परेकोमा जिल्ला अदालतबाट त्यस्तो भवन वा त्यसको कुनै भाग भत्काउने गरी निर्णय सदर भएको मितिले पैंतीस दिनभित्र र पुनरावेदन नपरेकोमा पुनरावेदन गर्ने म्याद नाघेको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले अध्यक्ष वा प्रमुखको आदेश वा जिल्ला अदालतको निर्णय बमोजिम त्यस्तो भवन, संरचना वा त्यस्को कुनै भाग भत्काउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र सम्बन्धित व्यक्तिले त्यस्तो भवन, संरचना वा त्यसको कुनै भाग नभत्काएमा गाउँपालिका वा नगरपालिकाले नै त्यस्तो भवन, संरचना वा त्यसको कुनै भाग भत्काउनेछ र त्यसरी भत्काउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

**४२. नक्सा पास सम्बन्धी विशेष व्यवस्था :** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि तत्काल प्रचलित कानून

बमोजिम नक्सा पास गर्नु पर्नेमा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी बनाएको भवनको हकमा भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पालना भएको रहेछ भने नगरपालिकाले यो ऐन प्रारम्भ भएपछि एक पटकको लागि देहायको व्यवस्था गरी नक्सा पास गर्न वा पास भएको नक्सामा हेरेफेर गर्न स्वीकृति दिन सक्नेछ:-

(क) सम्बन्धित व्यक्तिलाई पैंतीस दिनको म्याद दिई प्रमाणसाथ दरखास्त दिनको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ख) खण्ड (क) मा उल्लिखित म्यादभित्र दरखास्त पर्न आएमा स्थलगत रुपमा प्राविधिक जाँचबुझ गरी तथा साँध सँधियार समेतसँग बुझी भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पालना भए नभएको भन्ने सम्बन्धमा एकिन गर्ने,

(घ) भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पूरा गरेको एकिन भएमा हाल नक्सा पास गर्न वा स्वीकृत नक्सा हेरफेर गर्नको लागि लाग्ने दस्तुरको तेब्बर दस्तुर लिने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपार्टमेन्ट, हाउजिङ, होटेल तथा अन्य व्यावसायिक भवनको हकमा सो व्यवस्था लागू हुने छैन ।

**४३. राष्ट्रिय भवनसंहिता पालन गर्नु, गराउनु पर्ने :** (१) गाउँपालिका तथा नगरपालिकाले दफा २७ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवनसंहिताको पालना गर्नु, गराउनु पर्नेछ ।

(२) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिमको राष्ट्रिय भवनसंहिताको अधीनमा रही थप मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**४४. राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नु पर्ने :** (१) गाउँपालिका तथा नगरपालिकाले सडक, भौतिक पूर्वाधार, एकीकृत बस्ती विकास तथा शहरी योजना, भू-उपयोग योजना, उपभोग्य सेवा, सामाजिक सेवा तथा पूर्वाधारको निर्माण, सञ्चालन वा व्यवस्थापन गर्दा नेपाल सरकार र प्रदेश सरकारले सो विषयमा तोकेको राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नु पर्नेछ ।

(२) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिमको राष्ट्रिय तथा प्रादेशिक मापदण्डभन्दा कम नहुने गरी थप मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**४५. सडकको अधिकारक्षेत्र तोक्न सक्ने :** (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र स्थानीय सडकको दायाँ बायाँको अधिकारक्षेत्र (राइट अफ वे) को सीमा तोक्न सक्नेछ ।

(२) गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय तथा प्रदेश स्तरीय सडकको दायाँ बायाँ अधिकारक्षेत्र (राइट अफ वे) को मापदण्ड पालना गर्नु, गराउनु पर्नेछ ।

(३) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) वा (२) बमोजिमको सडकको अधिकारक्षेत्रभित्र बनेका संरचना जुनसुकै बखत हटाउन वा भत्काउन आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको आदेशअनुसार कुनै व्यक्ति, संस्था वा निकायले त्यस्तो संरचना नहटाएमा वा नभत्काएमा गाउँपालिका तथा नगरपालिकाले त्यस्तो संरचना आफै हटाउन वा भत्काउन सक्नेछ र यसरी हटाउन वा भत्काउन लागेको खर्च सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट असुल उपर गर्नेछ ।

(५) यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिम एकपटक तोकिएको सडकको दायाँ बायाँ अधिकारक्षेत्र (राइट अफ वे) परिवर्तन गर्दा कसैको जग्गा वा सो जग्गामा बनेको संरचना त्यसरी परिवर्तन गरिएको अधिकारक्षेत्रभित्र पर्न गएमा त्यस्तो जग्गा प्राप्त गर्दा वा सो जग्गाभित्रको संरचना हटाउँदा वा भत्काउँदा क्षतिपूर्ति दिनु पर्नेछ ।

**(क्रमशः)**

## 'भक्तपुर' मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस् ।

साथमा सम्बन्धित तस्बिरहरू भए प्राथमिकतासाथ स्थान दिइनेछ ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला ।

**रचना पठाउने ठेगाना:**

- भक्तपुर नगरपालिका कार्यालय भवन
- email-bhaktapurmasik@gmail.com



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 57

## CHAPTER XXV.

### MASSACRE IN THE PALACE

This conversation between Jang and Fateh Jang took place in the quadrangle surrounding the building of the Kot. When it was over, Fateh Jang went into the lower room on the ground floor, where Abhiman Singh Rana was sitting, and Jang went up to the Rani on the second or upper floor. It is supposed that Fateh Jang repeated to Abhiman Singh what Jang had just said to him; for Abhiman Singh immediately sent for the officers of his three regiments and desired them to be on the alert, and to load their muskets with balled cartridges. Jang, seeing from the window that the men were loading, directed the Rani's attention to the fact. She immediately left him and descended, sword in hand, to the large western apartment, where Fateh Jang, Abhiman Singh, Dalbanjan Pandi, and the other Sirdars, with some of Jang's brothers, were assembled. Addressing them all, she called out, "Who has killed my faithful General Gagan Singh? Name him quickly." No one answered, but Fateh Jang promised a full investigation. Much enraged, the Rani tried to use her own sword on Bir Kishor Pandi, who was in irons, but the three ministers restrained her, and trying to pacify her, followed her from the ball towards the upper story. The Rani mounted the dark and narrow staircase alone, the three ministers waiting at the foot of it (it is a steep narrow ladder rather than a staircase, dark, and surmounted by a trap-door), and preparing to follow her as soon as she had reached the second story, when suddenly shots were fired within the building, and Fateh Jang and Dalbanjan Pandi fell dead, and Abhiman Singh Rana wounded. Abhiman Singh, exclaiming " This is Jang's treachery," staggered back to the hall, and endeavoured to get out of it to join his regiment, which was out- side the building, in the surrounding quadrangle ; but Krishna Bahadur, with one stroke of his sword, nearly cut him in two, and he fell dead. This occurred in the presence of a number of Sirdars, Kajis, and other officers, among whom was Kharak Bikram Sah, son of Fateh Jang, and several other Chauntrias.

### ORIGIN OF THE MASSACRE

Hearing of his father's death in the adjoining pas- sage-room, and seeing Abhiman Singh cut down before his eyes, Kharak Bikram Sah hastily drew his kukery, and rushing on Bam Bahadur, inflicted a gash across his head, and another across the head of Krishna Bahadur ; then having cut down a sepoy, he turned again upon Bam Bahadur, who, quite un-prepared for this sudden melee, was somewhat stunned by the blow on his head, and half blinded by the blood which was streaming over his face, was endeavouring to draw his talwar from its sheath, in which it was fastened by a twisted knot. Kharak Bikram Sah's hand was upraised, and in another instant he would have cut down Bam, who was incapable of defending himself from his sword being entangled, when Jang Bahadur (who had been upstairs till now, but on hearing the noise below had rushed down) entering the apartment, and seeing his brother's danger, seized a rifle and shot Kharak Bikram Sah through the chest, and he, staggering backwards, was despatched by a sword-cut from Deher Shamshir, Jang's youngest brother. This was Jang's first appearance on the scene of bloodshed; he had been above at its commencement, waiting for and upon the Rani, and only came down on hearing the firing below.

The unpremeditated origin of the disturbance is confirmed by the fact of Bam being unarmed, except with his talwar, which he had not even taken the precaution to have ready for use, and which he had not time to draw in self defence, before he was attacked. Who fired the first and fatal shots on the three Sardars (Fateh Jang, Dalbanjan Pandi, and Abhiman Rana) as they followed the Queen out of the apartment, is unknown.* There

* In reporting to the Resident Lis own nomination to the office of Sole Premier on the 16th of September (two days after the massacre), and giving an account of the matter, Jang stated that on the Council being assembled to investigate into the death of Gagan Sing, the Queen publicly accused all the ministers by name as accomplices in the murder, and she called out to Gagan Sing's regiment to seize them, and she would have put them all to death en masse. Great confusion followed; the ministers mutually recriminated each other, swords were drawn, and the first blood was shed by Fateh Jang's son, who attacked and wounded Bam Bahadur. He said that Fateh Jang himself and the other ministers were killed, not at the outbreak, but during the progress of the slaughter. Jang says that had he not restrained her she would have put the Heir- Apparent and his brother to death at the time of the massacre, and imprisoned the Rajah. He always maintains that the massacre originated entirely in the violent and outrageous conduct of the Queen, who, holding supreme power at the time, ought to be held responsible for it.

had been high words passing below among the Sardars of different parties as the Queen withdrew, and it is probable that in the excitement of the wrangling, one or more of Jang's younger brothers, who were present, on seeing Abhiman Rana's soldiers loading their muskets in accordance with that General's orders, imagined that this was preliminary to some treachery against them or Jang, and rashly gave the order to fire on General Abhiman Rana. In the heat of the moment this order being obeyed by more than one excited partisan, several shots were fired at the General at the same instant, and Chautria Fateh Jang and Dalbanjan Pandi, who were standing at the time close to him, fell dead by the same discharge by which he was mortally wounded.

Blood having thus been shed, the fierce passions of those present were excited beyond all control. Everyone distrusted his neighbour, and, in self-defence, all who had arms drew them and prepared, if necessary, to sell their lives as dearly as possible. The confusion was extreme in the small, low, and badly lighted apartments and passages of the building. In an instant swords were used, more blood was shed, and a promiscuous melee ensued, which, as a large number of the assembly were unarmed, soon became a slaughter rather than a fight. A party of Jang's followers and personal attendants, armed with double barrelled guns, forced their way into the building, determined to defend their master and his brothers to the last. Round them those of the Thappa party rallied, and, with Jang at their head, commenced firing on all who seemed opposed to them. It was a moment when Jang felt that all who were not friends to him must be enemies, and all present who were not members of, or known to be attached to, his party were ruthlessly shot or cut down. Some were saved by Jang's brothers, who put them out of the Kot by a small doorway at its back.

## SUBSEQUENT SLAUGHTERS

As soon as the death of Abhiman Rana was known, his troops and followers, in alarm, fled; so that Jang's own corps, named after Kali Baksh, had little difficulty in gaining possession of the quadrangle sur- rounding the Kot, the outlets of which they secured, and then opening their fire, they picked off, with little danger or loss to themselves, all members of the assembly, armed or unarmed, who were opposed to them. Those who took refuge inside the Kot were shot or cut down by the party who had rallied round Jang in person; those who came out into the quadrangle were at once slaughtered by the men of his regiment, who were in possession of it on every side. The massacre was quickly over, as resistance was feeble and unavailing. While it lasted, the Queen stood at the open window of the uppermost story, urging on the soldiers, and calling out to them, "Kill and destroy my enemies." The bodies of the slain were heaped up together, without reference to rank, and nearly filled the small quadrangle surrounding the Kot.

Before the slaughter was well over, the Queen conferred the office of Premier and Commander-in-Chief upon General Jang Bahadur; and he presented to her his nazar of acknowledgment. The Queen remained in the upper story of the Kot, a calm and unmoved witness of the horrors that were perpetrated below, till daybreak, when Jang conducted her to the Hanuman Dhoka Palace, and then he proceeded to present his nazar, and pay his respects as Premier, to the King and the prince. The King angrily demanded of him, "By whose order have so many chiefs and officers of the State been slaughtered?" Jang replied, "Everything has been done by the orders of the Queen, to whom your Majesty yourself made over sovereign power."

The King hastily repaired to the Rani for an ex- planation of her conduct, but he found that royal tigress, who, when inflamed by the passion of revenge, had been an unmoved spectator of the past night's bloody massacre, now overcome by the natural feelings of her sex, and absorbed in grief at the loss of her lover. An angry altercation ensued, in which the Queen assured him that the only way to avoid further bloodshed would be to place the elder of her own two sons upon the throne. No satisfactory agreement being come to, the King, fearful for his own life, left her and accompanied by Sardar Bhowani Singh and Captain Karbir Khatri, started towards Patan, with the intention of proceeding to Benares.

As soon as the first outbreak of grief was over, the Queen sent for Jang and for Kaji Birdhig Bashniat, and ordered them to confiscate the property of all the Sardars and officers who had been killed or had fled, and to expel their families, wives, and children from the country**; and also, to put the Heir Apparent and his brother under strict surveillance, and allow no one to approach them.

* *This order was executed to the letter. Each individual was allowed to carry away one bundle only of his personal property or clothing. A few days afterwards, by Jang's influence and mediation, the expelled families of the fallen chiefs, mostly Chautras, the male branches of which family were nearly exterminated in the fray, were recalled; but they refused to return, and proceeded on to the plains. All persons detected remaining concealed in Nipal, after ten days, were threatened with death.

**(To be continued)**

सम्पादकको पृष्ठ

# 'स्वायत्तता र विकेन्द्रीकरण' शोभाका लागि होइन

एकात्मक राज्यव्यवस्थालाई सङ्घीयतामा लगेपछि देशको विकास र जनताको हित दिन दोब्बर र रात चौब्बर हुनेजस्तो प्रचार संविधान निर्माणको बेला प्रशस्तै गरिएको थियो। तर स्वायत्तता र विकेन्द्रीकरणलाई इमानदारीसाथ व्यवहारमा लागू गर्ने हो भने सङ्घीयता निर्विकल्प नहुने विचार पनि निक्कै सुनिएको थियो। वस्तुतः जुनसुकै शासन व्यवस्थामा देश विकासको लागि स्वायत्तता र विकेन्द्रीकरण अनिवार्य तत्त्व हुन्।

निरङ्कुश पंचायतदेखि बहुदल र गणतन्त्रसम्मका संविधानमा स्वायत्तता र विकेन्द्रीकरण शब्द छुटेका छैनन्। तर व्यवहारमा त्यसलाई लागू गर्न सधैँ कन्जुस्याइँ देखिन्दै आएको छ। यस तथ्यले केन्द्रीय सत्तामा जानेहरूमा स्वायत्तता र विकेन्द्रीकरणका अर्थ र मर्म, सिद्धान्त र कार्यान्वयनको बुझाइमै कमी भएको वा अज्ञान रहेको अनुभव हुन्छ।

सङ्घीयता स्वायत्तता र विकेन्द्रीकरणको उच्च रूप हो। तर हाम्रो संविधानमा स्वायत्तताका मात्र तीन शब्द छन् भने विकेन्द्रीकरण २०१९ सालको पंचायती संविधानमा भन्दा कम केवल एक शब्द छ। त्यसैले सङ्घीय सरकार प्रदेश र स्थानीय तहलाई 'मातहत' को ठान्दछ तर संविधानले स्वायत्त इकाइ मानेको छ।

नेपालको संविधान २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तहलाई सङ्घीय इकाइ मान्दै 'नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्नेछन्' भनिएको छ भने निर्देशक सिद्धान्तमा राज्यको राजनीतिक उद्देश्य 'परस्पर सहयोगमा आधारित सङ्घीयताका आधारमा सङ्घीय इकाइहरू बीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्था' हुने लेखिएको छ। संविधानमा सङ्घीय इकाइबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने स्पष्टै लेखिएको छ। त्यस्तै स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न बनाइएको 'स्थानीय सरकार सञ्चालन ऐन २०७४' ले पनि स्वायत्तता र विकेन्द्रीकरणलाई महत्व दिँदै सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने भनिएको छ।

यसरी संविधान र ऐनमा स्थानीय तह सङ्घ वा प्रदेशको मातहत कतै भनिएको छैन, स्वायत्त इकाइ मानेको छ। स्थानीय तहलाई राज्यका तीनै अङ्गको अधिकारबाट सम्पन्न बनाएकोमा सर्वत्र प्रशंसा पनि गरिएको छ। अक्षरमा अधिकार सम्पन्न बनाइएको पक्ष सकारात्मक रहेकोमा कुनै विवाद पनि छैन।

तर व्यवहारमा विभिन्न बहानामा सङ्घले प्रदेशलाई, सङ्घ र प्रदेशले स्थानीय तहको संविधान र ऐनले दिएको स्वायत्तता र विकेन्द्रीकरणमाथि हस्तक्षेप गर्ने, सङ्कुचित पार्ने र कुण्ठित पार्ने असंवैधानिक, अप्रजातान्त्रिक र सङ्घीयताको मूल्य मान्यताविपरीतका क्रियाकलाप निरन्तर भइरहेको छ। यसबाट संविधान र यसका प्रावधान केवल देखाउने दाँत सावित भएको छ भने प्रजातन्त्र, गणतन्त्र र सङ्घीयता लेबल फेरिएको पुरानै एकात्मक प्रणालीको साख्खै भाइ देखिएको छ।

स्वायत्तता र विकेन्द्रीकरणको अर्थ, मर्म, सिद्धान्त र नीतिअनुसार व्यवहारमा लागु गराउन पंचायती र पूँजीवादी निर्वाचनमा भाग लिने नेपाल मजदुर किसान पार्टी समर्थित र आबद्ध जनप्रतिनिधिहरूले गर्दै आएको सङ्घर्ष आज पनि जारी छ। सङ्घीय र प्रदेश सरकारहरूले स्थानीय तहको आर्थिक र प्रशासनिकलगायतमा गर्ने हस्तक्षेपको आलोचना र विरोध तथा देशको विकास निर्माणका राष्ट्रिय बजेटको अधिकांश अंश स्थानीय तहमा पठाउनु पर्ने माग यसका प्रमाण हुन्।

यदि सङ्घीय इकाइहरूको लक्ष्य र उद्देश्य देशको विकास हो भने विकास र समृद्धिको सुगा रटाइ होइन सङ्घीयताको अर्थ मनन र सिद्धान्तको इमानदारी पूर्ण कार्यान्वयन हो। यसमा जति विलम्ब हुन्छ देश र जनताको हित हुने काम पनि त्यतिनै पछाडि धकेलिन्दै जाने निश्चित छ।

## वडा नं ३ को निर्माण सम्पन्न वडा कार्यालय भवन



# निरंकुश जहानियाँ शासनविरूद्ध देश र जनताको लागि जीवन उत्सर्ग गर्ने प्रातःस्मरणीय अमर शहीदहरूमा हार्दिक श्रद्धाञ्जली !



शुक्रराज शास्त्री



धर्मभक्त माथेमा



दशरथ चन्द



गंगालाल श्रेष्ठ

# भक्तपुर नगरपालिका परिवार